

आशाको वाणी

नामः पास्टर उमेशकुमार पोखरेल
शिक्षाः एम. ए., एम. एड
जन्म स्थलः खार्पा-२, खोटाङ्ग
हालको बसोवासः बालकोट-१, भक्तपुर



# आशाको वाणी
# Voice of Hope

**प्रकाशक**

आशाको वाणी

Voice of Hope
AWR Nepal
Post Box 20002
Kathmandu, Nepal

प्रथम संस्करण ५०० (२०७२, ई. स. २०१५)

**कम्प्यूटर लेआउट तथा आवरण चित्र**

सुजीत कुमार साह

# लेखकको तर्फबाट दुई शव्द

यो पुस्तक तपाईँको हातमा छ  जसमा विभिन्न शिर्षकहरु द्वारा परमेश्वरले कसरी मलाई उहाँको सेवकाईमा अगुवाई गर्नुभयो र परमेश्वरसँगको मेरो दैनिक यात्रामा मैले कसरी उहाँलाई नजिकबाट चिन्न सके भन्ने कुरा समावेश गरिएको छ साथै  यसमा विभिन्न व्यक्तिहरुका गवाहीहरु मैरा  आफ्नै जीवनका भोगाई र अनुभवहरु तपाईँले पढ्न पाउनुहुनेछ । यसको साथसाथै विभिन्न व्यक्तित्वहरुका लेख र भनाईहरुलाई पनि यो पुस्तक तयार पार्दा मार्गदर्शकको रुपमा लिइएको छ ।

म मेरी श्रीमती शान्ति लता पोखरेल छोरा रिकेश, रोजर र मेरो बुबा ढुन्डीराज पोखरेल र आमा पुन्यशीला पोखरेलप्रति आभारी छु । यदि उनीहरुको प्रेम, सहयोग र सदभावना नभएको भए, सायद यो पुस्तक तयार गर्न म सक्ने थिइन होला ।

अन्त्यमा मेरो आत्मिकी जीवनमा सधै अगुवाई गर्नुहुने दाजु भजुराम श्रेष्ठ, मित्र राजेश हाडा भाई पास्टर कुवेर लामिछाने,सुजीत साह र AWR  अध्यक्ष एल्डर डोवेल को, अमेरीकी AWR  वरिष्ठ उपाअध्यक्ष एल्डर ग्रीग स्काउट प्रति म आभारी छु ।

*यो पुस्तकलाई म परमेश्वरको महिमाको लागि*
*समर्पित गर्दछु*

**प्रकाशक**

# विषयसूची


| अध्याय | | पृष्ठ |
|---|---|---|
| १. | अरुको निम्ती आफ्ना | १ |
| २. | इतिहासको अन्तिम घडीमा | ५ |
| ३. | जीवन एक खेलमैदान | १० |
| ४. | हाम्रो दिमाग परमेश्वरको | १४ |
| ५. | परमेश्वर र विज्ञान | १९ |
| ६. | के परमेश्वर साँच्चै हुनुहुन्छ | २३ |
| ७. | मानिस अनन्तताको निम्ति | २८ |
| ८. | शुद्ध हृदय | ३३ |
| ९. | तारा | ३६ |
| १०. | मेरो बत्ती | ३९ |
| ११. | कानेफुसी | ४१ |
| १२. | मेरो विजय | ४५ |
| १३. | जीवनको अनन्त समय | ४८ |
| १४. | सिक्नुपर्ने पाठ | ५२ |
| १५. | अपार प्रेम | ५५ |
| १६. | निको पार्ने हातहरु | ५७ |
| १७. | मयमा बोल्नु | ६० |
| १८. | परिवर्तन | ६२ |
| १९. | चील | ६५ |
| २०. | हाम्रो सोचाइ र आशा | ६९ |

२१. ऐना ७२
२२. हाम्रो घर ७४
२३. हृदय प्रत्यारोपण ७८
२४. सुन्नु ८१
२५. प्रार्थना ८३
२६. अन्धोले अन्धोलाई ८६
२७. हामी हिड्ने बाटोहरु ८९
२८. गहिरिएका कुराहरु ९२
२९. प्रार्थना ९५
३०. नयाँ पूस्ता ९८
३१. बत्ती बलिरहन देऊ १०१
३२. क्षमाशिल १०४
३३. मृत्यूमा अनुग्रह १०५
३४. हामी के गर्न सक्छौं ? १०७
३५. परमेश्वरको नक्सा ११०
३६. ईष्या ११४
३७. मद्दतको निम्ति ११७
३८. भण्डारे १२१
३९. आशिष् १२४
४०. दिन १२८
४१. उचित सल्लाह १३०

| | | |
|---|---|---|
| ४२. | परमेश्वरलाई खोज्नू | १३२ |
| ४३. | बाइबल | १३५ |
| ४४. | अनुशासन | १३९ |
| ४५. | मानिस | १४२ |
| ४६. | जीवन व्यवस्थापन | १४६ |
| ४७. | मानिस र परमेश्वरको | १५१ |
| ४८. | व्यवस्थापक भएर | १५५ |
| ४९. | मानिसको परिक्षा | १५९ |
| ५०. | परमेश्वरको उद्धार | १६३ |
| ५१. | मानिस | १६८ |
| ५२. | मानिसको कोशिस | १७३ |
| ५३. | परमेश्वरलाई चढाउने | १७९ |
| ५४. | आशिष | १८१ |
| ५५. | हमी कहाँ छौँ? | १८४ |
| ५६. | आफ्नो दृष्टिकोण | १८९ |
| ५७. | अन्तिम प्रतिस्पर्धा | १९४ |
| ५८. | सामाजिक सम्बन्ध(१) | १९७ |
| ५९. | सामाजिक सम्बन्ध(२) | २०० |
| ६०. | वर्गको कल्पना | २०४ |
| ६१. | ख्रीष्टमा बढ्नु | २०८ |

| | | |
|---|---|---|
| ६२. | हामी जे सोच्छौँ | २१२ |
| ६३. | परमेश्वर सँग | २१६ |
| ६४. | स्वतन्त्र भएर जीउनु | २२१ |
| ६५. | क्षमा पाएर पनि अज्ञानता | २२५ |
| ६६. | पाप | २३० |
| ६७. | परमेश्वर र शैतानविच | २३४ |
| ६८. | हामी कता जादैंछौं ? | २३७ |
| ६९. | हाम्रा वरिपरी | २४२ |
| ७०. | आनन्दित उपस्थिति | २४५ |
| ७१. | डरबाट छुटकारा | २४८ |
| ७२. | असल कुरा | २५१ |
| ७३. | ब्याट्री पून:चार्ज | २५५ |
| ७४. | हामी कस्ता छौं ? | २५८ |
| ७५. | सफल जीवन | २६२ |
| ७६. | परमेश्वरको विषयमा | २६५ |
| ७७. | हाम्रो चाहना | २६७ |
| ७८. | प्रेम | २६८ |
| ७९. | जीवन चल्नैपछ | २७२ |
| ८०. | धकेल्नु | २७८ |
| ८१. | सिरक | २८१ |

| | | |
|---|---|---|
| ८२. | प्रेम भनेको दिनु हो | २८३ |
| ८३. | खोजकर्ता | २८७ |
| ८४. | मानिसको सृष्टि | २९० |
| ८५. | परमेश्वरसँग माग्नु | २९३ |
| ८६. | अनुयाईहरु | २९६ |
| ८७. | मानिसको स्वभाव | २९९ |
| ८८. | दैवीय अनुग्रह | ३०२ |
| ८९. | जीवनमा सिकनुपर्ने | ३०५ |
| ९०. | युद्ध | ३०७ |
| ९१. | तपाईका चिन्ता र उत्तर | ३१० |
| ९२. | चिन्ता र फिक्रीलाई | ३१२ |
| ९३. | परमेश्वरको आवाज | ३१५ |
| ९४. | यदि तपाईं ? | ३१८ |
| ९५. | अनुग्रह | ३२१ |
| ९६. | नियम र कानुन | ३२४ |
| ९७. | परमेश्वर हाम्रो साहारा | ३२७ |
| ९८. | परमेश्वर हाम्रो बाटो हुनुहुन्छ | ३३० |
| ९९. | मृत्यु एक भय | ३३३ |
| १००. | अगूवाई | ३३६ |

# १ अरुको निम्ती आफ्नो जीवन लगानी गर्नु

एउटा भनाइ छ –“यदि तपाईले एउटा मानिसलाइ दयागरी माछा खान दिनुहुन्छ भने तपाईले त्यो दिन उक्त मासिको पेट भर्नु हुन्छ तर त्यही मानिसलाइ माछा मार्न सीकाउनु भयो भने तपाईले उसलाइ जीवनभरी उसको पेट सिकाउनु हुनेछ ।”

कुनै पनि व्यक्ति स्वस्थ्य जवान हुन सक्दैन,जब सम्म उसलाइ उ भन्दा माथिका मानिसहरुले उचितरुपमा उसको लालन पोषण, हेरचाह गर्दैनन्। अर्थात् युवाहरुलाइ हामीले कुनै उत्साह र सहयोग नगरी त्यसै छोडीदियौ भने उनीहरुले केही पनि गर्न सक्दैनन् वा उनीहरुको कियाकलाप अर्थपुण हुदैन। कुनै पनि मानिस आफ्नो जीवनमा चम्कन उचित शिक्षा,दिक्षा,सहयोग,सल्लाह पाउनुपर्छ। यस्तो किसीमको वातावरण उसले आफ्नो वरिपरी पाउनुपर्छ ।यो अधिकार वा अवसर मानिसलाइ अचानक प्राप्त हुन सक्दैन । हरेक मानिस कि त आफु उठ्ने वा अरुलाइ उठाउने दुइ मध्ये एक काम गर्दछ । धेरै मानिसहरु स्वभावैले अरुलाइ भन्दा आफुलाइ उठाउने काममा लागेका हुन्छन्,किनकी मानिस स्वभावैले स्वार्थी प्राणी हो र जे कुरामा पनि आफु भन्ने भावनाले उसलाइ घच्घचायाइरहेको हुन्छ । तर यदि तपाईले राम्रो उद्देश्यका साथ अरुलाइ उठाउने प्रयास गर्नु भयो भने निश्चय नै त्यसले तपाईलाई पनि आशिषित बनाउंछ । तर निर्णय तपाईको हो, तपाई आफ्नो लागी मात्र जीउने कि अरुको निम्ती पनि

पवित्रधर्मशास्त्र बाइबलमा हेर्ने हो भने नयां करारकको प्रेरित पुस्तकमा एक जना व्यक्ति जसको नाम वारनावास थियो उनले अरुलाई उचाल्ने बाटो चुनेको

देखिन्छ । सुरुका इसाइहरुमा उनी जुझारु ऋगुवा थिए । उनले अरुलाई माथि उचाल्न चाहन्थे । उनी एकदमै उत्साहित व्यक्ति थिए जसले गर्दा उसको नाम बारनावास राखियो जसको अर्थ ‘‘उत्साहको पुत्र’’ हो । आफ्नो इज्जत र प्रतिष्ठालाइ दाउमा राखि अरुहरुको जीवनलाइ नंया गरी सुरुवात गर्न उनी प्रयत्नरत थिए । यो कुरालाइ उनले शाउल जो पछि पावल भए उनीसगको सहकार्यले स्पस्ट पर्दछ।

पहिलो शताब्दीमा शाउल नाम गरेका व्यक्तिले त्यसबेलाका इसाइहरुलाइ दु:ख दिने,झ्यालखानामा हाल्ने र मार्ने काम गर्थे । त्यसैले त्यसबेलाका इसाइहरु शउल देखी डराउंथे । तर पछि गएर शाउलको जीवन परिवर्तन भयो जुन कुरा पवित्र धर्मशास्त्र बाइबलको प्रेरित ९ अध्यायको १ देखी ६ पदमा लेखिएको छ -‘‘ शावल प्रभुका चेलाहरुको विरुद्दमा धम्की र हत्याको धुनमा प्रधान पुजाहारी कहां गए,र तिनले त्यस मर्गका पुरुष होस् वा स्त्री जसलाइ फेला पारे पनि तिनीहरुलाइ बांधेर यरशलेममा ल्याउन पाउं भनि दमस्कसका सभाघरहरुको नाउंमा पुर्जी मागे । जब शावल यात्रा नजिक पुगे ,अचानक स्वर्गबाट एउटा ज्योति तिनको वरिपरि चम्क्यो । तिनी भूइंमा लठेर तिनले यसो भन्ने सोर सुने ‘‘शावल,शावल,तिमी किन मलाइ सताउंछौ ?’’ तिनले भने ‘‘प्रभु तपाई को हुनुहुन्छ ?’’ अनि उंहाले भन्नुभयो ‘‘म येशु हुं ,जसलाइ तिमी सताउंछौ ।तर उठेर शहरमा जाउ र तिमीले जे गर्नु पर्छ सो तिमीलाइ बताइनेछ ।’’(प्रेरित ९:१-६) येशुको ज्योतरुले शावल तीन दिन सम्म नदेख्ने भए । त्यही प्रभु येशुले उनको आत्मिकी अन्धोपनलाइ हटाइदिनुभएको थियो र आफु मसिहा (मुक्तिदाता) हुं भन्ने कुरा उनलाइ देखाइदिनु भयो । यसरी शावल हृदय देखी नै परिवर्तन भए र पछि उनले आफ्नो नाम पावल राखे । अब उनी आफ्नो

पुरानो जीवनसगं केही सम्बन्ध राख्न चाहदैनथे तर प्रत्येक कुरा येशुमा उनी गर्न चाहन्थे ।उनले आफ्नो विश्वासलाइ प्रभावकारी रुपमा अरु मानिसहरुसगं बांडेर प्रभु यशुको प्रेममा ल्याउन चाहन्थे । कसरी प्रभुले उनलाइ शावलबाट पावल बनाउनुभयो भन्ने कुराको गवाही दिन उनी पछि पर्दैनथे ।

तर त्यतीबेलाका इसाई अगुवाहरुलाइ उनको विश्वास लागेन किनकी उनले हिजो सम्म गरेका कामहरु उनीहरुको आखा अगाडी झल्झली घुमीरहेका थिए । उनीहरुको सोचाइमा पावलको सांचो परिवर्तन नभइ त्यो देखावटी मात्र हो ताकी आफु परिवर्तन भएको नाउंमा उनी अझ बढी इसाइलाई दु:ख दिने हुन कि भन्ने डर लागिरहेको थियो ।

त्यही दुविधाको अवस्थामा वारनावासले पावल र त्यतीबेलाका इसाई अगुवाहरुका बीचमा पुलको काम गरे । बारनावासले पावल र अरु अगुवाहरुलाइ एकैठाउंमा राखेर दमस्कसको बाटोमा येशु कसरी पावलसगं बोल्नु भयो भन्ने कुरा स्पष्ट पारे र दमस्कसमा साहससंग येशुको नाउंमा प्रचार गरेका कुरा तिनीहरुलाइ बताइदिए । त्यतिबेला इसाइ अगुवाहरुको आखामा पावल तल्लो स्तरमा थिए । वारनावासले ठुलो कोशिस गरेर ती अगुवाहरुको नजरमा पावललाइ माथी उचाल्ने काम गरे । त्यससमय देखी पावललाइ येशुको नाममा प्रचार गर्न दिइयो । पावल सुरुका इसाइमण्डलीका एउटा ठुलो प्रचारक बने । तर यी कार्यमा वारनावास उत्साहको पुत्र कल्लाइएका थिए, उनले पावललाइ साहयता नगरेका भए सायद त्यो पावलको निम्ती सम्भव थिएन ।

निश्चयनै मानिसको प्रभावले धेरै असम्भव कामहरुलाइ पनि सम्भव बनाउन मद्दत गर्दछ । जतीबेसी

तपाई आफ्नो लागानी अरुहरुमा लगाउनुहुन्छ,त्यतीनै तापाइको महत्व बढ्छ । कहिले काही कसैलाइ सहायता गर्नको लागी जोखिम मोल्नुपर्ने पनि हुन सक्छ । जब अरु मानिसहरुको सफलतामा तपाई खुसी हुनुहुन्छ तव तपाईको लगाब तिनीहरुमा बढ्छ । जब तपाईले कुनै पनि मानिसलाइ उसको जीवनमा सफलता हासिल गर्ने बाटोमा लगानी गर्नुहुन्छ भने आफ्नो लगानीको प्रतिफल तपाईले अवश्य पनि पाउनुहुनेछ । जब तपाई अरु मानिसहरुमाथी आफ्नो प्रभावद्वारा लगानी गर्नुहुन्छ र ती मानिसहरुको समस्या, अप्ठ्यारा तथा मनमा भएका विश्वास जीत्नुहुन्छ र उनीहरुलाइ हृदयदेखी मद्दत गर्न चाहनुहुन्छ ,निश्चय नै तपाईको उक्त प्रयासले ती मानिस हरुको जीवन परिवर्तन हुनेछ र उनीहरुले असम्भव ठानेका कुराहरु आफ्ना जीवनमा सम्भव भएको देख्नेछन् र तपाई प्रतीको सम्मान बढ्र जानेछ ।

वारनावासले पावल प्रेरितसगँ केही वर्ष बिताए ,उनीसँग विभिन्न ठाउँहरु घुमे,प्रचार गरे । उनले पावललाइ उठाए र सक्षम बनाए र धेरै ठाउँमा प्रभुको काम गरे । यो कुरा केबल विश्वासद्यरा मात्रै सम्भव छ । पावलले वारनावास माथी पुर्ण विश्वास राखे र वारनावासले पनि पावल माथी विश्वास गरेर उनले हिड्नुपर्ने बाटोमा निरन्तर तालिम दिए । दुवैजना एउटा उद्देश्य अनुसार एकै मनका भएर अगाडि बढे ।

बिर्सन नहुने कुरा चाही येशुले हामीलाइ सदैव उचाल्न चाहानुहुन्छ र सहायता गर्न चाहनु हुन्छ, तसर्थ उहाँलाइ प्रार्थना गरौ र उहाँले हामी लाइ आफ्नो इच्छा अनुसार उचाल्नुहुनेछ ।

# २

## इतिहासको अन्तिम घडीमा बाँचेका हामी मानिस जाति

के तपाईले कहिल्यै सोच्नु भएको छ – हामीले देखेभन्दा अरु बढी जीवन छ भनेर । हामी मरेपछी अझ बढी जीवन हुन्छ । हामी किन मर्नुपर्छ ? किन यो संसारमा असल र खराबको मिश्रण छ ? के यहा परमेश्वर हुनुहुन्छ ?यदि हुनुहुन्छ भने यो संसारको दुर्गती किन यस्तो ? के परमेश्वर मानिससँग खेलबाड गरिरहनुभएकोछ ? के परमेश्वरले संसारलाइ हल्लाउनुहुन्छ , ठुलाठुला सामुन्द्रिक आँधिहरु ल्याएर मानव जीवन र सभ्यतालाइ क्षणभरमै कुल्चनुहुन्छ ? उहाले धेरै समयसम्म पानी पार्नु हुन्न र जव पानी पर्छ तब ठुला बाढी पैरोद्वारा फेरी मानव जातीलाइ नै कुल्चनुहुन्छ, किन ?

यस्ता प्रश्नहरु तपाई हाम्रा मनमा आउनु स्वभाविकै हुन् । अगाडी आउने कुराहरुको विषयमा स्पष्ट मिती र समयको भविष्यवाणी गर्नु असम्भव छ । केही मानिसहरुले एउटा असामान्ने घटना घट्ने छ र जसले संसारको इतिहासलाइ नै उलटपुलट पारिदिनेछ भनि विश्वास गर्छन । उदाहरणको लागी १९ औ शताब्दी एउटा आशाको शताब्दी थियो । आधुनिक विज्ञानले ठुलो प्रभाव जमाएको थियो यस्तो लाग्थ्यो कि मानवले भविष्यमाथि राम्रो प्रभाव राख्नेछ । आशावदि सोचाइले मानिसलाई अगाडी बढेका थिए । एकजना अमेरिकी लेखकले २० औ शताव्दीका विषयमा यसरी कल्पना गरेका थिए “ म देख्छु कि संसारमा भएका काँडाहरु भााचिएको,मानिसहरु दासत्वबाट मुक्त भएको ,संसारका शान्ति छाएको ,कसैले निर्वासित जीवन बिताउनु

नपरेको ,कुनै रोग व्यधी बिना मानिस बााचेको,वैवाहिक जीवनमा खुशी छाएको ,मानिसको आयु बढेको र आशा,प्रेम,सद्भाव जस्ता कुराहरुले मानव जीवन भरिएको तथा सवै किसिमका अन्धकार बाट संसार मुक्त भएको ।”

तर सत्य के हो भने “गत शताब्दीमा यो समयले दुईवटा डरलाग्दा युद्दहरुको सामना गर्नुपर्यो । जसले मानवइतिहास र सभ्यताका साथ साथै करोडौ मानिसलाई अनाहक मृत्युको मुखमा जाकिदियो भने त्यसको प्रभाव आजसम्म मानिसले भोग्दैछ । मानव निर्मित हातहतियारहरुको संख्या दिनानुदिन बढ्दै गयो । विशेष गरी १०० वर्ष भित्र मानिससँग भएको सिप र प्रविधिले यो ग्रहबाट मानिसको नाम निशाना क्षणभरमा मेटिनसक्छ त्यसको साथै आजको स्रसार आतंकवादसगँ लडिरहेको छ ।

त्यसको प्रभाव आजको समाजमा प्रत्यक्ष रुपमा परेको हामी पाउँछौ किनकी मानिस कुनै पनि ठाउँमा सुरक्षित छैनौँ । आफ्ना नानीहरुलाइ स्कुल पठाउँदा आमाबाबुले सुरक्षागार्ड राख्नु पर्ने अवस्था हाम्रै देशमा आएको छ । चाहे तपाई बसमा ,ट्रेनमन जहाँ पनि यात्रा गर्नुहोस एउटा ठुलो भएले तपाईलाइ गाँजेको हुन्छ ।

भविष्यमा हुने युद्दहरु विगतका युद्दहरु भन्दा फरक किसीमका हुनेछन । एउटा देशले अर्को देशको कम्प्युटर आफ्नो नियन्त्रणमा लिएर त्यस देशको गोप्य सुचना प्राप्त गरी समुन्द्रहरु ,टापुहरु तथा प्राकृतिक स्रोतसाधनहरु मथि आधिपत्य जमाउन परमाणविक युद्दहरु हुनेछन् । आतंकवाद र विभिन्न रोगहरुले मानवजीवन अझ कष्टपुर्ण हुनेछ ।

प्रभु येशुले मत्तिको पुस्तक २४ अध्यायमा स्पष्ट भन्नुभएको छ कि जब यी सबै घटनाहरुले जब संसारलाइ त्रसित पारिरहेको हुनेछ तब उहाँको आगमन नजिकै छ भनि हामीले बुझ्नुपर्छ ।

आज भन्दा २००० वर्ष अगाडी एकजना मानिसको जन्म एउटा सामान्य परिवारमा भयो । उहासगँ कुनै हैक्षिक योग्यताको प्रमाणपत्र थिएन । आर्थिक रुपमा उहाँ विपन्न हुनुहुन्थ्यो ,उहाँका साथीहरु शक्तिशालि थिएनन् । उहाँको आफ्नै एकजना साथीले धोका दियो र एउटा अपराधिलाइ गरिने ब्यवहार उहाँसँग गरियो र उहाँलाइ मारियो । तर त्यही साधारण मानिसको जीवनशैली ,शिक्षा र उपदेशका कारण आज अरबौं मानिसहरु उँहाद्वारा साँचो जीबनको मार्गमा अगाडी बढीरहेका छन् ।यी सबै मानिसहरुले उँहाको कारण आफ्नो जीवनक उदेश्य प्राप्त गरिरहेका छन् ।

उँहाको आगमन हुने समयसम्म कसरी संसारको इतिहासको परिवर्तन हुनेछ भन्ने कुरा उँहाले आफु मर्नुभन्दा पहिले भन्नुभयो जुन कुरा पवित्रधर्मशास्त्र वाइवलको मति २४ अध्यायको ६ देखी ८ पदसम्ममा यसरी लेखिएको छ "तिमीहरुले युद्दहरु र युद्दका हल्ला सुन्नेछौ । नघबराओ ,किनकी यी हुन आवश्यक नै छन तर अन्त्य त त्यति नै बेला हुदैन । किनकी जातीको बिरुद्दमा जाती र राज्यको विरुद्दमा राज्य उठ्नेछ र ठाउँठाउँमा अनिकाल र भुकम्प जानेछ । तर यी सब त प्रसव वेदनाका सुरुमात्र हुन ।"
कतिपय घटनाहरु हामीले आफ्नै आँखा अगाडी घटेको देखेका छौ होला जुन घटनाहरु येशुले आफ्नो आगमन हुनुभन्दा पहिले घट्नेछन भनि भन्नुभएको थियो ।

सन् २००४ मा इन्डोनेशियाको सुमाडा टापुमा भुकम्पको कारण धेरै मानिसहरुले ज्यान गुमाए । सन् २००८ मा करिब ७०००० मानिसहरु चिनको सिचुयान प्रान्तमा आएको भुकम्पको चपेटामा परे र लाखौ मानिसहरु घरबार विहिन भए ।

सन् २०१० जनवरी १ मा हाइटी भन्ने देशमा ७ रेक्टर स्केलको भुकम्प गयो र २३०००० मानिसको ज्यान

गयो भने ३००००० भन्दा बढी मानिसहरु घरबार विहीन भए ।

सन् २०१० फेब्रुअरी २७ मा ठुलो भुकम्पले चिलीलाइ धक्का दियो जसमा ५०० मानिसहरु ले ज्यान गुमाए । त्यसैगरी सन् २०१० सेप्टेम्बर मा न्युजिल्याण्डमा भुकम्प गयो । सन् २०१२ मार्च ११ मा जापानमा गएको भुकम्पले हजारौ मानिसहरुको ज्यान लियो ।

त्यसैगरी प्रभु येशुले आफ्नो आगमन भन्दा अगाडी झुटा खिष्ट भविष्यवक्ताहरु रुडाहुनेछन त्यसैले होसियार रहनु भनेर मती २४ अध्यायको २४ पदमा भन्न' भएको छ "किनकी झुटा खीष्टहरु र झुटा अगमवक्ताहरु ख्डा हुनेछन र हुन सके चुनिएकाहरुलाइ पनि बहकाउनलाइ ठुला ठुला चिन्हहरु र आशचर्यकर्महरु देखाउनेछन् ।"

अहिलेको समयमा अरबौं मानिसहरु को दैनिक आम्दानी एक डलर भन्दा कम छ । संसारमा २०% धनिहरुले ६०% संसारका श्रोत साधनको उपभोग गर्दछन भने २०% गरिबहरुले केबल १४% संसारका श्रोत र साधनको उपभोग गर्दछन् । त्यसैगरी आठ हजार मिलियन मानिसहरु उचित भोजन पाउदैनन् वा भोकै बस्न बाध्य छन् ।

संसारका यी घटनाक्रमहरुलाइ हेर्ने हो भने यो निश्चित हुन्छ कि हामी इतिहासको अन्तिम घडीमा बाँचिरहेको पुस्ता हौ । हामी माथी अनिश्चित भविष्यको कालो बादल छाइरहेको छ ।

आजको हाम्रो जीवन येशुले २००० वर्ष अगाडी भन्नुभए अनुसारको छ भन्दा शायद अत्युक्ति नहोला । जुन संसारमा हामी बाँचिरहेका छौ त्यसले हामीलाइ थोरै मात्रामा हाम्रो जीवनको अर्थ उद्देशय प्राप्तिको मार्गमा सहयोग गर्नसक्छ र हामीले हाम्रा आशाहरु यस समयमा मात्र केन्द्रित

गर्यौं भने त्यसबाट हामीलाइ निराशा मात्र प्राप्त हुन्छ । यस्तो अबस्थामा पक्कैपनि हामी निराश हुनु , डराउनु स्वभाविक नै हो । तर परमेश्वरले यी सबै कुराहरुको बावजुद पनि सबै कुरालाइ नियन्त्रण गर्नुहुन्छ । येशुले संसारमा तिमीलाइ संकष्ट हुनेछ तर ढाढस गर मैले संसारलाइ जितेको छु भनेर  भन्नुभएको छ । जब हामी प्रतिकुल अवस्थामा भएर आफ्नो जीवनमा अगाडी बढ्छौं उँहा हाम्रो ससाथमा हुनुहुनेछ । यदि उँहाले भन्नु भएको कुरालाइ स्विकार गर्यौं र मान्यौ भने वर्तमानको अन्धकार र अस्पस्टताको वावजुद हाम्रो आउने भविष्य उज्जवल हुनेछ ।

परमेश्वर हाम्रो चासौ र हामीलाइ प्रेम गर्नेहुनाले उँहाले पुन : आगमनको प्रतिक्षामा रहनेलाइ कसरी जीउने भन्ने कुरा सिकाउनु हुन्छ र उँहालाइ प्रेम गर्नेहरुका निम्ति मानिसले कहिले नसोचेको र नदेखेको आशिष दिन चाहानु हुन्छ ।

# ३ जीवन एक खेलमैदान

केही खेलाडीहरु जन्मदै उच्च शक्ति लिएर आएका हुन्छन भने धेरै जसोले कडा मिहिनेत र अथक प्रयास पछि मात्र सफल्ता प्राप्त गर्दछन । निरन्तर अभ्यास ,कडा परिश्रम र अनुशासनले उनिहरुलाइ आफ्नो लक्ष्यमा पुर्याएको हुन्छ । खेलाडीहरु एउटा निश्चित लक्ष्यद्धारा अगाडी बढेका हुन्छन् । उनीहरुसँग स्पष्ट र सकरात्मक लक्ष्य हुन्छ,जसले सहि दिसा र उद्देश्य प्राप्तीको खातिर अगाडी बढ्न मद्दत गर्दछ र उनीहरु निश्चित प्रक्रियाद्धारा प्रतिफलको बाटोमा अगाडी बढ्दछन् । लामो समयसम्मको लक्ष्यले खेलाडीहरुलाइ आफ्नो सफलतामा केन्द्रित बनाएर उनीहरुको ज्ञान र उद्देश्य मार्फत लक्ष्यमा पुग्न मद्दत गर्दछ ।

तपाई हामी प्रत्यक्ष रुपमा प्रतिस्पर्धात्मक खेलाडीहरुमा सहभागी नभएका हुनसक्छौ । हाम्रो बास्तविक जीवनमा यी तपाई हामीले देखेका,सुनेका र बुझेका खेलकुदहरु सँग हाम्रो प्रत्यक्ष सम्पर्क र सहभागीता नभए तापनि कुनै न कुनै रुपमा तपाई हामी संसारिक खेलमैदानमा समाजका विभिन्न क्षेत्र वा तहमा रहेर खेल खेलिरहेका हुन्छौ । त्यसकारण तपाई र मैले हाम्रो जीवनमा यस्तो लक्ष्य बनाउन पर्यो जुन चुनौतिपूर्ण , उपलब्धी मूलक यथार्थपरक र मापन गर्न सक्ने हुनुपर्छ ।

उदाहरणको रुपमा ओलम्पीक खेलमा सहभागी हुने खेलाडीहरुले लामो यात्रा तय गर्नुपर्छ । ओलम्पीक खेलमा खेल्न योग्य हुन धेरै वर्षसम्म आफुलाइ तालिममा लगाउनुपर्छ र लामो योजना का साथ आफुलाइ अगाडी बढाउनुपर्छ । यसरी नै यदि कुनै मानिस आफ्नो दिन प्रतिदिनको यात्रामा सहि निर्णय गरी उद्देश्यप्राप्तिको बाटोमा

लागिरहन्छ भने त्यो निश्चय नै सफल हुन्छ । जसरी खेलाडीहरुमा आफु विजयी हुने आशाले उनिहरुलाइ अभ्यास गर्न मद्दत पुर्याउछ त्यसरी नै सुनिश्चित योजना र निरन्तरको प्रयासले हामीलाइ सफल बनाउँछ । खेल जीत्नको लागी खेलाडी मानसिक एवम् शारिरीक रुपमा स्वस्थ्य हुन एकदमै जरुरी हुन्छ ।

खेल खेल्ने क्रममा खेलाडीहरुमा विभिन्न किसिमका समस्याहरु आइपर्दछन तर यी कुराहरुलाइ लिएर आफ्नो अभ्यासलाइ छाड्दैन तर आफ्नो लक्ष्यमा पुग्ने क्रममा आउने प्रत्येक अप्ठ्यारा र अवरोधहरुलाइ चीर्दै अगाडी बढ्दछन् । जब हामीले आफ्नो लक्ष्यमा पुग्ने निर्णय गर्छौं तब त्यसले सकारात्मक रुपमा हामीलाइ नतिजामा पुग्नको निम्ति मद्दत गर्दछ ।

कतिपय मानिसहरु जो मोटा छन र आफ्नो वजन घटाउन चाहान्छन् तर विभिन्न वाहानाहरु बनाएर उनीहरु त्यो गर्न सक्दैनन् । विज्ञापनहरुमा वजन घटाउने चक्की , अच्चमको पाउडर र वेल्ट जसले जादुको रुपमा काम गर्छ भनी भनिन्छ ती सबैले मानिसहरुलाइ मुर्ख मात्रै बनाउँछन । तर पनि मानिसहरु त्यसको पछि लागेको हामी देख्दछौ ।

यदि तपाई आफ्नो जीवनमा सफल हुन चाहानुहुन्छ भने त्यसको उत्तर तपाईले आफु भित्रबाटै खोज्नुपर्छ । मानिसका भावना , संसारलाइ हेर्ने दृष्टिकोण र कामहरु उसको विचारद्धारा निर्धारित हुन्छन । त्यसकारण हामीले आफुलाइ सकारात्मक रुपमा स्विकार्नुपर्छ । चाहे त्यो हाम्रो लागी पक्षमा वा विपक्षमा किन नहोस् ।

खेलाडीहरुले धेरै क्षेत्रमा पशिक्षण हासिल गर्दछन । उनीहरु आफुलाइ शारिरीक रुपमा तन्दुरुस्त राख्ने तथा खानपिनको मामलामा एकदमै सचेत हुन्छन् । प्रशिक्षणले खेलाडीहरुको कार्यक्षमता वृद्धि गराउँछ र उनीहरुलाइ लक्ष्यमा पुग्न चाहिने सीपको विकास गराउँछ । त्यसकारण

हाम्रो जीवनको यात्राको प्रत्येक पाइलामा कसैले हामीलाइ सिकाउनुपर्छ । हाम्रा प्रगतीहरुको मुल्याङ्कन हुनुपर्छ र हाम्रा कम्जोरीहरु देखाइनुपर्छ  तब मात्र हामी आफ्नो लक्ष्यमा अगाडी बढ्न सक्छौं ।

खेलाडीहले खेलमैदानमा धेरै चुनौतिहरुको सामना गर्नुपर्छ भन्ने कुरा थाहा हुन्छ । त्यसमा शारिरीक चोटपटक , हतास वा निराश हुने कुराहरु हुनसक्छन् । त्यसकारण खेल मैदानमा उत्रिनु अगाडी नै ती कुराहरुको सामना कसरी गर्ने भन्ने कुरामा उनीहरु पोख्त हुन्छन ।

के तपाईले आफुभित्र भएका कमजोरीहरुलाई जान्नुभएको छ ? जसले त्पाइलाई आफ्नो लक्ष्यमा पुग्न रोकिरहेकोछ । प्राय : मानिसहरुमा वेवस्ता गर्ने , गरिहाल्छु नि, धेरै समय छ , त्यती सानो कुराले , के नै विर्गेला र ? भन्ने जस्ता नानाथरीका वाहानाहरु हुन्छन् जस्ले सफलतामा पुग्न ठुलो बाधा पुर्याइरहेको हुन्छ । यस्ता कुराहरुले तपाईलाइ आफ्नो लक्ष्यमा पुग्न दिदैन । त्यसकारण तपाईको जीवनमा लक्ष्यप्राप्तिको मार्गमा आउने अवरोधहरुलाइ जानेर त्यसबाट आफैलाइ जोगाउनुपर्दछ ।

जब एउटा खेलाडीले आफुलाइ खेलमैदानमा उभ्याउन तयार गर्छ तब उसलाइ कुनै पनि असुबिधाले आफ्नो लक्ष्यमा पुग्न रोक्दैन । किनकी उसको लक्ष्य भनेको उसले प्राप्त गर्ने नतिजा यो पुरस्कार हो । त्यसकारण हामीले हाम्रो दैनिक जीवन अभ्यास गर्ने समय छुट्याउनुपर्छ । यदि तपाई आफ्नो जीवनमा राम्रो उपलब्धी हासील गर्न चाहानुहुन्छ भने तपाईले कडा परिश्रम गर्नुपर्छ र आफ्नो जीवनलाइ प्रतिस्पर्धत्मक बनाउनुपर्छ । जसले सुकै मुल्य चुकाउनु परेता पनि पछि पर्नु हुदैन । आफुले आफुलाई अनुशासनमा राख्नुपर्छ र आफ्नो कार्यको प्रगतिको लेखाजोखा गर्दै अगाडी आउने अबरोधहरुलाइ सामना गर्दै

अवसरहरु सँगै दौडनुपर्छ । जब हामीले आफ्नो कार्यलाइ राम्ररी सम्पादन गर्दछौ तब हाम्रो निम्ति पुरस्कार सुनिश्चित हुन्छ ।

भनिन्छ कुनै मानिसको दृष्टिकोणले उसको सफलता वा असफलताको निम्ति ठुलो भुमिका निर्वाह गर्दछ । कुनै पनि खेलाडीमा आफु सफल हुने कुरामा ठुलो विश्वास हुन्छ , जसले उसलाइ उसको अगाडी भएको सम्पुर्ण कुराहरुलाई सकारात्मक रुपमा हेर्न सहयोग गर्दछ । अनुसन्धानले के पुष्टि गरेको छ भने "जब मानिसले आफ्नो लक्ष्य तिर अगाडी बढ्छ भने उ पक्कै पनि सफल हुन्छ ।"

तसर्थ तपाईलाई आफू के गर्न सक्छु जस्तो लाग्छ , त्यसलाइ निक्यैलि गरी आजै देखी त्यसमा मरि मेटेर लाग्नु होस् , सफल्ता तपाईको नजिकै छ । परमेश्वरले तपाईलाई तपाईको लक्ष्यमा पुग्न साहायता गर्नुहुनेछ ।

# ४ हाम्रो दिमाग परमेश्वरको अच्चमको बनावट

जब हामी प्रेमको कुरा गर्छौ , तब त्यसलाइ हृदयसँग जोडेर हेर्छौ ।प्रेममा आनन्द हुन्छ । आनन्दलाइ हृदयसँग नजिक राखेर हेरिन्छ र त्यसको निम्ती बनाइएका संगित , गीत तथा कार्डहरु अरुको निम्ति एक अनुसन्धान किसिमले बनाइएका हुन्छन् । तर भर्खरै गरिएको अनुसार हाम्रो दिमागको एउटा भागले प्रेमको भावना हामीमा प्रकट गराउँछ अर्थात हाम्रो दिमागमा भएको हर्मोन (अत -साव) को कारणले हामी कसैलाई प्रेम गर्छौ । हाम्रो दिमागले हाम्रो निम्ति को आकर्षक छ भन्ने कुराको निर्णय गर्दछ ।तपाई र मेरो दिमागमा आउने भावनाहरु,बिचारहरु र ती बिचारहरुबाट परिचालित हुने कुरामा दिमागले भूमिका खेल्ने गर्दछ । संयुक्त राज्य अमेरिकाको दिमागको विषयमा जानकार विशेषज्ञका अनुसार जब हाम्रो दिमागले राम्रो गरी काम गर्छ तब हामीलाइ बिचारशिल हनु, आनन्दीत हुन,अरुसँग नजिक हुन, आफ्नो श्रीमान श्रीमतीसँगको सम्बन्धमा समर्पित हुन मद्दत गर्दछ ।

जब हाम्रो दिमाग निष्क्रिय हुन्छ, त्यसले आवेग, मानसिक असन्तुलन, चिलित वा हैरान बनाउँछ र हामी आफ्नो साथीप्रति विश्वासयोग्य हुन सक्दैनौ ।त्यसको साटो एक अर्कालाइ घृणाको दृष्टिकोण ले हेर्ने, रिसाउने झर्किने गर्न थाल्छौ । अनतत : प्रेम हामीबाट टाढा हुन्छ । यो कुराले विशेषगरी हाम्रो परिबार बीचको सम्बन्धमा असर पार्दछ । तपाई आफ्नो परिवार भित्र हेर्नुहोस जँहा तपाई र तपाईको श्रीमती अथवा श्रीमानको सम्बन्ध ,तपाईको वुवा र आमा बीचको सम्बन्ध अथवा आफन्तहरु बीच कस्तो सम्बन्ध छ त ? यदि तपाई अविवाहित हुनुहुन्छ र कसैसगँ प्रेममा हुनुहुन्छ

भने यो कुरा तपाईमा पनि लागु हुन्छ । के तपाईले कहिल्यै यस्तो अनुभव गर्न भएको छ ? “कुनै समय खुबै मिलेर सँगै जिउने मर्नै कसम खाएर लगनगाँठोमा बाधिँएका जोडी एक समय एकअर्काको मुख पनि हेर्न नचाहने । हामीले हाम्रो समाज , घर परिवार र आफै भित्र पनि यस्ता अबस्थाहरु देखेका र भोगेका हुन सक्छौ ।

संयुक्त राज्य अमेरिकाकै एक अनुसन्धान समुह जसले विगत १६ वर्षदेखि मानव दिमागको अध्ययन अनुसन्धान गर्दै आइरहेको छ । यस समुहले करिब ३५००० दिमाग सम्बन्धि व्यवहारको अध्ययन गरिसकेको छ । जसमा कसरी हाम्रो दिमागमा रक्त संचालन हुन्छ र त्यसले दिमागमा कस्तो असर पार्छ त्यस विषयमा गहन अध्ययन गरिएको छ । भनिएको छ “मानिसको स्वास्थ्य दिमाग प्रेमले भरिएको र यौन सन्तुष्टि युक्त सम्बन्धसँग जोडिएको हुन्छ । तर दिमागको क्रियाशिलता तल्लो स्तरमा छ भने श्रीमान श्रीमती बीच धेरै झै -झगडा भइरहने ,यौन सन्तुष्टि नहुने जस्ता कुराहरु हुन्छन र फलस्वरुप सम्बन्ध विच्छेद हुने गर्दछ ।

मानव दिमाग चार भागमा बाँडिएको हुन्छ । अरुसगँको हाम्रो सम्बन्धमा यी सबैको आ -आफ्नै योगदान र भूमिका हुन्छ । उत्सुकता र आनन्दका कुराहरु दिमागको तल्लो भागले थाहा दिन्छ । यसलाइ भावनात्मक केन्द्र पनि भनिन्छ जसले हाम्रो जीवन र सम्बन्धलाई निश्चित आकार दिन महत्वपूर्ण भूमिका खेल्दछ । त्यसै गरी कोहीसगँ स्वस्थ्य र राम्रो सम्बन्ध स्थापना गर्नको निम्ति हाम्रो दिमागमा भएको अगाडिको भागले मद्दत गर्दछ । यसलाइ दिमागको मूख्य प्रशासक पनि भन्न सकिन्छ । यसले हाम्रो व्यवहारलाइ नियन्त्रण र निर्देशन गर्ने गर्छ जसले गर्दा आफ्नो लक्ष्यमा पुग्न मद्दत पुग्छ । यसले हामीलाइ हाम्रो चेतना भित्र रहेर

हामीले गर्ने कामलाई सफल बनाउँने क्षमता प्रदान गर्दछ । यधपी यो सानो छ तर यसले आफ्नो निर्देशनद्वारा हामीलाई कुनठिक वा वेठिक छुट्याउन मद्दत गर्दछ ।

अनुसन्धान अनुसार जव हाम्रो दिमाग को अगाडि भागमा भएको pfc राम्रो आकार मा हुन्छ तब हामीमा धैर्य धारण गर्नै शक्ति एकदमै प्रवल हुन्छ । हामी बिचारशिल र आफ्नो लक्ष्यद्वारा निर्देशित हुन्छौ । यसतो भएमा अरुप्रति दयावान हुन र अरुहरुको दुःखमा हात बढाउन सधै मद्दत मिल्दछ । तर यदि हाम्रो दिमागको pfc राम्रो अवश्था मा छैन भने हाम्रो अन्तरात्मा घट्दो अबस्थामा हुन्छ । हामीमा ठिक वेठिक छुट्याउने शक्ति कम हुन्छ । क्षणिक आवेगद्धरा हामी निर्देशित हुन्छौ र हामीमा कुनै कुराको चाहना क्षणिको निम्ति मात्र हुन्छ । समयको उचित व्यव्स्थापन हामि गर्न सक्दौनौ । अरुहरुप्रति हामी संवेदनशिल वा विनम्र हुन सक्दैनौ ।

एउटा प्रख्यात विश्वविधालयले १४९ जना विधार्थीहरुमा गरेको अनुशन्धन अनुसार मानिसहरुको मृत्यु बढ्नुमा उनिहरुको कमजोर pfc - दिमागको अघिल्लो भाग ) लाइ मान्न सकिन्छ भनेर भनिएको छ । जब मानिसमा कमजोर चेतना हुन्छ वा घट्दो चेतनाद्धरा मानिस निर्देशित हुन्छ तब उसमा धम्रपान,मधुपान गर्ने, हिंसामा उत्रिने , जोखिमयुक्त यौनजन्य कार्यमा लाग्ने अनियन्त्रित सवारी साधन चलाउने र आत्माहत्याका प्रयासहरु गर्ने जस्ता कार्यहरुप्रति अग्रसर हुन जान्छ । तर स्वस्थ्य pfc स्वास्थ्य र लामो जीबनमो लागी अनिवार्य हुन्छ ।

हामी हाम्रो जीवनलाइ कसरी हेर्छौ र चलाउछौ त्यो हामीमा भर पर्दछ । हामीले हाम्रो अरुसगँको सम्बन्ध कसरी बिकास गर्छौ त्यो पनि हामीमा नै भर पर्दछ । स्वास्थ्य pfc

भनेको तपाई आफ्नो काम र बोलीद्घरा अफै चकित हुनुहुन्छ ।तपाई कुनै कुरा बोल्नु भन्दा पहिले त्यस विषयमा सोच्न सक्नुहुन्छ । आफ्ना विगतका गलती कमजोरीहरुबाट तपाई पाठ सिक्न सक्नु हुन्छ । तपाई आफ्नो वार्तालापलाइ आफ्नो समर्पणता द्घरा निर्देशित गर्न सक्नुहुन्छ भने आफुलाइ मन नपर्ने कुराहरुलाइ सहि तरिकाबाट प्रस्तुत गर्न सक्नुहुन्छ अर्थात तपाई जे भन्नु हुन्छ त्यो गर्नु हुन्छ । धेरै मानिसहरु भन्न एउटा कुरा भन्छन् तर काम अर्कै गर्छन् । ती मानिसहरुको pfc कम छ भनि बुझ्नु जरुरी छ । यदि हामी अरुको कुरा सुन्न सक्दैनौ वा कसैले हाम्रो विषयमा केहि नराम्रो भन्यो भने हामी त्यती बेला झनक्क रिसाउछौ वा उक्त कुरा सुन्ने धैर्यता हामीमा रहदैन भने हाम्रो pfc कमजोर छ भनि जान्नुपर्छ ।

धेरै मानिरहरु जसको pfc कमजोर छ , तिनीहरु नभएको कुराको विषयमा कल्पना गर्छन् ,हुदै नभएको समस्याहरु , अप्ठ्याराहरुको विषयमा सोच्दछन् । जसको कारण उनीहरुको आफ्नो परिवारसगँको सम्बन्ध विग्रिन्छ । यसता मानिसहरु धेरै रिसाउने तथा अरु थुप्रै अस्वभाविक व्यवहारद्घरा निर्देशित भएको पाइन्छ ।

हाम्रो दिमागको अर्को मूख्य भाग जसले हाम्रो जीवनको सम्बन्धको विषयमा हामीलाइ अगुवाइ गर्छ त्यो हो DLS । यो एउटा सानो ओखर जत्रो हुन्छ । यो हाम्रो दिमागको बीचमा रहेको हुन्छ । DLS ले हाम्रो भावना सगं सम्बन्ध राख्दछ । जब DLS ले राम्ररी काम गरिरहेको हुन्छ तब हाम्रो दिमाग सकारात्मक आशाले भरिएको हुन्छ । DLS ले हाम्रो दिमाग को भावनात्मक अवस्था अनुसार

हाम्रो जीवनका प्रत्येक क्षणहरुलाइ रंगाउने काम गर्दछ । यो सकारात्मक वा नकारत्मक दुवै हुनसक्छ ।

परमेश्वरले हामीलाइ विशेष किसीमले बनाउनु भएको छ । हाम्रो दिमागको वनावट अच्चम किसिमको छ । जव हामीले यो वनावट बुझ्दछौ तब त्यसले हामीलाइ हाम्रो जीवनको प्रत्येक क्षेत्रमा सहयोग गर्दछ । के तपाईले कहिले विचार गर्नु भएको छ , तपाईको सानो भनाइले तपाईको साथी बीच तपाईको ठुलो वादविवाद र झगडा भएको ? किनकी यो एउटा भाबनात्मक स्मरणको कारणले भएको हो । यो अवस्थामा तपाईको दिमागले विगतका अनुभवहरुसंग वर्तमानमा थाहै नभइ जोड्दछ र हामी बीच एउटा ठुलो खाडल खन्छ । मलाइ विश्वास छ तपाई हामी सबै यो अबस्था भएर गज्रेका छौ । जव वर्तमान मा भनेको सानो कुराले विगतको नराम्रो अनुभवसगं सम्बन्ध स्थापित गर्छ तब मानिसमा विगतका तिता अनुभव वर्तमान मा प्रकट हुन्छन् । अनुसन्धानकर्ताहरुका अनुसार हाम्रो भावनात्मक दिमाग भएर जाने सुचनाहरु , विचार गर्ने दिमागको भन्दा २ गुणा बढी छिटो आदानप्रदान हुन्छन् ।

जब तपाईमा डर र रिस हुन्छ तब तपाईको हृदयको धड्कन प्रत्येक मिनेट का सामान्य अवस्थाको भन्दा १० देखि ३० पटक बढ्छ । त्यसबेला तपाईको सोच्ने शक्ति घट्छ । हाम्रो दिमाग एउटा रसायनिक उधोग हो जसले प्रेमलाइ खोज्दछ र उत्पादन गर्छ । जहाँ जटिल मिश्रित रसायनिक हर्मोनहरु ह्रम्रो जीवनको प्रत्येक चरणमा हुन्छन् । जसबाट आकर्षण , प्रेम कुनै काम प्रति वचनबध्द वा सम्बन्ध बिच्छेद का कुराहरु हुन्छन् ।

# ५ परमेश्वर र विज्ञान

सन् २००४ डिसेम्बरमा जब एउटा खबर सारा संसारमा वेलाएतको एउटा पत्रिका मार्फत फैलियो ,संसाका प्रख्यात विद्यानहरु छक्क परे र उनीहरुले सोचे कि उक्त समाचार सत्य नहून पनि सक्छ । वेलाएतका एक प्रख्यात नास्तिक दार्शनिक Antony , जसले आधा शताब्दीसम्म नाष्तिकवादको नेतृत्व गरेका थिए, उनले आफ्नो मन परिवर्तन गरि परमेश्वरको अस्तित्वलाइ स्विकार गर्ने निर्णय गरे । Antony को निर्णय संसारिक वा र्धानिरपेक्षनताको ठिक उल्टो थियो जसले संसारलाइ आफ्नो प्रभुत्वमा राखेको छ ।

Antony को निर्णय भनेको कुनै पुरातन धर्ममा उनको परिवर्तन थिएन । उनले परमेश्वर माथी विश्वास गरे र तपाई हामी ले जे जे पाएका छौ वा हाम्रो अगाडी जे जती छन ती सबै कुराको सुरुवात परमेश्वरले गर्नु भयो भनि उनले भने ।परमेश्वर जसले आफ्नो शक्ति प्रकृति मार्फत हामीमा प्रकट गर्नु भयो ।

Antony प्रख्यात व्यत्तित्व थिए । उनले करिब २ दर्जन दर्शन सम्बन्धी किताबहरु लेखेका छन् र उनलाई संसारको सबभन्दा प्रभावशाली नास्तिक दार्शनिकको रुपमा चिनिन्छ । तर सबै मानिसको दिमागमा एउटै प्रश्न उठ्छ "आखिर यस्तो प्रख्यात र सम्मानित विचारकले आफ्नो नास्तिक विचारबाट फर्केर परमेश्वरको अस्तित्वलाइ कसरी स्विकार गरे ?" किनकी वैज्ञानिक आकँडाहरमा विज्ञानले परमेश्वरको अस्तित्वलाइ मान्दैन । आफ्नो अन्तर्वातामा

Antony ले भने “ परमेश्वरको अस्तित्वलाइ वर्तमान वैज्ञानिक आविस्कारहरुले प्रमाणित गर्दछन् ।” उनले विशेषगरी जीवित वस्तुहरुमा शक्तिलाइ पून : आर्जन गर्ने क्षमता (जसलाइ विकासवादीहरुले स्थान दिएका छैनन्) मा जोड दिन्छन । उनका अनुसार विज्ञान तथ्यमा आधारित हुन्छ र तथ्यले परमेश्वर तीर इंगित गर्दछ ।

विकासवादीहरुलाइ सबभन्दा ठूलो अलमलमा पार्ने कुरा जीवनको उप्रति हो । धेरै शताब्दीसम्म गरिएको अनुसन्धानका वावजुद पनि कुनैपनि जीवन विज्ञानले दिन सकेन । यो समस्या जस्तो अहिले छ , शताब्दीऔ अगाडी पनि त्यस्तै थियो ।संसारमा भएका सबै वस्तुहरुको उपस्थिति थति मा परमेश्वरको हात छ र परमेश्वर बिना कुनै पनि जीवित वस्तुको उपस्थिति यो संसार हुन सक्दैन । परमेश्वर विना  एउटा अणु पनि बनाउन सकिदैन । इमान्दारपूर्वक भन्दा विज्ञानले सत्य पत्ता लागाउन गरेको अहिलेको वर्तमान खोज र अनुसन्धानले परमेश्वरलाइ बाहिर रखी आफ्नो खोज अगाडी बढाएको पाइन्छ । तर अहिलेका वैज्ञानिक समाजहरुमा परमेश्वरलाइ अवैज्ञानिक तत्व र जसद्वरा विज्ञानको आविष्कार र अनुसन्धान गर्न सकिन्छ भनी स्विकार गरिएको पाइन्छ । परमेश्वरलाइ वैज्ञानिक रुपमा प्रमाणित नगरे पनि विज्ञानले सत्य पत्ता लगाउनको निम्ति तथ्यहरुलाइ आधार बनाएको छ र एकदिन यहि आधारले वैज्ञानिकहरुलाइ परमेश्वर तर्फ डोर्याउने कुरामा म विश्वस्त छु । संसारिकवाद अस्तित्वमा छ तर ४० % अमेरिकाका वैज्ञानिकहरु परमेश्वरमाथी विश्वास गर्छन् जसले उनीहरुको प्रार्थनाको जवाफ दिनुहुन्छ । ४५ % वैज्ञानिकहरु परमेश्वरमाथि विश्वास गदैनन र १५ % वैज्ञानिकहरु जान्दैनन वा स्पष्ट छैनन् ।

विगत शताब्दीहरुमा विज्ञान संसारिक दर्शन थिएन । विगतका केही महान वैज्ञानिक हरुले प्रकृतिको अनुसन्धानको विषयमा परमेश्वरलाइ उनीहरुको खोजको आधार बनाए र उनीहरुको विश्वासमा परमेश्वर सधैं प्रकृतिमा हुनुहुन्छ र कहिले काही आफ्ना लेखहरुमा परमेश्वरलाइ पनि स्थान दिएको पाइन्छ । किनकी उनीहरुले आफ्नो खोज र परमेश्वरमा कुनै विवाद देखेनन् । उनीहरुको विश्वास अनुसार परमेश्वरले प्रकृतिको नियम बनाउनु भएको हो र यहि प्रकृतिका नियमले उनीहरुलाई वैज्ञानिक अनुसन्धान र अन्वेषण गर्न सक्ने बनाएको छ । कतिपय वैज्ञानिकहरुले कसरी परमेश्वर र विज्ञान सँगसँगै काम गर्न सक्छ भनी आफ्नो जीवनबाट देखाएर गएका छन ।

संसारमा भएका सबै जीवित वस्तुहरुले उनीहरुको सृष्टि परमेश्वरद्वारा सम्भव हुन सक्छ भनी भन्दछ । वा परमेश्वर विना उनीहरुको उपस्थिति यो संसारमा हुने थिएन । यही कुराले Antony को जीवनमा धेरै प्रभाव पार्यो । प्रकृतिको उपस्थिति र नियमको पछाडी परमेश्वर हुनुहुन्छ भनी उनले विश्वास गरे । विज्ञानले प्राप्त गरेका उपलब्धीहरुको वर्णन गर्न परमेश्वरको आवश्यकता पर्छ ।

Protien र DNA लाइ हामीले हेर्ने हो भने बारम्बार यसले परमेश्वरको उपस्थितिको उच्च प्रमाण दिन्छ । तर दुर्भागयको कुरा के छ भने संसारिकवाद यति कट्टर छ कि जसले परमेश्वरलाइ सृष्टिकर्ताको रुपमा अस्विकार गर्दछ तर यो बुझ्न जरुरी छ कि यो अस्विकार भनेको केवल समाजशास्त्रिय र धर्मशास्त्रिय आधारमा मात्र हो तर वैज्ञानिक तथ्यको आधारमा होइन ।

यो संसारमा धेरै किसीमका वाद र बिचारहरु छन । ठूला ठूला वैज्ञानिक हरु र दार्शनिक हरुछन जस्ले आफ्नो आफ्नो वाद र बिचारहरुलाइ आ - आफ्नै किसीमले व्याख्या

र विश्लेषण गर्दछन र आफ्नो उद्देश्य अनुसार प्रस्तुत गरिरहेकाछन तर हिजो विज्ञानले ठिक भनेर गरेका अविष्कार एवम् अनुसन्धानहरु आज परिवर्तन भएका छन । अर्थात् संसारका सबै कुरा हरु परिवर्तनशिल छन । त्यसमा विज्ञान , दर्शन र विचारहरु पर्छन । हिजो सही भएका कुरा आज गलत भएका छन । हिजो विज्ञानले ठिक भनेको आज होइन भनी रहेको हामीलाइ थाहै छ । तर हामीले इमान्दारीपूर्वकयो पृथ्वीको कुनै पनि कुराको उपस्थितिको बारेमा खोजी गर्दछौ भने निश्चय नै त्यसको सुरुवात हामीले परमेश्वरबाट नै गनुपर्छ । संसारका सबै कुराहरु परमेश्वरद्धरा सृष्टि गरिए । उँहा बिना कुनै कु अस्तित्वमा आएन र उँहाको इच्छा विना संसारमा केही कुरा हुन सक्दैन । (यूनाहा १:३) विज्ञानले परमेश्वरको सृष्टि भित्र रहेर वा प्रकृतिको नियमभित्र रहेर गरेको प्रगतीले मानव जीवन सहज भएको छ र मानिसले आफ्नो हितको खातिर प्रकृतिलाई माध्यम बनाएर त्यसलाइ नकारात्मक रुपमा लिनुहुदैन । तर एउटा सत्य के हो भने विज्ञानले गरेको सबै अन्बेषण र उपलब्धी परमेश्वरको सृष्टि भित्रबाटै गरेको कुरालाइ हामीले कदापी बिर्सनु हुदैन । परमेश्वर हिजो पनि हुनुहुन्थ्यो , आज पनि हुनुहुन्छ र सदासर्वदा रहिरहनु हुनेछ । उहाँ सधैँ हाम्रो निम्ति अर्थात मानव जीवनको हितको खातिर समर्पित हुनुहुन्छ । उहाँले तपाई मेरो हरेकको चासो राख्नुहुन्छ । के यस्तो महान र अच्चमको परमेश्वरलाई तपाई अझ नजिकबाट चिन्न चाहनुहुन्छ ? चाहनुहुन्छ भने आउनुहोस हामी तपाईलाइ सत्य परमेश्वरको बाटोमा डोर्यायाउन चहान्छौ ।

तपाईको जीवनका सबै पक्षहरु को उत्तर परमेश्वरबाटै खोज्नुहोस । तपाईको सफल्ताको माध्यम परमेश्वरलाइ नै बनाउनु होस । तपाईको जीवनको निम्ति परमेश्वर सगँ उदेकको सुन्दर योजना छ ।

# ६ के परमेश्वर साँच्चै हुनुहुन्छ?

के परमेश्वर साँच्चै हुनुहुन्छ ? यदि हुनुहुन्छ भने तपाईको जीवनमा उँहाले के गर्नुहुन्छ ? यदि उहाको उपस्थिति छैन भने त्यसले तपाईको जीवनमा कस्तो प्रभाव पार्छ ?

विगत शताब्दीऔ देखि परमेश्वरको उपस्थितिको विषयलाइ लिएर दार्शनिकहरु बीच वादविवाद भइरहेको पाइन्छ । सत्रौ शताब्दीका एक प्रख्यात दार्शनिक plaise pascal यसो भन्छन " परमेश्वर हुनुहुन्छ वा हुनुहुन्न कुन पक्षलाई हामीले मान्ने ? किनकी यो प्रश्नको उत्तर दिन गाह्रो छ । विशाल अस्तव्यस्तताले हामीलाइ छुट्टाएको छ । हामी कुन ठिक र कुन गलत भनि प्रमाणित गर्न सक्दैनौ ।" blaise pascal का अनुसार परमेश्वरको उपस्थिति छ , छैन भन्ने प्रश्नको उसचत जवाफ तर्कशास्त्र द्वारा मात्र हामी दिन सक्दैनौ । हामीहरु सबै अनुमान गरिरहेका छौ । हामीहरु मध्य कोही परमेश्वर हुनुहुन्छ भनी जुवा खेलिरहेका छौ तर अरुहरु परमेश्वर हुनुहुन्न भनी जुवा खेलिरहेका छ । हामीहरु जुन किसिमले आफ्नो जीवन जीउछौ त्यही रुपमा हामी जुवा खेलिरहेका हुन्छौ ।

कसरी हामी यो संसारको बानीमा सहभागी भइरहेका छौ त ? जुवाको खालमा बसेका मानिसहरु फाइदाको निम्ति कुनै पनि खतरा वा जोखिम मोल लिन तयार हुन्छन् । यँहा परमेश्वर हुनुहुन्छ भन्ने कुरामा तपाई हामी कति सहमत छौ त ? हुनसक्छ ५०-५०% वा ६०-४०% ।

आउनुहोस पहिले परमेश्वर साँच्चै हुनुहुन्छ भन्ने शर्तमा हामी चर्चा गरौ । अब यो बाजीमा के के कुरा चाहिन्छ त ? पहिलो शर्त अर्थात परमेश्वर हुनुहुन्छ भनेर भनिसके पछि तपाई हामी उँहाको नैतिक सिद्दान्त भित्र रहनुपर्छ । जसरी पवित्र धर्मशास्त्रमा भनिएको छ " आफुलाइ झैं आफ्ना छिमेकीलाइ प्रेम गर ।" अनि तपाई आफ्नो जीवनमा इमान्दार हुनसक्नुहुन्छ । तपाईले आफ्नो समय र शक्ति अरुहरुको निम्ति खर्च गर्न सक्नुहुन्छ र परमेश्वरको आरधानामा जीवन बिताउनु हुनेछ । अथवा आफूसँग भएको रुपैया पैसा समेत अरुको हितको निम्ति दिन सक्नुहुन्छ । मानौ परमेश्वर हुनुहुन्न र तपाईले बाजी हार्नु भयो तब तपाईले आफ्नो जीवनमा के कुरा गुमाउनु भयो त ? यदि तपाई इसाइ हुनुहुन्छ भने तपाई भन्न सक्नु हुन्छ 'केही पनि गुम्दैन' । 'यदि परमेश्वर हुनुहुन्न भने यो जीवन पछी अर्को जीवन हुदैन' यो कुरा हामीले स्पष्ट रुपमा बुझ्न जरुरी छ ।

अर्को तिर यदि बास्तबमै परमेश्वर हुनुहुन्छ भने तपाईले बाजी जीत्नु हुन्छ र यो जीवनमा तपाई परमेश्रसँग हिड्नु हुन्छ । परमेश्वरको उपस्थितिको मिठो अनुभुति तपाईको हृदयले गर्नेछ ।तपाईका जीवनका सम्पूर्ण पक्षहरु परिवर्तित हुनेछन् र तपाईको जीवनलाइ हेर्ने दृष्टिकोण बद्लिनेछ । तपाई शान्ति , आनन्द र विश्वास पूर्वक आफ्नो जीवनलाइ परमेश्वरमा अगाडी बढाउनुहुनेछ । जँहा तपाई बस्नु हुन्छ , काम गर्नुहुन्छ , जो जो सगँ तपाईको सम्पर्क हुन्छ , त्यँहा परमेश्वर साँच्चै हुनुहुन्छ भन्ने कुरा तपाई बाट अरुले देख्नेछन् । तपाईको बोली , वचन र व्यवहारले मानिसहरुले परमेश्वरलाई चाख्ने मौका पाउनेछन् । यो जीवन पछि हाम्रो लागी अर्को जीवनको प्रतिज्ञा गरिएको छ । इसाईहरुसँग एउटा यस्तो जीवित आशा छ , उनीहरु पून : भेट्नेछन् । यदि परमेश्वर हुनुहुन्न भने यो जीवन पछि तपाई हाम्रो अर्को जीवन छैन , कुनै आशा पनि छैन ।

हाम्रो जीवनमा यस्तो क्षणहरु आउछन् जुन समयमा हामीआफुले सब भन्दा माया गरेको व्यक्तिलाइ माटोमा गाँड्छौ वा आगोमा जलाउँछौ र नचाहेर पनि आँखा भरि आँसु बगाँउदै बिदा गर्छौ , अथवा यस्ता नराम्रा घटना घट्छन् जस बाट प्रभावित हुन पुग्छौ । यसमा कसैलाइ दोष लगाउने ठाउँ छैन । सबै कुराहरुद्वरा हामी थिचिन्छौ ,पिसिन्छौ । जीवन बडो कष्टकर बन्न जान्छ तर पनि हामी जीइ रहेका हुन्छौ । लाग्छ जीवन एक उद्देश्य विहीन यात्री झै अगाडी बढ्दैछ तर पनि हामी समयसँग

मुकाविला गर्दै सुस्त अवस्था भएर जसो तसो जीवन गुजार्ने बिचारद्धरा अगाडी बढ्छौ ।

मलाई एउटा हृदय विदारक घटना याद आउँछ । अफ्रिका महादेशको एउटा देश जो भोकमरीको गहिरो संकटबाट गुज्रेको छ । त्यस माथी हैजाको प्रकोपले धेरै मानिसहरु मरीरहेका छन् ।एउटा सानो केटा करीव १० वर्षको हुनु पर्छ हाड र छाला मात्र छ शरिरमा कुनै बस्त्र छैन , संयुत्त राष्ट्रसंगले वितरण गर्ने खाना खाने क्याम्प तिर सकि नसकि घिस्रिदै अगाडि बडिरहेको हुन्छ । तर दु:ख लाग्दो कुरा उसको पछि एउटा गिद्द आफ्ना गिद्दे नजर लगाएर त्यो बालकलाई आफु खान पउछु भनेर पछ्याइरहेको हुन्छ । मलाइ थाहा छैन उक्त केटो संयुक्त राष्ट्रसघंको खाना बाँड्ने ठाउँसम्म पुग्यो वा बीच मै मर्यो । तर उक्त दृश्य हेर्दा मेरो मन रोयो । हुन त त्यो केटा जस्तै कैयो मानिसहरु आज जीवन र मृत्युको दोसाधमा छन । बाँच्नको लागी ठूलो संघर्ष गरिरहेका छन् । जसो तसो अगाडी बढ्ने कोशिषमा छन तर बाटैमा उनीहरु हराइरहेका छन्

यदि नाष्तिक वा परमेश्वरमा विश्वास नगर्नेले बाजी जीत्यो भने उसलाइ उसले बाजी जीत्यो भन्ने कुराको जानकारी नै हुदैन ।किनकी उसको लागी यो जीवन पछि अर्को जीवन छैन । यदि उसले बाजी हार्यो भने उसले परमेश्वरले प्रतिज्ञा गर्नु भए अनुसारको अनन्तको जीवन गुमाउने छ । परमेश्वरको उपस्थितिमा यो संसारमा छ । उँहा तपाई हामीसँग हुनुहुन्छ । तपाई जस्तो सुकै अवस्था

भएर गुज्रिनु भएको किन नहोस । उँहा तपाईलाइ जीवन दिन तयार हुनुहुन्छ । परमेश्वर प्रेमिलो हुनुहुन्छ त्यहि प्रेम मानव जातीको निम्ति पोखिएको छ । यो संसारमा हामी एक परदेशी जस्तै छौ र हाम्रो यात्राको समय छोटो छ । हाम्रो स्थायी घर यो संसार होइन , यो त क्षणिक मात्र हो । यो संसारमा जहिले सम्म हामी बस्छौ तब सम्म दुःख , कष्ट , समस्या ,अप्ठ्यारा परिस्थिति तथा विभिन्न बाधा अबरोधहरुद्वारा हामी घेरिएका छौ । हामी थकित ,हतास र निराशमा हुन्छौ किनकी शैतानले तपाई हामी माथी विभिन्न रोग , व्याध, समस्या , अप्ठ्यारा र उल्झनहरुद्वरा गाँजिरहेको हुन्छ । ‘आफ्नो जीवनको उपस्थिति यो संसारमा किन छ , के को लागी आफु जीइरहेको छु’ जस्ता प्रश्नहरु वस्तविक अर्थ नै थाहा नपाइ कैयो मानिसहरु संसार छोड्दछन् ।

हाम्रो आशा भनेको संसार होइन तर जीवित परमेश्वर हुनुहुन्छ उँहा हाम्रो प्रभु हुनुहुन्छ । उँहा तपाई र मेरो निम्ति यस संसारमा आउनु भयो ताकी हामी जीउन सकौ । हामी आफ्नो जीवनको अर्थ बुझ्न सकौ । जीवनलाइ सहि रुपमा जीउन सकौ । यो जीवन हाम्रो निम्ति परमेश्वरको उपहार हो । यसलाइ बोझको रुपमा नलिइ परमेश्वरको महिमाको निम्ति प्रयोग गरौ । जीवन छोटो छ त्यसैले भोली नभनौ, आजै निर्णय गरौ र आफ्नो जीवन परमेश्वरमा समर्पण गरौ ।

# ७ मानिस अनन्तताको निम्ति

जेन स्मिथ नाम गरेका व्यक्ति उन्नाइसौ शताब्दी परमेश्वरका अगुवा थिए । उनी सानो छँदा उनको आमा वुवाको मृत्यु भयो र उनको हेरचाह उनकी सानी आमाले गरिन् । सानो केटा भएकाले उनको निम्ति त्यो समय बडो कष्टपूर्ण र डर लाग्दो थियो तर उनकी सानीआमाले उनलाई धेरै माया गरिन र उचित शिक्षा दिक्षा दिएर हुर्काइन । उनलाइ आफ्ना आमावुवाको कमी अनुभव नहोस भनेर उनकी सानीआमाले आफुले गर्न सक्ने सबै कुरा जमेन स्मिथको निम्ति गरिन । तर जब उनी ठूलो भए उनकी सानीआमा बुढी भइन र विरामी परिन । उनलाइ थाह थियो कि अब उनी धेरै दिन बाँच्दिनन् भनेर । त्यस कारण उनले जोनलाइ एउटा पत्र लेखिन र सोधिन "के मृत्यु उनको अन्त्य हो वा त्यसपछी पनि उनको लागी अन्त्य छ ?" जोनले आफ्नो सानीआमाको पत्रको उत्तरमा यसरी लेखेर पठाए "जब मेरो आमा वुवाको मृत्यु भयो । तपाईले मेरो निम्ति दयावान आमा बन्ने प्रतिज्ञा गर्नुभयो र तपाईको नोकर मलाइ तपाईले लिन पठाउनु भयो । मेरो घरबाट तपाईको घरसम्म आउन लामो यात्रा तय गर्नु पर्ने थियो । रात धेरै छिप्पिसकेको कारण मैले तपाईको नोकरलाइ सोधे "के हामी घर पुग्नु भन्दा पहिले सानीआमा सुतिसक्नु हुन्छ ?" छक्क पर्दै तपाईको नोकरले मेरो पिठ्यूमा थपथपाउँदै ' चिन्ता नगर उनले तिमीलाइ पर्खि बस्ने छिन । तिम्रो लागी उनले मैन बत्ती उनको झ्यालमा बालिरहेको हुनेछिन" । त्यो मध्यरातमा जव म तपाईको घर नजिकै पुगे , मैले परैबाट मैन बत्तीके मधुर प्रकाश तपाईको झ्यालमा देखे ।

जब म घर पुगे, तपाईले मलाई अंगालो हालेर स्वागत गर्नु भयो । मलाइ घरभित्र लगेर आफ्नै हातले खाना खुवाउनु भयो । तपाईले माथिल्लो तल्लामा मेरो निम्ति तयार पार्नुभएको कोठामा लगेर मलाइ सुताउनुभयो ।

जसरी तपाईले मलाई हेरचाह गर्नु भयो ,मलाई उचित शिक्षा,दिक्षा दिएर हुर्काउनु भयो त्यहि रुपमा परमेश्वरले तपाईको हेरचाह गर्नुहुनेछ र उँहालाइ विश्वास गर्न सकिन्छ । जब तपाई लामो निद्रामा पर्नु हुन्छ , त्यति बेला परमेश्वर तपाईसँग हुनुहुनेछ र तपाईको प्रेमपूर्वक स्वागत गरिनेछ ।"

आज संसारमा जता सुकै मानिस किन नहुन उनीहरुलाई मृत्युको डरले थरथर कमाउँछ अर्थात मृत्यु भनेपछि तपाई हामी सबै डराउँछौ । हामी सबै एक दिन मर्नेछौ मृत्युलाई जसले भोग्छ , त्यो भौतिक रुपमा हामीसँग हुँदैन । मृत्यु सम्बन्धी विचार नै बडो डरलाग्दो हुन्छ । हामी सबैले यो यथार्थलाई सामना गनुपर्छ । विशेष गरी आफ्ना प्रियजनहरुको मृत्यु हाम्रो लागी अझ दर्दनाक हुन्छ । यो तितो सत्य हो ।

पवित्र धर्मशास्त्रमा वाइवलमा भनिएको "परमेश्वरले दिनुभयो र उँहाले लानुभयो"भन्ने कुराले परमेश्वरले हाम्रो जीवनमा दिनुभयो र उँहाले पून:लिनुभयो । यो अर्थमा हामी बुझ्न सक्छौ । कसैको पनि मृत्युले हाम्रो हृदय चकनाचुर पार्छ तर यसले परमेश्वरको हृदयलाइ पनि दुखाउँछ , यो कुरालाइ हामीले बुझ्न नसकेको हो कि जस्तो लाग्छ । जब आदम र हवालाई परमेश्वरले सृष्टि गर्नुभयो , तब उँहाले अदनको बगैाचा भित्र भएका रुखहरुमध्ये एउटा रुखको फल नखान भन्नुभयो र यदि उनीहरुले उक्त रुखको फल खाए भने उनीहरु मर्नेछन् भनि भन्नुभयो । उनीहरु मरेको परमेश्वर चाहनुहुन्न थियो । उँहाले तिनीहरुलाइ अनन्त सम्म

जीउनको निम्ति बनाउनुभयो त्यही रुपमा तपाई र मलाइ पनि बनाउनु भएको छ । पवित्र शास्त्रले भन्छ परमेश्वरले हाम्रो हृदयमा अनन्तता हलिदिनु भएको छ । त्यस कारण मृत्यु अत्यन्तै डर लाग्दो अवस्था हो , कुनै पनि मानिसको लागी । अर्थात् मृत्यु परमेश्वरको योजना होइन ।

जब प्रभु येशु यस संसारमा हुनुहुन्थ्यो उँहाको मिल्ने साथी लाजरस विरामी पर्यो र मर्यो । भाइ विरामी छ आएर निको पारिदिनुहोस भनि लाजरसकी दिदीहरुले येशूलाई भने र उहाँ लाजरस को घरमा आइपुग्नुभयो , लाजरस मरिसकेको थियो । पवित्र शास्त्र वाइवलमा लाजरसको मृत्युमा 'येशु रुनुभयो'भनि भनिएको छ ।उँहाले आफ्नो मित्र मरेकोमा बिलौना गर्नुभयो ।

कुनै पनि मानिसको मृत्युले उसको परिवार तथा आफन्तहरुमा पिडा ल्याउछ । यसतो अवस्थामा पिडामा भएका व्यक्तिहरुलाइ उचित सान्तोनाको खाँचो पर्छ । प्रभु येशु पनि आफ्नो मित्रको मृत्युमा दुःखित भएर लाजरसका दिदीहरुलाई सान्तोना दिदैहुनुहुन्थ्यो ,यधपी लाजरस पूनः उठ्नेछ भन्ने कुरा उँहालाइ थाह थियो । मृत्युले परमेश्वरलाई पनि दुःखित बनाउँछ । परमेश्वर हामीसगँ ती मर्न आटेका मानिसहरुको निम्ति शोक गर्नुहुन्छ । किनकी उँहा ती मर्न गइरहेका व्यक्तिहरुको पनि प्रेमिलो पिता हुनुहुन्छ र हामीले भन्दा बेसी उनीहरुको अनुपस्थितिको पिडा उँहाले अनुभव गर्नुहुन्छ । जब तपाई रुनुहुन्छ उँहा पनि रुनुहुन्छ जब तपाई आफुलाइ एक्लो भएको महशुस गर्नुहुन्छ ,उँहाले पनि त्यस्तै अनुभव गर्नु हुन्छ । त्यसकारण जब हामी शोकित हुन्छौ त्यो बेला परमेश्वर हामीसँग रहनुहुन्छ । जब तपाई हामी मर्छौ ,परमेश्वरलाइ हाम्रो अनुपस्थितिको अनुभुति हुन्छ । अर्थात उँहाले हामीलाइ संसारिक रुपमा गुमाएको महशुस गर्नु हुन्छ ।

हामीसँग वार्तालाप गर्न नपाएकोमा उँहा दुःखित हुनुहुनेछ । नँया दिन हामीलाइ उपहारको रुपमा दिन नपाएकोमा उँहा दुःखित बन्नुहुनेछ । तपाईको जीवनलाइ अगुवाइ गर्न नपाएकोमा उँहा दुःखित हुनुहुनेछ । तपाई मस्त निन्द्रामा सुत्नु भएको हेर्न नपाएर पनि उँहा दुःखित हुनुहुनेछ । कुनै पनि आमाको लागी आफ्नो दुधे बालक जति महत्वपूर्ण हुन्छ ,त्यो भन्दा तपाई परमेश्वरको निम्ति महत्वपूर्ण हुनुहुनेछ । एउटी आमाले आफ्नो बच्चाको लागी के सम्म गर्दिन र ? तपाई हामी जब मर्छौं , परमेश्वरको निम्ति त्यो अत्यन्तै दुःखदायी क्षण हुनेछ र उँहाको हृदय भित्र रहेको ठाँउ अरु कसैले भर्न सक्दैन ।

मर्ने कुरा सजिलो होइन । तर जब तपाई मृत्युको सयौमा जीवन र मृत्युको संघर्ष गरिरहनु भएको हुनेछ , परमेश्वरले तपाईलाइ एक्लै छोड्नुहुने छैन उँहाले तपाईलाइ अन्तिम सास रहुन्जेल समाल्नुहुनेछ । उँहाले तपाईको अंतिम अबस्थामा पनि तपाईको हृदय भित्र गहिरो प्रेमले भर्नु हुनेछ र आफ्नो अगाँलोमा तपाईलाइ बेर्नु हुनेछ । जब तपाई मृत्युमा सुत्नुहुन्छ तब उँहाले तपाईसँगा बिताएका क्षणहरुलाइ स्मरण गर्नुहुन्छ र ती क्षणहरुलाइ आफ्नो हृदय भित्र सदासदाको निम्ति राख्नुहुनेछ किनकी वर्तमान मृत्यु तपाईको जीवनको अन्त्य होइन ।

यसकारण परमेश्वरले मानिस जातिलाई उद्धार गर्ने योजना बनाउनुभयो र उक्त योजनाको कार्यन्वयन जब प्रभु येशु यो संसारमा आउनुभयो र मर्नु भयो । हामी कुनै पनि समयमा मर्न सक्छौ । यो संसारको बासिन्दा भएर । तर प्रभु येशु पूनः आउनुहुनेछ र हामीलाइ पूनःबौरी उठाउनुहुनेछ र हामी उँहासगँ सदासदाको निम्ति रहनेछौ । पवित्र धर्मशास्त्र वाइवलको १ थेसलोनिकी ४ अध्यायको १६ देखी १७ पदमा यसरी लेखिएको छ “प्रभु येशु स्वयम् हुकुमको गर्जनसित

,प्रधान स्वर्गदुतको आवाज र परमेश्वरका तुरहीको सोरसित स्वर्गवाट ओर्लनुहुनेछ र खीष्टमा मरेकाहरु चाही पहिले बौरीउठ्नेछन, । तब हामी बाँचिरहेका र छोडिएकाहरु प्रभुलाई आकाशमा भेट्न तिनीहरुका साथ साथै बादलमा उठाइ लगिनेछौ र यसरी हामी सँधै प्रभुसँग रहनेछौ ।"

ती मानिसहरु जो हामी भन्दा पहिले मरे , हामीले अति प्रेम गर्ने आफन्तहरु जे हामी टाढा भएका थिए , तिनलाइ हामी भेट्ने छौ । वास्तबमै त्यो क्षण चाँहि एकदमै खुशीको क्षण हुनेछ र त्यसलाइ हामीले आफ्नो भाषा द्वारा व्याख्या गर्न सक्दैनौ ।

यो संसारमा पापको कारणले मृत्यु हाम्रो जीवनको एक प्राकृतिक भाग बन्न गयो तर परमेश्वरले तपाई हामीलाई मर्नको निम्ति बनाउनु भएको होइन ।

# ८ शुद्ध हृदय

पवित्र धर्मशास्त्र वाइवलको नँया नियमको मत्ति भन्ने पुस्तकको ५ अध्यायको ८ पदमा प्रभु येशुले यसो भन्नु भएको छ "धन्य शुद्धहृदय हुनेहरु , किन भने तिनीहरुले परमेश्वर लाइ देख्नेछन् । शुद्ध हृदय भनेको के हो भन्ने विषयमा आज हामी छलफल गर्नेछौ । तपाई धन्यको हुनुहुनेछ , जब तपाई आफ्नो भित्री मन र हृदयलाइ ठीक राख्नु हुन्छ । तब तपाईले बाहिरी संसारमा परमेश्वरलाइ देख्न सक्नु हुन्छ ।यसको अर्थ हामीले हामी भित्रको संसारमा भएका सबै किसिमका अशुद्धताहरु , व्यक्तिगत महत्वाकांक्षाहरु , रिस आलोचना र डरहरुलाइ हटाउनुपर्छ । तब हामीले बाहिरी रुपमा परमेश्वरलाइ देख्न सक्छौ वा अनुभब गर्न सक्छौ ।

यसलाइ यसरी पनि बुझ्न सकिन्छ -शुद्ध विचार लिएर,शुद्ध भावनाद्वरा,पूर्ण निस्वार्थी,पूर्ण इमान्दारी, पूर्ण प्रेमले भरिएको र स्पष्ट देखिने हुनुपर्छ । शुद्ध हृदय हुदाँ पाइने खुशीको इनाम भनेर तपाई र मैले परमेश्वरको महिमित ज्योतीलाइ देख्न सक्छौ र त्यसबाट हामी निर्देशित हुन सक्छौ ।

शुद्ध हृदय हामीमा त्यसै हुदैन । यसको लागी हामीलाइ परमेश्वरको सहयोग चाहिन्छ । यो हाम्रो आफ्नै मानविय स्वभावले प्राप्त गर्ने कुरा पनि होइन । त्यसकारण परमेश्वरसँग प्रार्थना गर्नु पर्छ ताकि शुद्ध हृदय दिनु भएको होस र त्यस अनुसार आफू परिचालित हुन सकौ ।

जव यस प्रकारले तपाई प्रार्थना गर्नु हुन्छ र शुद्ध हृदयको तृष्णा गनुहुन्छ , तपाईले आफ्नो दृष्टिकोण ,विचार,

वचन,काम र तपाईको सम्पूर्ण जीवन नै परिवर्तन भएको महशुस गर्नुहुनेछ ।

जव तपाई र मेरो हृदयले अशुद्ध कुराको अनुभव गर्छ तव त्यसलाइ हामीले हाम्रो हृदयमा राखी राख्ने , मलजल गर्ने , त्यसै अनुसार जीवनलाइ चालाउने होइन तर त्यसलाइ हृदयबाट निकालेर राम्रो बिचारले हृदयलाइ भर्नु पर्छ । प्रत्यक दिन कम्तीमा एउटा यसतो काम गरौ जुन कुरा हाम्रो शुद्ध हृदयद्धरा निर्देशित होस । त्यसको अर्थ कसै प्रति दयावन्त हुन , कसैप्रति राम्रो सोच्नु आदि आदि कुराहरु हुनसक्छन् ।

वास्तवमै शुद्ध हृदयको निम्ति तपाई र मैले पहिले आफ्नो अन्तर जीवनलाई जाँच्नुपर्ने हुन्छ । जस्तो कि तपाई र म के गर्दैछौ र हामीले गर्दै गरेको कुराहरु ठिक छन् वा छैनन् ? अथवा हामी वनावटि , देखावटि कुराहरु गर्दैछौ । अथवा के हामी स्पष्ट, प्रेमले भरिएको,बिचारशिल, दयावन्त र निस्वार्थी छौं भन्ने जस्ता प्रश्नहरु आफैले आफैसँग गर्नुपर्छ । त्यसपछि जुन वातावरण वा अवस्था तपाईले आफ्नो वरिपरी सृजना गर्नुभएको छ वा बनाउनुभएको छ ,के त्यो वातावरण नकारात्मक ,घृणायुक्त छ वा सुन्दर छ ? जब तपाई हामी कसैको विषयमा सोच्छौ वा कुरा गर्छौ, के हामी आफुलाई उनिहरुसँग तुलना गरेर हेर्छौ । उनीहरुको आलोचना गर्छौ र उनीहरुले गरेको गल्तीलाई औंल्याउदै बस्छौ अथवा हामी पूर्ण रुपले प्रेमद्धरा अभिप्रेरित भएर चलेका छौ । अनि के उक्त प्रेम परमेश्वरद्धरा आएको छ र हामी अरुहरुप्रति प्रेमिलो,दयाबन्त र धैर्यशील छौ ।

हामी परमेश्वरको सुन्दरतालाई आफ्नो हृदयमा राख्न सक्छौ । उहाँको अतुलनिय प्रेमलाई हामी बुझ्न सक्छौ ,जुन प्रेम परमेश्वरले हामीलाई गर्नुहुन्छ । यी सबै कुराहरु हामीले आफ्नो जीवनमा अनुभव गर्न सक्छौ । शुद्ध हृदयको

निम्ति आफैलाइ परमेश्वरमा समर्पण गार्यौ भने उँहाले भित्र भएका सबै किसिमका अशुद्धताहरुलाइ  निकालेर शुद्ध हृदयले भर्नुहुन्छ । जब हाम्रो भित्रि संसार पनि भिन्दै हुनजान्छ र हामीले आफ्नो बाहिरी संसारलाइ हेर्ने दृष्टिकोण पनि फरक हुन्छ । हामीले परमेश्वरको उपस्थितिलाइ आफ्नो जीवनमा अनुभव गर्न सक्छौ र हाम्रो जीवनमा पवित्रात्माका फलहरु ज्स्तै शान्ति ,धैर्य,दया,भलाइ,प्रेम,क्षमा,नम्रता,विश्वस्तता जस्ता कुराहरु अविरल रुपमा निस्किरहनेछन र धेरै मानिसहरुले त्यसबाट आशिष प्राप्त गर्नेछ ।

जब तपाई हामी आफू भित्र भएका सम्पूर्ण अशुद्धताहरुलाइ आफ्नो हृदयबाट निकालेर त्यस ठाँउमा शुद्ध र पवित्र कुराहरुले भर्छौ तव तपाई हामी आफू जीउनुको वास्तविक अर्थ र मिठो अनुभुति यो जीवनमा गर्न सक्छौ । हाम्रो जीवन कति आनन्ददयक रहेछ भन्ने कुरा जीवनका प्रत्येक पलहरुमा अनुभव गर्न सक्छौ । यसरी हामी उद्देश्यमूलक ,खुशी । शान्तिमा जीवन जीउन सक्छौ ।

# ९ तारा

हाम्रो जीवन प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा विभिन्न व्यक्तिहरुद्वारा प्रभावित भइरहेको हुन्छ । ती हाम्रै समुदाय, राष्ट्र वा अन्तराष्ट्रिय स्तरका व्यक्ति हुनक्छ । हाम्रो समाजमा यस्ता व्यक्तिहरुलाइ स्टारको संज्ञा दिइएको पाइन्छ । अरु व्यक्ति अभिनेता, राजनेता वा विभिन्न विधामा ख्यातिप्राप्त व्यक्ति हुनसक्छ ।

यस्ता नाम चलेका मानिसहरुको जीवनशैलीद्वारा थुप्रै समर्थकहरु प्रभावित भएका हुन्छन् । यहाँसम्म कि उनीहरुले लगाउने लुगा, हेयर स्टाइल, बोलाइ देखि लिएर धेरै कुराहरुलाइ समर्थकहरुले आफ्नो जीवनमा नक्कल गरिरहेका हुन्छन् ।

अर्कोतिर यस्ता मानिसहरुको समूह पनि छ जसले आकाशमा भएका सूर्य, चन्द्र, ग्रहण तथा नक्षत्रहरुका चालद्वारा आफ्ना भविष्य योजना तथा दैनिक क्रियाकलाप निर्धारित गर्छन् ।

तर यी सबै स्टारहरु चाहे चन्द्र, सूर्य, ताराहरु वा फिल्का हिरोहरु वा विभिन्न क्षेत्रमा नाम चलेका व्यक्तित्वहरु किन नहुन्, कसैले पनि हामीलाई अनन्त जीवनको बाटोमा डोर्‍याउन सक्दैनन् ।

पवित्र धर्मशास्त्र बाइबलको गन्ती २४ अध्यायमा भविष्यवक्ता बालामले आउने तारुको विषयमा भविष्यवाणी गरेका थिए । जुन ताराले सारा संसारमा आफ्नो प्रभुत्व देखाउने छ भनी भनिएको छ ।

ुम उहाँलाई देख्छु तर अहिले त होइन । म उहाँलाई हेर्छु तर नजीकै त होइन । याकुबबाट एउटा तारा उदय हुनेछ र इस्राएलबाट एउटा राजदण्ड

उठ्नेछ । उहाँले मोआबका टाउको किच्च्याउनहुनेछ, अनि शेथका सन्तानलाइ ध्वंस पार्नुहुनेछ । (गन्ती २४:१७

त्यही ताराको विषयमा ज्योतिषिहरु भन्छन्( म उहाँलाई देख्छु तर अहिले त होइन । म उहाँलाई हेर्छु तर नजीकै त होइन । याकुबबाट एउटा तारा उदय हुनेछ, र इस्राएलबाट एउटा राजदण्ड उठ्नेछ । उहाँले मोआबका टाउको किच्च्याउनुहुनेछ, आनि शेथका सन्तानलाइ ध्वंस पार्नुहुनेछ । गन्ती २४:१७

त्यही ताराको विषयमा ज्योतिषिहरु भन्छन् (हामीले उहाँको तारा पूर्वमा देख्यौं र उहाँलाइ दण्डवत् गर्न आएका छौं ।

उहाँको तारा प्रभु येशू हुनुहुन्छ, जो विहान चम्किलो तारा हुनुहुन्छ ।

त्यसैले पवित्र धर्मशास्त्र बाइबलको प्रकाश २२ अध्यायको १६ पदमा येशू स्वयम् भन्नुहुन्छ । म येशूले आफ्ना दुतलाई तिमीकहाँ मण्डलीहरुका निम्ति यो गवाही दिन पठाएको छु । दाउदका मूल र सन्तान अनि बिहानको चहकिलो तारा म नै हुँ ।

एउटा मानिस आँधी र तुफानमा कसरी रातको समयमा आफ्नो ढुङ्गालाइ किनारमा ल्याउने प्रयत्न गर्दछ भनी एक चित्रकारले चित्र कोर्‍यो । तस्विरमा देखाइएका अनुसार त्यो आँधी
र तुफानको रातमा लेकको बीचको डुङ्गा चालकले केवल एक मात्र ताराको मधुरो प्रकाश देख्न सक्यो । आफ्नो आँखा त्यही एउटा तारामा केन्द्रीत गरी आफ्नो डुङ्गालाई किनारा तर्फ ल्यायो । उक्त तस्विरको तल यसरी लेखिएको थियो । यदि मैले आफ्नो आँखा

उक्त ताराबाट हटाएँ भने म सदाको निम्ति नष्ट हुनेथिएँ ।

ठूलो दुविधा, चिन्ता, फिक्रि र अनिश्चितताले भरिएको यो संसारमा केवल येशूमात्र यस्तो तारा हुनुहुन्छ । जसलाई पछ्याएर ढअनुशरणण हामी मुक्ति पाउन सक्छौं । उहाँमात्रै हाम्रो असल अगुवा हुनुहुन्छ । जसले हामीलाई अन्धकारबाट ज्योति तर्फ लान सक्नुहुन्छ । उहाँ हाम्रो निम्ति आनन्द, शान्ति र निश्चयता दिने परमेश्वर हुनुहुन्छ ।यो संसारमा विभिन्न किसिमका मानिसहरु छन्, उनीहरुका आ(आफ्नै विचार अनि सिद्धान्तहरु छन् ।मानिसहरु स्वभावैले आफ्नो हित मात्रै खोज्ने, आफूले गरेका कामहरु मात्रै ठिक छन् भनी भन्ने खालका पनि हुन्छन् । हाम्रो समाज एक किसिमको अव्यक्त र अस्वस्थ्य प्रतिस्पर्धामा दिन प्रतिदिन अगाडी बढ्दै छ । मानिसहरु विभिन्न प्रयत्नद्वारा आफूलाई अरुभन्दा माथि राख्न खोज्ने, आफूले गरेको कुरामा अरुले वाहवाही गरेको चाहन्छन् ।

यस्ता विचारहरुले ग्रसित समाजमा बाँचिरहेका हामीलाई परमेश्वरमा भरोसा राखी उहाँलाइ सबै किसिमले उच्च स्थानमा राखी जिउन सजिलो भने छैन । तर जब हामी परमेश्वरको इच्छा अनुसार उहाँको वचनलाई मनन् गर्दै हाम्रा पाइलाहरु उहाँकै बाटोमा लम्काउन थाल्छौं तब परमेश्वर स्वयम् हामीलाइ अगुवाइ गर्नुहुन्छ । सबै भयानक परिस्थितिलाइ उहाँले सामान्य बनाइदिनुहुन्छ । अनि दिनप्रतिदिनको हाम्रो जीवन सरल हुँदै जान्छ । परमेश्वरको प्रेममा अझ गहिरिएर आफ्नो जीवनको आदर्श मान्दै हृदय देखि नै उहाँलाइ हामी धन्यवाद चढाउँछौं ।

# १० My Lamp (मेरो बत्ती)

प्रकाश हाम्रो दैनिक जीवनमा नभई नहुने कुरा हो । प्रत्येक दिन अनि रातको समयमा यसको उपयोगिता महत्वपूर्ण छ । दिनमा सूर्यको किरणबाट, राती चन्द्रमाको प्रकाश, विद्युतिय उपरण तथा अन्य वैकल्पिक वस्तुहरुको माध्यमबाट हामी प्रकाश पाउँछौं । भनिन्छ प्रकाश नभएको जीवन सम्भव हुने थिएन ।

म सानो हुँदा हाम्रो घरमा लालट्टिन, टुकी बाल्ने गरिन्थ्यो । कुनै विशेष कार्यक्रमको बेला मट्टितेलद्वारा बालिने प्याडोलमेक्स प्रयोग गरिन्थ्यो । उक्त प्याडोलमेक्स धेरै उज्यालो हुनाले कार्यक्रमहरु रातको समयमा गर्न सजिलो हुन्थ्यो । मट्टितेलको अभावमा सल्लाका स-साना टुक्राहरु, राँको आदि बनाएर रातको समयमा एक ठाउँबाट अर्को ठाउँमा जान आउनका निम्ति प्रयोग गरिन्थ्यो । पछि टर्च लाइट तथा ब्याट्रीबाट चल्ने स-साना उपकरणहरु प्रयोग गर्न थालियो ।

माथि बताइएका कुराहरुले हाम्रो भौतिक जीवनमा आवश्यकता पर्ने प्रकाश तथा यसका श्रोतहरुको चर्चा गरिएको छ, जुन हाम्रो दैनिक जीवनमा एकदमै महत्वपूर्ण छ । हाम्रो आत्मिकी जीवनमा पनि ज्योतिको खाँचो पर्छ भनी बाइबलले स्पष्ट रुपमा बताएको छ । आज धेरै मानिसहरु अन्धकारमा बाँचिरहेका छन् । उनीहरुसँग आत्मिकी ज्योतिका श्रोत नभएका कारण जीवन अन्धकार युक्त भएको छ ।

प्रभु येशूले भन्नुभयो "म संसारको ज्योति हुँ, मलाइ पछ्याउने अन्धकारमा हिँडडुल गर्नेछैन ।"

प्रभु येशू आजभन्दा २००० वर्ष अगाडी यस संसारमा आउनुभएर हाम्रो निम्ति बलिदान भएर आत्मिकी अन्धकारलाई सदाको निम्ति ज्योतिमा परिणत गरिदिनुभएको छ ।

यदि हामीले उहाँलाइ हाम्रो जीवनमा निम्त्याउँछौं अनि ज्योतिको निम्ति विनय गर्छौं भने उहाँले हाम्रा हरेक मार्गमा अन्धकारलाई हटाइ उहाँको ज्योतिद्वारा प्रकाशित पार्नुहुन्छ ।

जब हामी बत्ती बाल्छौं, त्यसबाट आएको प्रकाशले हाम्रो वरिपरिको वस्तुहरुलाई हामी सजिलै देख्न सक्छौं, अनि टाढा टाढाको मानिसहरुले पनि बलेको उक्त बत्तीलाई हेर्नसक्छन् । त्यसरी नै जब येशूको ज्योति हामीमा चम्कन्छ तब मानिसहरु जो अन्धकारमा हुन्छन् तिनीहरुलाइ परमेश्वरको ज्योतितर्फ डोऱ्याउनेछ ।

पापै पापले भरिएको संसारमा मानिसले जीवनको वास्तविक अर्थ र उदेश्यलाइ नबुझी जीवनलाइ अभिषाप ठानिरहेको पाइन्छ । तर वास्तविकता भने परमेश्वर सबैलाइ प्रेम गर्नुहुन्छ अनि सबैजना उहाँको ज्योतिमा हिंडेको चाहनुहुन्छ । त्यसैले पवित्र धर्मशास्त्र बाइबलको २ शमूएल २२ अध्यायको २९ पदमा राजा दाउद भन्नुहुन्छ "हे परमप्रभु तपाइ मेरो दियो हुनुहुन्छ । परमप्रभुले मेरो अन्धकारलाइ उज्यालोमा परिवर्तन गर्नुहुन्छ ।"

हाम्रो जीवनको ज्योति (दियो)परमेश्वर मात्र हुनुहुन्छ, यदि हामीले आफ्नो जीवनलाइ उहाँमा समर्पण गऱ्यौं भने हाम्रो जीवनमा सबै अन्धकारयुक्त भागहरुमा उहाँले आफ्नो ज्योति छर्नुहुन्छ अनि हामीले जीवनलाइ स्पष्टै देख्न सक्छौं ।

# ११ कानेफुसी

म मेरो कोठामा एक्लै पत्रिका पढेर बसिरहेको थिएँ । म एकजना साथीको घरमा थिएँ । मेरो साथी कुनै कामले अन्तै गएको थियो । जब उ कतै जान्थ्यो, मेरो निम्ति पत्रिकाहरु र खानेकुरा किनेर ल्याउँथ्यो । त्यातिखेर म कलेजमा पढ्थेँ ।

केही दिन अगाडी मात्रै देशमा ठूलो राजनैतिक परिवर्तन भएको थियो । एक तर्फका मानिस जसले परिवर्तन चाहेका थिए, पाएर खुशी र आनन्द साथ दिनहुँ विजय जुलुस निकाल्थे । कोही मानिसहरु केही गुमाए झैं आ-आफ्ना घरमा जसोतसो बसेर दिन बिताउँथे । समय उनीहरुको निम्ति उपयुक्त थिएन, त्यसकारण बाहिर निस्कनु भन्दा घरभित्रै रहनु बुद्धिमानी थियो ।

दिनहरु सधैं एकैनाशका हुँदेनरहेछ । विस्तारै परिवर्तनले सामान्य रुप लिँदै गएको थियो । हामी पनि निसंकोच घर बाहिर निस्किन थाल्यौं । जब म मानिसहरु कुरा गरेको सुन्थेँ, पत्रपत्रिका पढ्थे तब एउटै कुरा गरेको सुनिन्थ्यो, सबैको वार्तालापको विषय देश र त्यसबेलाको परिस्थिति नै थियो, लाग्दथ्यो सबैजना आफ्नो देश, समाजको लागी चिन्तित छन् ।

मानिसको शारिरीक बनावटलाई हेर्दा, परमेश्वरले हामीलाइ आवश्यकता बमोजिम सबै कुरा दिएर बनाउनुभएको छ । परमेश्वरले हामीलाई दुइवटा कान अनि एउटा मात्र मुख दिनुभएको छ । यसले स्पष्ट हुन्छ कि हामी कम बोल्ने र धेरै सुन्ने हुनुपर्छ तर हामी धेरै बोल्छौं अनि कमै सुन्छौं । हामीमा सुन्ने धैर्यताको कमी देखिन्छ, अरुले बोली नसक्दा नै हामी

बोल्न आफ्नो मुख खोलिहाल्छौं । वादविवाद, प्रतिवाद गर्न सधैं अग्रसर हुन्छौं । त्यसको प्रतिफल हामी बीच असमझदारी अनि सम्बन्धमा दरार उत्पन्न हुन्छ । अनि त्यो विवाद अरुको कानमा नपर्दै यति चाँडो फैलिन्छ कि हामीलाई पत्तै हुँदैन । यी सबै कुराहरुको जरो भनेको हामीमा एक अर्काको कुरा सुन्ने धैर्यता नहुनु हो । हामी बोल्न मन पराउँछौं र पायो भने बोली नै रहन्छौं । त्यसैले त हाम्रो घर परिवारमा समस्याहरु देखिन्छन्- श्रीमानसँग श्रीमतीका कुरा सुन्ने धैर्यता नहुँदा, एउटा पवित्र बन्धनमा दरार उत्पन्न हुन्छ, एउटा घरमा विखण्डनको बीउ रोपिन्छ । आमाबाबुले एकअर्काको कुरा नसुनेर सृजना भएको वातावरण भित्र हुर्केका सन्तानहरुको मानसिकतामा कस्तोनराम्रो छाप पर्दछ हामीले देखेकै हुनुपर्छ ।

कसैसँगको सम्बन्धलाइ ठिक राख्नको निम्ति वार्तालाप वा संवाद आवश्यक कुरा हो । यो प्रकृयामा दुवै पक्ष हुनुपर्छ, एउटा कुरा गर्ने भने, अर्को सुन्ने र राम्रो वार्तालापको निम्ति दुवै पक्ष उत्तिकै जिम्मेवार हुनुपर्छ । कतिपय मानिसहरु एक जनाको कुरा सुन्दै गर्दा अरुसँग पनि कुरा गरिरहेका हुन्छन् । यहि कुरा परमेश्वरसँग पनि लागु हुन्छ । धेरै समय हामी आफ्ना मात्र कुराहरु गरिरहन्छौं र परमेश्वरलाई हाम्रा कुराहरु सुन्नको निम्ति छोडी मात्र दिन्छौं ।

जब परमेश्वरले तपाईं र म सँग उहाँको मन्द स्वरले हामीसँग बोल्नुहुन्छ त्यतिबेला हामीले उहाँको आवाजहरुलाई सुन्नुपर्छ । परमेश्वरले कहिल्यै पनि हामीसँग चिच्याएर जस्तो ठूलो आकाश गर्जेको आवाजमा वा हल्ला खल्लाको बीचमा जबर्जस्ती हामीलाइ उहाँको कुराहरु सुन्न बाध्य गराउनुहुन्न । उहाँले हामीसँग शान्तमा कुरा गर्नुहुन्छ । परमेश्वरले

बडो नम्रतासाथ उहाँको सृष्टि मार्फत, उहाँको वचन मार्फत हामीसँग बोल्नुहुन्छ । यदि तपाई र मैले उहाँको आवाज सुन्न आफ्ना कानहरु बन्द गरेनौं भने, धैर्यता साथ आफ्ना कान उहाँको आवाज सुन्न तत्पर रह्यौं भने उहाँले हाम्रो हृदय असल कुराहरुले भर्नुहुन्छ । हामीले परमेश्वरलाइ भन्नुपर्छ -प्रभु मलाई आफ्नो मुख बसमा राख्न मद्दत गर्नुहोस् र मेरो दिमागलाई धैर्यता दिनुहोस् ताकी म तपाईंको मन्द आवाजलाई सुन्न सकूँ ।

यसै सन्दर्भमा पवित्र धर्मशास्त्र बाइबलको १ राजा १९:१२ मा परमेश्वरले एलिया अगमवक्तालाई यसो भन्नुभयो-"हे एलिया तँ यहाँ के गर्दैछस् ।"

तिनले भने "सर्वशक्तिमान परप्रभु परमेश्वरको निम्ति म साह्रै जोशिलो भएको छु । इस्राएलीहरुले तपाईको करार त्यागेका छन्, तपाईका वेदीहरु भत्काइदिएका छन् र तपाईका अगमवक्ताहरुलाई तरवारले मारेका छन् । केवल म मात्रै बाँकी रहेको छु । अब तिनीहरुमलाइ पनि मार्न खोज्दैछन् ।"

तब परमप्रभुले भन्नुभयो "पर्वतमा गएर परमप्रभुको उपस्थितिमा खडा हो किनकी परमप्रभु त्यहाँबाट जान लाग्नुभएको छ ।" तब परमप्रभुको अघि अघि एउटा ठूलो बतास र प्रचण्ड आँधी पहाड फुटाउँदै र चट्टानहरु चिर्दै आयो तर बतासमा परमप्रभु हुनुहुन्थ्यो । भुइँचालो आयो । पछि आगो पनि आयो तर आगोमा परमप्रभु हुनुहुन्थ्यो । अनि आगो पछि एउटा मधुरो कानेखुशी आयो ।

हामीसँग यस्तो परमेश्वर हुनुहुन्छ, जो हाम्रो अनुनयविनय सुन्न सदा आफ्नो कानहरु खुल्ला राख्नुहुन्छ । यदि हामीले उहाँको वचनअनुसार आफूलाइ हिडाउन सक्यौं भने, उहाँले हाम्रो विश्वासको सम्मान

गर्नुहुन्छ । जब हामी परमेश्वरमा आफ्नो आँखा केन्द्रित गर्छौं तब उहाँले हामीलाइ शाहस दिनुहुन्छ ।

कुनै शाहसिलो र शक्तिशाली मानिस उसको काम र विशेष योग्यताको कारण मम्मानित हुन सक्ला तर विश्वासको जाँचमा उसको आँखा ख्रीष्ट येशूमा केन्द्रित हुनुपर्छ नभए उ पराजित हुन्छ ।

धेरै मानिसहरु भौतिक रुपमा सम्पन्न देखिन्छन्, लाग्दछ सबै कुराहरु ठिकठाक किसिमले चलिरहेको छ । सामाजिक मान, प्रतिष्ठाहरु उनीहरुसँग होला तर उनीहरुको सम्बन्ध परमेश्वरसँग छैन भने ती धमिरा लागेको रुख जस्तै हुन् । जुन कतिखेर ढल्छ कसैलाइ थाहा हुँदैन ।

त्यसकारण परमेश्वरको मन्द आवाजलाइ सुन्दा, हामीमा उहाँको दैविय इच्छालाइ पालन गर्ने शक्ति प्राप्त हुन्छ र उहासँगको मिठो यात्रामा आनन्द प्राप्त गर्नसक्छौं । त्यसकारण समय निकालेर परमेश्वरको शान्त आवाज सुन्नुहोस् , परमेश्वरले हामीसँग विभिन्न माध्यमले बोल्नुहुन्छ ।

जब तपाई आफ्नो जीवनको सबैभन्दा कठिन अवस्था भएर गुज्रिरहेका हुनुहुन्छ त्यतिबेला परमेश्वरको मन्द आवाजले भनिरहेको हुन्छ "नडरा म तँ सँग छु, तेरो साथमा रहेर तँलाइ जीवनको त्यो तल्लो अवस्थालाई उचाल्छु ।" तपाईले उक्त आवाजलाइ सुनेर आफ्नो जीवन परमेश्वरमा समर्पित गर्नुभयो भने निश्चय नै जीवनको कठिन भन्दा कठिन परिस्थिति भएर गुज्रिन परेता पनि तपाईलाइ कुनै कुराको अभाव हुनेछैन ।

# १२ मेरो विजय (My Victory)

हामीहरु यस्तो युद्ध मैदानमा जीइरहेका छौं, जसलाइ पृथ्वी भनिन्छ । प्रत्येक समय जब हामी विहान निद्राबाट उठ्छौं वा राती सुत्न जान्छौं हामी आत्मिक युद्ध लडिरहेको हुन्छौ जुन अनन्तको जीवन वा मृत्यु हामीलाई थाहा नहुन सक्छ ।

यो संसार रहस्यले भरिएको कुरा भविष्यवाणीहरुको पुस्तकमा व्यक्त गरिएको पाइन्छ । अनिकाल, बाढी पहिरो, आतंककारी गतिविधि जस्ता कुराहरुले हामी घेरिएका छौं । कहिलेकाहीँ लाग्दछ, अब यो संसार एक सेकेण्ड पनि अगाडी बढ्नेछैन । युद्धहरुका हल्लाले सबै मानिसहरुमा एक किसिमको अनिश्चित भविष्य अनि डर छाएको अनुभव गर्न सकिन्छ ।

शैतान मानवजातिमाथि विजय हाँसिल गर्नको निम्ति विभिन्न किसिमका जालझेल र युक्तिहरु रचेर, तपाई हामीलाई उसले आफ्नैका विरुद्ध उक्साइरहेको छ ।

यो आत्मिकी युद्धमा हामी कुनै न कुनै तवरले परिचालित भएका छौं । हामी या त परमेश्वर या शैतानको पक्षमा भएर लडिरहेका छौं । कति थाहा पाएर त कति थाहा नपाएर यस्तो युद्धमा सरिक भएका छन् ।

यदि हामी सत्यको निम्ति, न्यायको निम्ति अनि जे कुरा ठिक छ त्यसको निम्ति लडिरहेका छौं भने राम्रो हो तर यदि हामी मोजमज्जा, अन्याय, अत्याचार, शोषणमा जीइरहेका छौं भने हामी शैतानको

पक्षमा भएर लडिरहेका छौं, जसले मानव जातिलाई शंका, अविश्वास, घृणा, अत्याचार अनि हिंसामा फसाएर, आफ्ना दास बनाएर अनन्तको मृत्युमा लिएर जान्छ ।

जब एउटा हाँगा रुखबाट काटिएर अलग गरिन्छ तब न त त्यसका पातहरु हरिया रहन्छन् न त उक्त हाँगा नै जीवित रहन्छ तर त्यो सुकेर जान्छ अनि त्यसलाइ जलाउनु बाहेक कुनै पनि कामको निम्ति प्रयोग गरिँदैन । ठिक त्यसरी नै हाम्रो सम्बन्ध पनि परमेश्वरसँग हुँदैन भने हाम्रो आत्मिकी जीवन मरेर जान्छ ।

यदि हाम्रो सम्बन्ध जीवनको मुहानसँग हुन्छ भने हामी जीवित रहेर फल्ने अनि फूल्ने गर्दछौं । उक्त जीवनको मुहान् येशू हुनुहुन्छ, बाइबलमा येशूले भन्नुभयो "म जीवनको पानी हुँ, मबाट पिउने मानिस फेरी तिर्खाउने छैन ।"

यदि एक चोटी हामी येशूलाइ आफ्नो जीवन दिन्छौं भने फेरी फेरी हामी सत्यको खोजीमा यता उता भट्कनु पर्दैन । हामीले तिर्थयात्रा, धर्मकर्म, दानपुन अनि बलिदान गर्नुपर्दैन । यी सबै कुराको निम्ति येशू स्वयम् बलिदान भइसक्नु भएको छ । अब हामीले गर्नुपर्ने काम भनेको केवल उहाँमा विश्वास गर्नु हो ।

जब हाम्रो सम्बन्ध उहाँसँग अटुट रुपमा अगाडी बढ्छ तब हामी हतास र निराश भइ जीउनुपर्दैन कारण हाम्रो जीवन उहाँको आनन्द, शान्ति अनि आशाले भरिएको हुन्छ ।

हाम्रो स्थायी घर पृथ्वी होइन । हामीसँग अहिले जे जति कुराहरु छन् ती सबै अस्थायी मात्रै

हुन् । तर हाम्रो वास्तविक घर स्वर्ग हो, जहाँ येशूले हाम्रो निम्ति ठाउँ तयार पार्नुभएको छ । हाम्रो विश्वासको आधारमा प्रभु येशूले आजै हामीलाइ सांसारिक सबै कुराहरुबाट विजयी बनाउनुहुनेछ ।

यसै सन्दर्भमा बाइबलको पुस्तक भजनसंग्रह ३ अध्यायको ५ पदमा राजा दाउद परमेश्वरसँग यसरी पुकारा गर्दछन्- "तर हे परमेश्वर तपाई मेरो वरिपरि एक ढाल हुनुहुन्छ । म चर्को स्वरले परमप्रभुमा पुकार गर्दछु, र उहाँले आफ्नो पवित्र पर्वतबाट मलाइ जवाफ दिनुहुन्छ । म पल्टन्छु र निदाइहाल्छु, म फेरी बिउझिन्छु किनभने परमप्रभुले मलाइ सम्हाल्नुहुन्छ । मेरो विरुद्धमा मेरा चारैतिर घेरा हाल्ने दशौं हजार शत्रुहरुसँग पनि म डराउनेछैन । हे परमप्रभु उठ्नुहोस् । हे मेरा परमेश्वर, मलाई बचाउनुहोस् । मेरा सबै शत्रुहरुका गालामा चड्काउनुहोस्, दुष्टहरुका दाँत भाँचिदिनुहोस् ।

छुटकारा परमप्रभुबाट आउँछ ।तपाईको आशिर्वाद तपाईका प्रजाहरुमाथि होस् ।

# १३ जीवनको अनन्त समय

दुइ स्पेनिस खोजकर्ता -Ponce de Leon खीष्टोका दोश्रो पटक अमेरिका जान आमो सामुद्रिक यात्रामा सहभागी भए र त्यसपछि Puerto Rico को गर्भनर बने ।

त्यसपछि इतिहासले एउटा आनन्दायिक अवस्थाको सृजना गर्छ ।

इण्डीयन टापुको एक प्रख्यात व्यक्तिको कथा "Fountain of youth" सुनेपछि Ponce de Leon लाइ त्यसविषयमा अझ जान्न मन लाग्यो ।

ती पानीको जादुयुक्त फोहोरहरुले युरोपियनहरुको राजकीयत्वलाई देखाउथ्यो र जो कोही त्यहाँ जान्थ्यो त्यही आफूलाइ हराउँथ्यो,लाग्थ्यो उनीहरु बहुमुल्य कुराको निम्ति आफूलाइ त्यही हराउदैछन् ।

१५१५, इस्टरको दिन Ponce de Leon St. Augustine को समाधीनेर उत्रीन्छन्, र उक्त टापुलाई फूलहरुको इस्टरको रुपमा मानीलीन्छन् । समय बित्दै गयो र उनले Puerto Rico को स्थानिय विद्रोहीहरुलाई control गर्न सफल भए र पछि पत्ता लगाए कि Florida भन्ने ठाउँ एउटा टापु हैन रहेछ भनेर ।

आठ वर्षपछि Florida मा शान्त किसिमका मानिसहरु जो पशुपालनमा लागेका थिए, तिनीहरुलाइ भेट्टाएर र त्यहाँ नै एउटा कुख्यात झरना पनि थियो ।

तर इन्डीयनहरुको क्रुर आक्रमणको कारण उनलाइ ठूलो चोट पटक लाग्यो । उनको जहाज क्यूबाट निकालियो ।

त्यहाँ ६१ वर्षको उमेरमा उनी मरे तर "जीवनको पानी वा झरनालाइ पत्ता लगाउनु भन्दा धेरै टाढा भएर उनी यो संसारबाट विदा भए ।

स्वभावैले मानिसको युवा अवस्था सबभन्दा जल्दो बल्दो समय हो र यही अवस्थामा युवाहरु आफ्नो भित्री शरिरलाइ मजबुद बनाउने र बाहिरी रुपले आकर्षक देखिन विभिन्न किसिमका प्रयास र प्रयत्नहरु गर्छन् । विज्ञानले पनि यस विषयमा खोजी निति अनुसन्धान गरेको छ।

हामीले DNA को स्वरुपको बारेमा पनि अध्ययन गरेका छौं । जीवनका सुगन्धहरु हाम्रो बुझाइ भन्दा धेरै टाढा छन् । मानिसहरुले गरेको अनुसन्धान केही पर पुग्छ, एउटा प्वाइन्टमा तर त्यसको ढोका पनि बन्द हुन्छ ।

जे भए पनि Ponce de Leon को सबै विचार गलत थियो भनेर भन्न मिल्दैन । किनकी उनले आफ्नो जीवनरुपी खोला पत्ता लगाउनु थियो । तर उनले उक्त जीवनरुपी खोलालाई अन्तै खोजिरहेका थिए ।

परमेश्वरबाट मात्रै जीवन पाइन्छ । यसैले पवित्र धर्मशास्त्र बाइबलका यूहन्ना १:४ र १४मा यसरी लेखिएको पाइन्छ "उहाँमा जीवन थियो र त्यो जीवन मानिसहरुको ज्योति थियो । अनि वचन देहधारी हुनुभयो र अनुग्रह र सत्यताले पूर्ण भइ हाम्रो बीचमा वास गर्नुभयो ।" हामीले केवल आफूलाई साँचो मुहानसँग आफ्नो सम्बन्ध जोडी राख्नुपर्छ । हामीले आफ्नो शारिरीक एवं आत्मिक वृद्धिको निम्ति जीवनदाता सँगको सम्बन्ध बनाइराख्नुपर्छ ।

आफूलाइ आकर्षक देखाउन मानिसहरुले विभिन्न किसिमका पहिरन तथा स्रिङ्गार प्रयोग गर्छन् । जब हाम्रो उमेर ढल्दै जान्छ तब स्वभाविक रुपमा हाम्रो अनुहार परिवर्तन हुँदै जान्छ ।

जब हाम्रो अनुहारमा चाउरी परेको वा दाग लागेको पाउछौं अनि त्यसले हाम्रो जीवनमा नराम्रो असर पार्दछ । हामी आफ्नै हेराइमा पनि आफूलाई तल्लो अवस्थामा पाउँछौं र अरुहरुको हामी प्रतिको भावना वा चाहनामा पनि चोट पुग्दछ । आफैंले आफूलाइ सम्मान नगर्दा वा आफ्नो कुनै महत्व नभएको ठान्दा कतिपय अवस्थामा आत्महत्याका घटनाहरु पनि सुनिने गरिन्छ ।

पश्चिमा देशका मानिसहरु पूर्विय देशका मानिसहरु झैं एक अर्काको जीवनप्रति त्यति चासो राख्दैनन् तर हाम्रो समाजमा एक अर्कालाइ धेरै नै खोजीनिति गर्ने चलन छ । यस्तो परिपेक्षमा हामी संवेदनशिल हुनु जरुरी छ । यहाँ निर हामी मानिसको मुहार(अनुहार)को विषयमा कुरा गर्दैछौं तर अब हामी परमेश्वरको मुहारको विषयमा एकछिन् हेरौं-

धर्मशास्त्र बाइबलको भजनसंग्रह १०४ अध्यायको २९ पदमा यसरी लेखिएको छ -"हे परमेश्वर तपाईले आफ्नो मुहार छोप्नुहुँदा मानिसहरु भयभित हुन्छन् तपाईले तिनीहरुको शास लिनुहुँदा ती मरिहाल्छन् र फेरी धुलोमै फर्कन्छन् ।"

परमेश्वरको अनुहार हेर्नु भनेको सानो कुरो पक्कै होइन । मानविय अवस्थाबाट यो हेर्न असम्भव नै छ ।

जब इस्राएलीहरुका सन्तानहरुले परमेश्वरको आज्ञा उलंघन् गरेर सुनको बाछ्राको मुर्ति बनाएर पूजा

गरे त्यसपछि मोशालाई लाग्यो कि उनलाई परमेश्वरको उत्साह चाहिएको छ । तब उनले भने "परमेश्वर मलाई तपाईको महिमा देखाउनुहोस् ।"

अनि परमेश्वरले भन्नुभयो "तर तैंले मेरो अनुहार हेर्न सक्दैनस्, किनकी मेरो अनुहार हेरेर मानिस जीवित रहन सक्तैन । तर तैंले मेरो पछिको भागलाई हेर्नेछस् ।"आत्मिकी रुपमा परमेश्वरको अनुहार देख्दा शक्ति पाइन्छ । यसको निम्ति हाम्रो विश्वास दह्रो हुनुपर्छ ।

भजनसंग्रहको पुस्तकमा यसरी लेखिएको छ- "परमप्रभुको मुहार खराबी गर्नेहरुको विरुद्धमा हुन्छ, अनि उहाँले तिनीहरुको स्मृतिसम्म पनि धरतीबाट मेटाइदिनुहुनेछ ।"

# १४ सिक्नुपर्ने पाठ

एक समयको कुरा हो पाष्टर Jeremiah नाम गरेको व्यक्तिले आफैंलाइ केही नभएको घरवार विहिन मानिस जस्तो मगन्तेको रुपमा परिवर्तन गरे । उनी १०,००० सदस्य भएको चर्चमा आराधना गर्नको निम्ति गए, उनी मण्डलीमा हिडेर आए त्यसको निम्ति उनलाइ ३० मिनेट भन्दा बढी समय लाग्यो । चर्चको अनौपचारिका कार्यक्रम सुरु हुन केही समय बाँकी नै थियो । मानिसहरु आउँदै थिए र आफ्नो स्थान सुरक्षित गरिरहेका थिए । लगभग १० हजार मानिस भएको उक्त चर्चमा केवल ३ जना मानिसहरुले मात्र के छ भनी उनीर्लो अभिवादन गरे । उनले मानिसहरुलाई आफू भोको भएको र खानाको निम्ति पैसा नभएको कुरा गरे तर कसैले उसलाइ एक पैसा पनि दिएनन् । उनी चर्चको अगाडी भागमा गएर बस्दा, त्यहाँ भएका स्वयम्सेवकहरुले उनलाई पछाडी पट्टी बस्न लगाए । उनले मानिसहरुलाइ अभिवादन गर्दै थिए ताकी उनीहरुले पनि अभिवादन फर्काउन तर सबैले उनको मैलो र झुत्रो कपडालइ मात्र नियालिरहे । त्यत्तिकैमा एकजना एल्डर यसो भन्न लागे जब उनी पछाडी बसेर सबै गतिविधि नियालिरहेका थिए, त्यत्तिकैमा एकजना एल्डर यसो भन्न लागे –"अब हामी एउटा महत्वपूर्ण भागमा आएका छौं, हामी हाम्रो मण्डलीका नयाँ पाष्टर ज्यूलाइ स्वागत गर्न चाहान्छौं । Paster Jeremiah, कृपया तपाई अगाडी मञ्चमा आइदिनुहोस् ।"सबैजना चकित भएर ताली बजाउँदै, नयाँ पाष्टरको हो भनि यता उता हेर्न थाल्छन् ।

त्यत्तिकैमा पछाडी तिरबाट त्यही मैलो र झुत्रो कपडा लगाएका व्यक्ति सरासर अगाडी तिर बढ्छन् । उक्त दृश्य देखेर सबै मानिसहरु अवाक्क हुन्छन् र आफ्ना हातहरु ताली बजाउन रोक्छन् । त्यत्तिकैमा ती पाष्टर स्टेजमा पुगेर माइक्रोफोन आफ्नो हातमा लिएर केही समय शान्त रहन्छन् । उक्त चर्च भित्र मौनता छाउँछ । तब पाष्टर भन्न सुरु गरे-"तब राजाले आफ्ना मानिसहरुलाइ भन्नुहुनेछ, आओ तिमीहरु मेरा पिताद्वारा आशिषित भएका छौ, यो संसारको सृष्टिको समय देखि नै तिमीहरुको निम्ति स्वर्गको राज्य तयार गरिएको छ । किनकी जब म भोकाएको थिए, तिमीहरुले मलाई खान दियौ, म तिर्खाएको थिए मलाई पिउनको निम्ति पानी दियौ । म परदेशी थिएँ, तिमीहरुले मलाई वास दियौ । म विरामी हुँदा मेरो हेरचाह गर्‍यौ । म जेलमा थिए, मलाइ भेट्न आयौ । तब धार्मिकहरुले उत्तर दिनेछन्- प्रभु तपाई कहिले भोकाउनुभएको थियो र हामीले तपाईलाइ भोजन दियौं अथवा कहिले तपाई तिर्खाउनु भएको थियो र हामीले पानी दियौं । कहिले तपाईलाइ हामीले परदेशी भनेर वास दियौं अथवा कहिले तपाई जेलमा हुनुहुँदा हामी भेट्न आयौं ।

तब राजाले उत्तर दिनेछन्-साँच्चै म तिमीहरुलाइ भन्दछु ती केही नभएका तिमीहरुका दाजुभाइ दिदीबहिनीहरुलाई तिमीहरुले जे गर्‍यौ त्यो तिमीहरुले मेरो निम्ति गर्‍यौ ।"

यो वचनलाई पढिसकेपछि उनले मण्डलीका सदस्यहरु तर्फ आफ्ना आँखा लगाए र उनले त्यो विहान अनुभव गरेका कुराहरु भने । तब धेरै मानिसहरुले आफ्नो शिर निहुराउँदै रुन थाले र

लाजमा परे तब उक्त पाष्टरले फेरी भने – आज म यहाँ मानिसहरुका भिड देख्छु तर प्रभु येशूको मण्डली होइन ।

"यो संसारमा चाहिने जति मानिसहरु छन्, तर चाहिने जति चेलाहरु छैन । तपाईहरु परमेश्वरको अनुयायी कहिले बन्ने ।"भन्दै उक्त पाष्टरले अर्को हप्ता सम्मको निम्ति त्यो सेवकाइलाइ बन्द गरे ।

इसाई हुनुभनेको हामी आफ्नो निम्ति मात्रै जिउने होइन तर खाँचोमा परेका व्यक्तिहरुको सहायता गर्नु हो र अरुको निम्ति जिउनु हो ।

## १५ अपार प्रेम- नचिनेको मान्छे

एउटा मानिस नचिनेको वा स्पष्ट नाउँ नभएको गाउँमा एउटी गरिब महिलाको कोखबाट जन्मन्छ । उ अर्कै गाउँमा हुर्कन्छ । उसको किशोरावस्था उक्त गाउँमै बित्छ अनि ३० वर्षको उमेर सम्म काठ बनाउने मानिससँगसँगै काम गर्छ ।

त्यसपछि तीनवर्षसम्म उ एक ठाउँबाट अर्को ठाउँमा परमेश्वरको राज्यको प्रचार गर्दै हिंड्छ ।

एसको केही थिएन, न त घर, उसले कुनै किताब पनि लेखेन, उसको कुनै अफिस पनि थिएन । उ आफ्नो ठाउँभन्दा २०० माइल पर कतै गएन ।

उ एक जवान मानिस थियो । उसको विचार सबैलाइ मन पर्थ्यो तर त्यही विचारको कारणले उ बाँधियो । उसका साथीहरु उ बाट टाढा गए । जब उ अप्ठ्यारोमा पर्‍यो तब उसका साथीहरुले साथ छाडे । साथीहरुमध्ये एकजनाले उसलाई धोका दियो । उसलाई शत्रुहरुको जिम्मा लगाइयो उसलाई निन्दा र गिल्ला गरीयो । दुइवटा चोरहरुका बीचमा क्रुसमा दर्दनाक रुपमा झुण्डीयाइयो जब कि उसले कुनै अपराध गरेको थिएन । क्रुसमा टाँग्ने बेला उसको लुगा समेत उतारियो तर त्यही व्यक्तिले प्राण त्याग्ने बेलामा आफ्ना परमेश्वरसँग भने "हे पिता, यिनीहरु के गर्दैछन् सो जान्दैनन्, त्यसैले यिनीहरुलाइ क्षमा गर्नुहोस् ।" र आफ्नो प्राण त्यागिदिए । अर्काको निम्ति बनाइएको चिहानमा उसलाइ गाडियो तर उ मरेको मरै भएन मरेको तेस्रो दिनमा जीवित भइ उठ्यो र जिउँदै स्वर्ग गयो ।

उन्नाइसौं शताब्दीका अन्तरालहरु बिते धेरै मानिसहरु आए गए, मानिसको जीवन सुन्दर बनाउन धेरै योजनाहरु बनाए, संसार परिवर्तन गर्ने कुराहरु गरे तर सकेनन् ।तर केवल उक्त व्यक्तिको जम्काभेटसँग आज मानिसको जीवन परिवर्तन भइरहेको छ जो प्रभु येशू ख्रिष्ट हुनुहुन्छ।

# १६ निको पार्ने हातहरु

जन्मदै अन्धो र बहिरो भएकी हेलेन केलर आफ्नो दैनिकीमा यसरी लेखिन्- "मेरो कुकुर घाँसमा घँस्रिदै थियो । आफ्नो हातका औंलाद्वारा म उसको तस्विर खिच्न चाहन्थे । मैले उसलाइ हल्का रुपमा छुन मात्र सके । उसले आफ्नो मोटो शरिरलाई उत्तानो पाऱ्यो र मेरो अगाडी लुटुपुटु हुन थाल्यो । उसले आफूलाइ म नजिकै ल्यायो ताकि मेरा हात उ सम्म पुग्न सकोस् । उसले आफ्नो पूच्छर हल्लाउँदै खुशी भएको जनायो । आफ्नो मुख बाउँदै म सँग खेल्न थाल्यो । यदि उ बोल्न सक्ने भए, मलाई विश्वास छ कि मेरो स्पर्शले उ आफू कति खुशी भएको महशुस गऱ्यो भनेर भन्ने थियो ।"

एक प्रख्यात वैज्ञानिकले कसरी हाम्रो स्पर्शले अरुमा प्रभाव पार्छ भनी अनुसन्धान गरेका थिए । उनले मुख्य चार किसिमका प्रभावहरुका विषयमा बताएका छन् ।पहिलो सिकारु हातहरुले हाम्रा भावनाहरुलाई राम्रो कुरा हासिल गर्न उत्प्रेरित गर्छन्, दोस्रो खराब हातले वा विग्रिएका हातहरुले मानिसमा भावनात्मक समस्याहरु उत्पन्न गराउँछन् । तेस्रो नकारिएका हातहरुले मानिसलाई आफ्नो जिम्मेवारीबाट विमुख गराउँछन् । अन्त्यमा परमेश्वरका हातद्वारा गरिएका स्पर्शले मानिसहरुलाइ अनुशासनमा ल्याउँदछ । यस सन्दर्भमा यशैया ४९:१६ पदमा परमेश्वर यसरी भन्नुहुन्छ -"हेर, मैले तलाई मेरो हत्केलामा खोपेको छु । तरो पर्खालहरु निरन्तर मेरै सामु छन् ।

यी वचनहरुद्वारा परमेश्वर भन्नुहुन्छ, जसरी हामीलाई मनपर्ने कुराको टाटु हामी हाम्रो अंगमा बनाउछौ त्यसरी नै परमेश्वरले हामीलाई यति माया गर्नुहुन्छ कि हाम्रो नाउँलाइ उहाँले आफ्नो हत्केलामा खोप्नु भएको छ । हामीले उहाँलाई बिर्से पनि उहाँ हामीलाइ कहिल्यै भुल्नु हुन्न । यसरी परमेश्वरले आफ्नै हातले हामीलाइ बोक्नुहुन्छ अनि उहाँको स्पर्शले हामीलाइ सहि बाटोमा ल्याउनुहुन्छ ।

हाम्रो समाजमा विपरित लिङ्गहरु बीच हुने स्पर्श, चुम्बन तथा अंकमाल जस्ता कुराहरुलाई राम्रो मानिन्न । कति मानिसहरुले कसैले आफूलाइ छोइदिन्छ कि भन्ने भावनालाइ मनमा राखेका हुन्छन् । हाम्रो समाजमा केटा र केटीले हात मिलाउदा समेत ठूलो झगडा हुने गर्छ, अंगालो मार्ने कुरा त परै जाओस् तर कति चोटी एक अर्का बीचको सम्बन्ध वा हाउभाउले तपाई उक्त व्यक्ति प्रति कति चासो राख्नुहुन्छ वा उसले तपाई प्रति कति चासो राख्दछ भन्ने कुरा थाहा हुन्छ । तसर्थ यसलाइ गल्ती नै मानिहाल्नु हुँदैन ।

विशेषगरी तपाई आफ्नो स्वस्थ्य वैवाहिक जीवन चाहनुहुन्छ भने तपाई र तपाईको साथीको बीचमा शारिरीक स्पर्श हुर्नपर्छ । माया गर्नु, अंगालो मार्नु, छुनु जस्ता कृयाकलापहरु दम्पतिका निम्ति उपयुक्त हुन्छन् कारण जति तपाई आफ्नो साथीसँग नजिक रहनुहुन्छ त्यति नै तपाईहरुको भावनात्मक सम्बन्ध असल रहन्छ ।

आफ्ना साथीलाई समय नदिनु, कामको सिलसिलामा धेरै वर्षसम्म बाहिर बस्नु तथा एक अर्काबीच सञ्चारमा कमी आउनु जस्ता समस्याहरुले

वैवाहिक जीवनमा संकट ल्याउने गर्दछ । जसको प्रतिफल पारपाचुके, पर्पुरुष वा परस्त्रिसँगको सम्बन्ध, धोका अनि बच्चाहरुको भविष्यमाथी बज्रपात अदि ।

यसैगरी सन्तानहरुसँग पनि व्यक्तिगत रुपमा अभिभावकहरु नजिक रहनु आवश्यक हुन्छ ।उनीहरुलाई स्पर्श (माया)को खाँचो हुन्छ । तपाईका न्यानो स्पर्शले ती नानीहरु भावनात्मक रुपमा स्वस्थ हुन्छन् ।

हाम्रो स्पर्शले अरुको जीवनमा धेरै प्रभावहरु पार्दछ । स्पर्शले नसोचेको रुपमा भावनात्मक तगाराहरुलाई हटाउने काम गर्दछ । मानिसलाई जन्म देखि मृत्युसम्म स्पर्श चाहिन्छ जसले उसलाई शारिरीक एवम् मानसिक रुपमा बढ्न मद्दत गर्दछ । मानिसको पहिलो चेतना स्पर्श हो जुन आमाको गर्भमा हुँदा नै उसले पाएको हुन्छ ।

प्रभु येशू जब यो संसारमा हुनुहुन्थ्यो, उहाँले आफ्नो सेवकाइको कामलाइ दया, सहानुभुति र चंगाइका कुराहरुद्वारा मानिसको हृदयलाइ नै उहाँले स्पर्शद्वारा समेटनुभयो र अन्धा देख्न सक्ने भए, लंगडा हिंड्न सक्ने भए अर्थात् आश्चर्यकर्महरु भए ।

हामीले हेर्‍यौं कि स्पर्श भनेको छुनु मात्र होइन तर यसले एउटा सार्थक अर्थ दिन्छ । स्पर्श भनेको अरुलाई सहायता गर्नु जस्तै हो ।

तसर्थ आज हामी एउटा निर्णय गरौं र प्रभुसँग प्रार्थना गरौं - प्रभु जसरी तपाईको स्पर्शले मानिसको जीवन परिवर्तन भए त्यसरी नै खाँचोमा भएका व्यक्तिहरुलाई मेरो स्पर्शद्वारा सहायता पुग्न सकोस् र ती हृदयहरुले तपाई परमेश्वरको प्रेम र ज्योति देख्न सकुन् । प्रभु तपाईको प्रेम र शक्ति मबाट बगोस् ।

# १७ समयमा बोल्नु

कुनै कुरा "हुन्न" भनेर नकार्नु सजिलो हुँदैन । जब कुनै परिस्थिति भएर हामी गुज्रिरहेका हुन्छौं, त्यति बेला कुनै कुरालाइ नकार्नु वा त्यसको पक्षमा केही नबोल्नाले समयमा आफ्नै महत्व राख्दछ ।

जब यस्तो अवस्था भएर तपाई गुज्रिनुहुन्छ त्यतिबेला सबैकुरा ठिकठाक नभएको अनुभुति तपाईलाइ हुनसक्छ । तपाई जान्नुहुन्छ कि परिस्थितिले तपाईलाइ नचाहेको बाटोतिर डोर्‍याउन खोज्दैछ, त्यतिबेला शान्तिको निम्ति तपाईले नखोल्नुभएको मुखको कारण आफूले सोचेको भन्दा बेसी मूल्य चुकाउनुपर्ने हुनसक्छ ।

अमेरिकी प्रख्यात मनोविज्ञ Maria भन्छिन्-"अरुले तपाईसँग कसरी व्यवहार गर्छन् भन्ने कुरामा तपाई स्वयम् जीम्मेवार हुनुहुन्छ भने त्यसको तपाई समर्थन गर्नुहुन्छ ।"

मानौं तपाई आफूसँग काम गर्ने मानिससँग खुशी हुनुहुन्न, किनकी उनीहरु तपाईमाथी नै चढ्न खोज्छन्, तपाईको अगाडी आफूलाइ ठिक्क पार्छन् तर पछाडी कुरा काट्छन् । यस्तो अवस्थामा तपाई अव्यक्त रुपमा आफ्नो हाउभाउ र अनुहारद्वारा बोल्न सक्नुहुन्छ।

सुरुमा जब यस्तो घटना घट्छ, हामी सोच्दछौं यो पहिलो पटक हो र आफैं हराएर जानेछ र सबै कुरा ठिकठाक हुन्छ । जब यो पुन: दोहोरिन्छ तब तपाईलाइ पनि अप्ठ्यारो पर्छ, त्यसको विरोधमा बोल्न । किनकी यदि पहिलो पल्ट नै तपाईले त्यस विषयलाइ स्पष्ट गरी यसो गर्नुपर्छ र यसो गर्नुहुन्न भनी

भन्नुभएको भए त्यस कुराले तपाईलाइ गाह्रो बनाउने थिएन । अझै पनि तपाईले त्यो ठिक होइन भनी भन्नुपर्छ । अर्थात आफ्नो मुख खोल्नु नै बुद्धिमानी हुनेछ ।

# १८ परिवर्तन – change

"स्काउट" हामी सबैले सुनेको हुनुपर्छ । प्रायः स्कुलहरुमा स्काउट सिकाउने गरिन्छ । स्काउट उद्देश्य "तयार रहनु" भनेर बुझिन्छ । अर्थात जवानहरु कुनै निश्चित नियम कानुन भित्र रहेर आफुलाई अनुशसित बनाउदै आफ्नो देश र सारा संसार परिवर्तनको निम्ति तयार रहनुपर्छ भन्ने शिक्षा स्काउटले सिकाउँछ ।

पवित्र धर्मशास्त्र वाइवलको प्रस्थान भन्ने पुस्तकको १२ अध्यायको ११ पदमा परमेश्वरले इस्राएलीहरुलाइ "पटुका कसेर ,खुट्टामा जुत्ता लाएर , हातमा लहुरो लिएर हत्तार हत्तार गरी तिमीहरुले खानु" भनेर भन्नु भयो । यसको अर्थ परमेश्वरले इस्राएलीहरुलाइ तयार भएर बस्नु भनेर भन्नु भएको थियो ।

परमेश्वरले हामीलाइ हाम्रो जीवनको कुनै क्षेत्रमा "अब अगाडी बढ्नुपर्छ, हामी हिडीरहेको बाटो बाट अर्कैतिर फर्किनुपर्छ , हामीमा भएका नराम्रा बानीहरु हटाउनु पर्छ अथवा वर्तमान परिवेशबाट आफुलाई बाहिर निकाल" भनेर भनिरहेको हुनसक्छ । तर जुन परिस्थिति र अवस्था भएर हामी चलिरहेका हुन्छौ त्यस बाट बाहिर आउन त्यति सजिलो हुदैन । हामीलाई थाहा भएर पनि आफैले आफैलाई परिवर्तन गर्न सकिरहेका हुदैनौ ।

John patterson भन्छन् - "मुर्ख र मरेको मानिस मात्रै परिवर्तन हुन सक्तैन ।" जब तपाईले आफुलाइ एक सिकारुको रुपमा हेर्नु हुन्छ तब सिकाइको क्रममा आफुमा आएको चेतनाले कसरी परिवर्तन हुनुहुदैछ भनेर देख्न सक्नुहुन्छ ।

हामीले जहिले पनि अरुबाट सिक्ने हुनुपर्छ । जसजसलाइ तपाईले भेट्नुहुन्छ, जो सँग कुराकानी गर्नु हुन्छ , नयाँ वीचारहरु , योजनाहरु बुझ्नुहुन्छ अनि ति कुराहरुले तपाईलाइ सँधै अगाडी बढ्न प्रेरित गर्दछन् ।

भनिन्छ हामीले आफुलाई समय अनुसार परिवर्तन गर्न सक्नुपर्छ । ठिकै भनिएको हो । यदि हामी समय अनुसार चल्न सकेनौ भने धेरै अप्ठ्याराहरु आइ पर्न सक्छन । तर परमेश्वर जसले तपाई र मलाइ बनाउनु भयो अनि यो संसारलाई पनि बनाउनु भयो , उहाँ चाँही कहिल्यै पनि परिवर्तन हुनुहुन्न । संसार परिवर्तनशिल छ तर परमेश्वरको वचन अपरिवर्तनशिल छ अर्थात् जुन कुरा परमेश्वरले मानिसको निम्ति तय गरिदिनु भएको छ , मानिस सधै त्यो कुरालाइ पछ्याइरहनुपर्छ । हामी पढ्ने खोज , अनुसन्धान अनि परिभाषाहरु दिनप्रति दिन आधुनिक हुदैजान्छन् । अर्थात हिजो एउटा वैज्ञानिकले पत्ता लगाएको कुरा अर्को वैज्ञानिकको सिद्धान्त सगँ मेल नखान सक्छ तर परमेश्वरको वचन निष्खोट पवित्र र अपरिवर्तनीय छ ।

परमेश्वरले मानिसलाइ बनाउनु भयो उहाँको महिमा गर्नको निम्ति त्यसैले परमेश्वरले हामी मानवलाइ अरु प्राणीहरु भन्दा विशेष किसिमले रच्नुभयो ।

जसरी सेनाको कमाण्डरले आफ्ना सेनाहरुलाई “अगाडी बढ” भनि आदेश दिदा कुनै नाइनास्ती नगरी सेना हरु अगाडी बढ्छन त्यसरी नै परमेश्वर पनि हाम्रो मुख्य कमाण्डर हुनुहुन्छ र उहाँको आज्ञालाई हामीले मान्नुपर्ने हुन्छ ।

तर परिवर्तनको नाउँमा मानिसहरुलेपरमेश्वरको वचनको अवहेलना गरिएको पाइन्छ । आफ्नै मनमानी गरेर आफुलाइ असल भनेर गर्न नहुने कामहरु गर्छन् र आफुलाई आधुनिक बनाँउछन । तर ति सबै खोको अनि काम नलाग्ने परिवर्तन हरु हुन ।

हामी परिवर्तन हुनुहुदैन भनेर भन्न खोजिएको होइन तर परिवर्तन फेसन अनि आधुनिकताको नाममा हनुहुदैन् । विकृतिहरु असल होइनन् । अनतमा: त्यसले मानिसको जीवन झन झन दरदर बनाउँदै लैजान्छ ।
धेरै मानिसहरु परिवर्तनको नारा लिएर हिडिरहेका हुन्छन् ती कुरा अथवा सिद्धान्तहरुले मानिसको भित्री हृदयलाइ परिवर्तन गर्न सकेको हुदैन ।वास्तवमा साँचो परिवर्तन हामी आफ्नो शक्तिद्वारा गर्न सक्दैनौ त्यो त केवल परमेश्वर मात्र सम्भव छ ।

जब कुनै लागुपदार्थ वा दुव्यसतीमा फसेको मानिसलाई भेट्छौँ अनि सम्झउन्छौँ हुन्छ त्यो बेला उनीहरुले भन्छन ओहो मैले त गल्ति गर्दैछु , यस्तो नगर्नुपर्ने अब म यस्तो कुरा गर्दिन पछुतो गर्छन । तर केही समय पछि पुन: आफ्नो मनलाई नियन्त्रण गर्न नसकि त्यस्तै कुरामा फेरी लाग्छन् ।

येशुले भन्नु भयो "पश्चाताप गर अनि म माथी विश्वास गर किनकी परमेश्वरको राज्य नजिक आएको छ ।" यदि हामीले हाम्रा गल्तिहरुलाइ मानिलिएर येशुसँग प्रार्थना गर्छौ भने उँहाले हामीलाइ हाम्रा खराब बानीहरु माथी विजय हुन शक्ति दिनुहुन्छ र ति कुराहरु हाम्रो जीवनबाट हटेर जान्छन् ।

येशु यो संसारमा हुनुहुदा , उँहासगँको भेटमा धेरै मानिसहरु आत्मिकि अनि शारिरीक रुपमा परिवर्तन भए । व्यश्याले व्यभिचार गर्न छोडे ,दमन गरेर महशुल उठाउने व्यक्ति परिवर्तन भए ,अन्धाले आखा देखे ,लंगडा हिड्न थाले , हामी पनि हाम्रो जीवनमा साँचो परिवर्तन चाहन्छौ भने येशुको नजिक आऔ उहाँले हाम्रो पापहरु क्षमा गरिकन हाम्रा दुर्वलताहरुमा शक्ति प्रदान गर्नुहुनेछ अनि साँचो परिवर्तन हामीले देख्नेछौ ।

# १९ चील

धेरै वर्ष अगाडीको कुरा हो -म सप्तरी जिल्लाको एउटा विधालयमा पढाउथे । त्यति बेला म जवान थिए । म जोश र जाँगरले भरिएको , जस्तो सुकै परिस्थितिमा पनि काम गर्न सक्ने , जीवन पूर्णरुपले परिचालित भए झै लाग्थ्यो । कुनै कुराको अभाव थिएन न त कुनै चिन्ता नै । अनि कुनै कुरा प्राप्त गर्ने अभिलाषा पनि थिएन । म एउटा सानो कोठामा साथीसँगै बस्थे । कोठामा रेडियो, टि.भी. केही थिएन । विहान उठ्नासाथ स्कुल पुग्थे । त्यही विधार्थीहरुसगँ रमाउथे । होस्टलमा विधार्थीहरुको निम्ति पकाइएको भात खान्थे । त्यो भन्दा बढी चिया नास्ताको चलन थियो तराइमा ।

पढाउन मलाइ धेरै मन पर्थ्यो , त्यसैले होला म विधार्थीहरुको मन पर्ने शिइाक थिए । विधार्थीहरुसँग मेरो साथीको जस्तै सम्बन्ध हुन्थ्यो । शिक्षकहरु मध्ये म सबै भन्दा कान्छो सबैले मलाइ माया गर्नुहुन्थ्यो । मैले स्काउट शिक्षक तालिम लिएको थिए , त्यसकारण विभिन्न समयमा आयोजना गरिने स्काउटको तालिममा नयाँ नयाँ कुरा हरु सिकाउन म सधैं तत्पर रहन्थे।

सप्तरी जिल्लाको राजविराज स्थित प.वि. मा.वि. जसमा म पढाउथे ,राम चन्द्र झा त्यस विधालयको प्राचार्य हुनुहुन्थ्यो । उँहा प्रति मेरो

हृदयमा ठूलो सम्मान छ । उँहाले शिक्षा क्षेत्रमा दिनु भएको योगदान अविस्मरणिय अनि प्रेरणादायी छ । उँहा ठूलो व्यक्तित्व भएको मानिस हुनुहुन्थ्यो । उहाँको अगाडी आखाँ उठाएर हेर्ने विधार्थी हरुको हिम्मत पुग्दैनथियो । उहाँ कामलाइ सम्मान गर्ने , अनुशासित , समर्पित शिक्षक , कुशल प्रशासंक र समाजसेवी हुनुहुन्थ्यो । उहाँकै प्रेरणाले मैले जीवनमा धैरै कुराहरु सिकेको छु । यधपि उँहा भौतिक रुपमा यस संसरमा हुनुहुन्न तर उँहाले छोडेर जानु भएका सम्झनाहरु अझै पनि मेरो दिमाग ताजै छ ।

म कक्षामा विधार्थीहरुलाइ नयाँ नयाँ कुराहरु गर्न लगाउथे । जसलाइ creativity भनिन्छ । creativity ले पढाउने पाठ तिर आकर्षित गर्दछ जसलाइ motivation भनिन्छ ।

एक दिन कक्षमा विधार्थीहरुलाई चराचुरुङ्गीहरुको विषयमा वर्णन गर्न लगाए । यदि उनीहरु चराचुरुङ्गी हुन पाए , के हुन मन पराउथे भनि गृह कार्य दिए । त्यो भन्दा पहिला पनि मैले उनिहरुलाइ जनावरहरु तथा चराचुरुंगीहरुको विषयमा बताएको थिए ।

अर्को दिन मैले उनिहरुको गृहकार्य हेरे जसमा धेरै विधार्थीहरुले आफुलाइ चील हुन मन पराउने कुरा लेखेका थिए । किन उनीहरुमा चील प्रति यति आकर्षण छ भनि मैले सोधे । धेरैले यसको सुन्दरता , आकारको विषयमा भने ।

तर चीलको विषयमा अझ गहिरो अध्ययन गर्ने हो भने यो छिटो उड्न सक्ने ,तत्कालै निर्णय लिन सक्ने , आफ्नो शक्तिको प्रभाव अरुमा पार्न सक्ने गुणहरु भएको पाउँछौं । यसलाई सजिलै काबु गर्न सकिदैन । यसलाइ काबुमा लिन धेरै प्रयत्न गर्नु पर्ने हुन्छ ।

जब चील वृद्ध हुन्छ, उ न त एक ठाँउबाट अर्को ठाउँमा जान सक्छ न त आफ्नो निम्ति आहारा नै जुटाउन सक्छ । यस्तो अवस्थामा चीलले ४० दिनको कठिन यात्रा तय गर्नु पर्ने हुन्छ । जुन अवधि भरि चीललाइ साह्रै कष्ट हुन्छ । उसका शरिरमा भएका पुराना प्वाँखहरु छालाहरु झरेर जान्छन् र त्यस ठाउँमा नयाँ प्वाँख तथा छाला हरु पून पलाउछ । यो यात्रा सबै चीलले पार गर्न सक्दैन र त्यती कष्ट सहनु भन्दा मर्छन । तर जुन चीलले त्यो कष्टमा पनि स्थिर भएर बस्छ उसको आयु पूनः थपिन्छ र उ फेरी नयाँ चील झै हुन पुग्छ ।

यसै सन्दर्भमा वाइवालको यशैया ४० अध्यायको ३० र ३१ पदहरुमा यसो लेखिएको छ "युवक पनि दुर्बल र थकित हुन्छन र जवान मानिसहरु थाकेर लोट्छन । तर परमप्रभुको आशा गर्नेहरुको बल फेरी नयाँ हुनेछ । तिनीहरु चील झै माथी माथी उड्नेछन् र दगुरेर पनि तिनीहरु थाक्ने छैनन् । तिनीहरु हिड्ने छन् ता पनि मुर्च्छा पर्नेछैनन् ।"

हाम्रो जीवनको यात्रा गर्ने क्रममा जब हामी थाक्छौ, निराश हुन्छौ , अरुले हामीलाइधोका दिन्छ तब हामीलाइ लाग्छ अब सिद्धियो , अब कुनै आशा छैन अनि हामी हाम्रो जीवन सिध्याउने बाटो तिर लाग्छौ । हामी कमजोर हुन्छौ अनि थकित भएर आफैलाइ धिकार्दछौ ।

तर यहाँ हाम्रो निम्ति परमेश्वरमा नयाँ आशाको कुरा पाउदछौ । बिहानको प्रभात सँगै परमप्रभुको वचन हामीकँहा आउँदछ । उँहाको वचनमा यसरी लेखिएको छ -"थकितहरुलाई उहाँ बल दिनुहुन्छ र कमजोरहरुको शक्ति बढाइ दिनुहुन्छ ।" हामी निराश भएको अवस्थामा उहाँले हामीलाइ आशा दिनुहुन्छ र उहाँको प्रेम हामी मा खन्याउनुहुन्छ । हाम्रो जीवनलाइ चीलको झै नयाँ बनाउनु हुन्छ र हामी परमेश्वरको महिमा गर्न सक्छौ ।

# २० हाम्रो सोचाइ र आशा

एउटा सानो केटा आफ्नो घर बाहिर खेलिरहेको थियो । त्यतिकैमा एउटा मौरीले उसको हातमा टोकेर भाग्यो । उक्त केटो रुदै घर गयो । "ममी मलाइ मौरी मन पर्दैन , हेर्नुहोस् न फेरी आज मलाई टोक्यो" भनेर आफ्नो आमा लाइ रुदै भन्यो । आमाले उसलाइ माया गरेर टेबुलमा बस्न लगाइन र पाउरोटिमा र मह राखेर खान दिइन । उक्त केटाले पाउरोटि र मह खादै "ममी कति मिठो है" भनेर भन्यो ।

"हेर बावु जुन मौरीले तिमीलाई टोकेर भाग्यो नि त्यसले नै मह बनाउँछ ,बुझ्यौ" भनेर मम्मीले छोरालाई माया पूर्वक सम्झाइन । छोरोले ट्वाल्ल पर्दै "ममी मौरीले यस्तो राम्रो काम गर्छ भनि मलाइ थाहा नै थिएन" ।

धेरै चोटि हाम्रो जीवनमा पनि यस्तै घटनाहरु घट्छन जसका नराम्रा पक्षहरुलाइ सम्झेर हामी निराश अनि चिन्तित बनिरहेका हुन्छौ । कुनै पनि कुराको दुइवटा पक्ष हुने गर्दछ । एउटा असल भने अर्को खराव । हामीले उक्त कुरालाइ कसरी सदुपयोग गर्छौ अथवा त्यसका कुन पक्षहरुमा हामी बढी जानकार छौ भन्ने कुराले बढी महत्व राख्दछ । धेरै चोटि हामी एउटा मात्रै पाटोलाइ हेरेर निर्णय गर्ने गर्छौ । कुनै व्यक्ति विशेषको जीवनको एउटा मात्र पाटोलाइ हेरी उसको विषयमा टिकाटिप्पणी गर्नेगर्दछौ यो सायद राम्रो होइन ।

जीवनको यात्रालाई अगाडी बढाउने क्रममा आउने प्रत्येक अवस्था चाहे ति अवसर वा अवरोध किन नहुन ती सबैलाइ असल दृष्टिकोणले हेर्यो भने त्यसले हामीमा

सकारत्मक प्रभाव पार्दछ । एउटा भनाइ छ " Always be positive"।

हामी संसारमा जीरहेका छौ । काम गर्दैछौ ,घर व्यवहार चलाउदैछौ । हाम्रो आफ्नै जीम्मेवारीहरु छन् । हामी पनि दुइ किसीमले जीरहेका छौ । कि त हामी जीवित वा उत्पादनशिल जीवन जीउछौ जसबाट अरुले समेत जीउने अवसर र प्रेरणा प्राप्त गरिरहेका हुन्छन या त हामी जीवित मुर्दा वा हताश र निराशको जीवन जसो तसो विहान बेलुका समय गुजार्ने तरिकाले जीइ रहेका हुन्छौ ।

आज कैयौ मानिसहरु जसलाइ बाहिरी रुपमा हेर्दा सम्पन्न संयम, शिक्षित, इमान्दार र धर्मपरायण देख्छौ , उनीहरुको भित्री जीवन पनि त्यसतै नहुन सक्छ । अरुलाई हसाउँने व्यक्ति आफै भित्री रुपमा रोइरहेको हुनसक्छ । अरुलाइ असल र खराबको पाठ सिकाउने व्यक्ति कुलतमा फसेको हुन सक्छ । तर यस्ता कुराहरु हामीलाई थाह नहुन सक्छ । हामीले यस्ता व्यक्तिमाथी ठूलो आशा राखेका हुन्छौ , हामी यस्ता व्यक्तिहरुलाइ आफ्नो सर्वस्व ठानिरहेका हुन्छौ । तर जब हामीलाइ वास्तविकता थाहा हुन्छ हामी आफै मानसिक रुपमा क्षतविक्षत् हुन पुग्छ,आफैले ठूलो कुरा गुमाएको अनुभुति गर्छौ अनि हामी निराश र कसैमाथी पनि भरोश गर्न छाड्छौ ।

यसैले पवित्र धर्मशास्त्र वाइवलमा बताइएको छ कि हामीले हाम्रो सम्पूर्ण आशा , विशवास, भरोसा अनि सर्वस्व मानिसलाइ नै ठान्नुहुदैन । कारण एउटा मानिसले प्रतिकुल समय आइपर्दा अर्को मानिसलाइ धोका दिन सक्छ । उसले गरेका वाचा पुरा गर्न नसक्छ । तर हामीले हाम्रो आशा, भरोसा, अनि विश्वास परमप्रभुमाथी राख्नुपर्छ जसले हामीलाइ कहिल्यै त्यागनु हुन्न न त कहिल्यै धोका नै दिनुहुन्छ । उहाँले गर्नु भएका सम्पूर्ण प्रतिज्ञाहरु पुरा गर्नुहुन्छ

। उहाँले आफ्नो शान्ति, बल अनि आनन्द हामीलाइ दिनुहुन्छ ।

एउटा किसानले जब बाँझो खेत जोत्छ र जोतेको खेतमा वीउहरु छर्छ तब उसमा दृढ विश्वास हुन्छ कि एकदिन त्यसले धेरै फलहरु फलाउनेछन र उ आनन्दित हुनेछ । यदि उक्त किसानको मनमा आशा नै छैन भने उ आफ्नो घरमा भएको विउ लगेर खेतमा छर्दैन ।

हाम्रो विश्वास पनि परमेश्वरमा यस्तै हुनुपर्छ । उहाँले हाम्रो विश्वास अनुसार फलहरु हाम्रो जीवनमा फलाउनुहुन्छ ता कि ति कुराहरुले सदैव परमेश्वरलाई महिमा होस् ।

# २१ ऐना

एक जना मानिस सधैँ आफुसगँ एउटा सानो ऐना राख्ने गर्थ्यो । उ जहा गए पनि त्यो ऐना लिएरै जाने गर्थ्यो । यो कुरा उसको साथीले थाहा पाएछ । साथीले उक्त व्यक्तिसगँ सोध्यो -“तिमी किन आफुसगँ जहिले पनि ऐना राख्छौ ?” उक्त मानिसले जवाफ दिदै भन्यो “म बेला बेलामा आफुँ सगँ भएको ऐना निकालेर आफ्नो अनुहार हेर्ने गर्दछु । म समस्यामा भइको बेला मेरो अनुहार मल्लिन हुने गर्छ र खुशी भएको बेला उज्यालो । मेरो अनुहार मल्लिन हुदाँ, किन यस्तो भएको भनि म पत्ता लगाउन थाल्छु र त्यो समस्यालाइ समाधान गर्न तिर लाग्दछु” ।

हाम्रो अनुहारले हृदयलाइ प्रतिविम्बित गर्ने गर्छ , अर्थात हाम्रो मन खुशी र आनन्दित छ भने हामी मुस्कुराइरहेका हुन्छौ तर जब हाम्रो हृदय (चित्त) दुखेको हुन्छ , जब हामी समस्यामा हुन्छौ तब अनुहारले नै बताउने गर्दछ ।

हाम्रो बाहिरी स्वरुपलाइ सुन्दर बनाउन हामी ऐना हेर्ने गर्छौ । यसले हाम्रो अनुहारमा भएका नराम्रा कुराहरुलाइ हटायन मद्दत गर्छ।

यदि अनुहारमा दाद, डण्डीफोर, फोका अथवा कुनै कुरा आएको छ भने विभिन्न क्रिम तथा फेसवास प्रयोग गरेर हटाउन खोज्छौ । जसरी हाम्रो बाहिरी सुन्दरतालाई झल्काउन विभिन्न प्रयत्न गर्दछौ, हामी भित्री अवस्थामा पनि त्यस्तै नियम लागु हुन्छ । हाम्रो भित्री रुपमा परिवर्तन हुन एउटा दृढ निर्णय लिनुपर्ने हुन्छ । इच्छा शक्ति पनि प्रबल हुनु जरुरी हुन्छ । कारण हामीलाइ अरुले असल भनेको चाहन्छौ । जसको निम्ति हामीले यी कुरा गर्नु पर्ने हुन्छ ।

परमेश्वरले हाम्रो वाहीरी कुरा नभइ हाम्रो हृदय कस्तो छ भनि जाँच्नुहुन्छ । हामी हेर्नमा जति सुकै सुन्दर / सुन्दरी भएता पनि परमेश्वरले हाम्रो बाहिरी सुन्दरता हेर्नु हुन्न तर हामी कस्तो छौ, हाम्रा क्रिया कलापहरु, परमेश्वर प्रतिको इमान्दारिता लाइ हेर्नु हुन्छ ।

हामी स्वभावैले स्वार्थी छौ । आफुलाई मात्र मान्ने, आफ्नो गल्ती पत्ता लगाउनु भन्दा अरुलाइ दोष लगाउन हामी अगाडि रहन्छौ । आफू ले आफैलाइ मूल्याङ्कन गर्ने कुरा अरुलाइ मूल्याङ्कन गर्नु भन्दा धेरै महत्वपूर्ण हुन्छ ।

प्रभु येशुले भन्नुभयो ‘‘पहिले आफ्नै आखाँ बाट मुढा किल तब तिम्रो भाइको आखाँ बाट धुलाको कण निकाल्नलाइ तिमी सफा सगँ देख्न सक्नेछौ ।’’

यदि आफुलाइ हामी औल्याउछौ भने आफु कुन अवस्थामा छौ भन्ने कुरा बुझ्न सक्छौ । जब भित्री रुपमा हामी परिवर्तन हुन्छौ तब हाम्रा स्वभावहरु, बोलीवचन तथा व्यवहारहरु आफै परिवर्तन हुन्छन् । हाम्रो बाहिरी प्रस्तुती भित्री मनले नियन्त्रिण भएको हुन्छ ।

परमेश्वरको वचन हाम्रो निम्ति आत्मिक ऐना हो भनी भजन संग्रह ११९ अध्यायमा हामी पाउदछौ । परमेश्वरको वचनबाट टाढिएमा हामीमा निराश, चिन्ता आउँदछन् अनि त्यस्ता कुराहरुले हाम्रो सम्पूर्ण हृदयलाइ तितो बनाउछन् । परमेश्वरको वचनको ज्ञानद्वरा हामी कुन बाटोमा हिड्नु पर्ने हो भनि हामी छर्लंग देख्न सक्छौ । त्यसैले हामीले परमेश्वरलाइ भन्नुपर्छ ‘‘प्रभु मलाइ मेरा मार्गहरुलाई जाँच्ने साहयता गर्नुहोस अनि ति ठिक छैन भने परिवर्तन हुनलाइ मलाइ शक्ति दिनुहोस् ।

# २२ हाम्रो घर

म पहिलो चोटि आफ्नो आमा र बहिनी हरुलाइ छोडेर टाढाको सहरमा जान भनि हिडे । बुवा सरकारी कार्यलयमा काम गर्ने हुनाले प्रायः घरमा बस्नुहन्नथ्यो । बुवा अलि कडा स्वभावको भएकोले, उहाँ नहुँदा नै मलाइ राम्रो लाग्थ्यो । तर म आमा बिना बस्न सक्दिाथे । जब स्कुलबाट आउथे अनि सब भन्दा पहिले आमालाइ खोज्थे । उहाँलाई पाएर साह्रै आनन्दित हुन्थे।

पहिलो चोटि घरबाट लामो समयको निम्ति बाहिर जानु पर्ने हुनाले मलाइ साह्रै नरमाइलो लागिरहेको थियो । जसो तसो मनलाइ बुझाँउदै घरबाट बिदा भएर म तराइतिर लागे । तर म तराइमा हुदाँ कति खेर घर फर्कु जस्तो लाग्थ्यो । एक महिना जति बसेर फेरी घर फर्के । घर फर्के पछि म यति खुशी भए कि म बयान गर्न सक्दिन ।

हाम्रो घर नेपालको पूर्वी पहाड मा पर्थ्यौ । भिरालो जमीन, जंगलले घेरेको ठाउँमा हाम्रो घर थियो । घर साधाहरण थियो । तर त्यो सानो घर अति सुन्दर अनि प्यारो थियो ।

मैले मेरो तीन जना दिदी बहिनीहरु सगँ आफ्नो बाल्यकाल गुजारे । त्यो अवस्थामा अहिले मेरा छोराहरुसगँ भएका कुरा हरुको तुलनामा केहि पनि थिएन । आफ्ना सन्तान हरुलाइ शिक्षा, दिक्षा र पालन पोषण गर्न मेरी आमा बडो मिहनेत गर्नुहुन्थ्यो । बुवाले कमाउनु भएको पैंसा आमाले जतन गरी चलाउनुहुन्नथ्यो । आमाको असल नेतृत्व नभएको भए शायद हामी यो अवस्थामा आइपुग्ने थिएनौ ।

हाम्रो घर देखी स्कुल पुग्न आधा घण्टा ओरालो हिडेर जानुपर्थ्यो । स्कुलबाट आउने बेला भोक लागेर थाकिसकेका हुन्थ्यै तर पनि त्यो उकालो बाटो हुदै हामी घर

आइपुग्थ्यौ । हामी स्कुल जाँदा कापी कलम हातमा बोक्थ्यौ । अहिलेको जस्तो झोला बोक्ने सुबिधा थिएन । हामी स्कुलको धारामा पानि पिउथ्यौ भने खाजा हामीले स्कुलमा कहिले खाएनौ ।

मैले मेरो बाल्यवस्थामा दुःख के हो भनी आफैले बुझेको र भोगेको छु त्यसैले अहिले कसैले दुःख पाएको देख्दा मेरो हृदय पग्लिन्छ र म उनीहरुको दुःखमा सहभागी हुन चाहन्छु ।

हामी जहाँ जन्मेका हुन्छौ, हुर्केका हुन्छौ, त्यहि ठाउँ, त्यहि घर र त्यहि परिवार हामीलाइ मन पर्छ । हाम्रा आमा बुवाले जस्तो सुकै परिस्थिति र अप्ठेयाराहरुका बावजुद पनि हामीलाइ चाहिने कुराहरु दिने प्रयास गर्नु हुन्छ । उहाँहरुको वास्ता प्रेमले गर्दा आज हामी यस ठाउँमा छौ ।

एकजना जवान केटो आफ्नो वा आमाको माया र घरको मिठो वातावरणलाइ वेवास्था गरी स्वतन्त्र हुने निहुँमा आफ्नो भागको सम्पति लिएर टाढाको देशमा गयो । उ त्यस ठाउँमा मोजमस्ती, व्यभिचार तथा आफुलाइ असल लागेका कुराहरु गरेर आफ्ना सारा सम्पति सिध्याएर अपराध जगतमा सामेल भयो र केही वर्ष उ जेलमा पर्यो । उक्त जेलमा एक जना पाष्टर प्रचारको निम्ति जानुहुथ्यो । यसक्रममा उक्त केटाको भेट पाष्टर सगँ भयो। उसले पाष्टरलाइ आफ्ना सारा घटना हरु बतायो । जब त्यो जवान मानिसको जेलबाट छुट्ने बेला आयो उक्त पष्टरले सोध्नुभयो "तिमी जेलबाट छुटेर आफ्ना आमा बाबु भएको ठाउँमा जान्छौ कि जादैनौ ।" उक्त मानिसले आफु घर जान नसक्ने बतायो । किनकी त्यस्तो अपराध गरेपछि उसका बाबु आमाले उ घर गए पनि उसलाई स्विकार गर्दैनन् वा उसलाई आफ्नो घरमा स्वागत गर्दैन भन्ने कुरा गर्यो । तर पाष्टरले त्यो जवान मानिसलाइ हौसला दिदै भने "आफ्ना

आमाबुवालाइ चिठ्ठि लेख र म घर आए भने तपाइहरुले स्विकार गर्नुहुन्छ कि गर्नु हुन्न भनेर सोध ।” त्यो जवान केटाले आफ्ना आमाबुवालाइ पत्र लेखे - उ घर आउन चाहन्छ र उसलाइ क्षमा गरिएको छ भने घरको वरिपरीको पर्खालमा सेता रिवनहरु झुण्डीएको हुनुपर्छ तब मात्र उ घर आउनेछ । यदि त्यसो गरिएन भने उ घर नगइ अन्तै जाने कुरा लेखेर पठायो ।

उक्त जवान मानिस जेलबाट छुट्यो । उसलाइ पुर्याउन पाष्टर पनि उसको साथ रेल चढेर उसको घरतिर लागे । जब उसको घर परबाटदेखिने ठाउँमा ट्रेन आइपुग्यो तब जवान मानिसले आफ्नो टाउको अर्कै तिर फर्काएर उसका घरमा उसलाइ स्विकार गरिनेछैन भनि सोचिरहेका थियो । तर पाष्टरले होसियारी पूर्वक उसको घर तर्फ नियालि रहेका थिए । तब पाष्टर जोडले कराएर “हेर ! हेर !” भन्दै उक्त जवान मानिसलाइ भने । तब उक्त मानिस आफ्नो घर तिर हेर्यो । उसका आँखाबाट आँसुका धाराहरु बग्न थाले । उ अवाक्क भए । उसको घर वरिपरिको पर्खालमा सेता रिवनहरु लगाइएका थिए । उसका आमा बुवा रेल रोकिने ठाँउमा उसको प्रतिक्षा गरिरहेका थिए ।

यस्तै कथा पवित्र धर्मशास्त्र बाइवलको लुका १५ अध्यायमा बताइएको छ । जसमा एउटा प्रेमिलो पिताको आफ्नो विद्रोही छोरा प्रतिको प्रेमलाइ बताइएको छ । जसरी उक्त कथामा एउटा बाबुले आफ्नो छोराले गल्ती गरे पनि उसलाइ क्षमा दिएर स्विकार गर्छन , त्यसैगरी परमेश्वरले पनि हाम्रो जस्तो सुकै पाप भए पनि क्षमा दिन चाहनुहुन्छ । केबल हामीले हाम्रा अपराधहरुलाइ स्विकार गरी फेरी त्यस्ता कुराहरु नगर्ने निर्णय गनुपर्छ, परमेश्वरले हाम्रा सिन्दुरे रंगका पापहरु भएता पनि उहाले हिउ जस्तै सेता बनाइदिनुहुन्छ । येशु भन्नु हुन्छ “हेर म ढोका मा उभिएर ढकढक्याउछु, यदि

कसैले मेरो सोर सुनेर ढोका खोल्छ भने म भित्र पसेर उ सँग भोजन खानेछु ।" तपाइ सोच्दै हुनुहुन्छ होला "मेरा पापहरु धेरै ठूला छन ति त क्षमा गर्ने खालका छैनन । मैले धेरै बिगार गरेको छु" भनेर । तर परमेश्वरमा हुनेहरु का लागि दण्ड हैन अनन्त जीवनको प्रतिज्ञा गरिएको छ । त्यस कारण यसै समय आफ्ना पाप र अधर्महरु स्विकार गरेर येशु सगँ प्रार्थना गर्नु होस । मलाई तपाइको इच्छानुसार चलाउनुहोस । तपाइ कै मनपर्दो मानिस बनाउनु होस र सबै कुराहरुद्वारा तपाइलाइ महिमा होस । -अमिन ।

जब तपाइले यी प्रार्थना गर्नुहुन्छ, आफ्नो जीवनमा येशुको प्रेम योजनालाइ थाहा गर्नसक्न हुन्छ । तपाइले नयाँ जीवन पाउन सक्नुहुन्छ ।

परमेश्वरले तपाइलाइ आशिष दिउन ।

-आमिन-

# २३ हृदय प्रत्यारोपण

हामीलाई नयाँ हृदय किन चाहिन्छ ? पुरानो हृदय के भयो त ? पुरानो हृदय पापको कारण प्रदुषित भयो । पुरानो हृदय जाल, झेल, धोका र विद्रोहले भरियो र परमेश्वरको बाटो भन्दा बाहिर हिड्न रुचायो ।

त्यसकारण परमेश्वर पुरानो हृदयको ठाउँमा नयाँ हृदय राख्न चाहनुहुन्छ । प्रभु येशुको धार्मिकताद्वरा हामीलाइ नयाँ बनाउन चाहनुहुन्छ । पावल प्रेरित यस्तो हृदयलाइ नयाँ स्वभाव धारण गरेको भनि भन्दछन् । उक्त स्वभाव ख्रिष्ट येशुको जस्तो हुनुपर्छ । त्यो हो पूर्ण समर्पणता र विनम्रताको होस् ।

आज भोली medical science ले ठूलो प्रगति गरेको छ । शारिरीक रुपमा कुनै एक व्यक्तिको हृदय झिकेर अर्को व्यक्तिमा राख्न सकिन्छ । जसलाइ Heart transplant भनिन्छ । तर जब कुनै व्यक्तिको पुरानो मुटुको ठाउँमा नयाँ राखिन्छ, तब उक्त मानिसको शरिरले स्विकार गर्नुपर्छ अनि मात्र मुटुको प्रत्यारोपणलाइ सफल मानिन्छ । प्रत्यारोपण गरिएको नयाँ हृदयले उक्त मानिसको शरिरको सम्पूर्ण गतिविधिलाइ नियन्त्रण गर्न सक्यो भने मात्रै सफल हुन्छ ।
मुटु शरिरको महत्वपूर्ण अगं हो, यसले शरिरको गतिविधिलाइ संचालन तथा नियन्त्रण गर्ने गर्छ । जब हाम्रो हृदयले राम्ररी काम गर्दैन, हामी केहीगर्न सक्दैनौ । जसरी हाम्रो जीबनमा हृदयको ठूलो भुमिका छ त्यसरी नै आत्मिक हृदय पनि ठिक छैन भने शारिरीक रुपमा स्वस्थ्य देखिए ता पनि हाम्रो हृदय छियाछिया भएको हुनसक्छ । हामीले हाम्रो आत्मिक हृदयलाइ ठिक राख्नु जरुरी हुन्छ ।

जब हामी परमेश्वरमा आउछौ, आफ्नो पूरानो हृदयलाइ उहाँमा सुम्पेर, नयाँ हृदय लिएर अगाडि बढ्छौ, निश्चय नै परमेश्वरले हाम्रा जीवनका सम्पूर्ण पक्षहरुमा अगुवाइ र मद्दत गर्नु हुन्छ । परमेश्वरको अनुग्रहले हाम्रो ढुङ्गारुपी हृदयलाइ कोमल बनाउहुन्छ ।

हामी धेरै समय पुरानै हृदय लिएर नयाँ कुराहरु अनि परिवर्तनको चाहना गर्दछौ । हामीलाइ लाग्दछ सबै कुराहरु ठिकठाक छन् । तर जब सम्म हाम्रो भित्री हृदय परिवर्तन हुदैन तब सम्म हामीले आफैलाइ धोका दिरहेका हुन्छौ । परमेश्वर हामीसगँ नयाँ हृदय मार्फत काम गर्न चाहनुहुन्छ ।

त्यसैले परमेश्वर भन्नुहुन्छ -"म तिमीहरुलाइ एउटा नयाँ हृदउ दिनेछु र तिमीहरु भित्र नयाँ आत्मा हाली दिनेछु । तिमीहरुका ढुङ्गाको हृदयलाइ मासुको हृदयमा परिवर्तन गरिदिनेछु।"

"एक समय तीन जना साथीहरु जंगलको बाटो भएर जादै थिए । बाटोमा उनीहरुले पैसाले भरिएको ठूलो थैलो भेटाए । तिनै जनाले पैसा आपसमा बाँढ्न सल्लाह गरे । तर जंगलको बाटो हिडेर उनीहरु भोकाएका थिए । एक जनालाइ खानेकुरा लिन नजिकैको गाँउमा पठाए । खानेकुरा लिन जाने साथीले सबै पैसा आफ्नो बनाउन चाहन्थौ । तसर्थ उसले खानेकुरामा विष मिलाउने योजना बनायो । उक्त दुइ जना साथीहरुले खाना लिएर आएर आउने साथीलाइ मारेर आधा आधा पैसा बाड्ने योजना बनाए । जब साथी खाने कुरा लिएर आयो दुवै जना मिलेर उसलाइ मारिदिए । भोकाएका कारण उनीहरुले साथीले ल्याएको खाने कुरा खाए । एकछिन पछि दुइजना पनि मरे ।"

हाम्रो हृदयमा कतिसम्मको निच भावना आउन सक्छ भन्ने कुरा यस घटनाले बताउँदछ ।

प्रभु येशु भन्नुहुन्छ -"म तिमीहरुलाइ भन्दछु, मन परिवर्तन भएर साना बालकहरु जस्ता भएनौ भने कहिल्यै स्वर्गको राज्यमा पस्नेछैनौ । जसले सानो बालक जस्तै आफुलाइ नम्र तुल्याउँछ त्यही स्वर्गको राज्यमा सबैभन्दा महान् हुनेछ ।"

परिवर्तित हृदय भनेको नम्र हुनु हो । तर नम्र हुनु सजिलो छैन , किनकी हाम्रो मानविय स्वभाव पापमा फसेको छ ।

यदि हामी परमेश्वरको राज्यको हकदार हुन चाहन्छौ भने साना नानीहरु जस्तै निर्बोध र छलकपट रहित हुनुपर्छ । साना नानीहरु निश्चल र शुद्ध स्वभावका हुन्छन् । हाम्रो हृदयमा भएका घमण्ड र अहम्लाइ त्यागेर परमेश्वरमा विनम्र भएर आउनुपर्छ ।

साना नानीहरु खुशी र आनन्द पूर्वक आफ्ना अभिभावक माथी भरोसा राख्दछन् । उनीहरुलाइ सिकाउन सकिन्छ । उनीहरुसगँ कुनै शत्रुता, नराम्रो विचारहरु, कसैमाथि अधिकार जमाउने इच्छा हुदैन ।

जब हामी साना नानी झै परमेश्वरमा पूर्ण रुपले भर पर्दछौ तब हाम्रो हृदय परिवर्तन हुन्छ । तब सबैजना आफ्ना आफन्त जस्तै लाग्छ अनि हाम्रो हृदय सेवाको भावनाले ओत प्रोत हुन्छ । हामीलाई संसारको कुराहरु भन्दा परमेश्वरका कुराहरु अर्थपूर्ण लाग्दछन् र हाम्रो जीवन सेवाको जीबन हुनेछ । हामी अरुलाइ ख्रीष्टको नजरले हेर्न सक्छौ ।

परिवर्तन गर्ने शक्ति ख्रीष्ट येशु सगँ मात्रै छ त्यसैले प्रार्थना गर्नुहोस । उहाँले तपाइको हृदयलाइ परिवर्तन गरिदिनुहुनेछ । तपाइका हृदयमा भएका सारा तितोपनालाइ परिवर्तन गरेर चंगाइ दिनुहुनेछ । जब हृदय शुद्ध हुनेछ र परमेश्वरलाई शुद्धतामा हामी महिमा दिन सक्छौ ।

# २४ सुन्नु

धेरै चोटि हामीमा सुन्ने धैर्यता कम पाइन्छ । हामी स्वभावैले आफ्ना कुराहरुलाइ मात्रै प्राथमिकता दिने अनि अरुका कुरा सुन्न त्यति चासो नदिने हुन्छौ । वच्चाहरुमा एकाग्रताको कमी हुन्छ । उनीहरु धेरै समय सम्म एकै ठाउँमा बसी अरुको कुरा सुन्न मान्दैन र गर्दैनन् ।

विशेष गरी हाम्रो जस्तो पुरुषप्रधान समाजमा घरको मुलीले अरुको कुरा नै नसुनिकन एकलौटि निर्णय लिने गर्दछन् । जुन अरु सदस्यहरुको निम्ति उपयुक्त नहुन सक्छ । श्रीमानले श्रीमतीको कुरा नसुन्ने , श्रीमतीले श्रीमानको कुरा सुन्न नचाहने त्यस्तै अभिभावकले छोरी छोराको कुरा तथा छोरा छोरी ले अभिभावकका कुरा नसुनेको गुनासाहरु सुनिन्छ । दुई पक्ष बीचमा असल अन्तर संवाद नहुने हुदाँ गाह्रो हुन्छ । भाँडभैलो मचिन सक्छ । कुनै पनि महत्वपूर्ण निर्णय लिनु भन्दा पहिले सबै सित सल्लाह गरेर लिनु उपयुक्त हुन्छ ।

हाम्रो आत्मिक जीवनमा पनि परमेश्वर को आवाजलाइ सुन्नु अति जरुरी हुन्छ । यदि हामी सुरक्षित, डर र त्रास रहित जीवन जीउन चाहन्छौ भने परमेश्वरले देखाउनुहुने बाटोमा हिड्नु पर्दछ ।

कति चोटी हामी परमेश्वरको आवाजलाइ सुन्न इन्कार गर्छौ । हाम्रो पापपूर्ण र विद्रोही स्वभावले उहाँको आवाज सुन्न चाहदैन । हामी सोच्दछौ कि हामीलाइ सबै कुरा थाह छ र कसैले सिकाउनु पर्दैन । हामी सबै कुराको श्रेय आफैलाइ मान्छौ ।

तर परमेश्वर निरन्तर रुपमा भनि राख्नुहुन्छ -“मेरा कुराहरु सुन र म माथी विश्वास गर ।” परमेश्वर भन्नु हुन्छ “यदि तिमीले मेरो स्वर सुनेको भए , मेरा मार्गमा हिडेको

भए । म तिम्रो शत्रुलाइ पराजीत गर्ने थिए र तिम्रा वैरीहरुका विरुद्धमा म आफ्ना हात उठाउने थिए ।

हामीले परमेश्वरलाइ सुन्नुपर्छ र उहाँका आदेशहरु पलना गनुपर्छ । त्यसैले हितोपदेशक १ : ३३ पदमा परमेश्वर भन्नुहुन्छ "मैले भनेका कुरा जस जसले सुन्छन, तिनीहरु सुरक्षामा जीउने छन् र हानी नोक्सानी को डरैविना ढुक्क रहनेछन् ।"

जस जसले परमेश्वरको कुरा सुनेर आफ्नो जविनलाइ उहाँको इच्छानुसार चलाउँछन, तिनीहरुको सुरक्षा परमेश्वरले गर्नुहुन्छ र जो सगँ परमेश्वर हुनुहुन्छ उसको कसैले पनि हानी नोक्सान पुर्याउन सक्दैन ।

कतिपय समयमा हामी आफु सगँ धन, पद, प्रतिष्ठा, शिक्षा र शक्ति सबै कुरा छन्  किन मैले उहाँको कुरा सुन्ने वा मान्ने ? म जे सोच्छु, जे निर्णय गर्छु त्यो मेरो निम्ति पर्याप्त छ भनी सोच्छौ र केही समय सम्म हामी आफ्नो सोच द्यरा सफल भएको अर्थमा परिचालित पनि हुन्छौ तर अन्त्मा त्यसले हामीलाइ नासमा वा मृत्युमा पुर्याउछ र हामी अन्धकारमा हिड्न बाध्य हुन्छौ ।

तर येशुले भन्नुभयो "मलाइ पछ्याउने अंधकारमा हिड्ने छैन तर जीवनको ज्योति पाउनेछ ।"

हाम्रो जीवनको मुख्य लक्ष्य भनेको परमेश्वरमा आफुलाई समर्पित गर्नु हो । जस जसले उहाँमा विश्वास गर्दछन्, उनीहरुले जीवनको ज्योतिलाई ग्रहण गर्दछन्।

यो कुरा अचानक हाम्रो जीवनमा हुदैन । जब हामी परमेश्वरको वचनलाइ सुन्छौ तब हाम्रो जीवन परिवर्तनको दिशामा अगाडी बढ्छ । परमेश्वर को वचन अनुसार जीएर साचौं परिवर्तनलाई आफ्नो जीवनमा अनुभव गर्न सक्छौ ।

# २५ प्रार्थना

एक पाष्टर आफ्नो चर्चको बाटो हुदै कत्तै जादै थिए । मध्यानको समय थियो । को मानिसहरु मध्याहनमा प्रर्थन ागर्न आउँदा रहेछ भनि उनी चर्च तिर गए । जब उनी चर्च भित्र बसिरहेका थिए , एक जना मानिस पछाडीको ढोका बाट भित्र पस्यो । त्यो मानिस ले पुरानो फाटेको झुत्रो कपडा लगाएको थियो । उक्त मानिस घुडा टेकेर शिर निहुराएर केही समय पछि त्याँहाबाट उठेर गयो ।

त्यसपछिका प्रत्येक दिनहरुमा त्यो मानिस चर्चमा आउथ्यो र प्रार्थना गरेर जान्थ्यो । प्रत्यक दिन उ त्यही समयमा आउने गर्थ्यो । यो देखेर पाष्टरले त्यो व्यक्ति को हो भनेर सोधे । उक्त व्यक्ति वृद्ध थियो । उसले आफु तल सडक छेउको कारखानामा काम गर्छु र सधैं खाजाको समयमा प्रार्थनाको निम्ति यस ठाउँमा आउछु जसबाट मलाई शक्ति र सामर्थ्य मिल्दछ भन्ने कुरा गर्यो ।

ए भन्दै गयो “म यहाँ केवल एक क्षण मात्र बस्छु किनकी म काम गर्ने ठाउँमा फर्किनु पर्ने हुन्छ । जब म घुडा टेक्छु र परमेश्वर सगँ कुरा गर्छु तब म साह्रै आनन्दित हुन्छु । र म भन्ने गर्छु परमेश्वर म फेरी यस ठाउँमा आएको छु , म कति खुशी छु भनेर भन्न । जब हामीले एक अर्कालाइ मित्रको रुपमा पायौ अनि तपाईले मेरो पापहरु म बाट हटाइदिनु भयो । मलाइ धेरै प्रार्थन ागर्न आउदैन तर म तपाईलाई धन्यबाद चढाउँछु मलाई साहयला गर्नुहोस । म बिदा हुन चाहन्छु ।”

यी सबै कुरा सुने पछि पाष्टर एकदमै खुशी हुनुभए र उक्त वृद्ध मानिसप्रति उनमा दया पलाएर आयो । तपाई जुनसुकै बेला आएर प्रार्थना गर्न सक्नु हुन्छ । उक्त मानिस खुशी हुदै त्यस ठाउँबाट गयो तर पाष्टर घुडाँ टेकेर त्यस

व्यक्तिको निम्ति प्रार्थना गर्न थाले पाष्टरको आँखाबाट आसुँहरु बग्न थाले र वृद्ध मानिसको प्रार्थनालाई दोहोर्याए – "म कति खुशी छु प्रभु तपाईलाई आफ्नो मित्रको रुपमा पाएर । तपाईले मेरा पापहरु मबाट हटाइदिनु भयो । म तपाईको विषयमा प्रत्येक दिन सोच्दछु । म तपाईलाई धन्यबाद चढाउछु, मलाइ साहयता गर्नुहोस ।"

केही दिनपछि त्यो वृद्ध मानिस मण्डली आएर प्रार्थन गर्न छोडे भन्ने कुरा पाष्टरले थाहा पाए । पाष्टरलाई चिन्ता लाग्छ र वृद्ध मानिस काम गर्ने कारखाना तिर जान्छन् र उसको विषयमा सोधी खोजी गर्छन् र उनलाइ थाहा हुन्छ, वृद्ध मानिस विमारी भएर अस्पतालमा भर्ना भएका छन् । तब पाष्टर अस्पताल गएर वृद्ध मानिसको चङ्गाइको निम्ति प्रार्थना गर्छन् । केही दिन पछि वृद्ध मानिस पहिले झैं स्वास्थ्य हुन्छ यो देखेर सबै जना खुशी हुन्छन् ।

अब पाष्टर र वृद्ध मानिस असल मित्र भएका छन् र एक अर्काको निम्ति सदैव प्रार्थना गर्छन र खाँचोमा साहयता गर्ने गर्छन । पाष्टर सुरुको दिनमा जब वृद्ध मानिस सगँ भेटे अनि उनका कुराहरु सुनेर पाष्टरको मन कसरी पग्लियो अनि उ प्रति दयालु भएर आए भन्ने कुराहरु वृद्ध मानिस सगँ बाडे ।

जसले प्रार्थना गर्दछ उसले आफ्नो घरलाइ फलामको पर्खालले बेर्दछ । अर्थात उसले आफ्नो घर चट्टनमाथी बसाल्दछ जसलाइ सजिलै भत्काउन सकिदैन । जति हामी प्रार्थनामा परमेश्वरसगँ समय बिताउँछौ त्यति परमेश्वरको शक्ति र सामर्थ्य प्राप्त गर्न सक्दछौ ।

प्रार्थना इसाइ जीवनको सबभन्दा ठूलो हतियार हो जसले हजारौ मानिसले गर्न नसक्ने कामलाइ एक इसाइको प्रार्थनाले गर्न सक्छ । जब हामी प्रार्थनाद्वरा परमेश्वर मा आफ्ना कुरा राख्छौ तब परमेश्वरले हाम्रा समस्या हरुबाट

छुटकारा दिनुहुन्छ । पवित्रधर्मशास्त्र बाइबलमा प्रार्थनाको महत्वको विषयमा स्पष्ट रुपमा बताइएको छ । जसले हाम्रो आत्मिक वृद्धिका साथै परमेश्वरसगँको सम्बन्धलाइ मजवुत गराउँछ । त्यसबाट हामीले आफ्नो जीवनको जीउने उर्जा प्राप्त गर्दछौ । हामीले गरेको प्रार्थनाले कहि न कहि , कसै न कसैको जीवनमा , कुनै न कुनै ठाउँमा काम गरिरहेको हुन्छ । त्यसकारण हामीले एक अर्काको निम्ति सदैव प्रार्थना गर्नु पर्दछ ।

हाम्रा दुःख, कष्ट, सतावटहरुबाट छुटकारा पाउन परमेश्वरको शक्तिको आवश्यकता पर्दछ, जुन हामी प्रार्थनाद्वरा प्राप्त गर्न सक्छौ ।

## २६ अन्धोले अन्धोलाइ डोर्याउन सक्दैन ।

एउटा जवान केटो समुन्द्रको किनारा भन्दा करिव ३० फिट पर पौडी खेलिरहेको थियो । उ अचानक करायो तर त्याहा भएका मानिसहरुले उसलाइ वास्ता गरेनन कारण उ अघि सम्म राम्ररी पौडी खेलिरहेको थियो । केही समय पछि एकजना मानिस पौड्दै उ तिर गयो तर त्यती बेला सम्म ढिलो भइसकेको थियो । जब उसलाइ समुन्द्रको किनारमा बोकेर ल्याइयो , उ मरिसकेको थियो । आश्चर्य को कुरा के थियो भने उक्त जवान केटो अन्धो थियो । यधपी उ समुन्द्रको किनारर नजिकै थियो तर उसले किनारा नजिकै छ भन्ने कुरा नजानेको कारण मर्यो ।

धेरै मानिसहरु स्वर्ग पुग्न चाहन्छन तर आत्मिकी रुपमा अन्धो भएको कारण स्वर्गको बाटो नजिकै भएतापनि पुग्न सकिरहेका छैनन् । येशु ख्रिष्टको समयमा यस्ता धर्मगुरु हरु थिए जसलाइ शास्त्री वा फरिसी भनिने गरिन्थ्यो । उनीहरु अरुलाइ धर्मको विषयमा सिकाउथे तर आफै ति कुराहरु पालना गर्दैनथे ।

त्यसैले प्रभु येशुले आफ्ना चेलाहरुलाइ फिरिसी र शास्त्रीहरुले मुक्ति प्रप्तिको निम्ति गरेका काम तथा विधिविधानलाइ लिएर सचेत गराउनुभयो । प्रभु येशुका चेलाहरुले शास्त्री तथा फिरीसीहरु को विषयमा गरेको प्रश्नको उत्तरमा भन्नुभयो -“स्वर्गमा हुनुहुने मेरा पिताले नरोप्नु भएको हरेक बोट उखेलिनेछन । तिनीहरुलाइ छोडिदेओ, ति अन्धा अगुवाहरु हुन । अन्धाले अन्धकारलाइ डोर्यायो भने ती दुवै खाल्डोमा पर्नेछन् ।”

यो कुरा हाम्रो जीवनमा पनि लागु हुन्छ । यदि हामी आफै आत्मिक रुपमा अन्धा छौ भने हामीले हाम्रो परिवार, समाज तथा राष्ट्रलाइ कसरी अगुवाइ गर्न सक्छौ ?

भित्री रुपमा नरम्रा विचारहरु राखेर बाहिरी रुपमा आफुलाइ असल देखाउन सजिलो हुन सक्छ । धेरै मानिसहरु यस्ता जीवन जीइरहेको पाइन्छ । तर बाहिरी रुपमा राम्रो हुनु र कसैलाइ पनि राम्रो बाटोमा अगुवाइ गर्ने व्यक्तिको हृदय शुद्ध र सफा हुनुपर्छ ।

प्रभु येशुले मत्ती ५ अध्यायको पदमा यसरी भन्नुभएको छ -"धन्य शुद्ध हृदय हुनेहरु, किनभने तिनीहरुले परमेश्वरलाइ देख्नेछन ।"

मानिसले जहिले पनि कामको नतिजालाइ देख्छ तर परमेश्वरले उक्त काम गर्नुको पछाडीको चाहाना वा इच्छालाइ हेर्नु हुन्छ र परमेशवरले त्यसै अनुसार त्यस कामको प्रतिफल दिनुहुन्छ ।

sirc james simpson ले धेरै वैज्ञानिक अविष्कारहरु गरे । उनी Anesthetic property of chloroform को विषयमा गरेको अविष्कारको कारण विश्व प्रख्यात भए । सन् 1847 मा उनको जीवनका अन्तिम दिनहरुमा एक जवान विधार्थी ले उसलाइ सोधे - "सर तपाईले यति ठूला अविष्कारहरु गर्नुभयो । यति ठूलो अविष्कारको रुपमा आफुलाइ पाउदा कस्तो लागिरहेको छ ?" उनले जवाफ दिए -"म त एउटा ठूलो पापी हुँ तर प्रभु येशु ख्रिष्ट मेरो उद्धरकर्ता हुनुहुन्छ ।"

मानिस संसारमा रहँदा जस्तो सुकै प्रगति गरेता पनि परमेश्वरलाई चिनेको छैन भने ती उपलब्धीहरुले साचौँ शान्ति र आनन्द दिन सक्दैन ।

भौतिक रुपमा सबैकुराद्घरा सम्पन्न भएता पनि वास्तविक भित्री जीवन अर्कै हुनसक्छ । सबैकुरा हरुले भरिपूर्ण भएता पनि उनीहरुमा बाँच्ने चाहाना नभएर , निराश एवम् हतासपूर्ण जीवन जीइरहेका पाइन्छ । हामी आफैले देखेका तथा सुनेका कैयौ घटनाहरुमा मानिसले

आफ्नो जीवनको अर्थ र उद्देश्य पत्ता लगाउन नसकि जीवन देखी हरेस खाएर आफुलाइ मृत्यु तिर धकेलेका , आफ्नो जीवनलाइ व्यर्थै विभिन्न किसीमका नसाको प्रयोग र सेवन द्वरा नष्ट गरेका हामी देखिरहेका छौ ।

“किन मानिसहरु आत्महत्या गरिरहेका छन्, किन आर्थिक रुपले सम्पन्न भएपनि जीवन देखी खुशी छैनन, त ?” यस्ता प्रश्नहरु हाम्रा अगाडी छन् ।

आजको युगमा बाँचेका हामी कता जादैछौ , हामीले गरेका मेहनत र परिश्रमले हाम्रो जीवनलाइ सहि बाटो तिर डोर्‍यायदै छ वा सबै कुराहरु व्यर्थै छन ? सोच्ने सहि बेला आएको छ ।

आज धेरै मानिसहरु आफ्नै प्रयास र प्रयत्नले मुक्ति पाउन तथा परमेशवरको नजिक जान कोशिस गरिरहेका छन् ।

तर बाइबलले बताउदछ कि यो हाम्रो परिश्रमले हैन तर परमेश्वरको सितैको अनुग्रहद्वारा मुक्ति पाइन्छ । अर्थात यसको निम्ति हामीले कुनै परिश्रम गर्नु पर्दैन । येशु ख्रीष्टले आज भन्दा २००० वर्ष अगाडि क्रूसमा बलिदान भएर हाम्रा पाप र अधर्महरु को निम्ति मोल तिरिसक्नु भएको छ । केवल हामीले येशुलाई विश्वास गर्नुपर्ने हुन्छ र उहाँ को बाटोमा हिड्नुपर्ने हुन्छ । येशुले भन्नुभयो “पश्चताब गर र म माथी विश्वास गर किन भने स्वर्गको राज्य नजिक आएको छ ।”

मुक्ति र पाप क्षमा हाम्रो नजिकै हुनाले हामी खोजी हिड्नु पर्दैन । येशुमा विश्वास गरेर हामीले हाम्रो जीवनका सारा बोझलाइ विसाउन सक्छौ र उहाँबाट पाइने अत्मिकी आशिषको भागीदार हुनसक्छौ । प्रभु येशुले तपाईलाई साहयता गर्नु भएको होस् ।

-आमिन-

# २७ हामी हिड्ने बाटोहरु

मनविय स्वभावमा एउटा कुरा सबैमा पाइन्छ र यो अनौठो लाग्दो छ, किनकी यसलाइ पुष्टि गर्ने आधार पनि छैन , यो यसै कारणले भएको हो भनि हामी ठोकुवा गर्न सक्दैनौ । यो सबैमा पाइने गुण हो किनकी यसलाइ तपाई हामी सबैले अनुभव गरेका छौं ।

म यहा मानविय व्यवहारको कुरा गर्दैछु, जुन कुरा हाम्रो लागी मनाइ गरिएको छ, जुन कुरा हाम्रो निम्ति उपयुक्त छैन त्यही कुराहरुमा हामी लाग्दछौ । हामीलाइ थाहा पनि हुन्छ, कि यस्ता कुराहरुले हामीलाइ हानी नोक्सानी पुर्याउछ, हामी यी विषयहरुमा मानिसहरुले दिएका राम्रा सल्लाह र सुझावहरुलाइ पनि सुन्छौ र हामी हाम्रा वरिपरि भएका मानिसहरुको जीवनमा घटेका वा भएका कुराहरु पनि देख्छौ । तर पनि हामी आफैलाइ चोट पुग्ने वा वाधा पुर्याउने काम भने निरन्तर गरि नै रहन्छौ ।

जस्तो कि हामीलाइ थाहा छ, चुरोट, बिडी, खैनी तथा मादक पदार्थहरुको सेवन गर्नु हुदैन, किनकी यी कुराहरुको सेवनले हाम्रो शरिरलाइ हानी पुर्याउछ, यसको सेवनले विभिन्न रोगहरु लाग्छ र अनाहक रुपमा हाम्रो मृत्यु समेत हुन सक्छ । हाम्रै आँखाले हाम्रा वरिपरी यी कुराहरुको सेवनले ल्याएको प्रतिफल देखेका छौ ।

तर त्यति हुदाँहुदै पनि हामी आफै ती कुराहरुको लतबाट निस्कन चाहदैनौ र निरँतर सेवन गरिनै रहन्छौ ।

जब हामी नराम्रो बानीमा फस्छौ त्यसले हामीलाई अर्को वानी तिर तान्छ र नजानिदै हामी खराब बानी व्यहोरा को बन्धनमा जाकिन पुग्छौ । कुनै पनि लत एउटा आकर्षक र केही समयको निम्ति आनन्द को माध्यम भएर हामीमा

आउछ र हामीलाइ थाहा नै नभइ हाम्रो चेतनालाइ नष्ट गरिदिन्छ र त्यसबाट हामी आफै उम्कन सक्दैनौ ।

परमेश्वरले हाम्रो निम्ति नियम कानुनहरु बनाउनुभएको छ र ति नियमकानुनहरुको उलंघन गर्यौ भने के के परिणामहरु भेग्नु पर्ने हुन्छ त्यो पनि स्पष्ट रुपमा बताइएको छ । हामी आफ्नो बाटो आफै खन्छौ अर्थात जस्तो रोज्छौ त्यस्तै कटनी गर्छौ । हाम्रो बाटो सुन्दर र फराकिलो हुनुपर्छ र छ पनि यसमा सुरक्षित यात्रा गर्न सकिन्छ भनि प्रतिज्ञा पनि गरिएको छ , यदि हामी परमेश्वरको इच्छा अनुसार हिड्न तयार छौ भने ।

हामीलाइ परमेश्वरले देखाउनुहुने बाटो सुन्दर छ र यो बाटोलाइ हेर्दा यसका असल पक्षहरुले हामीलाइ विश्वास दिलाउछन कि यदि हामीले आफ्ना पाइलाहरुलाई यी बाटाहरुमा अगाडी बढायौ भने आशिषित हुनेछौ ।

तर संसारले देखाएका बाटोहरु सजिला छन् ती बातोहरुमा हामीले कुनै मोल चुकाउनु पर्दैन । हामी आफ्नै इच्छामा आफुलाइ असल लागेका कुराहरु गर्न सक्छौ तर यी सबै कुराहरुले नाशको बाटोमा पुर्याउँछन् ।

परमेश्वरको बाटो विश्वासको बाटो हो । यो बाटोमा यात्रा गर्ने यात्रीले धेरै अप्ठ्यारा हरुको सामना गर्नु पर्छ र हृदय देखिको प्रार्थनाद्धारा एक यात्री यस्तो बाटोमा यात्रा गर्न सक्छ । किनकी उक्त यात्रामा परमेश्वरको अनुग्रह माथी पूर्ण भरोसा गरिन्छ ।त्यसले परमेश्वरको आज्ञालाइ इमान्दारी पूर्वक पालना गर्दछ ।

हाम्रो सामु दुइवटा बाटाहरु वा गन्तव्यहरु छन् । यदि हामी पाप गर्दै रह्यो भने मृत्युलाइ भोग्नुपर्नेछ । तर जब हामी परमेश्वरसगँ हिड्छौ, तब अनन्त जीवनको आनन्द प्राप्त गर्छौ । हामी सबैले हामी हिड्नुपर्ने बाटो चुन्नुपर्ने हुन्छ र उक्त बाटोमा हिड्ने निर्णय गर्नुपर्ने हुन्छ । त्यसले हाम्रो गन्तव्यलाइ निर्धारण गर्दछ । त्यसैले भनिएको छ "पापको

ज्याला मृत्यु हो तर परमेश्वरको सित्तैको वरदान ख्रिष्ट येशु हाम्रा प्रभुमा अनन्त जीवन हो ।"

तसर्थ हाम्रा पापहरुलाइ त्यागेर ख्रिष्ट येशुको नजिक आऔ । उहाँ हामीलाइ अनन्त जीवन दिन चाहनुहुन्छ । ख्रिष्ट येशुले हाम्रा सबै बानीहरुमा परिवर्तन ल्याउन चाहनुहुन्छ । उहाँलाइ पाएर हामी हाम्रा स्वभावहरु माथी विजय प्राप्त गर्न सक्छौ र उहाँका आशिषहरुको अनुभुति प्राप्त गर्न सक्छौ ।

# २८ गहिरिएका कुराहरु

Albert Einstein जब ५ वर्षका थिए तब उनले एक कम्पास देखे । कम्पास भित्र भएको एउटा सियोलो उनको ध्यान तान्यो उनले प्रत्येक पल्ट जब उक्त कम्पासको सियोलाइ घुमाउथे, त्यो सियो उत्तर दिशातर्फ डंगीत गर्थ्यो त्यही सानो कुराबाट खोजी शुरु गरेर पछि गएर उनी ठूलो वैज्ञानिक बने र एउटा चिजको देखिने र नदेखिने विषयमा गहन अध्ययन गरे र रहस्यको कुरा शक्ति र पदार्थको विषयमा आफूले जानेर पछि सारा संसारलाइ अवगत गराए ।

त्यही कुरा येशूको जीवनमा देखिन्छ । पावल प्रेरितको जीवन येशूसँग कस्तो अचम्मको छ । नदेखिएको कुराहरुले पावलको जीवनको भित्री भागमा काम गर्‍यो जहाँबाट विचारहरु उत्पन्न भए, महत्वहरु स्थापित र निर्णयहरु शुद्ध गरिए । नदेखिएका कुराहरुले उनको भित्री जीवनमा काम गरेको कारणले उनको चरित्रलाइ एक नयाँ आकार दियो जसलाई परमेश्वरको नतिजा भन्न सकिन्छ ।

त्यसले यसरी काम गर्‍यो कि पावल प्रेरित र कोरिन्थी ५:१४मा यसो भन्छन् "ख्रीष्टको प्रेमले हामीलाई यो बाध्य गराउँछ किनभने हामीलाई यो निश्चय छ कि सबैका निम्ति एकजना मर्नुभएको हुनाले सबै मरे ।"
२ कोरिन्थी ५:१४

एकछिन् कल्पना गरौं तपाईं भोटेकोशीमा rafting गर्दैहुनुहुन्छ तब पानीको बहावले तपाईलाइ तल-माथी उचाल्छ र तपाईलाइ डर लाग्छ, र अडिने

ठाउँपनि पाउनुहुन्न र फर्किन पनि सकिन्न र त्यहाँबाट निस्कन पनि सकिन्न तर पनि जसो तसो त्यहाँबाट निस्केर आफ्नो गन्तव्यमा पुग्नुहुन्छ र एक पटक तपाई गन्तव्यम पुगेपछि तपाईको मन आनन्दित भएर आउँछ ।

खीष्टको प्रेम एक चट्टानको पर्खाल झैं हो र तपाई दायाँ पनि मोड्न सक्नुहुन्न र बायाँ पनि मोड्न सक्नुहुन्न केवल अगाडी मात्र बढ्न सक्नुहुन्छ र बाटो बाट हराएर जान सक्नुहुन्न ।

यसै सन्दर्भमा पावल लेख्छन् कि खीष्ट सबैको निम्ति मर्नुभयो ताकि बाँच्नेहरु आफ्नो निम्ति हैन तर उहाँको निम्ति बाँच्न सकून् । त्यस कारण कोही खीष्टमा छ भने नयां सृष्टि हो र पुरानो पन नयां भएर आएको छ ।

पवित्र धर्मशास्त्र बाइबलको फिलीप्पीको पुस्तक १ अध्याय २१ पदमा पावल प्रेरित भन्छन् । किनकी मेरो निम्ति जीउनु खीष्ट हो, र मर्नुलाभ हो । पावल प्रेरितको जीवन हेर्दा हामी यो कुरा देख्छौं कि खीष्टले उनको जीवनमा काम गर्नु भएको छ । उनले आफुलाइ खीष्टको चरणमा राखेर खीष्टले उनलाई धेरै दु:ख, कष्ट, जेलको सजाय भोग्न सक्ने शक्ति दिनुभयो । पवित्र धर्मशास्त्र बाइबलको २ कोरिन्थीको पुस्तक ३ अध्यायको ३ देखी १० पदमा पावल प्रेरित भन्छन् ।

"हाम्रो सेवामा दोष नभेटोस् हामी कसैको मार्गमा बाधाको कारण राख्दैनौं तर हर तरहले हामी आफैंलाई परमेश्वरको सेवकहरु हौं भनेर देखाउछौं- ज्यादै सहनशीलतामा, कष्टमा, कठिनाइमा, आपद्-विपद्मा कुटाई-चुटाइमा, कैदमा, हुलदङ्गामा, ज्ञानमा, धैर्यमा, दयामा, पवित्र आत्मामा, साँचो प्रेममा, सत्य

बोलीमा र परमेश्वरको शक्तिमा, दाहिने र देब्रे पट्टि धार्मिकताको अस्त्र-शस्त्र धारण गरेर, आदर र अनादरमा, बदनाम र सुनाममा । हामी ठगाहा झैंठानिन्छौं, तर हामी साँचो छौं । अपरिचित भए, तापनि हामी बाँचेकै छौं । सजाय भोगे तापनि मारिएका छैंनौं । गरीब भए तापनि धेरैलाई धनी तुल्याउने, केही नभएजस्तो, तापनि सबै थोक भएका ।"

-२ कोरिन्थी ६:३-१०

जसरी पावल प्रेरितले ख्रीष्टमा सबै कुरालाई सहने शक्ति पाए । त्यसरी नै हामीले पनि सबै कुरालाई सहने शक्ति उहाँमा नै पाउँछौं । उहाँको आत्माले हाम्रो हृदयमा काम गर्नुहुन्छ र सबै खराब र नराम्रा कुराहरुलाई हटाएर राम्रो कुराहरु हालिदिनुहुन्छ ।

यदि तपाई हामीले ख्रीष्टको मृत्युलाई बुझ्न सक्यौं भने हामी उहाँको प्रेमलाई बुझ्न सक्छौं र हामीमा ख्रीष्ट जीउनुहुन्छ । त्यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो र हामी उहाँमा जीउछौं भने हामी नयाँ सृष्टि हौं । त्यसकारण हामी आफ्नो निम्ति होइन तर अरुको निम्ति जीउनुपर्छ ।

# २९ प्रार्थना

प्रार्थना परमेश्वरसँग सम्बन्ध राख्ने सबभन्दा शक्तिसाली औजार हो । जब हाम्रो सम्बन्ध परमेश्वरसँग रहन्छ तब हामीमा परमेश्वरको चरित्र प्रकट हुन थाल्छ । जब अरु मानिसहरुले हामीलाई हेर्छन् तिनीहरुले अनुभव गर्छन् कि येशू हामीमा हुनुहुन्छ, अर्थात् हाम्रो हृदयमा परमेश्वर वास गर्नुहुन्छ । यो सबैभन्दा महत्वपूर्ण र महिमित सम्बन्ध हो किनकी परमेश्वरको प्रेमको कुनै सिमा छैन वा हुँदैन ।

जब परमेश्वरको आत्माले हाम्रो जीवनमा काम गर्न सुरु गर्नुहुन्छ तब हामी आफ्नो बारेमा भन्दा अरुको हितको बारेमा सोच्न थाल्छौं । किनकी अरुको समस्या छिट्टै हाम्रा हुन्छन् र अरुका दु:खमा हामी आफैं दुखी हुन्छौं । तब हामी केही गर्न थाल्छौं, तब हाम्रा हातहरु अरुको लागी अगाडी बढ्छन् किनकी पवित्र आत्मा हाम्रो मानमा काम गर्न थाल्नुहुन्छ ।

प्रार्थनामा समय बिताउने मानिस एकदम शक्तिशाली हुन्छ । जब हामी अरुको लागी प्रार्थना गर्छौं तब परमेश्वरको प्रेम हामीबाट उनीहरुमा प्रकट हुन्छ । अरुलाइ चोट पुऱ्याउने वचनभन्दा हाम्रीमा प्रेम र मधुरता हुन्छन् र अरुलाइ हामी परमेश्वरको प्रेमिलो चरित्रको बखान गर्छौं र उनीहरुलाई परमेश्वरको चरणमा ल्याउछौं ।

प्रभु येशूले आफ्ना चेलाहरुको निम्ति प्रार्थना गर्नुभयो भनेर पवित्र धर्मशास्त्र बाइबल यूहन्ना १७ अध्यायमा लेखिएको छ - प्रार्थना एक किसिमको

वार्तालाप हो । मानौं एउटा पापीले आफ्नो जीवनमा परमेश्वरको अगुवाईको निम्ति विन्ति गरे त्यसैले पवित्र धर्मशास्त्र बाइबलको मत्तीको पुस्तक २१ अध्यायको २२ पदमा प्रभु येशू भन्नुहुन्छ -"विश्वास गरेर तिमीहरुले प्रार्थनामा जे माग्छौ त्यो तिमीहरुले पाउनेछौ ।" मत्ती २१:२२

यो विनम्रताको पहिलो खुड्किलो हो जब हामी आफूलाइ कमजोर भएको अनुभव गर्दछौं र जीवन कुनै लक्ष्यविना अगाडी बढेको अनुभव हुन्छ, त्यो अवस्थामा हामी परमेश्वरको अगुवाइको निम्ति विन्ति गर्छौं र हामी उहाँसँग मद्दत माग्छौं किनकी हामी उहाँमा भर पर्छौं । जब हामीले आफ्नो जीवन परमेश्वरमा समर्पण गर्ने निर्णय लिन्छौं तब हाम्रो सम्बन्ध परमेश्वरमा बलियो हुन्छ र हामीले सम्बन्ध बलियो बनाउनको लागी उहाँसँग उपयुक्त समय बिताउनु पर्छ । यो कुरा हाम्रा साथीभाइहरुसँग पनि लागुहुन्छ । परमेश्वरले हामीलाई धेरै प्रेम गर्नुहुन्छ, जति धेरै समय हामी उहाँसँग विताउँछौं त्यति नै हाम्रो सम्बन्ध उहाँसँग दह्रो हुन्छ । परमेश्वरसँग समय विताउनु भनेको नै प्रार्थना गर्नु, बाइबल पढ्नु र उहाँको विषयमा अरुलाइ बाड्नु हो ।

हाम्रो परमेश्वर त परमेश्वरहरुको पनि परमेश्वर हुनुहुन्छ । उहाँलाइ हामी जतिखेर पनि पुकार्न सक्छौं र उहाँले हाम्रो प्रार्थनाको उत्तर दिनुहुन्छ । किनकी उहाँ त प्रेमको परमेश्वर हुनुहुन्छ ।

प्रार्थनाको विषयमा यसो भनिएको छ -

"प्रार्थनाले परमेश्वरको हृदयलाइ उघार्छ र विश्वासको आँखाले परमेश्वरलाई नजिक ल्याउँछ, दैविय प्रेमले प्रार्थनामा मानिसलाइ ढाक्दछ ।"

जब तपाई हामीले आफ्नो विश्वासलाई अभ्यास गर्छौं तब त्यसले हामीलाइ शक्ति र साहस दिन्छ र हामी अरुको निम्ति बाधक होइन तर सहयोगी हुन्छौं र हामी अन्धकारमा बसेका मानिसलाइ ज्योतिमा ल्याउन सफल हुन्छौं ।

प्रेम इसाईहरुको सबभन्दा ठूलो चरित्र हो, जुन कुरा परमेश्वरले मानिसहरुमा प्रकट गर्नुहुन्छ । यदि हामीसँग अरुको निम्ति प्रेम हुदैंन भने हामी पनि परमेश्वरलाई प्रेम गर्दैंनौ । जबसम्म हामीसँग प्रेम हुँदैन तबसम्म हामी अरुप्रति संवेदनशील हुन सक्दैनौं । त्यसैले परमेश्वरको प्रेम हामीले आफूमा लिनुपर्छ र अरुलाई पनि बाँड्नुपर्छ ।

प्रार्थनाले मानिसहरुलाइ एक ठाउँमा ल्याउँछ र उनीहरु प्रेममा एक छन् भनेर देखाउँछ । जब हामी अरुको निम्ति प्रार्थना गर्छौं तब हाम्रो विश्वास अझै बढी हुन्छ ।

प्रभु मलाई तपाईका हातको कचौरा बनाउनुहोस् ताकि म अरुप्रति सचेत हुनसकौं । मेरो प्रार्थनाले अरुको जीवनमा खुशी ल्याओस् । त्यसैले येशूले आफ्नो चेलाहरुलाइ भन्नुभयो –

"यदि तिमीहरुमध्ये एक अर्कालाइ प्रेम गर्‍यो भने यसबाट सबैले जान्नेछन् कि तिमीहरु मेरा चेलाहरु हौ ।"

## ३० नयाँ पूस्ताका लागी सामाजिक सञ्जाल

आजको युगलाई विज्ञान र प्रविधिको युग भनिन्छ । आजको युगमा बाँचेका आमा बाबुले आफ्ना सन्तानहरुकोप्रविधि प्रतिको चाहनाहरुको सम्मान गर्छन् । त्यो चाहना जब उनीहरुसाना थिए उनीहरुका बाबु आमाले आफू सानो हुदा अनुभव गरेको थिएनन् ।

बिसौं सताब्दिको अन्ततिर आइसकेपछि मात्र यो संसारले सामाजिक परीवर्तन, सञ्चर माध्यमको व्यापक प्रभाव र संस्कृतीमा आएको परिवर्तनलाई अनुभव गरे । विज्ञान र प्रविधिको विकासले यो संसारमा भएको कुनै पनि कुनामा भएको विज्ञान र प्रविधिको घटनाले केही क्षणमा नै पुरा संसारमा प्रभाव पार्ने क्षमता राखेको हुन्छ, र मानिसले विज्ञान र प्रविधिलाइ आफ्नो हितको लागी मात्र प्रयोग गर्ने गरेको पाइन्छ । आफ्नो सु:खको लागी मात्र मानिसले विज्ञान र प्रविधिको प्रयोग गरी राखेको छ र हामी सबैलाइ थाहा छ कि विज्ञान र प्रविधिका दुइ पाटाहरु छन्, सकारात्मक र नकारात्मक ।

धेरै कुराको कारणले विज्ञान र प्रविधि मानिसको निम्ति आशिष भएको छ भने यो श्राप पनि बनेको पाइन्छ । आजको सञ्चारमाध्यमद्वारा संसारको कुनै पनि देशले अरुमाथि आफ्नो प्रभुत्व जमाउन सक्षम भएको छ । यो प्रभुत्व शिक्षाको क्षेत्रमा, स्वास्थ्य, आणविक र रासायनिक हातहतियार, उद्योग, व्यापार, राजनितिक, सामाजिक र धार्मिक आदि ।

यी कुराहरुले एउटा राष्ट्रले अर्को राष्ट्रमाथि आफ्नो प्रभाव पार्ने मात्र होइन तर त्यस राष्ट्रका

जनताहरुको जीवनमा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभाव पारी राखेको हामी पाउँछौं ।

एउटा अध्ययनको अनुसार एक परिवारमा हुनुपर्ने पारस्पारिक सम्बन्ध, एकअर्का प्रति प्रेम घट्दै गएको पाइएको छ, र सामाजिक सञ्जालको माध्यमबाट एकअर्काको नजिक हुनुभन्दा झन् टाढिएको हामी पाउँछौं ।

अमेरिकाको एउटा संस्थाले गरेको अनुसन्धान अनुसार -

१. ८४% अहिलेका युवाहरुसँग मोबाइल फोन छ ।

२. ९३% युवाहरु आफ्ना साथीसँग मोबाइल र अनलाइन आफ्ना सामाजिक संजालसँग जोडिएका छन् ।

३. प्रत्येक १० मित्रमा ७ जनालाइ दिनमा कम्तिमा पनि एउटा सन्देस पठाउने गर्छन् ।

४. १०० जनामा ९५ जना युवाहरुfacebook , twitter चलाउँछन् ।

५. ६२ प्रतिशत युवाहरुका आमा बाबु भन्छन् कि उनीहरुका नानीहरु नित्यरुपमा आफ्ना साथीसँग सम्पर्कमा हुन्छन् ।

हाम्रो देशमा पनि social media ले गहिरो प्रभाव पारेको छ । प्रतिदिन बढ्दै जाँदैछ । यसले युवाहरुलाइ अलग राखेको छ । यसलाइ हामी generation gap पनि भन्छौं । सामाजिक संजालहरुमा सबै किसिमका जानकारी प्राप्त गर्न सकिन्छ र ती जानकारीको सही वा गलत रुपमा प्रयोग गर्न सकिन्छ ।

त्यसकारण आमाबाबुले छोरा छोरीलाई नैतिकता सिकाउनु पर्छ र उचित शिक्षा प्रदान गर्नुपर्छ । उनीहरुलाइ इन्टरनेट राम्ररी चलाउन दिनुपर्छ ताकि उनीहरुले राम्रा कुरा सिकुन् त्यो पनि एक निश्चित समयको लागी उनीहरुको क्रियाकलापलाइ नजरमा राखेर नियन्त्रण गर्नु नै बुद्धिमानी हो ।

# ३१ बत्ती बलिरहन देऊ

Benjamin Franklin आफ्नो देशको नागरीकलाइ यो सम्झाउने कोशिस गरे कि राती हिंड्दा सडकमा बत्ती बाल्नु ताकि राती हिंड्दा कसैलाई ठेस वा चोट नलागोस् । उनले यो सम्झाउने कोशिस गरे कि यदि राती हिंड्दा बत्ती बाल्यो भने अधन्कारमा हुने दुर्घटनाहरु देखी जोगाउँछ । तर जति बुझाउंदा पनि उसले आफ्ना छिमेकीहरुले उक्त कुरा बुझेन्न् । अन्तमा उनले आफ्नै घरको अगाडी बत्ती बाले र त्यो बत्तीको उज्यालोले धेरै मानिसलाइ आशा र सान्त्वना दिए र धेरैलाई दुर्घटनाहरु हुनबाट बचाए । यो देखेर उनका छिमेकीहरुले पनि त्यसो गर्न थाले र त्यो पछि चलन बन्यो ।

त्यसकारण पवित्र धर्मशास्त्र बाइलमा एफिसीको पुस्तकको ५ अध्यायको ८ देखि १५ पद सम्म पावल प्रेरित भन्छन् -

"किनकी एक पल्ट तिमीहरु अन्धकार थियौ, तर अब प्रभुमा तिमीहरु उज्यालो भयौ । ज्योतिका सन्तानझै हिंडडुल गर, किनकी सबैभलाइ, धार्मिकता र सत्यतामा नै ज्योतिको फल पाइन्छ, र प्रभुलाई मन पर्ने के हो सो सिक्ने कोशिश गर र अन्धकारका निष्फल कार्यहरुमा भाग नलेओ, बरु तिनलाई प्रकट गरिदेओ । किनकी तिनीहरुले गुप्तमा गरेका कामहरुका विषयमा भन्नु पनि शर्मको कुरो हो । तर ज्योतिद्वारा कुनै कुरा प्रकट गरिंदा त्यो प्रष्टै देखिन्छ । त्यो कुरा, जो प्रष्टै देखिन्छ, त्यो ज्योति हो । यसैले यस्तो भनिएको छ,

"ए निद्रामा परेकाहरु, जाग र मरेकाहरुबाट उठ, र ख्रीष्टले तिमीहरुलाई प्रकाश दिनुहुनेछ ।" (एफिसी ५:८-१५)

जब येशूलाई तपाई र मैले आफ्नो हृदयमा निम्त्याउछौं तब हामी जस्तो पहिले थियौं त्यस्तो हुदैनौं । हाम्रो जीवन वातावरण जस्तो होइन जसमा दिन र रात हुन्छ । परिवर्तन हुनु भनेको आफूलाइ बदल्नु मात्र होइन परिवर्तन भनेको ख्रीष्टको ज्योतिलाई आफ्नो जीवनमा चम्काउनु हो र हाम्रो जीवनको परिवर्तन परमेश्वरबाट मात्र हुन्छ किनकी उहाँ संसारको ज्योति हुनुहुन्छ ।

जब हामी अंधकार देखी प्रकाश तर्फ जान्छौं तब हामी तीन कुराहरु पाउछौं ।

१. हामी अंधकारबाट छुट्टियौं,

पावल प्रेरित एफिसीको पुस्तक ५ अध्याय ३ देखी ७ पदमा यसो लेख्छन् -

"तर तिमीहरु बीचमा व्यभिचार र सारा अशुद्धता अथवा लोभको नाउँसमेत नलिइओस्, जो सन्तहरुका बीचमा हुन सुहाउँदैन । कुनै अश्लील कुरा, मूर्ख बातचीत अथवा बेफाइदाको ठट्यौली नगर्नु, यी सुहाउने कुरा होइनन् । तर बरु धन्यवाद दिने काम होस् । किनकी यो त तिमीहरु निश्चय नै जान, कि कुनै व्यभिचारी कि अशुद्ध मानिस अथवा लोभी मानिसलाई (जो मूर्तिपूजक हो) ख्रीष्ट र परमेश्वरको राज्यमा कुनै उत्तराधिकार छैन ।कसैले तिमीहरुलाई खोक्रा कुराले धोखा नदिआस्, किनकि ती कुराको कारणले अनाज्ञाकारीहरुमाथि परमेश्वरको क्रोध पर्छ । यसकारण तिनीहरुसँग सहभागी नहोओ ।(एफिसी ५:३-७)

२. हामी ज्योतिको सन्तान हुन्छौं -

पावल प्रेरित एफिसीको पुस्तक ५ अध्यायको ८ देखी १० पदमा यसो भन्छन् - "किनकि एक पल्ट तिमीहरु अन्धकार थियौ । ज्योतिका सन्तानझैं हिंडडुल गर, किनकि सबै भलाइ, धार्मिकता र सत्यतामा नै ज्योतिको फल पाइन्छ, र प्रभुलाई मन पर्ने के हो सो सिक्ने कोशिश गर ।(एफिसी ५:८-१०)

३.हाम्रो परिवर्तनले अरुमाथि प्रभाव ल्याउँछ पावल प्रेरित एफिसीको पुस्तक ५ अध्याय ११ देखी १४ पदमा यसो भन्छन्-"अन्धकारका निष्फल कार्यहरुमा भाग नलेओ, बरु तिनलाई प्रकट गरिदेओ । किनकि तिनीहरुले गुप्तमा गरेका कामहरुका विषयमा भन्नु पनि शर्मको कुरा हो । तर ज्योतिद्वारा कुनै कुरा, जो प्रष्टै देखिन्छ, त्यो ज्योति हो । यसैले यस्तो भनिएको छ :

"ए निद्रामा परेकाहरु,<br>
जाग र मरेकाहरुबाट उठ,<br>
र ख्रीष्टले तिमीहरुलाई प्रकाश दिनुहुनेछ ।"

(एफिसी ५:११-१४)

प्रकाशको सन्तानले अन्धकार र ज्योतिलाइ छुटाउन सक्छ र उ अन्धकारबाट ज्योतिमा हिंड्न सक्छ र ज्योतिको सन्तान भएपछि हामीमा कुनै पनि खराब गुण हुँदैन र कुनै प्रकारको अशुद्धता हुँदैन । हामीहरु परमेश्वरको सन्तान हौं र त्यसकारण हामीले असल र धार्मिकताले भरिपूर्ण जीवन जीउनुपर्छ र त्यसकारण आफ्नो जीवन परमेश्वरलाई सुम्पनुपर्छ । ताकि हाम्रो जीवन परमेश्वरलाई सुम्पेर हाम्रो जीवन परिवर्तित होस् ।

# ३२ क्षमाशिल

बिहान १० बजेको थियो, अदालतको ढोका खोलियो, John जसको एकमात्र छोरीलाई अपहरण गरी निर्ममता पूर्वक हत्या गरियो र हत्यारालाइ पनि अदालतमा उपस्थित गराइयो । त्यो दिन फैसलाको दिन थियो र सबै सबुतहरुले हत्यारालाई दोषी ठहराएको दिन थियो र न्यायधिसको उपस्थितमा हत्यारालाई दोषी करार गरियो र जब न्यायधिषले सजाय दिन लागे तब Johnको मनमा एउटा सानो आवाजले भन्यो- John म कलवरीको क्रुसमा त्यो मानिसको लागी मरें ताकी त्यो मानिस नपरोस् तर अनन्त जीवन पाओस् र तिमीले पनि उसलाई क्षमा गर्न सिक ।"

तब John उठेर न्यायधिसलाई भने-"श्रीमान् म केही भन्न चाहन्छु, यो व्यक्तिलाई छाडिदिनुहोस् किनकि उसलाइ म क्षमा गर्दछु ।"

यदि John ले आफ्नो छोरीको हत्यारालाई क्षमा गर्न सके भने तपाईं र म के गर्ने त ? के हामी पनि हाम्रो विरुद्धमा अपराध गर्नेलाइ माफ गर्न सक्छौं त ? के बदला लिने काम हाम्रो हो त? अरुलाई नष्ट गर्ने खराब योजना बनाउने कतिको जायज हो त ?

येशूले तपाईं र मेरो निम्ति आफ्नो रगत बगाउनुभएको छ । त्यसकारण उहाँको अनुग्रहलाई स्वीकार गर्न हामीले सिक्नुपर्छ ।

# ३३ मृत्यूमा अनुग्रह

Stephen पावल प्रेरित जस्तै शिक्षित व्यक्तित्व थिए र धर्मशास्त्रलाई गहिरो गरी अध्ययन गरेका थिए, र इसाई विश्वासको खम्बा उनी थिए भन्दा अर्को अर्थ नलाग्ला । त्यो भन्दा बृसी उनको गहिरो विश्वास परमेश्वरलाई थाहा थियो र उहाँले उनलाई प्रेम गर्नुहुन्थ्यो ।

परमेश्वरको महिमाको विषयमा उनले स्पष्ट रुपमा बोल्ने काम गरे र पवित्र आत्माले उनलाई अगुवाई गर्नुभएको थियो । जब केही Greek यहूदीहरुले Stephen को आत्मिकी शक्तिसँग मूकाबिला गर्न सकेनन् तब उनीहरुले उनलाई गलत आरोप लगाएर सजाए दिन काउन्सीलमा उनको कुरा पुऱ्याए ।

उनले त्यसबेलाको एउटा सभालाई उत्तर दिए जसमा इस्राएलीहरुको इतिहासको वर्णन परमेश्वरले मोशा देखी विभिन्न भविष्यवक्ताहरु गर्नुभएको व्यवहार, र ख्रीष्टको विषयमा वर्णन गरे । उनले दिएको स्पष्टीकरणमा यहूदीहरुले आफू दोषी भएको महशुस गरी सकेका थिए किनकि उनीहरुले निर्दोष आत्मालाई क्रुसमा झुण्डाएर मारेको घटना उनीहरुको अगाडी घुमिरहेको थियो ।

त्यही कुरा सहन नसकी उनीहरुले निर्दोष Stephen, ख्रीष्टको अर्को निर्दोष चेलामाथी जाइलागेर ढुङ्गाले हानेर मारे । ख्रीष्टको खातिर उनी पहिले सहिद भए ।

आफ्नो मृत्यूभन्दा पहिले Stephen ले क्षमाको लागी प्रार्थना गरे

"हे प्रभु यो पापको दोष यिनीहरुमाथि नलागोस् त्यति भनेर उनले आफ्नो प्राण त्यागे । त्यस्तै प्रार्थना येशूले मर्नुभन्दा पहिले क्रुसमा गर्नुभयो । यसरी Stephen ले आफ्नो गुरुको उदाहरण छोडे ।

## ३४ हामी के गर्न सक्छौं ?

एउटा धनी मानिस, खाइलाग्दो, पूर्ण जोश र आनन्द, यात्रा गर्न मन पराउने र सेनाको कमाण्डर हुने चाहना तर काम गर्न नचाहने ।

एक मीसनरीमध्ये अफ्रिकामा सुसमाचार प्रचारमा सहयोग गर्नु जस्तो सुकै दुःख, कष्टको सामना गर्न तयार, विमारी, हिंसा र मृत्यु पनि हुनसक्थ्यो ।

परमेश्वरले मात्र यी दुइ वर्गको मानिसहरुलाइ एक ठाउँमा ल्याउन सक्नुहुन्छ र एक कथा बनाउन सक्नुहुन्छ ।

James Hammington - पहिलो Angelican Bishop पुर्वी अफ्रिकामा प्रचार गर्न गए । उ अन्य मिसनरीहरु भन्दा धेरै काम गरे र Bishop James को जीवनले भन्दा उनको मृत्युले धेरै काम गरेको छ भनेर Church Missionary society (CMS) ले भनेको छ । Victoria लेकमा दुइ मिसनरीको हत्याराले James लाइ चुनौति दिएका थिए ।

१८८२ मा James ले Uganda भन्ने देशमा जहाँ मानिसहरु एकदम हिंस्रक र डरलाग्दा थिए त्यहाँ आफ्नो टिमलाइ लिएर गएको थिए । त्यस बेलाका राजा Mwanga ले James लाइ मार्ने आदेश दिए । 5 oct. 21 1885 मा James लाइ मारियो । उसले मर्नुभन्दा अगाडी यसो भने, जाउ र तिम्रो राजालाइ भन मैले Uganda को माटोलाई मेरो रगतले किनेको छु ।

उनी मरेको एक हप्तापछि England मा यो कुरा फैलियो र उनको बलिदान देखी प्रेरित भएर ५० व्यक्ति अफ्रिकामा सेवा गर्न तयार भए ।

मर्कुस १० अध्यायको १७ देखी २२ पदमा धनी मानिस र स्वर्गको राज्यको कथा बताइएको छ । उक्त धनी मानिस येशू जस्तै दयावन्त अरु प्रति प्रेम राख्ने जस्तै हुन चाहन्थ्यो । येशूले भन्नुभयो कि उ सारा सम्पत्ती गरीबलाइ बाडेंर उहाँको पछि लाग भन्नुभयो तर त्यो मानिस दु:खी भयो किनकी उ धेरै धनी थियो ।

जहाँ धन हुन्छ त्यहाँ मन पनि हुन्छ त्यसकारण हामीले स्वर्गमा धन जम्मा गर्नुपर्छ ।
पवित्र धर्मशास्त्र बाइबलको यूहन्ना ३:१६मा लेखिएको छ- परमेश्वरले संसारलाइ यस्तो प्रेम गर्नुभयो उहाँले आफ्नो उकलौते पुत्र दिनुभयो जो कोहीले उहाँमाथी विश्वास गर्छ त्यसको नास हुने छैन तर त्यसले अनन्त जीवन पाउनेछ ।

जब परमेश्वरले हामीलाई बचाउन आफूसँग भएको कुरालाइ लगानी गर्नुहुन्छ हामीले हामीसँग भएको कुरालाइ किन परमेश्वरलाइ नदिने र उहाँले आफ्नो पुत्र हामीलाइ दिनुभयो ताकि हामी उहाँको राज्यमा प्रवेश गर्न सकौं ।

यस सन्र्दभमा पावल प्रेरित र कोरिन्थी ११ अध्यायको २३ देखी ३१मा लेख्छन् -"के तिनीहरु हिब्रु हुन् । म पनि हुँ । के तिनीहरु अब्राहमका सन्तान हुन् ? म पनि हुँ । के तिनीहरु ख्रीष्टका सेवक हुन् ? म अझ असल सेवक हुँ । पागल झैं म बोलीरहेछु । मैले ज्यादै परिश्रम गरे । कैदमा अझ धेरै पल्ट परें । अनगिन्ति कोर्रा खाएँ, मृत्युको मुखमा बारम्बार परें । पाँच पल्ट मैले यहूदीहरुको हातबाट एक कम चालीस गरी कोर्रा खाएँ । तीन पल्ट मलाइ लौराले पिटें । एक पल्ट ढुङ्गाले हाने, तीन पल्ट चढेको

जहाज ध्वस्त भयो । एक दिन एक गत मैले समुद्रमा नै बिताएको छु । मेरो बारम्बारको यात्रामा म नदीहरुको जोखिममा, डाँकुहरुको जोखिममा, आफ्नै जातिका मानिसहरुको जोखिममा, अन्यजातिका मानिसहरुको जोखिममा मुटुको जोखिममा, झुटा भाईहरुबाट आउने जोखिममा परें । परिश्रम र कष्टमा, कति-कति अनिदो रातमा, भोक र प्यासमा, बारम्बार उपबासमा ठन्डी र नग्नतामा परें, अनि अरुकुरा बाहेक सबै मण्डलीहरुको फिक्रीको बोझ ममाथी छ । को दुर्बल छ र मचाहिँ छैन ? को पापमा फसाइएको छु र म चाहिँ व्याकुल हुँदिनँ ?

मैले गर्व गर्नु नै पर्ने हो भने, म आफ्नो कमजोरी देखाउने कुरामा गर्व गर्नेछु । प्रभु येशू परमेश्वर र पिता, जो सदा सर्वदा हुनुहुन्छ भनि म कहिल्यै पनि ढाड्दिंन ।" २ कोरिन्थी ११:२३-३१

जब हामी परमेश्वरलाइ स्विकार्छौं तब हामी जीवन आपसेआप बदल्न थाल्छ । हाम्रो सारा शरिरले परमेश्वरको महिमाको वर्णन गर्न थाल्दछ । तब हामी हाम्रो निम्ति के गर्न सक्छौं र परमेश्वरको निम्ति के गर्न सक्छौं त्यो प्रश्न गर्न थाल्छौं ।

## ३५ परमेश्वरको नक्सा

आज भन्दा ३ वर्ष अर्थात सन् २००९मा मैले यूरोपको डेनमार्क भन्ने देशमा घुम्ने मौका पाएँ । मेरो निम्ति यूरोप मैले सोचेभन्दा वा कल्पना गरेभन्दा धेरै भिन्न थियो । सबै कुरामा यूरोपले गरेको प्रगति त्यहाँको मानिसहरुको इमान्दारिता र मिहेनेतको उपलब्धी हो भन्दा अचम्म मान्नु पर्दैन ।

डेनमार्क एक सानो देश हो, त्यसको जनसङ्ख्या ५० लाख छ । डेनमार्क एक सानो देश भएतापनि विश्वको धनी देशहरुमध्ये एक हो । स-साना पहाड, समथल भूमी र समुद्रले घेरिएको देश । यो देश सुन्दर, शान्त अनि त्यहाँका बासिन्दाहरु मिलनसार, इमान्दार र परिश्रमी छन् । हामी जस्ता नेपाली त्यस देशबाट धेरै कुरा सिक्न सक्छौं ।

म डेनमार्ग पुगेको दोस्रो दिन मलाई लाने डेनीस जोडीले नेपाली भाषा बोल्ने भुटानी शरणार्थी बसेको ठाउँ लाने निर्णय गर्नुभयो र म उहाँहरसँग गाडीमा चढें र ती जोडीको श्रीमान्ले हाम्रो गन्तव्यको नाम एक सानो मेसिनमा लेख्नुभयो र हामी अगाडी बढ्यौं । म अचम्ममा परें कि ती सानो बाकसले त्यो गाडीलाइ निर्देशन दिइराखेको थियो र हामी हाम्रो गन्तव्य आइपुग्यौ र त्यहाँ बस्ने नेपाली दाजुभाइसँग भेट गर्‍यौं ।

हामी हाम्रो देशमा एक ठाउँबाट अर्को ठाउँ जाँदा एक अर्कालाइ बाटोमा सोध्ने गर्छौं र एक अर्काको सहयोगबाट हामी जीइरहेका छौं । तर यूरोप त्यस्तो छैन, त्यहाँका मानिसहर आत्म निर्भर छन् र

सबैकुरा आफैं गर्छन् र त्यसका सकरात्मक र नकरात्मक दुवै कुरा छन् ।

म GPS (Global Positioning Systm )को कुरा गर्दैछु । त्यस यन्त्रले हामीलाइ हाम्रो गन्तव्यमा पुग्न पद्दत गर्छ । यदि तपाईंसँग गाडी छ भने र त्यसमा तपाईले GPS लगाउनु भएको छ भने तपाईलाई आफ्नो गन्तव्यमा पुग्न कठीनाइ पर्दैन । आजको समयमा GPSले मानिसको यात्रालाइ सहज बनाएको छ ।

यदि हाम्रो जीवनलाइ निर्देशन दिने GPS भएको भए कति राम्रो हुन्थ्यो होला ।

परमेश्वरले तपाई र मेरो जीवनको अगुवाई गर्ने वाचा गर्नु भएको छ । उक्त वाचा परमेश्वरले विभिन्न भविष्यवक्ताको लेखाइ वा बोलाइबाट गर्नुभएको छ । ती वचनहरु हाम्रो जीवनको अगुवाइको निम्ति परमेश्वरले दिनु भएको छ । भविष्यवक्ताहरुले परमेश्वरको बाटोको रेखा हाम्रो अगाडी प्रस्तुत गर्नुभएको छ र तीनै रेखाको आधारमा हामी अगाडी बढ्नुपर्छ । कसरी बाँच्ने, कसरी अगाडी बढ्ने परमेश्वरले भन्नुभएको छ । विशेष कामको निम्ति भविष्यवक्ताहरुलाई परमेश्वरले कोसँग के कुरा गर्नुपर्छ भनेर सिकाउनु भयो । परमेश्वरले आफ्नो कुरा मानिसहरुको विचमा विभिन्न विधि वा माध्यमबाट पुऱ्याउनुभयो ताकी मानिसहरुले परमेश्वरको इच्छा जान्न सकून् ।

पवित्र धर्मशास्त्र बाइबलको प्रकाशको पुस्तक १ अध्यायको १,२ पदमा यसो लखिएको छ -

"येशू ख्रीष्टको प्रकाश, जो परमेश्वरले चाँडै हुन आउने कुराहरु आफ्ना सेवकहरुलाइ देखाउन उहाँलाइ दिनुभयो । उहाँले आफ्नो दुत पठाएर यो

कुरा आफ्नो सेवक यूहन्नालाइ प्रकट गरिदिनुभयो । यूहन्नाले देखेका सबै कुराहरुको, अर्थात परमेश्वरको वचन र येशू ख्रीष्टको साक्षीको गवाही दिए -प्रकाश १:१,२

यहाँ परमेश्वरले आफ्नो स्वर्गदुतहरुद्वारा आफ्नो समाचार पठाउनु भयो ।

त्यसैगरी परमेश्वरले सपनाद्वारा पनि आफ्नो सन्देश पठाउनुहुन्छ।

राजा नबूकदनेसरलाई उहाँले सपना सपनाद्वारा संसारको इतिहासको रहस्य बताउनुभयो । सपना भनेको परमेश्वरको एक भिडीयो हो जसमा हाम्रो निम्ति सन्देश हुन्छ र धेरैजसो भविष्यवाणी सपनादाय परमेश्वरले दिनुभयो । राजा नबूकदनेसरले सपना देखे र त्यस सपनाको अर्थ परमेश्वरको सेवक दानिएलले खोलिदिए ।

परमेश्वरले मानिसहरुलाइ दर्शनद्वारा आफ्नो सन्देश दिनुभएको छ । भविष्यवक्ताहरुलाइ दर्शन जुनसुकै समयमा पनि पाउन सक्थे । दानिएल, येशैया, यर्मिया जस्ता अगमवक्ताहरुले दर्शन पाएका थिए ।

प्रेरित ७ को ५५-५६ पदमा स्टीफनले आफ्नो मृत्युभन्दा अगाडी दर्शन देखेका थिए ।

पवित्र आत्माले भरिएर उनले एक टक लगाएर स्वर्गतर्फ हेरे र परमेश्वरको महिमा र येशूलाइ परमेश्वरको दाहिने पट्टी उभिरहनुभएको देखे र तिनले भने- "हेर म स्वर्ग उघ्रेको म देख्दछु; र मानिसको पुत्रलाइ परमेश्वरको दाहिने पट्टी उभिरहनुभएको म देख्दछु ।" प्रेरित ७:५५-५६

परमेश्वरले तपाई-हामीसँग सानो आवाजद्वारा कुरा गर्नुहुन्छ; र हामी उहाँको आवाज सुन्न सक्छौं ।

परमेश्वरले मोशासँग प्रत्यक्ष कुराकानी गर्नुभएको हामी देख्दछौं । येशूले परमेश्वरको वास्तवित मुहार हाम्रो सामु देखाउनु भएको छ । उहाँ मानिस भएर आउनुभयो र हाम्रो माझमा बस्नुभएको छ । हामी परमेश्वरलाई येशूद्वारा चिन्न सक्छौं । परमेश्वरले हाम्रो जीवनलाई अगुवाई गर्न चाहनुहुन्छ त्यसकारण उहाँले हामीलाइ भविष्यवक्ताहरुद्वारा निर्देशन दिनुभएको छ ।

# ३६ ईर्ष्या

इख एक नकरात्मक भावना हो, यो मानिसको मनमा एक अस्वभाविक शंका, डर र रिसको कारणले हुने गर्दछ । यसको प्रतिपफल हिंसा पनि हुनसक्छ । यो मानिसले आफूलाई तल्लो रुपले हेर्दा वा आफूले अरुसँग तुलना गर्दौ उत्पन्न हुनेगर्छ । यो भावना आफ्नै दाजुभाई, परिवारबाट सुरुहुन्छ ।

इख, इर्ष्या वा रिस प्रत्येक मानिससँग भित्री मनमा हुन्छ र त्यसको प्रस्तुति परिस्थिति र वातावरण अनुसार हुन्छ । त्यसको सुरुवात पृथ्वीको सृष्टि पछि देखि नै भएको पाइन्छ । कयिन र हाबिल आदम र हव्वाका पहिलो र दोस्रो सन्तान थिए ।कयिन किसान थिए र हाबिल चाहीं गोठाला थिए । केही समयपछि कयिनले आफ्नो पहिलो उब्जनी परमेश्वरलाई ल्याए र हाबिलले पहिलो पाठो ल्याए र परमेश्वरलाई चढाए । परमेश्वरले हाबिलको बली ग्रहण गर्नुभयो र कयिनको बलीलाइ ग्रहण गर्नुभएन र कयिनले आफ्नो मनलाई सानो पारे र भाइसँग रिसाए र पछि उनको रिसको कारणले उसले आफ्नो भाइको हत्या गर्नपुगे ।

त्यसकारण रिस नराम्रो कुरा हो, यो रिस सानो कुरा देखि सुरुहुन्छ तर अन्य नराम्रो हुन्छ नराम्रो काम गर्न थाल्छ । कुनै पनि कुराको इच्छा गर्नु नराम्रो कुरा होइन तर त्यो कुरा प्राप्त गर्न नराम्रो उपाय भने प्रयोग गर्नु हुँदैन, त्यो कुरा प्राप्त गर्ने कडा मेहनत र परिश्रम गर्नुपर्छ ।

रिसको सुरुवात सानो उमेर बाटै हुन्छ । हाम्रो पहिलो छोरा १० वर्षको भएपछि मात्र दोस्रो छोरा

जन्मियो, आफ्नो भाइ जन्मेकोमा सुरुवातमा त खुशी भयो तर पछि गएर जानेर वा नजानेर रिसाउन थाल्यो किनकी उसले देख्यो कि हाम्रो ध्यान उसबाट हटेर सानो छोरा माथि छ । तब उ डाह गरेर भाइसँग रिसाउन थाल्यो ।

धेरै पटक उसले प्रश्न गर्न थाल्यो कि के हामी उ सँग माया गर्छौं कि गर्दैनौं ? उसले सोच्न थाल्यो भाइ नजन्मेको भए कति राम्रो हुनेथियो ।

आजको समयमा सन्तानहरु आमाबाबुको प्यारो बन्न तंछाड-मंछाड गरिरहेका हुन्छन् । कतिपय परिवारमा दोस्रो बच्च जन्मेपछि पहिलो बच्चालाई वास्ता गरिर्दैन, त्यसको विभिन्न कारणहरु हुनसक्छन् ।

पवित्र धर्मशास्त्र बाइबलमा उत्पत्तिको पुस्तक ३७ अध्यायको ३ पदमा हेर्‍यौं भने हामी पाउछौं कि याकुबले योसेफलाइ बढी माया गरेको देखेर उसका दाजुहरु योसेफसँग रिसाउन थाले । जसरी कयिनले निर्दोष हाबिललाई मारे त्यसरी नै योसेफलाई उनका दाजुहरुले परदेशीको हातमा बेचीदिए ।

तपाई कुन अवस्थामा हुनुहुन्छ-मलाई थाहा छैन तर तपाईंका आमाबाबुले तपाईलाई भन्दा तपाईका दाजुभाई तथा दिदी बहिनीहरुलाई बेसी माया गर्नुहुन्छ भने तपाईमा रिस आउनु स्वभाविक नै हो ।

तपाईको आमाबाबुले तपाईलाइ माया गर्नुहुन्छ त्यसमा तपाई शंका नगर्नुहोस् र तपाई कहिले पनि त्यो कुरा नबिर्सिनुहोस् ।

सानो रिस वा इखले ठूलो घटना घटाउनसक्छ । हामी देनिक रुपमा पढ्ने गर्छौं वा सुन्ने गर्छौं कि यस्ता ठूला घटनाहरु घटेको हेर्छौं वा सुन्छौं । प्रेमको कुरामा, धन-सम्पत्तिको कुरामा, जग्गा जमीनको कुरामा

यस्ता झगडाहरु हुने गर्छन् । त्यही भएर हामी खशी र आवक्षीत हुनुपर्छ र त्यसले हाम्रो जीवनलाइ सकरात्मक दृष्टिकोण दिन्छ ।

नकरात्मक भावना देखि उत्पन्न हुने रिस देखि हामी सचेत हुनुपर्छ । यदि तपाई विवाहित हुनुहुन्छ भने तपाईले एकदम ध्यानमा राख्ने कुरा हो, श्रीमान र श्रीमतीले एक अर्कामा विश्वास गर्नुपर्छ र सकरात्मक सोचाइसँग अगाडी बढ्नुपर्छ ।

त्यसैले हामीले रिस र क्रोधलाइ सरल हुन् नत्र हामी अरुको नजरबाट तल झर्छौं ।

## ३७ मद्दतको निम्ति परमेश्वरमा पूकारा

के तपाई आफ्नो जीवनमा विभिन्न किसिमका समस्याहरुले पिडीत हुनुहुन्छ ?

के तपाईलाई चारैतिरबाट शत्रुहरुले जाल फिँजाएर तपाईलाइ आफ्नो लक्ष्यसम्म पुग्नमा रोकिरहेका छन् ?

के तपाई आफ्नो जीवनदेखि सन्तुष्ट हुनुहुन्न, लाग्दछ जीवन तपाईको निम्ति बोझ भएको छ ?

यस्ता अनगिन्ति प्रश्नहरु तपाईको मनमा उत्पन्न हुन्छन् र अझै कयौ प्रश्नहरुको सामना तपाई आफ्नो जीवन यात्रामा गर्नुहुन्छ । हामी प्रत्येकले व्यक्तिगत संघर्ष गरिरन्छौं र जीवनलाई अगाडी बढाउछौं त्यसैले त भनिन्छ जीवन एक अविरल नदी हो । विभिन्न कोरहरु पार गर्दै अगाडी बढी रहन्छ । कहिल्यै पनि रोकिँदैन, जबसम्म समुद्रमा त्यो मिल्दैन चाहे जे पनि होस् त्यो अगाडी बढी रहन्छ र जीवनलाई हामी कसरी हेर्छौं त्यो हामीमा भर पर्छ-

"फूलको आँखामा फूलै संसार,<br>
काँडाको आँखामा काँडै संसार,

त्यसकारण हामीले जीवनलाइ एक नयाँ रुपमा हेर्नुपर्छ । तपाई हामी परमेश्वरको संरचना हौं । हामीलाई उहाँले आफ्नै स्वरुपमा बनाउनुभयो उहाँ चाहानुहुन्छ कि हामी हाम्रो जीवनको महत्व बुझौं र उहाँको महिमाको निम्ति समर्पित गरौं ।

त्यसैले त भजनसंग्रहका लेखकले परमेश्वरमाथी भरोसा राख्दै यसरी लेख्छन् - "तपाईले मलाइ जीवनको मार्ग बताउनु भएको छ । तपाईको उपस्थितिद्वारा

आनन्दले मलाइ गदगद पार्नुहुनेछ । तपाईको दाहिने बाहुलीमा अनन्त आनन्द छ ।"

जसले परमेश्वरलाइ चिन्छ, उसले जीवनको मार्ग देखेको हुन्छ र परमेश्वरमा आनन्दित हुन्छ । पवित्र धर्मशास्त्र बाइबलले कसरी हामी आफ्नो जीवनहरु व्यवस्थित र संगठित रुपमा मुक्तिको बाटोमा बढ्ने भनेर देखाउछ ।

तपाई हामी आफ्नै धार्मिकतामा भर पर्नु हुदैंन । यदि हाम्रो जीवनमा परमेश्वरलाई पहिलो प्राथमिकता दियौं भने हामीलाइ कहिल्यै पनि दुविधा वा वाधा आउने छैन । उहाँलाइ हाम्रो जरुरत र इच्छा सबै थाहा छ । हाम्रो घटी कमजोरी सबै उहाँलाइ थाहा छ, उहाँबाट हामी केही कुरा लुकाउन सक्दैनौं । परमेश्वर दयावन्त हुनुहुन्छ, उहाँमाथि भरोसा गर्नुपर्छ । ख्रीष्टको धार्मिकताले हाम्रो पाप मेटिन्छ । ख्रीष्ट हाम्रो मध्यस्तकर्ता हुनुहुन्छ त्यसकारण उहाँका सबै आज्ञा पालन गर्नुपर्छ र उहाँलाई खोज्नुपर्छ । उहाँको वचनको अध्ययन गर्नुपर्छ र उहाँको ज्ञानले हामीलाइ मार्गदर्शन गर्छ । हामीले उहाँलाइ आफ्नो व्यक्तिगत मुक्तिदाता भनेर ग्रहण गर्छौं र उहाँले हामीलाइ बाँच्ने शक्ति दिनुहुन्छ ।

ख्रीष्टलाई अगाडी राखेर आफ्नो जीवन अगाडी चलाउनुहोस् र उहाँको चरित्रलाइ आत्मसात गर्ने कोशिस गर्नुहोस् । प्रत्येक पल आफ्नो विश्वास केवल इश्वरमाथि राख्नुहोस् र परमेश्वरको शक्तिको तपाई अनुभव गर्न सक्नुहुन्छ । उहाँको शक्तिद्वारा तपाई आफ्नो जीवनमा आउने बाधा, अवरोध, परिक्षाहरुसँग सामना गर्नसक्नुहुन्छ । हामी धेरै पल्ट निराश हुन्छौं तर ती निराशाहरु सबै परमेश्वरमा आशा हुन्छन् ।

पापीहरुको निम्ति ख्रीष्ट संसारमा आउनुयो र मर्नुभयो र उहाँ पापीहरुको मित्र हुनुहुन्छ र उहाँलाई थाहा छ कि कसरी उहाँबाट टाढा भएका मानिस जब उहाँमा पुन: फर्किन्छन् । जसले परमेश्वरलाइ पूर्ण हृदयले खोज्दछ, त्यसले आवश्यकतामा उहाँबाट सहयोग प्राप्त गर्नेछन् । उहाँले भाँचिएका र टुक्रिएका हृदयलाई निको पार्नुहुन्छ, पापीहरुले गरेको पुकार उहाँले सुन्नुहुन्छ र जसले आफ्नो पाप स्वीकार गर्दछन् तिनीहरुलाई उहाँले क्षमा दिनुहुन्छ किनकी उहाँ त प्रेमिलो परमेश्वर हुनुहुन्छ ।

त्यसकारण आफ्नो पापी हृदयलाई परमेश्वर तर्फ उठाउनुहोस् र उहाँको प्रेमको सन्तान बन्नुहोस् । उहाँले आफ्ना सहयोगी हातले तपाईलाई उठाउनेछन् र तपाईको काममा उहाँले मद्दत गर्नुहुनेछ र तपाईको जीवनद्वारा धेरै आत्माहरु परमेश्वरमा आउनेछन् । पवित्र आत्माले प्रत्येक मानिसको हृदयमा बोल्नुहुनेछ, जसले उहाँलाइ खोज्नेछन् । त्यसकारण ख्रीष्टको धार्मिकता हामीभन्दा अगाडी जानेछ र परमेश्वरको महिमा त्यसको पुरस्कार हुनेछ ।

पवित्र धर्मशास्त्र बाइबलको यूहन्नाको पुस्तक १० अध्याय २९ पदमा येशू भन्नुहुन्छ -

"मेरा पिताले ती मलाई दिनुभएको छ;उहाँ सबैभन्दा महान् हुनुहुन्छ । पिताको हातबाट कसैले तिनीहरुलाई खोसी लानेछैनन् ।"

परमेश्वरको वचन स्पष्ट छ । हामीसँग थोरै विश्वास छ, त्यसकारण हामी हाम्रो विश्वास परमेश्वरमा राख्नुपर्छ र उहाँलाई हामीले ग्रहण गर्नुपर्दछ र उहाँसँग भरोसा र उहाँले गर्नुभएको वाचा अनुसार जीउनुपर्छ र हामी विश्वासद्वारा उहाँमा

नजिकिन पुग्छौं । हामीले केवल परमेश्वरको ज्योतिमा हिँड्नुपर्छ तब परमेश्वरले हाम्रो जीवनमा काम गर्नुहुन्छ । हामीले गर्ने राम्रो कामहरु सबै हाम्रो विश्वासको फलहरु हुनेछन् र उहाँले हाम्रो हृदयलाई प्रत्येक दिन आशिस दिनुहुनेछ ।

हामीले कहिल्यै पनि आफैंलाई परमेश्वरसँग तुलना गर्नुहुन्न । परमेश्वरले आफैंलाई हाम्रो निम्ति दिनुभएको छ । उहाँले मात्र हाम्रो अशुद्धताहरुलाई शुद्धतामा परिवर्तन गर्नुसक्नुहुन्छ । यदि हामीले आफैंलाई उहाँको अधिनमा राख्यौं भने उहाँले हामीलाई सबै कुरामा सफल बनाउनु हुनेछ ।

धार्मिकताको काम तब सम्म सुरु हुँदैन जब सम्म हामीले आफ्नो विश्वासलाई पूर्ण रुपमा अभ्यास गर्दैनौं । त्यसकारण हामीले हाम्रो विश्वास, भरोसा सबै परमेश्वरमा राख्नुपर्छ ।

# ३८ भण्डारे

भण्डारे भनेको मालिकको सम्पत्ति हेरचाह गर्ने रक्षक भन्ने बुझ्न सकिन्छ । आफ्नो मालिकले दिएको जिम्मेवारी प्रति उ उत्तरदायी हुनेछ । यदि तपाईलाई कसैले कुनै कुराको हेरचाह गर्ने जीम्मेवारी दिएको छ भने उक्त जीम्मेवारीलाई पूर्ण रुपमा निभाउनुपर्ने तपाईको कर्तव्य हो । यो कुरा हाम्रो धन सम्पत्तिमा मात्र हाम्रो जीवनमा पनि लागु हुन्छ ।

त्यसैले पावल प्रेरित कोरिन्थीका विश्वासीहरुलाई लेखेको पत्रमा भन्छन् -

"तिमीहरुको शरिर पवित्र आत्माको मन्दीर हो जुन पवित्र आत्मा तिमीहरुले परमेश्वरबाट पाएका छौ र उहाँ तिमीहर भित्र वास गर्नुहुन्छ भन्ने के तिमीहरुलाइ थाहा छैन । तिमीहरु स्वयम् आफैं होइनौ तिमीहरु मोल तिरेर किनीएका हौ, यसकारण तिमीहरुका शरिरमा परमेश्वरको महिमा गर ।"

अझ अगाडी हितोपदेश ३ अध्याय ९पदमा लेखिएको छ - "आफ्नो धन-सम्पत्ति र आफ्ना सबै उब्जनीको अगौटे फलले परमप्रभुको आदर गर ।" हितोपदेश ३:९

यशैयाको पुस्तकमा लेखिएको छ - "सारा पृथ्वी उहाँको महिमाले भरिपूर्ण छ । आकाशले परमेश्वरको महिमाको वर्णन गर्छ, र तारा मंडलले उहाँको हातको सीपको घोषणा गर्छ ।" भजनसंग्रह, यशैया, अरु पुस्तकहरुले परमेश्वरको महिमालाई वर्णन गर्छन । परमेश्वरले कोर्नुभएको बाटोलाई पछ्याएर हामीले यस सत्यतालाई बुझ्न सक्छौं । परमेश्वरको शक्तिको

महिमा सारा ब्रम्हाण्डले गर्दछ । जसरी बिजुलीलाई बाहिर आउन धातुको माध्यमको जरुरत पर्दछ । त्यहि कुरा आत्मिकी अनुभवमा पनि लागुहुन्छ । एउटा आत्मिकि मानिसको विचार र भावना एक भौतिकवादीसँग मिल्दैन, उसको सोचाई हेराई, गराई पनि पूर्णरुपले भिन्न हुन्छ । एक भौतिकवादीले आफ्नो जीवनलाई हेर्ने दृष्टिकोण अध्यात्मिकवादीसँग मिल्दैन, त्यसकारण ख्रीष्टले मानिसको धन-सम्पत्ति, पद प्रतिष्ठाको विषयमा चासो लिएर बोल्नुभएको हामीले पाउछौं । ख्रीष्टको सही चेलाहरुले उहाँको वास्तविक आत्मिकी चरित्रलाई उजागर गर्नेछन् । हाम्रो धार्मिक दृष्टिकोणले सांसारिक कुराहरु हेर्ने नजर बदल्नेछ ।

पवित्र धर्मशास्त्र बाइबलको पहिलो पुस्तकको पहिलो पदले परमेश्वरलाई सृष्टिकर्ता भनेर बताउँछ र उक्त सृष्टिमा मानिसलाई परमेश्वरले हेरचाह गर्न राख्नु भएको छ । परमेश्वर हाम्रो सृष्टिकर्ता, पालनकर्ता र मुक्तिदाता हुनुहुन्छ ।

त्यसैले यशैयाले आफ्नो पुस्तक यशैयाको ४० अध्यायमा २८ पदमा भन्छन् -

"के तलाई थाहा छैन ? के तैंले सुनेको छैनस् ? परमप्रभु सदासर्वदा परमेश्वर हुनुहुन्छ, पृथ्वीको पल्लो छेउसम्मका सृष्टिकर्ता हुनुहुन्छ । उहाँ नता थकित न हैरान हुनुहुन्छ, र कसैले पनि उहाँको समझलाई नाप्न सक्दैन ? - (यशैया ४०:२८) र भजनसंग्रहका लेखक भन्छन् - "पृथ्वी र त्यसमा भएको जे जति छन् सबै परमेश्वरका हुन् । सारा संसार र त्यसमा वास गर्नेहरु सबै उहाँकै हुन् । किनकी उहाँले त्यसलाइ समुद्रमाथि बसाल्नुभएको छ पानीहरुको गहिराईमा त्यसलाई स्थापित गर्नुभएको छ ।"

यो संसारको सृष्टि पछि परमेश्वरले मानिसलाई यस पृथ्वीको हेरचाह गर्ने जीम्मेवारी दिनुभयो । जब परमेश्वरले मानिसलाई सृष्टि गर्नुभयो तब मानिसलाई उहाँको भण्डारेको कर्तव्य दिनुभयो । उहाँले मानिसको अधिकारमा सबैकुरा दिनुभयो । त्यसैले त भजनसंग्रहका लेखक ८ अध्यायको ६ पदमा यसो लेख्छन् -

"आफ्नो हातका कामहरुमाथि तपाईंले त्यसलाई शासक बनाउनुभएको छ । सबै थोक तपाईंले त्यसका पैतालामुनि राखिदिनुभएको छ ।" -भजनसंग्रह ८:६

परमेश्वरको सृष्टिको भण्डारे मानिस हो । मानिसलाई परमेश्वरले आफ्नो सबै कुराको हेरचाह गर्न बनाउनुभयो । मानिस आफैं मालिक हैन तर परमेश्वर मालिक हुनुहुन्छ । तर मानिसले आफ्नो स्थानबाट तल झर्‍यो, मानिस कसरी तल झर्‍यो यो कुरा हामी उत्पत्तिको ३ अध्यायमा पाउछौं । मानिसले गल्ती गर्‍यो र मानिसले पाउने स्थानबाट त्यो तल झर्‍यो । मानिसको पतन भयो तर मानिस कहिल्यै पनि एकलो छोडिएन् ।

परमेश्वर आफैं मानिसलाई भेट्न तल आउनुभयो र परमेश्वरले फेरि एक पल्ट आफ्नो अनुग्रह दिनुभयो । उहाँले आफ्नो एकलौटे पुत्रलाई दिनुभयो ताकि उहाँमा विश्वास गर्ने नाश नहुन् तर अनन्त जीवन पाउन् । (यूहन्ना ३:१६)

त्यसकारण हाम्रो शरिर पवित्र आत्माको मन्दिर हो (१ कोरिन्थी ६:१९) जसलाई हामी पवित्र राख्नुपर्छ र उहाँले हामीलाई सबै कुरा दिनुहुन्छ । (प्रेरित १७:२५) र हाम्रो परिवार हाम्रो धन-सम्पत्ति सबै परमेश्वरको हो । त्यसकारण हामीले हाम्रो उत्तरदायित्व निभाउनुपर्छ ।

# ३९ आशिषको झरी

परमेश्वर हाम्रो हृदय चाहनुहुन्छ । तर हाम्रो हृदय सदैव सांसारिक कुराको प्राप्तीको निम्ति मात्रै लागेको देखिन्छ । त्यसैले परमप्रभु भन्नुहुन्छ- "जहाँ तिम्रो धन हुन्छ, त्यहीँ तिम्रो मन पनि हुन्छ । हाम्रो हृदय परमेश्वरसँग हुनुपर्दछ त्यसैले परमेश्वर भन्नुहुन्छ उहाँको राज्य पहिले खोजी गर त्यसपछि उहाँको वाचा अनुसार सबैथोक हामीमाथि थपिनेछ । त्यसकारण हाम्रो सारा हृदयले परमेश्वरलाई खोज्नुपर्दछ र हाम्रो जीवनको पहिलो स्थान हामीले परमेश्वरलाई दिनुपर्छ ।

हामीले परमेश्वरलाई महिमा दिनुपर्छ किनभने उहाँ हाम्रो सृष्टिकर्ता हुनुहुन्छ । पवित्र धर्मशास्त्र बाइबलले उहाँलाई परमेश्वर, सृष्टिकर्ता भनेर सम्बोधन गर्छ । उहाँको सामु घुँडा टेक्नुपर्छ भनेर परमेश्वरले भन्नु भएको छ । सही उपासकको जीवनमा यस्ता धेरै कुराहरु हुन्छन् जसले उसलाई आत्मिकी यात्रामा अगाडी बढ्न मद्दत गरीरहेको हुन्छ । त्यो हो निरन्तर रुपमा उहाँको वचन पढ्ने, प्रार्थना गर्ने, मण्डीलीमा जाने र एक अर्कासँग मिलेर परमेश्वरको काम गर्ने । सू-समाचार प्रचार र गवाही दिन अगाडी बढ्ने र परमेश्वरलाई दिनुपर्ने भाग उहाँलाई दिने ।

सही उपासनाको दुई भाग हुन्छ-मौखिक उपासना, व्यवहारिक उपासना-

**१. मौखिक उपासना:**
भजन गाउने, पवित्र शास्त्र पढ्ने, साबथ स्कुल पढ्ने, अध्ययन गर्ने, प्रार्थना गर्ने, गवाहीहरु बाँड्ने र प्रचार-

प्रसार गर्ने पर्दछन् । हामीले आफ्ना मण्डलीहरुमा गर्ने सबै कुराहरु हाम्रा मुखबाट मौखिक निस्कन्छन् ।

## २.व्यवहारिक उपासना:

प्रभुभोजमा भाग लिने, परमेश्वरको भण्डारमा दशंसा भेटी ल्याउने, प्रत्येक दिन परमेश्वरसँग बिताउने आदि व्यवहारिक उपासना हुन् ।

यी दुवै किसिमका आरधनाहरु हाम्रो जीवनमा आवश्य छन् तर व्यवहारिक आरधना विना मौखिक उपासना व्यर्थ हुन्छ । हाम्रो आराधना मुखमा मात्र नभइ हाम्रो व्यवहारमा पनि हुनुपर्छ । त्यसकारण येशूले भन्नुहुन्छ कि हाम्रो मुखले मात्र उहाँको आदर गर्छौं तर हृदयलाई उहाँबाट टाढा राख्छौं (मत्ती १५:८) ।

परमेश्वरले सधैं हाम्रो हित चाहनुहुन्छ, उहाँ हामीलाई आशिष दिन चाहनुहुन्छ । धेरै समय हामी आफ्नै कारणले समस्यामा पर्छौं तब हामीलाई त्यो समस्याबाट मुक्त गराउने भनेर परमेश्वरले प्रतिज्ञा गर्नुभएको छ र त्यो प्रतिज्ञा तब पूरा हुन्छ जब हामी परमेश्वरले देखाउनु भएको बाटोमा हिँड्छौं । त्यसकारण मलाकीका पूस्तकमा परमेश्वरले कसरी आशिष बर्साउनुहुन्छ भनेर लेखेका छन् ।
"सम्पूर्ण दशमांस भेटी ढुकुटीमा ल्याओ, ताकि मेरो घरमा भोजन रहोस् । यसमा मलाइ जाँचेर हेर, सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ, "म स्वर्गका ढोकाहरु उघारेर पर्याप्त ठाउँ पनि नहुनेसम्मका आशिष तिमीहरुमाथि बर्साउनेछु वा बर्साउँदिनँ ।" मलाकी ३:१०

यो पदद्वारा हामी थाहा पाउँछौं कि परमेश्वर हामीलाई आशिष दिन हरदम तयार हुनुहुन्छ ।

त्यसकारण हामीले उहाँलाई दिनुपर्ने भाग उहाँलाई दिऔं र आशिषको वर्षा हामीमाथि परमेश्वरले वर्षाउनु हुनेछ ।

हामीले प्राप्त गरेको आशिष प्रति हामी सधैं धन्यवादी हुनुपर्छ । हामी हाम्रो दशमांस भेटीहरु इमानदारीपूर्वक ल्याउछौं तब हामीमाथि धेरै आशिषहरु परमेश्वरले खन्याउनु हुन्छ । हामी जुन रुपमा परमेश्वरकहाँ ल्याउछौं त्यही रुपमा आशिष प्राप्त गर्नेछौं ।

परमेश्वरकहाँ कुनै कुरा ल्याउनु भनेको नै उहाँलाई त्यो चाहिएको होइन, तर हामीलाइ उहाँको आशिष चाहिएको हो । परमेश्वर हाम्रो हृदय चाहनुहुन्छ । हामीले गरेको मिहिनेत र परिश्रमले हामीलाइ परमेश्वरको आशिषको जरुरत छ भनेर देखाउँछ ।

हामी आशिषीत हुने कि नहुने त्यो हामी आफैंमा भरपर्छ । यदि हामीले बुझाएको भेटी परमेश्वरको काममा लगाएनौं भने त्यसले हामीलाइ आशिष होइन तर श्राप ल्याउँछ । जब हामी त्यो भेटी परमेश्वरको काममा लगाउछौं, त्यसले हामीमा प्रशस्त आशिष ल्याउँछ।

पवित्र धर्मशास्त्र बाइबलको भजनसंग्रह १०५ अध्याय १२५ पदमा यसो भनिएको छ -

"परमप्रभुलाई धन्यवाद चढाओ उहाँको नाउँको पुकारा गर, जातीजातीहरुको बिचमा उहाँले गर्नुभएको कार्यहरुको प्रचार गर, उहाँको निम्ति गाओ, उहाँको निम्ति प्रशंसाको स्तुति गाओ । उहाँको सबै आश्चर्यकर्महरुको बयान गर र उहाँले गर्नुभएको

अचम्म कामहरुको स्मरण गर, उहाँको आश्चर्यकर्म र उहाँले सुनाउनु भएका फैसलाहरु स्मरण गर ।

परमेश्वरले गर्नुभएको महान् र अचम्मका कामहरुलाई हामी आफ्नो समझले बुझ्न सक्दैनौं, उहाँको आशिर्वादहरुलाई हामी गन्न सक्दैनौं । हाम्रो जीवनमा उहाँको आशिषको निम्ति पर्याप्त ठाउँ छैन, र उहाँको आशिषलाई वर्णन गर्न हामीसँग शब्द छैन, उहाँले हामीलाई सबै कुरा दिनुभयो । आफ्नो पुत्रलाई हाम्रो खातिर दिनुभयो, त्यसकारण हामी उहाँकहाँ धन्यवादी हृदय लिएर जानुपर्छ र उहाँले हामीमा आशिष खन्याउनु हुनेछ ।

# ४० दिनु

यदि हामी कसैलाइ केही दिन्छौं भने त्यो हाम्रो विश्वास र धार्मिकतासँग जोडिएको हुन्छ । आज यो संसार विश्वास र धार्मिकताको कारण अडेको छ वा निरन्तर रुपमा चलिरहेको हामी देख्दछौं । यदि मानिसहरुमा विश्वास र धार्मिकता नहुँदो हो भने आजको संसारको अवस्था कस्तो डरलाग्दो र कहालीलाग्दो हुनेथियो होला त्यसको अनुमान समेत हामी गर्न सक्दैनौं । आजको संसारमा सबभन्दा ठूलो खाडल भनेको मानिस-मानिस बिचको असमानता, विशेषगरी संसारको धनी देशहरु र गरीब देशहरुको बिचको दुरी जुन दिनप्रति दिन बढ्दै गइरहेको छ । धनी देश अझै धनी हुँदैछ र गरीब देश अझै गरीब हुँदैछ ।

यदि धनी र गरीब देश दुवै एक अर्कासँग मिल्ने हो भने आज कति मानिसहरु अनिकालले मर्ने थिएनन् । हामी धन्यवादी हुनुपर्छ कि धनी देश र धनी मानिसहरुले गरीब मानिसहरुलाइ मद्दत गरिरहेका छन् । किनकी मानिसहरुले परमेश्वरलाइ चिनेका छन् र उहाँको धार्मिकतालाइ अनुशरण गरेका छन् ।

पावल प्रेरित कोरिन्थीको विश्वासीहरुलाई भन्दछन्-"अनि हरेक मानिसले आफ्नो मनमा संङ्कल्प गरे बमोजिम दिओस् इच्छा नभइ होइन नता कर कापमा परेर, किनभने खुशीसाथ दिनेलाइ परमेश्वरले प्रेम गर्नुहुन्छ ।"

यदि हामी कसैलाइ केहि दिन चाहन्छौं भने त्यो करकापमा होइन, त्यो स्वइच्छाले हुनुपर्छ अनिमात्रै परमेश्वरले हामीलाई आशिष दिनुहुन्छ । हेला पूर्वक

दिइएको दान परमेश्वरको अगाडी स्वीकार योग्य हुँदैन । त्यसैले पावल प्रेरित २ कोरिन्थी ८ को ५,६,७ मा भन्छन् - "यसकारण तिमीहरुले प्रतिज्ञा गरे बमोजिमको भेटीको प्रबन्ध अघिबाटै मिलाउनका निम्ति म भन्दा अघि भाइहरुलाइ तिमीहरुकहाँ पठाउन मैले आवश्यक ठाँने । त्यसैले यो भेटी करकाप होइन तर राजी खुशीले दिइएको भेटीको रुपमा तयार होस् । अनि हरेक मानिसले आफ्नो मनमा संकल्प गरे बमोजिम देओस्, इच्छा नभइ होइन, नता करकापमा परेर किनभने खुशीसाथ दिनेलाइ परमेश्वरले प्रेम गर्नुहुन्छ ।"

मत्तीको पुस्तकमा भनिएको छ कि सित्तैमा पाएको सित्तैमा दिनुपर्छ । हाम्रो विश्वास साँचो तब ठहरिन्छ जब हामी उहाँको आज्ञालाइ पालन गर्छौं र उहाँले दिनुभएको कुरा आफूमात्रमा सिमित होइन तर अरुलाइ पनि बाड्नुपर्छ र प्रतिफलको आशा राख्नुहुन्न । परमेश्वरको चरित्र नै प्रेम हो र प्रेमबाट नै उहाँले आफ्नो छोरालाइ हाम्रो माझमा पठाउनुभयो ताकि हामीले प्राप्त गर्न सकूं ।

जब हामी दिन्छौं तब हामी मुट्ठी खोल्छौं त्यसले आशिष निम्त्याउँछ । हामी मत्तीको पुस्तकमा १५ अध्यायको ३२ पद कसरी परमेश्वरले ५००० जनालाइ खुवाउनुभयो । हामी पाउँछौं कि कसरी एक सानो केटाले ५ वटा रोटी २ वटा माछा प्रभु येशूलाइ विश्वास गरेर दियो र येशूले त्यो ५००० जनालाइ खुवाउनु भयो । यो बाट हामी यो कुरा सिक्न सक्छौं कि सानो भन्दा सानो कुरा यदि हामी परमेश्वरकहाँ ल्याउछौं भने परमेश्वरले त्यो सानो कुराबाट ठूलो भन्दा ठूलो काम गर्नुहुन्छ ।

## ४१ उचित सल्लाह

आफ्नो हृदय प्रत्येक मानिसहरुसँग नखोल्नुहोस् तर बुद्धिमान मानिससँग आफ्नो जीवनका विभिन्न पाटाहरुका बारेमा छलफल गर्नु राम्रो हो तर हामीले परमेश्वरको भय राख्नुपर्छ । जवान र नचिनेको मानिसहरुसँग धेरै नजीक नहुनु नै राम्रो हो । संसारको नजरमा ठूला देखिने वा देखिन नचाहनेहरु, पछि मात्र लागेर उनीहरुको चापलुसी नगर्नुहोस् ।

नम्र, साधारण र परमेश्वरको भय मान्नेहरुसँग संगत गर्नुपर्छ र सोचेर बोल्नुपर्छ । सबै महिलाको प्रशंसा गर्नुहोस् र सबैलाइ सहयोग र सहानुभुति दिनुहोस् र निश्वार्थी जीवन जीउनुहोस्, अरुलाइ पद्दत गर्नुहोस् ।

मानिसहरु स्वार्थी जीवन बाँचिरहेका छन् त्यस कारण स्वार्थ त्याग्नुहो् र अरुको लागी बाँच्नुहोस् । मानिसहरुको बाहिरी रुप हेरेर भित्रि रुप वा चरित्र थाहा पाउन गाह्रो छ । त्यसकारण प्रत्येक मानिसको जीविनका दुई पाटाहरु हुन्छन् । हरेक समय मानिस एउटै रुपमा नहुन सक्छ । हाम्रो उपस्थिति अरुको निम्ति श्राप होइन तर आशिषका कारण बन्नुपर्छ । हामी सबै अरुभन्दा माथि पुग्न चाहन्छौं, हामी अरुको अधिनमा बस्न चाहँदैनौं ।

कसैको नेतृत्वमा अगाडी बढ्नु राम्रो हो र आफ्नो मालिकको अधिनमा रहेर काम गर्नु राम्रै हो । हाम्रो परिवारमा आमाबाबु हुनुहुन्छ र हामीलाइ कुनै कुराको चिन्ता हुदैन किनकी सबै इच्छा हाम्रा आमाबाबुले पुरा गरिदिनु हुनेछ । हामीलाइ मार्ग दर्शनपनि गर्नुहुन्छ, उहाँहरुले हाम्रो हेर बिचार गर्नुहुन्छ

तर पनि हामी खुशी हुँदैनौं र सबै कुरा आफैं गर्न खोज्छौं । तर जब हाम्रो आमाबाबु टडा गइसक्नु भएको हुन्छ ।

अरुको अधिनमा बाँच्नु सजिलो छ तर आफूले आफैलाइ चलाउनु एकदम गाह्रो छ । हामीसँग जे छ त्यस कुरामा सन्तुष्ट रहनुपर्दछ । हामीले लोभ लालच गर्नुहुँदैन ।

धेरै मानिसहरु अरुको अधिनमा बसेर काम गर्न चाहँदैनन् । उनीहरु स्वतन्त्र हुन चाहन्छन् र गनगन गर्ने हुन्छन् । यस्ता स्वभावले अरुलाई हानी मात्र ल्याउँदछ । जसले परमेश्वरलाई प्रेम गर्छन् तिनीहरुमा उहाँको प्रेम प्रकट हुन्छ ।

मानिसहरुमा भर नपर्नुहोस् तर आफ्नो सारा तन मनले परमेश्वरको सेवामा लीन हुनुहोस् र परमेश्वरमा भर पर्नुहोस् । परमेश्वरको अनुग्रहमा अगाडी बढ्नुहोस् र तपाईंको बाटो सीधा र कष्ट रहित हुनेछ ।

हामीसँग भएको कुराहरु र नभएको कुराहरुप्रति हामी धन्यवादि हुनुपर्दछ, त्यसकारण आफ्नो सम्पत्ति होइन तर परमेश्वरमा भर परौं । हामी कहिल्यै घमण्ड नगरौं तर परमेश्वरमा गर्व गरौं ।

यदि हामीले यो कुराहरु गर्‍यौं भने हामी समाजमा विना कुनै समस्या बाँच्न सक्छौं र परमेश्वरको अनुग्रहमा अगाडी बढ्न सक्छौं ।

# ४२ परमेश्वरलाई खोज्नु

"तपाई आफ्नो जीवनमा के कुरा खोज्दै हुनुहुन्छ ?" भन्ने प्रश्नको उत्तर प्राय: मानिसले आफूलाइ आवश्यक भएको कुराको खोजी गर्दैछु भन्ने हुन्छ । कसैले "म जागिरको खोजीमा छु," कसैले "म जीवन साथीको खोजीमा छु अथवा म अरु अरु कुराहरुको खोजी गर्दैछु" भनेर मानिसहरुले भन्ने गर्दछन् । यो प्रश्नको उत्तर दिदा कति मानिसहरुले आफ्नो स्वार्थी इच्छा र अभिलाषाहरु नबताउन पनि सक्छन्, जुन कुराको प्राप्तिको निम्ति उनीहरु दिन रात केही नभनिकन दौडिरहेका हुन्छन् । तर जब हामी एकदमै नजिक भएर वास्तवमै मानिसले के कुरा चाहान्छन् भनि खोतल्यौं भने, धेरै मानिसहरुले आफ्नो समय र शक्ति, रुपैंया पैसाको खोजीमा, इज्जत र सम्मानको खोजीमा, पद र प्रतिष्ठाको खोजीमा लागेका पाइन्छन् । कतिले भौतिक सुख, मनोरञ्जन तथा खाने लाउने कुराहरुको खोजी गरिरहेका हुन्छन् । कतिले भने शरिरलाइ स्वस्थ बनाउने भन्दै अस्वस्थ खानाको खोजी गरिरहेका हुन्छन् । कतिले साँचो परमेश्वरलाई खोज्दैछु भनेर विभिन्न किसिमका धर्मलाइ अपनाउने र विभिन्न दार्शनिकहरुलाई पछ्याइरहेका हुन्छन् र जीवनमा साँचो आनन्दको खोजी गरिरहेको छु भनेर भन्ने गर्छन् तर पाउन सकेका हुँदैनन् ।

तर साँचो परमेश्वर, साँचो आनन्द र मुक्ति येशू ख्रीष्ट र उहाँको वचन भन्दा टाढा रहेर कुनै पनि मानिसले पाउन सक्दैन । हामी आफैंले आफैंलाइ एकछिन विचार गरौं र म के कुरा खोज्दैछु? भनि

प्रश्न गरौं । के तपाई हामी पनि अरु मानिसहरु जस्तै भौतिक सुख सुविधा, धन, मान इज्जत अथवा नाश भएर जाने यी सबै कुराको खोजी गर्दैछौं वा साँचो परमेश्वर उहाँको सत्य वचनको खोजी गर्दैछौं ?

धेरै मानिसहरु पहिले आफ्नै विचारहरुद्वारा काम गर्छन र जब उनीहरु निराश असफल अनि समस्यामा पर्दछन् तब मात्रै परमेश्वरलाई खोज्दछन् । तर तपाई र मेरो निम्ति बुद्धिमानको कुरा यही हो कि सबै कुराभन्दा पहिले परमेश्वरलाइ खोजौं र उहाँको बाटोमा हिंडौ। जब हामी आफ्नो जीवनमा परमेश्वरको खोजी गर्छौं तब उहाँलाई भेट्टाउछौं र उहाँको साँचो आनन्द हामीले पाउँदछौं । परमेश्वर हाम्रो सृष्टिकर्ता हुनुहुन्छ जसले हामीलाइ बनाउनुभयो, जसले हाम्रा पापहरु क्षमा गर्नुहुन्छ, हामीलाइ नयाँ हृदय दिनुहुन्छ र उहाँको पुत्र येशू ख्रीष्टको स्वरुपमा दिन प्रतिदिन परिवर्तन गर्नुहुन्छ, तसर्थ सबैभन्दा पहिले प्रत्येक दिन सबै कुराहरुभन्दा पहिले परमेश्वरको खोजी गर्नुपर्छ ।

पवित्र धर्मशास्त्र बाइबलको मत्ति ६ अध्यायको ३३ पदमा येशूले भन्नुभएको छ "पहिले परमेश्वरको राज्या र उहाँको धार्मिकताको खोजी गर अनि सबै थोक तिमीहरुलाइ दिइनेछ ।" जीवित र साँचो परमेश्वर जो हाम्रो सृष्टिकर्ता हुनुहुन्छ, उहाँले हामीलाई आज्ञा दिनुभएको छ कि ख्रीष्ट येशूमा भएर हामीले परमेश्वरको राज्य र उहाँको धार्मिकताको खोजी गर्नुपर्छ । बास्तवमै सबैभन्दा पहिले परमेश्वरको खोजी गर्नु असल कुरा हो किनभने उहाँ जीवन दिने परमेश्वर हुनुहुन्छ । यदि हामी कुनै व्यक्ति विशेषको खोजी गर्छौं अथवा भर पर्छौं भने त्यो व्यर्थ हो

किनभने साँचो परमेश्वर बाहेक अरु कसैले पनि हामीलाइ बचाउन सक्दैन । केवल परमेश्वर, उहाँको वचन, येशू ख्रीष्ट र उहाँको आत्माले हामीलाइ बचाउन सक्छ, सहायता गर्न सक्छ, हाम्रो जीवनलाइ परिवर्तन गर्न सक्छ र हामीलाइ आशिष दिनुहुन्छ । पवित्र धर्मशास्त्र बाइबलको पूरानो करारको एज्रा भन्ने पुस्तकको ८ अध्यायको २२ पदमा "परमेश्वरलाई खोज्ने सबैमाथि परमेश्वरको निगाह रहन्छ भनी लेखिएको छ ।"

परमेश्वरलाई खोज्नु भनेको उहाँको इच्छा, उहाँको वचन, उहाँको अगुवाई र उहाँको शक्तिको खोजी गर्नु हो । धेरै चोटी हामी आफ्नै इच्छा, आफ्नै शक्तिमा हिड्न खोज्छौं जसले गर्दा हामी निराश हतास र असफल हुन्छौं । तर जब हामी प्रार्थनामा परमेश्वरसँग अगुवाइ माग्छौं, हामीले गर्ने निर्णयहरुमा उहाँको इच्छालाई खोज्छौं भने हामी अवश्य सफल हुन्छौं ।

यदि हामी येशू ख्रीष्टमाथि विश्वास गरेर उहाँमा भर पर्छौं र आफ्नो पलपलको जीवन उहाँमा समर्पण गर्छौं भने उहाँले आफ्नो अनुग्रह र शक्ति हामीलाइ दिनुहुन्छ जसद्वारा हामी सत्यतामा सफल व्यक्ति हुन सक्छौं र जीवनमा परमेश्वरलाई महिमा हुने काम गर्न सक्छौं ।

# ४३ बाइबल

बाइबलको विषयमा विभिन्न मानिसहरुको फरक फरक बिचार हुने गर्दछ । कतिले यसको सत्यतालाई सहजै स्विकार गर्छन् भने कतिले नानाभातिका कुराहरु गर्ने गर्छन । कतिले यो इसाइहरुको धर्मग्रन्थ हो भनी भन्छन् । कतिले यो पुस्तकमा जीवन उपयोगी सन्देशहरु भएको कारण यो सबैले पढ्नुपर्छ भनी बताउँछन् । कतिले बाइबल पढेमा मतिभ्रम हुने अथवा पागल हुन्छ भनेर समेत भन्ने गरेको पाइन्छ । यसरी हाम्रो नेपाली समाजमा बाइबलको विषयमा नानाथरीका भए नभएका कुराहरु सुन्न पाइन्छन् ।

वास्तविकता चाँही बाइबल परमेश्वरको वचन हो । बाइबलमा जम्मा ६६ ओटा पुस्तकहरु छन् । बाइबल पुरानो करार र नयाँ करार गरी दुइ भागमा विभाजित गरिएको छ ।पुरानो करारमा येशू ख्रीष्ट आउनु भन्दा पहिलेका कुराहरु लेखिएका छन् । जसमा संसारको उत्पत्ति, मानवको सृष्टि, संसारमा पापको प्रवेश कसरी भयो भन्ने कुराहरु लेखिएको छ । साथै परमेश्वरले मानिसलाइ सृष्टि, संसारमा पापको प्रवेश कसरी भयो भन्ने कुराहरु लेखिएको छ । साथै परमेश्वरले मानिसलाइ सृष्टि गर्नुको उदेश्य, मानिसले गर्नुपर्ने कामहरु हामी पाउँछौ । विभिन्न परिस्थितिहरुमा कसरी परमेश्वरले आफ्ना मानिसहरुलाई समस्याबाट छुटकारा दिनुभयो र मानिसबाट परमेश्वर के चाहनुहुन्छ भन्ने कुराहरु हामी त्यहाँ पाउँदछौं ।

चालिसभन्दा बढी लेखकहरुद्वारा १५०० भन्दा बढी समय अवधि लगाएर बाइबल लेखियो ।

तीलेखकहरु विभिन्न पेशा र क्षेत्रका थिए र तिनीहरुले फरक-फरक ठाउँमा बसेर धर्मशास्त्र बाइबललाइ लेखे । कसैले हर्षको टाकुराबाट लेखेका छन् भने कसैले उदासीको सागरबाट । कसैले युद्धको समयमा लेखेका छन् भने कसैले शान्तिको समयमा । यति मात्र होइन बाइबललाइ एसिया, युरोप, अफ्रिका गरी तीनओटा महादेश र हिब्रु, आरमेइक र ग्रिक गरी तीनओटा भाषामा लेखियो । हामी बाइबलमा कविता, ऐतिहासिक विवरण, गीत, संस्मरण, जीवनी, आत्माचरित्र, कानुन, भविष्यवाणी, दृष्टान्त, रुपक आदि जस्ता विभिन्न साहित्यिक शैलीहरु पाउँछौं ।

त्यसगरी नयाँ करारमा येशू ख्रीष्टको जन्म, जीवनी, सेवाकार्य तथा उहाँले दिनुभएको अद्‍भुत शिक्षाहरु लेखिएको छ । मानिसले गरेको पाप जसको परिणाम नरकको मृत्यु हो, त्यही पापको ज्याला तिर्न येशू ख्रीष्ट यस संसारमा आउनु भयो । मानिसले गरेको पाप कुनै पशु पंक्षीको बलिदान अथवा मानिसले गर्ने धर्म कर्मद्वारा क्षमा नहुने कुरा येशूले बताउनुभएको छ । येशू यस संसारमा रहँदा बस्दा कुनै पाप गर्नुभएन तर पनि उहाँ मानिसको पापको निम्ति क्रुसमा बलिदान हुनुभयो । त्यही बलिदानले मानिसलाइ उसको पापबाट स्वतन्त्र गराउँछ किनभने सिद्ध येशू ख्रीष्ट जो परमेश्वरको पुत्र हुनुहुन्थ्यो, मानिसको पापलाइ क्षमा गरिदिनुभएको छ । पवित्र धर्मशास्त्र बाइबल अनुसार उहाँ मानिसको पापको निम्ति मारिनुभयो, चिहानमा गाडिनुभयो । तर उहाँ मरेको मरै हुनुभएन, तेस्रो दिनमा फेरी वौरी उठ्नुभयो र आफ्ना चेलाहरुकहाँ देखापर्नुभयो । उहाँले भन्नुभयो "जाउ र सारा जातीका मानिसहरुलाइ सारा विश्वमा

मैले तिमीहरुलाइ सारा विश्वमा मैले तिमीहरुलाइ बताएका कुराहरु बताउ । उनीहरुले ममाथी विश्वास गरुन र आफ्ना पापबाट छुटकारा पाउन र साँचो परमेश्वरलाइ चिन्न सकून्," किनभने येशूले भन्नु भएको छ"बाटो सत्य र जीवन म नै हुँ । म द्वारा बाहेक पिताकहाँ पुग्न सकिन्न ।"

यस पछि येशूका चेलाहरुले गरेका सेवाकार्यहरु र उनीहरुको सेवाकार्य अर्थात येशूको विषयमा गरिरएका प्रचारहरु अनि विषयमा गरिएका प्रचारहरु अनि ती प्रचारले कसरी मानिसहरुका जीवन परिवर्तन भए भन्ने कुराहरु बाइबलमा रोमी १० अध्यायको ९ पदमा यसरी लेखिएको छ"यदि तिमीले येशूलाइ प्रभु हो भनी आफ्नो मुखले स्विकार गऱ्यो र परमेश्वरले उहाँलाइ मरेकाहरुबाट जीवित पार्नुभयो भनी आफ्नो हृदयमा विश्वास गऱ्यौ भने तिम्रो उद्धार हुनेछ।"

बाइबाल परमेश्वरको वचन हो भन्नेको लागि पूरा भएका भविष्यावाणीको सम्बन्धमा बाइबल सबैभन्दा उदेकको साहित्यिक ग्रन्थ हो । यो यस्तो पुस्तक हो, जसमा गरिएका भविष्यवाणीहरु हुबहु पूरा भएका छन् ।

धेरै जनाको विचारमा इसाइमत, येशू ख्रीष्ट २००० वर्ष अगाडि आएर शूरु गरेका एउटा धर्म हो । यसभन्दा अगाडि यसको कुनै अस्तित्व थिएन भनेर । तर वास्तविकता के हो भने परमेश्वरले येशू ख्रीष्टलाई यस संसारमा पठाउने भविष्यवाणी सयौं वर्ष अगाडि गर्नुभएको थियो । परमेश्वरकै मुक्तिको योजना अनुसार येशू ख्रीष्ट मानिसहरुलाई परमेश्वरको राज्यमा प्रवेश गराउन आउनुभयो । जब येशू यस संसारमा हुनुहुन्थ्यो, उहाँले भन्नुभयो "समय पूरा भएको छ र परमेश्वरको

राज्य नजिक आइपुगेको छ । पश्चाताप गर र ममाथि विश्वास गर ।"(मर्कुस १:१५)

यसरी बाइबलको सत्यताको विषयमा जति प्रमाण देखाएतापनि त्यो सब कमै हुन्छ । साहित्य, भाषण, निजामति कानुन, कला, राजनिति आदिमा बाइबलको अद्भुत प्रभाव देख्न पाइन्छ । पाश्चात्य सभ्यता प्रत्यक्ष रुपमा ब्रिटिश टापुहरुका रगत पिउने जंगलीहरुलाइ लाखौं मानिसहरुलाइ अन्धकारमय जीवनबाट परिवर्तन गरी उज्यालोमा ल्याउने काम बाइबलले गरेको छ ।

# ४४ अनुशासन

"अनुशासन" प्राय: धेरै मानिसहरुलाइ मन नपर्ने शब्द हो, तर यसले मानिसलाइ उच्च स्थानमा पुऱ्याउँदछ । जसले आफूलाइ अनुशासनमा राख्दछ, त्यो मानिस जहाँ जाओस सबै ठाउँमा, सबै परिस्थितिमा स्थिर रहेर जिम्मेवार साथ आफ्नो कर्तव्य पूरा गर्न सक्छ । हामीले हरेक प्रकारका कामहरु जान्नु, सिक्नु एकदमै आवश्यक छ । किनभने व्यवहारिक र सबै कुराको ज्ञान भएको मानिस जस्तोसुकै ठाउँ, अफिस, घर सबैमा सजिलै घुलमिल हुनसक्छ । विशेषगरी दिदीबहिनीहरु जब विवाह गरेर पराइको घरमा जानुहुन्छ, त्यहाँ जस्तो सुकै व्यवहार होस्, असल वा खराब सबै कुरा सहेर एउटा राम्रो परिवार निर्माण गर्न सक्छन् ।

पवित्र धर्मशास्त्र बाइबलको १ तिमोथी ४ अध्यायको १२ पदमा यसरी लेखिएको छ "अरुहरुका अघि बोलीवचन, आचरण र प्रेममा, विश्वासमा, शुद्धतामा तिमी एक उदाहरण बन ।" यसबाट हामी थाहा पाउँछौं कि आफ्नो जीवनको हरेक अवस्थामा अरुले तुच्छ नठानुन् भनेर आफैलाइ अनुशासनमा राख्नुपर्छ । चाहे हामी बालक, जवान या वृद्ध नै किन नहोऔं, हामी हाम्रो परिवारमा, काम गर्ने स्थानहरुका इमानदार भएर काम गर्नु एकदम जरुरी छ । तर दु:ख लाग्दो कुरा धेरै मानिसहरु अनुशासित भएर काम गरेको पाइँदैन । जसको कारण भ्रष्टाचार, घुसखोर जस्ता कुराहरु हाम्रो समाजमा बढ्दै गएको पाइन्छ । हामीले गर्ने काम अरुको नोकरी, चाकरी नै किन

नहोस्, इमानदारीपूर्वक गर्नुपर्छ । इमानदारीले एकदिन मानिसलाइ हरेक क्षेत्रमा सफल बनाउँछ । हो, कतिपटक गाह्रो हुन्छ, हामीले गरेको सबै काममा स्यावासी नै मिल्छ भन्ने छैन । कति समय यस कुराले मानिसलाइ निराश बनाइरहेको हुन्छ । तर आफू निरन्तर असल बन्ने प्रयत्न गर्नुपर्छ ।

हामी यात्रा गर्दै अगाडि बढ्ने क्रममा हाम्रा अगाडी थुप्रै नराम्रा कुराहरु आउँछन् । जसलाइ चलाउँदा, छुँदा अनि प्रयोग गर्दा हाम्रो जीवन नै Damage हुन पुग्छ । हामीले हाम्रा पाईला पाईलामा यस्ता कुराहरुको सामना गर्नुपर्दछ । कति समय हामी साथी भाइको मन राख्न यस्ता नराम्रा कामहरु गर्न पुग्छौं । आफूलाइ अनुशासनमा राख्न नसकोले यी सब हुन पुग्छन् र हाम्रो परिवार अनि समाजमा हाम्रो परिचय नकारात्मक हुन पुग्छ ।

हामीले नराम्रो काम गरेको हाम्रा परिवारका सदस्य, साथीभाई वा अरु मान्छेहरुले देख्दैनन्, हामी एक अर्कालाइ सजिलै ढाँट्न सक्छौ । तर परमेश्वरलाई कहिल्यै ढाँट्न सक्दैनौं । उहाँले सधैं देखिरहनु भएको हुन्छ । एकदिन हामीले परमेश्वरलाई हाम्रा हरेक व्यवहारको लेखा दिनुपर्छ । चाहे त्यो खानेकुरा, हिड्ने, बोल्ने किन नहोस्, सबै कुरामा हामी आफैं होसियार हर्नुपर्छ ।

हामी यस्तो संसारमा बाँचिरहेका छौं जहाँ हाम्रा वरिपरी चारैतिर फोहर, दुष्ट अनि पापै पापका कुराहरु छन् ।"चरा टाउकोमा आएर बस्नु स्वभाविक हो, तर त्यसलाइ गुँड बनाउन दिनु पाप हो, ।" त्यसरी नै संसारमा भएका विभिन्न कुरा देख्नु वा हेर्नु पाप हो । तसर्थ आफूले आफैलाइ यस्ता कुराहरुबाट जोगाइराख्नु एकदमै आवश्यक छ ।

व्यक्तिगत अनुशासन कसैले सिकाउँदैन, त्यो त तपाई र म आफैंले आफ्नै ज्ञान, बुद्धि र चेतनाबाट अनि प्रमुख त परमेश्वरसँगको प्रार्थनाबाट मात्र सम्भव छ । अर्थात् अरुले जतिसुकै सिकाए तापनि परिवर्तन हुने चाहना आफूभित्रै छैन भने त्यो सब बालुवामा पानी खन्याएझैं व्यर्थ हुन्छ । अरुले सिकाएका कुराहरुलाइ इमानदारीता पूर्वक व्यवहारमा लागु गर्नुपर्छ ।

हामी बारम्बार गल्ती दोहोऱ्याइरहने होइन तर आफूले गरेको गल्तीबाट पाठ सिकेर फेरी त्यसलाई नै दोहोऱ्याउने कोशिस गर्नुपर्छ । धेरै चोटी हामीले अरुले गरेका गल्तीबाट पनि राम्रो कुरा सिकेर हामीमा परिवर्तन ल्याउनुपर्छ । विशेषगरी युवाहरु सचेत हुनु आवश्यक हुन्छ । किनभने जवान अवस्थामा विभिन्न किसिमका परिक्षाहरु आइपर्दछन् जसको कारण सारा जीवनलाइ धरापमा पारिदिन्छ । यदि हाम्रो जवानी अवस्था असल छैन, दोष नै दोषले भरिएको छ भने हामी भविष्यमा असल श्रीमान र श्रीमतीको रुपमा सहि र जीम्मेवारी अनि समझदारीको भूमिका निर्वाह गर्न सक्दैनौं ।

त्यसैले बाहिरी रुपमा हामी काला, होचा, अपाङ्ग, अशक्त, दृष्टिविहिन भए तापनि त्यसले फरक पार्दैन । फरक त केवल हामी कतिको अनुशासित छौं भन्ने कुराले पार्छ । हाम्रो हृदय भित्र, मन, भावना, सोचाइ विचार राम्रो छ भने पुग्यो । हामी कति चोटी अरुहरुको सामु अनुशासनहिन हुन्छौ तसर्थ अनुशरण कुनै व्यक्तिको नभइ प्रभु येशूको गर्नुपर्छ, जसले हाम्रा हरेक मार्गमा सहायता गर्नुहुन्छ र हामी आफ्नो परिवार, टोल, छिमेक, समुदाय र राष्ट्रको निम्ति आशिषको कारण बन्न सक्छौं ।

# ४५ मानिस

हामीहरुमध्ये धेरै जनाले "म को हुँ ? म किन यस संसारमा छु ? म कहाँ जानेछु ?"जस्ता प्रश्नहरु माथी विचार गर्दैनौ । हामी यति व्यस्त हुन्छौं कि यी प्रश्नहरु सोच्नको लागी हामी संग समय नै हुदैन र जीवनको यस सत्यतामाथि कहिल्यै पनि विचार गर्दैनौं ।

कतिपय मानिसरुले यस्ता कुराहरु सोचे ता पनि जीवनका गम्भिर प्रश्नहरुको असत्य उत्तरको पोको बोकेर गमक्क परेका हुन्छन् । कुनै व्यक्तिले यो संसार नै माया हो भन्दै उनीहरुले जे सोचेको छन्, त्यही नै सत्यता हो भनी विचार गर्छन् । जब कुनै मानिसले कुनै कुरालाइ राम्ररी बुझ्न सक्दैन तब उसले सोच्छ कि सबै कुरा एक सपना जस्तो हो र कुनै कुरा पनि सत्य छैन । जब हाम्रो मन र मष्तिष्क संसारका कुराहरुले भरिन्छन् तब यस्तो प्रकारको भावनाको विकास हुन्छ । कसै कसैले अकस्मात सबै कुराहरुको अस्तित्व हुन आएको हो भन्ने विचार गर्छन् तर निश्चित रुपमा जान्न सकिँदैन भनेर भन्छन् ।

वास्तवमा कुनै रसायनिक प्रक्रियाद्वारा अथवा अकस्मात मानिस, जीव जन्तु, रुख विरुवा, तारा अथवा ब्रम्हाण्डको अस्तित्व हुन आएको होइन । तर साँचो उत्तर परमेश्वर जो एक कुशल कालीगढ हुनुहुन्छ, उहाँद्वारा नै जीवनको सृष्टि भएको हो, किनकी उहाँमा जीवन छ । हाम्रो अन्तस्करणमा एउटा स्पष्ट आवाज छ जसले प्रस्टसँग देखाउँछ कि एउटा कोही महान् व्यक्तित्व हुनुहुन्छ, जसलाइ परमेश्वर भनिन्छ ।

संसारको धर्म मानिसको विचारको पोको अथवा परमेश्वरको बारेमा यसो सोचिएको धर्को मात्र हो ।

उदाहरणको लागी अणु र परमाणुको विषयमा वास्तविक जानकारी नहुँदा अथवा यसको आविष्कार नहुँदा विभिन्न व्यक्तिहरुले विभिन्न विचारहरु व्यक्ति गर्थे, तर ज्ञानको विस्तार हुँदै गएपछि यसबारे प्रयोगहरु तत्वको बनोटको बारेमा हामी सजिलैसँग बुझ्न सक्छौं । यस्तै प्रकारले परमेश्वरको बारे मानिसको खोजले विभिन्न ज्ञान, साधु, महात्मा, दार्शनिक, गुरु, ऋषी-मुनीलाइ एउटा विचार प्रदान गर्ने मौका दियो, जो समय बित्दै गएपछि एउटा शिक्षा बन्न पुग्यो । उनीहरुले जे सोचे त्यसलाइ लेखेर व्याख्या गरे अनि आज धेरै मानिसहरुले ती भनेका र लेखेका कुराहरु नै सत्य हो भनी भन्ने गर्छन् । संसारमा त्यसबाहेक अरु सत्य छैन भनेर भावनामा बगेर अथवा सत्यता थाहा नै नपाइकन त्यस शिक्षा अनुसार धेरै मानिसहरु हाम्रै वरिपरि चलिरहेका हामी पाउँदछौं । यस्ता कुराहरु केही समय पछि गएर एउटा मत बन्छ र यस विचारको विचारक उक्त मतको संस्थापक हुन पुग्छ । यसरी एउटा नयाँ धर्म शूरु हुन्छ । यो एउटा यस्तो कथा हो, जो सत्यताको श्रोत होइन तर "सत्यता को खोजी" मात्रै हो ।

बाइबल एक धार्मिक पुस्तक होइन न त यो इस्राएलीहरुको मात्रै पुस्तक पनि होइन । बाइबलका धेरै जसो पुस्तकहरु येशू ख्रीष्ट जन्मनु भन्दा अगाडि नै लेखिएका थिए । परमेश्वर मानिसको रुपमा अवतार हुनुहुनेछ भनेर सयौं वर्ष पहिले नै बाइबलमा बताइएको थियो । विशेष गरी ठीक किसिमको तथ्य जस्तैः येशूको नाम, जन्म लिने ठाउँ, उहाँले संसारमा गर्ने कार्यहरु, उहाँ कसरी पापको निम्ति मर्नुहुनेछ र तेस्रो दिनमा फेरी जीवित हुनुहुनेछ, यी सबै कुराहरु पहिले नै भनिएको थियो ।

बाइबल ६६ वटा पुस्तकहरुको संग्रह हो, जसलाइ विभिन्न ठाउँका ४० भन्दा बढी व्यक्तिहरुले १५०० वर्षको अवधिभित्र लेखे। उनीहरु थिए भने कोही माझीहरु, कोही दासहरु थिए ।उनीहरु मध्ये धेरै जसो गरिब अवस्थाका थिए । परमेश्वरको आत्माले उनीहरुले परमेश्वरको वचनलाइ लेख्थे । बाइबलमा भरोसा गर्न सकिन्छ किनकी यसमा कुनै मानिसको व्यक्तिगत विचार छैन । देश, वातावरण र परिस्थिति फरक भएता पनि यसको लक्ष्य एउटै छ । प्रत्येक लेखेको परमेश्वर उहाँ नै हुनुहुन्थ्यो, त्यसैले यो हुन आयो ।

बाइबल बताउँछ, आदीमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो । परमेश्वरले मानिसलाइ आफ्नै स्वरुपमा, आफ्नै प्रतिरुपमा बनाउनुभयो । मानिसलाइ सृष्टि गर्नुको उदेश्य, परमेश्वरले आफ्ना लागी छोरा छोरी बनाउन चाहनुहुन्थ्यो जसले उहाँलाइ प्रेम गरुन् र उहाँसँग संगती गरिरहुन् । उहाँले मानिसलाइ बस्नको लागी पृथ्वीको माटोबाट नर र नारी बनाउनुभयो त्यसैले उनीहरु अरु प्राणीभन्दा फरक छन् । परमेश्वरले उनीहरुको नाकमा आफ्नो सास फुकिदिनु भएपछि उनीहरु जीवित प्राणी भए । परमेश्वरको स्वरुपमा सृष्टि गरिएकोले नै मानिसले जे ठिक छ त्यो छान्न सक्छ र आत्मनियन्त्रण गर्न सक्छ ।

मानिससँग शरिर छ, जसभित्र जीवन छ र आत्मा पनि छ तर आत्माले मात्र परमेश्वर सँग सम्बन्ध राख्न सक्छ । त्यसैगरी हामीसँग मन, भावना र इच्छाशक्ति हुन्छ जसद्वारा राम्रो नराम्रो छुट्याउन सकिन्छ । हामी सोच्न सक्छौं, आफैंलाइ बदल्न सक्छौं । हामीमा भएको हाम्रो बुद्धि परमेश्वरको स्वरुपको एक भाग हो ।

मानिसको लागी परमेश्वरको सबैभन्दा ठूलो उपहार आत्मा हो, जो कहिल्यै मर्दैन । शरिरको मृत्यु हुँदैमा आत्मा नष्ट हुँदैन तर यो सृष्टिकर्ता परमेश्वरकहाँ फेरी फर्किएर जान्छ । त्यसकारण अविनाशी आत्माको निम्ति फिक्रि गर्नु मानिसको निम्ति जरुरी छ । पवित्र धर्मशास्त्र यूहन्ना ३:१६ पदमा "किनभने परमेश्वरले संसारलाइ यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्नो एकमात्र पुत्रलाइ यस संसारमा पठाउनुभयो ता कि उहाँमाथी विश्वास गर्ने कोही पनि नबााक नहोस् तर त्यसले अनन्त जीवन पोओस् ।

मित्र शायद यूहन्ना ३ अध्यायबाट मैले पढेका कुराहरुबाट तपाई स्पष्ट भइसक्नु भएको होला कि अनन्त जीवन अर्थात् हाम्रो आत्मा नबााक नहुने जीवन हामी कसरी प्राप्त गर्न सक्छौं भनेर । अर्थात जब तपाई र म परमेश्वरको पुत्र प्रभु येशू ख्रीष्टमाथी विश्वास गर्छौं, परमेश्वरले जुन उदेश्यका साथ प्रभु येशूलाइ यस संसारमा पठाउनु भयो त्यो पूरा हुन्छ अर्थात् तपाई र मेरो आत्मा अनन्तताको निम्ति परमेश्वरकहाँ जान्छ ।

यदि आज तपाईले येशूलाइ आफ्नो जीवनमा निम्त्याउन चाहनुहुन्छ भने म सँग सँगै यो स्विकारको प्रार्थना गर्न सक्नुहुन्छ । आउनुहोस् हामीसँग प्रार्थना गरौं "प्रभु येशू मलाइ तपाईको खाँचो छ । म मेरो जीवनको ढोका खोल्दछु अनि तपाईलाइ मेरो प्रभु र मुक्तिदाता भनि ग्रहण गर्दछु । मेरो पाप क्षमा गर्नुभएको लागी धन्यवाद । अब मेरो जीवनलाइ तपाईले नै अधिन गर्नुहोस् र मलाइ तपाईले नै अधिन गर्नुहोस् र मलाइ तपाईले चाहेजस्तै तपाईकै मनपर्दो बनाउनुहोस् ।"

आमिन् ।

# ४६ जीवन व्यवस्थापन

अंग्रेजीमा एउटा शब्द छ-"STEWARDSHIP" जसको अर्थ भण्डारीपन (हेरचाह) गर्नु भन्ने बुझिन्छ । यो शब्द हरेक व्यक्तिमा लागु हुन्छ तर यस कुरालाई संसारका मानिसहरुले बुझ्न नसकेको पाइन्छ । यसलाई धेरैले आ-आफ्नै बुझाइ र अवस्था हेरी व्याख्या गरेको देखिन्छ । मानिसहरुले भण्डारपन भन्ने शब्दलाई गलत रुपमा बुझेको कारणले गर्दा नै आज संसारको धेरै मानिसहरु आफ्नो जीवनमा वास्तविक सन्तोष एवं आनन्दको अनुभुति गर्न नसकि हतास र निराश भएको पाइन्छ । त्यसबाट तपाई हामी पनि अछुत छैनौ । यसको कारण सांसारिक चिजहरु प्राप्त गर्ने अभिलाषाको अस्वस्थ प्रतिस्पर्धामा दौडीरहेको जोकोही आफ्नो जीवनलाइ हेर्ने दृष्टिकोणलाई खुम्च्याएका हुन्छौं । जो संसारिक अभिलाषा प्राप्तिलाइ आफ्नो जीवनको मुख्य लक्ष्या बनाइ सांसारिक दौडमा दौडिरहेका हुन्छन्, तिनीरुको मिहिनेत र परिश्रम अन्त्वतगत्व उपलब्धि विहिन र शुन्ययामा पुग्दछ ।

यसै सन्दर्भमा पवित्र धर्मशास्त्र बाइबलको उपदेशक ५ अध्यायको १६ पदमा राजा सोलोमनले यसरी प्रश्न गर्दछन् "त्यसले हावाको लागी परिश्रमले के लाभ हुन्छ र ?"

तर यो भण्डारेपन भन्ने शब्दलाइ धेरै जसो मानिसहरुले आर्थिक व्यवस्थापन भनेर मात्र बुझ्ने गरेको देखिन्छ । हुनसक्छ पैसा भेटी दिन, आफूलाई जिम्मा दिइउको रुपियाँ पैसाको राम्रो व्यवस्थापन गर्नु

राम्रो हो तर यो भण्डारपनको एक भाग मात्रै हो । यो रुपिँया पैसाको पर्यायवाची शब्द भने होइन ।

महत्वपूर्ण कुरा यो छ कि प्रत्येक व्यक्तिले आफ्नो उसको परमेश्वरसँगको सम्बन्धमा स्पष्ट हुन जरुरी छ । परमेश्वरसँग उसको जीवनको निम्ति ठूलो योजना छ भनी बुझ्न पनि जरुरी छ । यदि कुनै मानिसले परमेश्वरको उसको जीवनमा ठूलो योजना छ भनी बुझ्दैन भने, उ केवल एउटा कमिला भन्दा केही माथि मात्र हुन सक्छ । जसले कडा परिश्रम गरी आउने दिनको लागी चाहिने खाना सञ्चय गर्छ । यदि हाम्रो जीवन जीयाई पनि यस्तै कमिलाहरु झैं छ भने यो संसारभन्दा पर हाम्रो कुनै लक्ष्य हुनसक्दैन ।

भण्डारे शब्दलाइ शब्दकोषमा हेर्‍यौं भने एक व्यक्ति जसले अर्काको सम्पत्तिको हेरचाह वा व्यवस्थापन गर्छ भनी लेखिएको छ । त्यसमा पनि जब हामी इसाई भण्डारेको कुरा गर्छौं, त्यो व्यक्ति अन्य सांसारिक व्यवस्थापक भन्दा बढी इमान्दार र विश्वासयोग्य हुनुपर्छ किनकी त्यो व्यक्तिले संसारको मालीकका कुराहरुलाई व्यवस्थापन गर्ने जीम्मा पाएको हुन्छ । परमेश्वरले तयार गर्नुभएका रेखाकंनलाइ स्विकार गरी आफ्नो जीवन र त्यसको उदेश्य भनेको उहाँ अर्थात् परमेश्वरको योजनालाई मूर्तरुप दिनको निम्ति दैविय शक्तिले त्यो व्यक्तिलाइ अगुवाइ गर्नुहुन्छ, जसले तपाईं र मेरो प्रतिमा, श्रमतालाइ उहाँको खातिर बढाउँदै लानुहुन्छ भन्ने कुरा हामीले कदापी भुल्नुहुँदैन।

प्रत्येक इसाइ परमेश्वरको भण्डारे हो जसलाइ परमेश्वरले आफ्ना असल कुराहरुले भर्नुभएको छ ।

आज धेरै मानिसहरु र इसाइहरुले आफ्नो जीवनको व्यवस्थापनलाई वा जीवनलाइ सन्तुलित रुपमा

अगाडी बढाउनलाइ आ-आफ्नै किसिमले बुझेको पाइन्छ र उनीहरुले आफूलाइ आफ्नो जीवनको व्यवसथापकको रुपमा नभई आफू आफ्नो जीवनको मालिक ठान्ने गर्दछन् ।

हाम्रो जीवनको मालिक परमेश्वर हुनुहुन्छ, हामी भने यसको व्यवस्थापक मात्र हौं । किनकी यसको सृष्टि र उद्धार उहाँ स्वयंमले गर्नुभएको हो ।

हाम्रो जीवनलाइ कसरी चलाउछौं, कुन दिशामा लान्छौं, के बोल्छौं, के सोच्छौं, के गर्छौं र त्यसले के के प्रभाव र प्रतिफलहरु ल्याउँछन्, ती सबै कुराको लेखा हामीले परमेश्वरलाई दिनुपर्छ । आज हामीले हाम्रो समाज, आफन्त, साथीभाइहरुलाइ नजिकबाट हेर्‍यौं भने कयौंले आफ्नो जीवनलाई अनाहक कष्ट दिएर तडपाइ तडपाई खत्तम पारिरहेको भेट्टाउछौं । ती जीवनका तडपाइहरुमा नखाने कुराहरु खाएर, नगर्नुपर्ने कामहरु गरेर अन्त्य धेरै धेरै नराम्रा आदतहरु र कुलतहरुलाई जीवनका अभिन्न अंग बनाइ जीवनलाइ नर्क बनाइरहेका छन् । त्यसैले त हामीले हेर्ने टेलिभिजन, सुन्ने रेडियो तथा अखबारहरुमा आत्महत्या, झै-झगडा अनी सामुहिक बलात्कार, हिंसा, चोरी, अपहरणका समाचारहरुले भरिएका हुन्छन् । यी निश्चय नै दु:खदायी छन् र परमेश्वरको योजना विपरित मानिसहरु गएको कारणले निम्त्याइएका प्रतिफलहरु हुनभन्दा अत्युक्ति नहोला ।

त्यसकारण हामीले हाम्रो जीवनलाइ अनुशासित र उदेश्यमूलक जीवनको रुपमा व्यवस्थित गर्नुपर्छ । प्रभु येशू भन्नुहुन्छ "ज-जसले मलाइ पछ्याउँछ, उ अंधकारमा हिड्नेछन् तर ज्योतिमा ।" यीवचनहरुलाइ हामीले आत्मासाथ गरी उहाँको जीवन र बाटोहरुलाई

पछ्यायौं भने हाम्रा हृदयका अँध्याराहरुबाट स्वतन्त्र हुन सक्छौं ।

इसाई हेरचाहले मानिस र परमेश्वरको सम्बन्धलाई देखाउँछ । यसमा रुपैंया पैसाको व्यवस्थापन भन्दा अझ बढी मानिसले आफ्नो जीवनलाइ कसरी व्यवस्थापन गरेको छ, त्यसमा भर पर्दछ । आजको संसार रुपैंया पैसा आर्जन गर्ने भन्ने तर्फमा बढी केन्द्रित भएको छ । मानिसको सफलता, खुशी जस्ता साधारण कुराहरु उसको पद र पैसासँग गाँसिएको पाइन्छ ।

मानिसहरु आफू वृद्ध भएपछि आफ्नो खाने, बस्ने तथा स्वास्थोपचारको सुनिश्चितता चाहन्छ जुन जीवनका अति आवश्यक कुरा हुन् । तर पवित्र शास्त्र बाइबलमा प्रभु येशूले आफ्ना चेलाहरुलाई यी सांसारिक कुराहरुको खोजीमा आफूलाइ नलाग्न सावधानी गराउनुहुन्छ । जुन कुरा मत्ती ६ अध्यायको ३२-३४ पदमा उल्लेख गरिएको छ । "किनकी अन्य जातीहरुले यी सब थोक खोज्दछन्, र तिमीहरुका स्वर्गमा हुनुहुने पिताले तिमीहरुलाइ यी सबै थोकको खाँचो छ भनी जान्नुहुन्छ । तर पहिले उहाँको राज्य र उहाँको धार्मिकताको खोजी गर, र यी सबै थोक तिमीहरुका निम्ति थपिनेछन् । यसकारण भोलीको निम्ति फिक्रि नगर, किनकी भोलीको दिनले आफ्नो फिक्रि आफैं गर्नेछ । आजको दु:ख आजको निम्ति पर्याप्त छ ।" स्वार्थीपन नै हरेक खराब कुराको जड हो । प्रत्येक जसले आफ्नै लागी मात्र चाहना गर्छ, त्यसलाइ परमेश्वरले घृणा गर्नुहुन्छ । हामीसँग भएका रुपैंया पैसालाइ पनि आत्मिक वृद्धिको क्षेत्रमा लगानी गरेनौ भने त्यसको महत्व पछि सम्म रहँदैन ।

सांसारिक नाशवान कुराहरुले हाम्रो भविष्यलाइ सुनिश्चित गर्न सक्दैन । मानिसको लागी एउटै मात्र भविष्यको सुनिश्चितता भनेको हाम्रो साधारणपन, बालकहरुको जस्तो विश्वास, परमेश्वर माथीको भरोसामा मात्र हुन्छ । त्यसकारण हामी यस्ता कुराहरुबाट टाढा रहनु जरुरी हुन्छ ।

यहाँनेर हाम्रो जीवनमा रुपैंया पैसाको कुनै महत्व नै छैन र यो हामीलाइ चाहिँदैन, भन्न खोजिएको होइन तर हामीसँग भएका थोकहरुलाई कसरी परिचालित गर्छौं र ती कुराहरु परमेश्वरको महिमाको निम्ति गरिएका छन् वा छैनन् भन्ने कुराले विशेष महत्व राख्दछ । जब कसैले परमेश्वरलाई उपहारको रुपमा रुपैंया पैसा दिन्छ, त्यसले वास्तवमै आफ्नो जीवनको एक अंग नै दिएको हुन्छ, किनकी जुन अंगलाइ प्रयोग गरी उसले ती कुराहरु आर्जन गरेको हुन्छ ।

परमेश्वरले मलाकी अगमवक्ता मार्फत आफ्ना जनहरुलाई सुधारको लागी आह्वान गर्नुभएको छ । "तिमीहरुका पिता पूर्खाको समय देखीनै तिमीहरु मेरा उर्दीहरुदेखी तर्कैर गएका छौ र ती तिमीहरुले पालन गरेका छैनौ । म तिर फर्के र म तिमीहरुतिर फर्कनेछु । तर तिमीहरु सोच्दछौ, हामी कसरी फर्कौं ? के कुनै मानिसले परमेश्वरलाइ लुट्छ र ? तर पनि तिमीहरु मलाइ लुट्दछौ-दशांशको भेटीमा ।" (मलाकी ३:७-८)

परमेश्वरले स्पष्ट रुपमा भन्नुभएको छ, जुन मानिसहरुको ठूलो समस्याको विषय हो । मानिसहरुकै स्वार्थी हृदय र जीवनले उसको सम्पूर्ण भागहरुमा प्रभाव पारिरहेको छ ।

# ४७ मानिस र परमेश्वरको सम्बन्ध

परमेश्वरले मानिसलाइ संसारको मालिक भनेर कहिल्यै भन्नुभएन तर मानिसलाई उहाँको सृष्टिहरुमाथी अधिकार गर भनी भन्नुभयो । जुन कुरा पवित्र धर्मशास्त्र बाइबलको उत्पत्ति १ अध्यायको २८ पदमा यसरी लेखिएको छ "परमेश्वरले तिनीहरुलाई आशिष दिनुभयो र भन्नुभयो फल्दै फूल्दै, वृद्धि हुँदै, पृथ्वीमा भरिँदै जाओ र त्यसलाई आफ्नो वशमा पार्दै जाओ । समुद्रका माछाहरु आकाशका पंक्षीहरु तथा पृथ्वीका सबै जीवित प्राणीहरु माथी अधिकार गर ।"

संसारको जस्तोसुकै असल व्यक्ति किन नहोस्, जसले आफूलाइ सबै कुराको ज्ञान भएको भनेर दावी किन नगरोस्, किनकी उसले आर्जन गरेको ज्ञान, पद प्रतिष्ठाहरुका बावजुद पनि कदापी संसारको मालिक हुन सक्दैन । यद्दपी उसले आफ्नो क्षमता र नियन्त्रण बाहिरका कुराहरुमा आफ्नो प्रभुत्व देखाउन खोज्छ । देवी प्रकोप जस्तै: बाढी पहिरो भूइँचालो, ठूला सामुन्द्रिक आँधीहरु, ज्वालामुखी विष्फोटन तथा आगलागीहरुले उसका भनाइलाइ मूल्यविहिन बनाइदिन्छन् । संसारको कुनैपनि ताकतदार वा शक्तिशाली मानिसले परमेश्वरको सृष्टिलाइ आफ्नो हातमा लिन सक्दैन ।

राजा सोलोमन पवित्र धर्मशास्त्र बाइबलको उपदेशक २ अध्यायके १८ पदमा यसरी लेख्नु हुन्छ "सूर्यमुनि सबैकुरा जसका लागी मैले परिश्रम गरेको छु, ती सबै मैले घृणा गरें, किनभने मैले ती म पछि आउनेको निम्ति छोड्नैपर्छ ।"

पवित्र शास्त्र बाइबलमा हेऱ्यौं भने मानिस सधैं परमेश्वरको सृष्टिको रखवाला मात्र भएको पाइन्छ र यसको वास्तविक मालिक परमेश्वर स्वयंम् हुनुहुन्छ । मानिसको सृष्टि गर्ने समयमा परमेश्वरले भन्नुभयो," मानिसलाई आफ्नै स्वरुपमा, हाम्रै प्रतिरुपमा बनाऔं । तिनीहरुले समुन्द्रका माछाहरु, आकाशका पंक्षीहरु, पालिने पशुहरु र जमिनमा चलहल गर्ने सबै जन्तुहरुमाथी अधिकार गरुन् ।"(उत्पत्ति२:८) फेरी २ अध्यायकै १६ पदमा परमेश्वरले मानिसलाइ भन्नुभयो "तैले बगैंचाका सबै रुखका फल संकोच नमानी खाए हुन्छ तर असल र खराबको ज्ञान दिने रुखको फलचाहीँ नखानु, किनभने जुन दिन तैंले त्यो खान्छन् तँ निश्चय नै मर्नेछस् ।" तर जब मानिसले परमेश्वरको आज्ञालाई उलंघन गरी शैतानको कुरा सुने र नखानु भनेको रुखको फल खाए तब तिनीहरु परमेश्वरबाट लुके । त्यसपछि उनीहरुलाई उक्त स्वर्गिय अदनको बगैंचाबाट निकालियो ।

हामी यस संसारमा एक परदेशी झैं छौं । हामीसँग भएका सम्पूर्ण कुराहरु क्षणिक र नाशवान छन् । हाम्रो जीवन अत्यन्तै छोटो छ र यो हाम्रो जीवनमा हामीले गर्नुपर्ने कामहरु थुप्रै छन् । हामीसँग भएका सम्पूर्ण कुराहरु परमेश्वरले आशिषको रुपमा,जब सम्म हामी यस संसारमा छौं, उपयोग गर्न सकौं भनी दिनुभएको हो यी सबै कुराहरु हाम्रा होइनन् अर्थात यसको मालिक परमेश्वर स्वयंम् हुनुहुन्छ । त्यसैले त पवित्र शास्त्र बाइबलको भजनसंग्रह २४ अध्यायको १ पदमा राजा दाउदले परमेश्वरको महिमाको विषयमा यसरी भजन गाउँछन् "पृथ्वी र त्यसमा भएका जे जति छन् सबै परमप्रभुका हुन्, संसार र त्यसमा वास गर्नेहरु सबै उहाँकै हुन् ।

आज कैयौं मानिसहरु परमेश्वरको सृष्टिमा भएका थोकहरुमाथी आफ्नो हक दावी गर्ने दौडमा छन् र प्रयत्न गरिरहेका छन्, त्यसैले आजको संसारलाइ हेर्दा जे जति नराम्रा घटनाहरु घटिरहेका हामी देख्छौं, त्यसले आजको मानव समाजलाइ कतातिर डोऱ्याउँदैछ भनी छर्लङ्ग पारेको छ ।

इस्राएलीहरुलाइ कनान देशमा ल्याउन भन्दा अगाडी परमेश्वरले तिनीहरुलाइ केही निर्देशनहरु दिनुभयो जुन कुरा पवित्र धर्मशास्त्रको व्यवस्था ८ अध्यायको ११ र १८ पदहरुमा मोशा यसरी भन्दछन् "सावधान बस! मैले तिमीहरुलाई आज दिएका उहाँका विधिविधान उल्लङ्घन गरेर परप्रभु तिमीहरुका परमेश्वरलाइ नभुल । तर परमप्रभु तिमीहरुलाइ धनसम्पत्ति प्राप्त गर्ने शक्ति दिनुभएको करार स्थिर गर्नुहुन्छ, जो आजसम्म छुँदैछ ।" यहाँ भन्न खोजिएको छ कि जब तिनीहरुका गाइवस्तुहरु बढे, उनीहरुका सुनचाँदीको वृद्धि भयो र उनीहरुले टन्न खान पाए त्यस पछि त्यहाँ परमेश्वरलाई भुल्ने वातावरणको सृजना भयो । मोशाले अगाडी अझ भने यदि तिनीहरुले परमेश्वरलाइ विर्से भने अझ के हुनेछ भनेर । तर यस्तो किसिमको अवस्था नभोग्नकोलागी उनीहरुले परमेश्वरले भन्नुभएको कुरालाइ स्विकार्नु पर्ने थियो । तर दिनहरु बित्दै गए, इस्राएलीहरुले परमेश्वरलाइ बिर्से र उनीहरु शत्रुको हातमा परे ।

यूहन्ना ६ अध्यायको ३८ पदमा येशूले भन्नुभयो "म आफ्नो इच्छा पूरा गर्न स्वर्गबाट ओर्लिएको होइन, तर मलाइ पठाउनु हुनेको इच्छा पूरा गर्न आएको हुँ ।" त्यसकारण हामी यस सांसारिक यात्रामा छौं र हाम्रो उदेश्य वा जीवनको मुख्य लक्ष्य भनेको परमेश्वरलाई उचाल्नु, उहाँले गर्नु भएको

कामलाई बताउनु र उहाँका आज्ञाहरुलाइ सिरोपर गरी त्यसै अनुसार अगाडी बढ्नु हो ।आजको संसारमा बसेका हामी मानिसहरुले बुझ्नुपर्ने कुरा भनेको यस संसारमा मेरो उपस्थिति किन भयो , के को लागी र कसले गर्‍यो ?

यस संसारको सृष्टिकर्ता परमेश्वर हुनुहुन्छ । (उत्पत्ति१:१) त्यसैगरी हाम्रो सृष्टि पनि उहाँले नै गर्नुभएको हो । त्यो पनि आफ्नै स्वरुपमा । (उत्पत्ति१:२६)त्यस भन्दा अगाडी बाइबल अझ स्पष्ट छ कि हामी परमेश्वरको सृष्टिको संरक्षण र त्यसमाथी अधिकार गर्नका लागी सृजियौं । परमेश्वर मानिससँग सँगति गर्न चाहनुभयो त्यसैले आदम र हव्वासँग उहाँको प्रत्यक्ष भेटघाट र संगति हुन्थ्यो । जब आदम र हव्वा पापमा परे तब मानिस र परमेश्वर बीचको प्रत्यक्ष संगति र सम्बन्धमा विचलन आयो जसले मानिस र परमेश्वरको बीचमा ठूलो खाडल सृजना गर्‍यो । त्यत्ति हुँदा पनि परमेश्वरले मानिसलाइ त्यागनुभएन तर उहाँले मानिस जातिको उद्धारको योजना बनाउनु भयो, जुन कुरा पवित्र धर्मशास्त्र बाइबलको यूहन्ना ३ अध्यायको १६ पदमा यसरी लेखिएको छ "किनभने परमेश्वरले संसारलाइ यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्नो एकमात्र पुत्रलाइ पठाउनुभयो ताकि उहाँमाथी विश्वास गर्ने कोही नाश नहोस् तर त्यसले अनन्त जीवन पाओस् ।"

यी सबै कुरा परमेश्वरले हाम्रो निम्ति गर्नुभयो कारण उहाँ हाम्रो पिता र सृष्टिकर्ता हुनुहुन्छ अनि हामीलाई अति नै प्रेम गर्नुहुन्छ र हामी पनि उहाँको नजिकै गएको चाहनुहुन्छ ।

# ४८ व्यवस्थापक भएर जीउनु

जब मानिसले आफूलाई परमेश्वरको छत्रछायाँमा उहाँको व्यवस्थापक भनी बुझ्दछ तब त्यो व्यक्तिले परमेश्वरमा भर पर्दा प्राप्त हुने आशिषको अनुभव गर्न सक्छ । अर्थात परमेश्वरमा समर्पित हुँदाको जीवनको आनन्द र स्वतन्त्रता कत्तिको मिठो र आनन्ददायक हुँदो रहेछ भनी उक्त व्यक्तिले अनुभुति गर्न सक्छ । जो व्यक्ति परमेश्वरको सल्लाहमा हिँड्छ, उसका योजना, लक्ष्यहरु परमेश्वरिय शक्तिद्वार परिचालित हुन्छन् । त्यसपछि त्यो व्यक्तिको दैनिक आवश्यकताहरु पूरा हुने निश्चयता र उसमा समून्नत भविश्यको पूर्ण आशा हुन्छ र त्यसै अनुसार उसले आफ्ना जीवनका पाइलाहरु अगाडी बढाउँदै जान्छ र उ क्रमश: आफ्नो लक्ष्यमा सफल हुन्छ ।

आजको युगको मानिसहरुको सबैभन्दा ठूलो शत्रु भनेको उनीहरुको मनमा भएको शंका, असुरक्षा अर्थात आफ्नो भविष्य प्रतिको सुनिश्चितता प्रतिको शंका, भोली के हुने हो, खान पाइने हो वा होइन भन्ने जस्ता कुराहरु हुन् । जब मानिसहरु परमेश्वरबाट टाढा भएर आफूमा मात्रै भर पर्दछन् तब यस्ता शंका उपशंकाहरु, अविश्वास र अनिश्चितता जस्ता कुराहरुले उनीहरुलाइ गाँज्न पुग्छन् र त्यसको फलस्वरुप प्रतिक्रियामा मानिसहरु आफ्नो सांसारिक भविष्य सुनिश्चितता हुने आशामा नराम्रा र अस्वस्थ्य प्रतिस्पर्धामा सहभागी हुन पुग्छन् । त्यसबाट क्षणिक सफलता पनि प्राप्त गर्छन् तर त्यो सफलता लामो समयसम्म टिक्न सक्दैनन् भने अधिकांश असफल भएर

बाटैमा हराउँछन् र जीवनको वास्तविक अर्थ र परिभाषा नै नबुझिकन आफ्नो अमूल्य जीवनलाइ नष्ट गर्न तर्फ अग्रसर हुन्छन् । त्यसैले कैयौं मानिसहरुले अनाहक रुपमा विना कारण आफूले आफैंलाइ सिध्याउन पुगेका छन् । कैयौं मानिसहरु जीवित लास भएर मृत्युलाइ पर्खिरहेको अवस्थामा पुगेका छन् । यी सबै कुराहरुको जीम्मेवार मानिसले परमेश्वरलाइ नचिन्नु र आफ्नो यस संसारको उपस्थितिलाइ नबुझ्नु नै हो भन्दा अतियुक्ति नहोला ।

साँचो खुशी र आनन्द परमेश्वरबाट मात्र प्राप्त गर्न सकिन्छ, संसारको ज्ञानबाट होइन । परमेश्वरले उहाँको जनहरुको निम्ति चाहिने सबैकुराहरु पूरा गरिदिनुहुन्छ, चाहे जस्तो सुकै अवस्था किन नहोस् । एउटा किसान थियो जसले आफ्नो पूरानो बाइबल धेरै पल्ट पढिसकेपछि उसले परमेश्वरको महान सत्यलाइ बुझ्यो । उसले आफ्नो घुँडा टेकेर परमेश्वरसँग प्रार्थना गऱ्यो"प्रभु म क्षमा माग्दछु, मैले सोचेको थिएँ यो खेतको मालिक म हुँ भनेर तर मलाइ थाहा भयो कि यसको मालिक तपाई परमेश्वर स्वयंम्हुनुहुन्छ, म त केवल यसको हेरचाह गर्ने मात्र हुँ ।"

तल सानो गाउँमा बस्ने उसका छिमेकी तथा आफन्तहरुलाई किसानले भने "मैले मेरो खेत जसको थियो उसैलाइ फिर्ता गरिदिए ।" ती छिमेकीहरुमा बडो ठूलो चासोको विषय बन्यो । आखिर को रहेछ त वास्तविक मालिक भनेर । तब किसानले "परमेश्वर नै यस खेतको मालिक हुनुहुन्छ" भनेर भन्यो । उक्त कुरा सुनेपछि किसानका छिमेकीहरुमा ठूलो दुविधा र चिन्ता छायो र उक्त किसानले फेरी भन्यो "अब म स्वतन्त्र

भएको छु । म प्रत्येक बिहानी उहाँमा नै मेरो घुँडा टेक्छु र सोध्छु मैले के गर्नुपर्छ भनेर ।"

एकदिन बाली नष्ट पार्ने किराले किसान र किसानका छिमेकीहरुका खेतमा लगाइएको सबै बालीहरु नस्र पारिदिए । यो कुरालाई उक्त किसानका छिमेकीहरुले चासो पूर्वक हेरीरहेका थिए । छिमेकीहरुले किसानलाई सोधे "तिमी त परमेश्वरमा भरोसा गर्ने व्यक्ति ! तर पनि तिम्रा बाली नाली सबै किराले किन खाइदिए ?" किसानले शान्तपूर्वक जवाफ दियो" उहाँले किराहरुलाई चराउन चाहनुभयो र त्यसको लागी मलाई कुनै आपत्ति छैन ।"

परमेश्वरको यस्तै किसिमको अधिपत्यलाइ अय्यूबले भने "म आफ्नी आमाको गर्भबाट नाँगै फर्केर जानेछु, परमप्रभुले दिनुभयो अनि परमप्रभुले लानुभयो, परमप्रभुको नाउँ धन्यको होस् ।" (अय्यूब १:२१)अय्यूबले आफ्ना सबै कुराहरु गुमाएकोमा धेरै चिन्ता फिकि गर्न सक्थे तर जे जति उनका थिए ती सबै परमेश्वरका थिए भन्ने कुरालाइ उनले राम्रोसँग बुझेका थिए । उनी तब केवल रेखदेख गर्ने अस्थायी व्यवस्थापक मात्र थिए त्यसैले अय्यूबले परमेश्वरलाई कहिल्यै गुनासो गरेनन् ।

यदि कुनै व्यक्तिले आफूलाई परमेश्वरको भण्डारे वा हेरचाह गर्ने व्यक्तिको रुपमा लिन्छ भने उ जस्तो सुकै परिस्थितिमा पनि निश्चित एवंम् आनन्द भएर आफ्नो मालिक परमेश्वरमा रहिरन्छ । उ निर्धक्क भएर हिँड्छ किनकी उसलाइ यो निश्चय हुन्छ कि उसको मालिकसँग उसलाई संरक्षण गर्न सक्ने शक्ति छ ।

प्रभु येशूले आफ्ना वचनहरुद्वारा यसलाई यसरी प्रष्ट पार्नुभयो "हे सबै थाकेका र बोझले दबिएका हो, म कहाँ आओ, म तिमीहरुलाइ विश्राम दिनेछु । मेरो जुवा आफूमाथी लेउ र म सँग सिक, किनभने म विनम्र र कोमल हृदयको छु । अनि तिमीहरुले आत्मामा विश्राम पाउनेछौ । किनकी मेरो जुवा सजिलो र मेरो भारी हलुको छ ।" (मत्ती ११:२८-३०)

सबै समय र परिस्थितिहरुमा परमेश्वरमा विश्वास र भरोसा राख्नाले तपाई हामी सबै किसिमको अनिश्चितता, चिन्ता फिक्रिहरुबाट स्वतन्त्र रहन सक्छौं ।

## ४९ मानिसको परिक्षा र परमेश्वरको मूक्तिको योजना

परमेश्वरले मानिसलाई सांसारिक नास हुने कुराहरुमार्फत जाँच गर्नुहुन्छ ताकि मानिसमा अनन्तको पद प्राप्त गर्ने क्षमताको विकास होस् । परमेश्वरले आदम र हव्वालाई दिनुभएको सबैभन्दा ठूलो उपहार संसारलाई आफ्नो अधिनमा राख्नु वा अदनको सुन्दर घर नभएर त्यो त उसलाई दिइएको चयन गर्ने स्वतन्त्रता थियो । जसलाई अंग्रेजीमा power of choice भनिन्छ ।

चयन गर्ने स्वतन्त्रतालाई व्यक्तिगत स्वतन्त्रताको रुपमा पनि बुझ्न सकिन्छ । आजको समाज चेतनशिल छ अर्थात सम्पूर्ण मानिसमा आफू स्वतन्त्र भएको र एक मानिस भएर प्राप्त गर्नुपर्ने स्वतन्त्रताको अभ्यास गर्ने अधिकार छ । जसलाई मानवअधिकार भनेर बुझिन्छ । मानवअधिकारको इतिहासलाई हेर्दा यो केही दशक अगाडी मात्र व्यवस्थित रुपमा शुरु भएको भएतापनि व्यक्तिको स्वतन्त्रता वा मानिसको अधिकार मानिसको सृष्टि देखी नै परमेश्वरले स्थापित गर्नुभएको पाइन्छ । यसबाट परमेश्वर मानिस प्रति कति संवेदनशिल हुनुहुन्छ भनी बुझ्न सक्छौं ।

शैतानले परमेश्वरलाई दोष लगाउन धेरै कोशिस गऱ्यो । उसले भन्यो-"परमेश्वर तानाशाह हुनुहुन्छ, उहाँको आज्ञा पालन गर्न जबर्जस्ती गर्नुहुन्छ,"तर परमेश्वरले मानिसलाई स्वतन्त्र रुपमा आफूलाई लागेको कुरा गर्ने अधिकार दिनुभएको छ, त्यसकारण शैतान झुठो हो । किनकी परमेश्वरको राज्यव्यवस्था वा शासन उहाँको प्रेमको सिद्धान्तमा

बसालिएको छ र हाम्रो दायित्व भनेको उहाँको व्यवस्थालाई स्विकार्नु हो । परमेश्वरले मानिसहरुलाई प्रेम गर्नुभयो, जसलाई उहाँले बनाउनुभयो । मानिसले आफ्नो स्वइच्छाद्वारा उहाँलाई प्रेम गरेको परमेश्वर चाहनुहुन्छ । तर जबर्जस्ती गरेर भने होइन ।

यसवाहेक अर्को कारण पनि छ, किन परमेश्वरले मानिसलाई आफ्नो निर्णय गर्ने अधिकार दिनुभयो भनेर- उहाँले मानिसलाई संसारमाथि अधिकार गर्न दिनुभयो । त्यो अधिकार भनेको उहाँको सृष्टिलाई हेरचाह, संरक्षण र व्यवस्थापन गर्नु हो र त्यसको लागी मानिसले निर्णय लिनुपर्छ । आदमलाई आफ्नो जीम्मेवारी सफलता पूर्वक सम्पन्न गर्न आत्मनिर्माण स्वतन्त्रता चाहिन्छ भन्ने कुरा परमेश्वर जान्नुहुन्थ्यो । त्यस कारण उहाँले त्यसलाई त्यो अधिकार दिनुभयो र त्यही कुरा हाम्रो जीवनमा पनि लागु हुन्छ । परमेश्वरले आदमलाई एउटा यन्त्र मानव भैं प्रुयोग गर्न सक्नुहुन्थ्यो, तर त्यो उहाँले गर्नुभएन, किनकी उक्त कुरा परमेश्वरको चरित्रसँग मिल्दैन, जसलाई हामी प्रेम भनी बुझ्दछौं ।

परमेश्वर प्रेम हुनुहुन्छ । आदमलाई अदनको बगैंचाको राजा बनाइएको थियो । परमेश्वर प्रतिको प्रेम र समर्पणतालाई सिद्ध र खराबको ज्ञानदिने रुख रोपिएको थियो र उसलाई चेतावनी दिइएको थियो कि त्यस रुखको फल नखानु भनेर । जतिबेलासम्म आदम र हव्वाले परमेश्वरको आज्ञालाई पालन गरे, उनीहरु परमेश्वरसँग प्रत्यक्ष रुपमा भेटघाट र संगती गर्थे । उनीहरुको जीवनमा शान्ति, आनन्द र आशिषहरु ऋविरल रुपमा बगीरहन्थे । त्यहाँ शंका, चिन्ता, फिकि, दु:ख, कष्ट, शोक र मृत्युजस्ता कुराहरु थिएनन्

। तर जब उनीहरुले परमेश्वरको आज्ञालाई उल्लंघन गरे तब उनीहरुले पृथ्वी माथीको आफ्नो अधिकारलाई सदाको लागी गुमाए ।

परमेश्वरको आज्ञा उल्लघंन गर्नासाथ संसारमा पापको प्रवेश भयो । त्यसले सारा मानव जातीमा कहिल्यै पनि नछुट्ने मृत्युको भयानक सजाय लिएर आयो । योृ सजाय आज पनि तपाई हामी भोग्दैछौं ।

तर प्रभु येशू ख्रीष्टको अनुग्रहद्वारा हाम्रो आत्मा बाँच्न सक्छ । कारण येशूले हाम्रा सबै पाप उठाएर हाम्रो उद्धार गर्नुभएको छ ।"किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्नो एकमात्र पुत्रलाई पठाउनुभयो ताकि उहाँमाथी विश्वास गर्ने कोही नबााक नहोस् तर त्यसले अनन्त जीवन प्राप्त गरोस् ।"(यूहन्ना ३:१६)

प्रभु येशूको बलिदानमा विश्वास गर्दा पाइने अनन्त जीवन वा मुक्तिको निश्चयता चुन्ने स्वतन्त्रता हामीलाई दिइएको छ । यो कुनै करकापको विषय होइन । यद्दपी कुनै व्यक्तिले परमेश्वरको अनुग्रह वा दयालाई नकार्न सक्छ तर येशूको बलिदानले प्रदान गर्दछ । यदि कोही व्यक्ति आफ्नै कारणले अनन्तताको निम्ति मर्न चाहन्छ भने त्यसमा परमेश्वरको कुनै दोष रहदैंन किनकी सम्पूर्ण मानवजातीलाई परमेश्वरले उहाँका परमेश्वरिय आँखाले समान रुपमा हेर्नुहुन्छ । चाहे तपाई र मैले जस्तो सुकै पाप वा निच काम किन नगरेका हौं ।

मानव मुक्ति वा उद्धारको योजना परमेश्वरले तपाई हाम्रो खातिर नै बनाउनुभएको हो । जब मानिसले परमेश्वरको आज्ञा उल्लंघन गरी सृष्टिमाथि आफ्नो अधिकार गुमाएका थिए । त्यही अवस्थामा

मानिसलाई पुन: पहिलेकै अवस्थामा ल्याउन परमेश्वरले उद्धारको योजना बनाउनुभयो र मानिसलाई त्यस बगैंचा जसलाई आदम र हव्वाले गुमाएका थिए त्यस अदनको बगैंचामा पुन:स्थापना गर्न चाहनुहुन्छ ।

जे भएपनि मानिसहरु उक्त समृद्धि भूमिमा प्रवेश गर्नुभन्दा पहिले निश्चय गर्नुपर्छ कि हामी परमेश्वरले तयार पार्नुभएको भूमिमा पस्न योग्यका छौं वा छैनौं । यो समयमा परमेश्वरले हामीलाई त्यसको योग्यको बनाउदै हुनुहुन्छ ।

परमेश्वरले आफ्नो सुन्दर सृष्टिमा मानिसलाई लगेर नष्ट गर्न चाहनुहुन्न, त्यसकारण प्रत्येक व्यक्ति जो परमेश्वरको राज्यमा जान चाहन्छ, उसले आवश्यक पर्ने सम्पूर्ण परिक्षा एवंम् तालिमहरु यसैसंसारमा प्राप्त गर्नुपर्छ र त्यसमा सफल हुनुपर्छ ।

## ५० परमेश्वरको उद्धारको योजनामा मानिसको भुमिका

परमेश्वरको सृष्टिको सबभन्दा ठूलो कार्य भनेकै मानिसको सृष्टि हो । जब मानिस परमेश्वरको हातबाट बनियो तब उ सिद्ध र सुन्दर थियो । जब मानिस परमेश्वरबाट बनियो, उसको शारिरका प्रत्येक अंगहरु समान रुपमा विकसित र एक-आपसमा सन्तुलित थिए । सृष्टिमा सबैभन्दा विशिष्ट मानिस थियो र उ संसारको शासक हुनुपर्थ्यौ । त्यो अवस्थामा भएको मानिसको क्षमताको विषयमा हामी कल्पना गर्नसक्छौं । उ आफ्नो जीवनको प्रत्येक क्षेत्रमा अगाडी बढ्न सक्षम थियो र उसलाई परमेश्वरसँग मुखामुख वार्तालाप गर्ने अवसर पनि थियो, जो परमेश्वरको पुत्र थियो । जति बढी मानिस जिउथ्यो त्यति नै उसले परमेश्वरको रुपलाई प्रस्तुत गरोस् भन्ने परमेश्वरको इच्छा थियो । उसको दिमाग र विचार परमेश्वरको दिमाग र विचार जस्तै हुन सक्थ्यो ।

तर दुर्भाग्यवश मानिसले परमेश्वरको योजना, प्रेम र सदासयतालाई बुझ्न सकेन र उ परमेश्वरको परिक्षामा असफल भयो र परमेश्वरको सुन्दर ग्रहलाई दुषित बनायो । अझ यसलाई यसरी बुझौं-मानिस आफ्नै ज्ञानमा भर पर्न थाल्यो र परमेश्वलाई बाहिर राखी आफ्नै बुद्धि विवेक अनुसार हिंड्न थाल्यो । मानिसले परमेश्वरको महिमा र सम्मानलाई खसाल्ने वा तल्लो रुपमा परमेश्वरलाई हेर्ने दृष्टिकोणको विकास गर्‍यो, तिनै मानिस जसलाई परमेश्वरले आफ्नै हातले बनाउनुभयो, उनीहरुले परमेश्वरद्वारा यो संसार र आफ्नै पनि सृष्टि भएको हो भन्ने कुरालाई आफ्ना

मनगढन्ते चिन्तनहरुद्वारा विस्तापित गर्ने प्रयत्न गरे र तिनै मानिसहरुले मानिसको उत्पत्तिलाई विकासवादको सिद्धान्त भनेर व्याख्या र वर्णन गरेको हामी पाउँछौं । पवित्र धर्मशास्त्र बाइबलको १ कोरिन्थि ३ अध्यायको १९ पदमा पावल भन्दछन् "किनकी संसारको बुद्धि परमेश्वरको सामु मुर्खता हो ।" पापले के दियो, हामी एकछिन सोचौं त! यो त आफ्नो शक्ति गुमाएर नालीमा पस्रिरहेको जस्तो देखिन्छ र परमेश्वरले दिनुभएको शक्तिमा ह्रास आएको देखिन्छ र उसको आफ्नै हेर्ने दृष्टिकोण धमिलिएको छ र छायाँमा जसो तसो घिस्रँदै गरेको आभाष हामी पाउछौं । परमेश्वर बिना मानिस एउटा सानो सुक्ष्म स्वार्थी जीव भएको छ, अर्थात मानिसले आफूले आफैंलाई खुम्याएको छ र आफ्नो जीवनको सांसारिक एवम् क्षणिक लक्ष्य प्राप्तिको खातिर आफ्नो क्षमता बाहिर गएर प्रयत्न गरिरहेको छ । आफ्नो जीवनको चाहे उच्च स्थान वा नीच स्थानमा भएको आभाष मानिसले गरोस् वा नगरोस् उ त आफ्नै वातावरणको दास भएर जीएको छ र संसारले मानिसलाई यति विघ्न गरी थिचेको छ कि उ दिनप्रतिदिन थिचिँदै गएको छ र आफू आफैंले त्यो सांसारिक बन्धनबाट मुक्त हुन सक्तैन । तर परमेश्वरले मानिसलाई सारा संसारमाथी अधिकार गर्ने शक्ति दिनुभयो र उहाँले आफ्नो स्वरुपमा आफैंले बनाएको मनिस पछि गएर ती सांसारिक चिजहरुको दास हुनेछ जसको हेरचाह गर्ने जिम्मा परमेश्वरले उसलाई दिनुभएको थियो भन्ने कुरा कहिल्यै सोच्नुभएन । हामी वर्तमा युगमा जीएका मानवजातिहरु कतातिर जाँदैछौं त ?हाम्रो जीवनमा सम्पूर्ण पक्षहरु चाहे ती सामाजिक सम्बन्ध, परिवारिक जीवन तथा आत्मिकी

जीवन नै किन नहुन्, सबै क्षेत्रहरुमा खस्किदैं भएका छौं । मानिस भएर जीउनुको वास्तविक अर्थ प्राप्त गर्ने मार्गमा हामी पूर्ण रुपले असफल भएरका छौं । जीउनु भनेको केवल खानु, लाउनु र मोजमज्जा गर्नु मात्र होकी जस्तो भएर आफूलाई सृष्टिको उत्कृष्ट सृजना होइन बरु एकै सुक्ष्म जीवको स्तरमा पुऱ्याउदैछौं ।

आज किन यति विविधता, विसंगती, हाम्रो आफ्नै जीवनमा, परिवारमा, समाजमा, हामीले काम गर्ने ठाउँमा किन मानिसहरुमा प्रेम, सद्भावना, सहयोग रुपी फूलहरु फूल्न नसकेको त? यी सबैको जड पाप हो र मानिस परमेश्वरमा भन्दा आफैंमा भरपर्ने कारण उब्जिएका समस्याहरु जसले परमेश्वर सुन्दर शान्त सृष्टिलाई भताभुङ्ग र नष्ट बनाउदैछन्, त्यसमा तपाई र म पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहभागी छौं ।

परमेश्वरको सृष्टिमा मानिस मुख्य पात्र थियो र उसले परमेश्वरको योजनालाई सफल बनाउने क्रममा ठूलो भुमिका खेल्नुपर्ने थियो । उ एक माध्यम थियो जसद्वारा स्वर्गका आशिषहरु पृथ्वीमा वर्षने गर्थ्यो । उसले आफ्नो प्रतिभालाई स्वर्गिय शक्तिसँग एक बनाउनु पर्थ्यो । परमेश्वर कति निराश हुनुभयो होला जब उहाँले मानिसको अवस्था उहाँबाट टाढा गएको र पापको दासत्वमा थिचिएको पाउनुभयो, जसलाई उहाँले आफ्नै हातले बनाउनुभएको थियो ।

मानौं तपाई विवाहित हुनुहुन्छ र तपाईका छोराछोरी छन जसलाई तपाईले दुःख, कष्ट सहेर, कुनै कुराको कमी नगराइ उनीहरुलाई उचित, शिक्षा, दिक्षा दिनुभयो र ठूलो आशा लिएर मेरा नानीहरु भविष्यमा ठूलो व्यक्ति बनेर वृद्धावस्थामा मेरा साहारा हुनेछन्, आफ्नो परिवारको मात्र नभइ समाज र राष्ट्रको नाम

उच्च पार्नेछ भनी सोच्नुभयो । आफूसँग भएका सम्पूर्ण कुराहरु उनीहरुहरुको भविष्य उज्जवल होस् भनी लगाउनुभयो तर ती नानीहरु पछि गएर नराम्रो बाटोमा लागेर आफ्ना आमाबाबुको भावना बुझिदिएनन् भने तपाईको मन कस्तो हुन्छ होला, किनकी हामी परमेश्वरमा सन्तान हौं र उहाँले हामीमा ठूला आशा राख्नुभएको छ ।

एलन जी ह्वाइट आफ्नो लेखमा यसरी भन्नुहुन्छ "यदि मानिस स्वर्गिय आशिषहरु प्राप्त गर्ने माध्यम बन्छ र त्यसबाट अरु मानिसहरु पनि आशिषित हुन्छन् भने, परमेश्वरले आफ्ना आशिषहरु निरन्तर बर्साइरहनुहुन्छ ।"

अहिलेको संसार पापपूर्ण छ र प्रभु येशू मानिसहरुका पापको क्षमाको निम्ति मर्नुभयो, त्यसकारण मानिस बचाइएकको छ । यो असल समाचार (Good News) सारा संसारमा फैलिनु आवश्यक छ । संसारमा धेरै यस्ता मानिसहरु छन्, जसले खान लाउन तथा बस्न पाएका छैनन् नता उनीहरुले आफ्ना आवश्यकता नै पूरा गर्न पाएका छन् । यस्ता कुराहरुबाट मानिसहरु वञ्चित भएका छन् । तर स्वर्गमा यी सबै कुराहरु छन् जसले मानिसका आवश्यकताहरु पूरा गरिदिन सक्छन्, जुन हाम्रो समझले भ्याउनसकिँदैन ।

अब यी श्रोतहरु जुन संसारलाई खाँचो छ ती कुराहरु स्वर्गबाट यस पृथ्वीमा ल्याउने काम परमेश्वरको योजनामा छ" यदि मानिस त्यसको निम्ति स्वर्गका सबै आशिषहरु उहाँका व्यवस्था मार्फत संसारमा बर्सनेछन । एउटा मानिसले आफ्नो हात उठाएर परमेश्वरतर्फ बढाएको कुरालाई सहजै अनुमान गर्न सकिन्छ । जसलाई परमेश्वरले उहाँका

आशिषहरुद्वारा भर्नुहुन्छ र त्यो व्यक्तिले जस्तो एउटा हातबाट आशिषहरु प्राप्त गर्छ र अर्को हातले उक्त आशिषहरुलाई अरु मानिसहरुमा बाँड्छ र उसले आफ्ना हातहरु परमेश्वरमा पुन:पसार्छ र यो क्रम निरन्तर चलिरहन्छ ।

परमेश्वरको उद्धारको योजना तबमात्र सफल हुन्छ जब हामी उद्धारको पर्खाइमा बसेका मानिसहरु आफ्नो उद्धारको निम्ति राजी हुन्छौं । जब हामीले आफ्नो तर्फबाट गर्नुपर्ने कामहरु गर्छौं तब परमेश्वरले पनि आफ्नो काम हामीमा गर्नुहुन्छ ।

## ५१ मानिस परमेश्वरको हातको हातको सिप

अर्थर खपनहौर भन्ने उन्नाइसौ शताब्दीका एक दार्शनिक एक दिन गहिरो सोचमा पर्दछन् ।"मानवजाती हुनुभनेको के होला ?" भन्ने तर्क वितर्क उनको दिमागमा खेलिरहेको हुन्छ । त्यही सोचका साथ हिडिरहेका उक्त दार्शनिक अचानक एक अपरिचित मानिससँग ठोक्किन पुग्छन् । रिसको झोकमा त्यो अपरिचित व्यक्तिले "तँ को होस् र तैंले आफूलाई के ठान्छस्"भनी प्रश्न गरे । दार्शनिकले भने "म को हुँ ? मलाई नै थाहा छैन । तर थाहा पाउन पाए हुन्थ्यो ।

आज यो प्रश्न धेरै मानिसहरुको साझा चिन्तनको विषय भएको छ-"म को हुँ?" हामी मानिस जाती भएकाले हामी को हौं त? समुद्रको बालुवाका कण जस्ता यस पृथ्वीमा हामी के गरिरहेका छौं ? यहाँ हामी कसरी जन्मिन पुग्यौं र किन आयौं त ? यी जिज्ञाशाहरु मानिसले धेरै समय अघि देखी नखोजेको वा नसोचेको भन्ने होइन तर त्यसको विषयमा स्पष्ट जवाफ अझसम्म धेरै मानिसहरुले पाएनन् जो भौतिक रुपमा छैनन् र वर्तमान पुस्ताले पनि यहि प्रश्नको जवाफको खोजीमा अनेकौं अन्वेषण र अनुसन्धान गरिनै रहेका छन् । सांसारिक ज्ञान र विज्ञानलाई आधार मानेर खोजिने उत्तरहरुले कैयौं मानिसहरुलाई सन्तुष्ट पार्न सकेको छैन र सक्दैन पनि । तर तपाईंले आफ्नो जीवनको उपस्थिति यस सांसारमा किन, केका लागी र कसद्वारा भयो भनी बुझ्न चाहनुहुन्छ भने त्यसको उत्तर केवल पवित्र धर्मशास्त्र बाइबलमा मात्र पाउनुहुन्छ । मानवजाती र

सृष्टिको बीचमा अति निकट सम्बन्ध भएकाले नै मानिसमा उब्जिएका प्रश्नहरुका जवाफ पनि पवित्र बाइबल धर्मशास्त्रमा पाउन सकिन्छ । किनकी तपाई हामी मानवजाती परमेश्वरको हस्तकला हौं, उहाँले हामीलाई आफ्नै स्वरुप र प्रतिरुपमा सृष्टिगर्नुभयो र पवित्र धर्मशास्त्र बाइबल परमेश्वरका वचनहरुले भरिएको संगालो हो । परमेश्वरको अस्तित्वलाई अस्विकार गर्ने विकासवादको सिद्धान्तले मानव जीवनको कुनै मुल्या मान्यता वा लक्ष्य छैन भनी सिकाउँछ अर्थात हामी व्यवस्थित वा सुनियोजित तरिकाले नभइ अचानक कतैबाट हाम्रो उत्पत्ति भएको हो भन्ने तर संसारमा परमेश्वरको योजना अनुसार भएको हो भन्ने कुरा पवित्र धर्मशास्त्र बाइबलले बताउँदछ ।

बाइबलको उत्पत्ति १ अध्यायको २० पदमा मानिस जातीको सृष्टिको विषयमा यसरी लेखिएको छ "यसैकारण परमेश्वरले मानिसलाई आफ्नै स्वरुपमा सृष्टि गर्नुभयो । परमेश्वरकै प्रतिरुपमा उहाँले तिनीहरुलाई सृष्टि गर्नुभयो ।" त्यसैगरी उत्पत्ति १ अध्यायको २६ पदमा, फेरी परमेश्वरले भन्नु भयो 'मानिसलाई आफ्नै स्वरुपमा, हाम्रै प्रतिरुपमा बताऔं । तिनीहरुले समुद्रका माछाहरु, आकाशका पंक्षीहरु, पालिने पशुहरु र जमिनमा चलहल गर्ने सबै जन्तुहरुमाथी अधिकार गरुन् ।

यी पदहरुले स्पष्ट रुपमा बताउँदछ कि परमेश्वरले मानिसलाई विशेष लक्ष्य लिएर सृष्टि गर्नुभयो, त्यसकारण हामी त्यसै अचानक वा सुक्ष्म जीवबाट विकास भएर यो अवस्थामा आयौं भन्ने धारणामा कुनै सत्यता छैन । मानवजातीको सृष्टि देखी नै परमेश्वरले हाम्रो जीवनलाई उदेश्यपूर्ण र अर्धमूलक

बनाउनु भयो किनकी परमेश्वरको सृष्टिमा मानवलाई उहाँले विशेष रुपमा सृष्टि गर्नुभयो ।

परमेश्वरको स्वरुपमा बनाइएको मानव जीवनको खास लक्ष्य छ र त्यही लक्ष्य प्राप्तिको निम्ति परमेश्वरले हामीलाई सृष्टि गर्नुभयो । परमेश्वरले निर्धारण गर्नुभएको लक्ष्यलाई प्राप्त गर्न हामी यस संसारको यात्रामा छौं भनी बुझ्नु आवश्यक छ ।

आज कैयौं बुद्धिजीवि तथा दार्शनिकहरुले मानवजीवनको उपस्थिति र लक्ष्यको बारेमा आफ्नै धारणाहरु प्रस्तुत गरेको पाइन्छ । कतिपय ती बुद्धिजीविहरुले हामी जन्मनुको कुनै अर्थ छैन नता उदेश्य नै छ भनी तर्क गर्दछन् । तर मानिसलाई परमेश्वरले उहाँको महिमा गर्नुको निम्ति सृष्टि गर्नुभएको कुरा पवित्र धर्मशास्त्र बाइबलले बताउँदछ । त्यसैगरी भजनसंग्रह १०० अध्यायको ३ पदमा "परमप्रभु नै परमेश्वर हुनुहुन्छ भनी जान्नु, उहाँले नै हामीलाई बनाउनुभयो र हामी उहाँकै हौं, हामी उहाँका प्रजा र उहाँका खर्कका भेडाहरु हौं ।"

यी पदहरुले स्पष्ट रुपमा परमेश्वरले तपाई र मलाई बनाउनुभयो र उहाँ हाम्रो प्रभु र स्वामी हुनुहुन्छ । तपाई र म परमेश्वरका हातका सीप हो, उहाँका सृष्टि हौं । हामीमा कति कमी कमजोरीहरु होलान्, तापनि हामी कुनै तल्लो स्तरको जनावरबाट विकसित हुँदै यो आवस्थामा आइपुगेका होइनौं तर हामी त परमेश्वरकै हातबाट सृष्टि भएका हौं ।

हाम्रा आदीमा माता पिता रगत र मासुले बनेका थिए, तापनि उनीहरु परमेश्वरका स्वरुपमा थिए । हामी उनीहरुका सन्तान हौं र हाम्रो सृष्टि कुनै बाँदरको स्वरुपमा नभई परमेश्वरको स्वरुपमा भएको

हो भन्ने ज्ञानले हामी विशेष जाती हौं भन्ने कुरालाई प्रमाणित गर्दछ र त्यसैले हामी बहुमुल्य जीव हौ भनर सिकाउँछ र यस्तो स्वभाव अरु जीवहरुमा पाईदैन ।

यसैले हाम्रो जीवनलाई व्यर्थैमा बिताउने होइन तर परमेश्वरले दिनुभएका जीम्मेवारीहरुलाई बुझेर त्यसप्रति संवेदनशिल हुनु आवश्यक छ । परमेश्वरले सम्पूर्ण सृष्टिलाई मानिसको संरक्षणमा छोड्नुभयो र उहाँले आफ्नो लक्ष्य पूरा गर्नको लागी मानवजातीलाई विभिन्न वरदानहरु दिनुभयो । हामीमा भएका शारिरीक, बौद्धिक, आत्मिक र सामाजिक वरदानहरु मानव हितको निम्ति र परमेश्वरको महिमाको निम्ति हामीले प्रयोग गर्नुपर्छ भन्ने परमेश्वरको इच्छा हो, यहि नै हाम्रो कर्तव्य पनि हो । परमेश्वरको स्वभाव र चरित्र कस्तो छ भन्ने कुरा परमेश्वरका सृष्टिहरुबाट स्पष्ट हुन्छन् । यदि हामी प्रकृतिलाई हेर्‍यौं भने कसरी प्रकृतिका चक्रहरुले निरन्तर रुपमा परमेश्वरको प्रेम र दया प्रकट गर्दछन् । के तपाईले कहिल्यै यस विषयमा सोच्नु भएको छ त ? यदि छ भने निश्चय नै तपाई सहिबाटो तिर अगाडी बढ्दै हुनुहुन्छ, यदि छैन भने कृपया गरी प्रकृतिसँग वार्तालाप गर्नुहोस्, समय बिताउनुहोस् । हाम्रा अगाडी भएका खोलानाला, झरनाका कलकल आवाज, निश्चलपन, रुखविरुवा, चराचुरुङ्गी अनि तिनीहरुले व्यक्त गरेका परमेश्वरको प्रेमलाई हामीले कहिल्यै गम्भिर भएर सुन्ने र बुझ्ने कोशिस गरेका छौ त ?

दुर्भाग्यवश आज अधिकांश मानिसहरुले परमेश्वरको सुन्दरता, स्वच्छन्दता, प्रेम, दया र वलिदानलाई बुझ्ने कोशिस नगरेको देखिन्छ र कतिले त बुझेर पनि नबुझेझैं गरी आफूलाई सांसारिकपनमा

भीजाउन वा व्यस्त बनाउन लागी परेका छन् । मानिसले आफ्नो काम, बोलीवचन, व्यवहार तथा विचारले आफू सृष्टिकर्ता परमेश्वरको स्वरुपमा सृजिएको हौं भनी देखाउनुको सट्टा दिनप्रति दिन आफ्नो आत्मिकी जीवन स्तरलाई खस्काउँदै लगेको पाइन्छ । लाग्दछ मानिसको उपस्थिति केवल खानु, पिउनु र मोजमज्जा गर्नु बाहेक अरु केही छैन । कति दुःखलाग्दो र दयनिय अवस्था भएर हाम्रो जीवनलाई जसोतसो अगाडी घिसार्दै छौं ताकी हामी सांसारिक अभिलाषारुपी दौडमा विजयी हुन सकौं भनेर तर हामी आफैंलाई थाहा छैन कि यो हाम्रो जीवनको मालीक हामी होइनौं र हामी कति समयसम्म रहन्छौं? तर पनि हामी एक अर्कामा तँछाड मछाड गरी एउटाले अर्कालाई जसरी भएपनि सिध्याएर अगाडी बढ्ने दौडमा दौडिरहेका छौं, जुन दौड, घमण्ड, इर्ष्या र अहंकारले भरिएको छ, तर हामीलाई थाहा नै छैन कुन दिन हामीले यो संसारलाई छोड्नुपर्ने हो भनेर ।जबसम्म परमेश्वरले हामीलाई यस संसारमा राख्नुहुन्छ, त्यतिबेलासम्म हामीले परमेश्वरको प्रतिनिधित्व यस संसारमा गर्नु पर्दछ । अनि जब यी कुराहरु हाम्रो जीवनमा हुन्छ, त्यसबाट परमेश्वरको महिमा हुन्छ ।

| ५२ | मानिसको कोशिस र दैविय शक्ति |
|---|---|

प्रत्येक कुरा जसले मानवियतालाई जोगउँछ, ती कुराहरुमा हामी देविय फर्मुलामा देख्छौं वा पाउछौं । किनकी मानविय प्रयत्न जब दैविय शक्तिसँग मिल्छ तब त्यहाँ सकरात्मक नतिजा प्राप्त हुन्छ । जसरी एउटा मानिसले खेत तयार गर्छ र त्यसमा बीउ रोप्छ तर उक्त रोपेको बीउमा टुसा लगाएर बढाउने काम दैविय शक्तिले मात्र गर्छ । त्यसमा बीउ रोप्ने किसानको कुनै भूमिका हुँदैन । अर्थात जीवन दिने परमेश्वर बाहेक अरु कसैले पनि गर्न सक्दैन ।तर परमेश्वरले मानिसलाई यो जीवन दिने योजनामा महत्वपूर्ण भूमिका दिनुभएको कुरालाई हामीले बिर्सनुहुँदैन । किनकी बीउमा भएको जीवन तब मात्र अंकुरन हुन्छ जब मानिसले त्यसलाई जमिनमा गाड्छ । माटोमा उर्वराशक्ति हुन्छ तर जब सम्म मानिसले बीउलाई माटोमा रोप्दैन तब सम्म माटोले केही गर्न सक्दैन । यो कुरा जीवनको प्रत्येक क्षेत्रमा लागुहुन्छ । अर्थात् मानिसले मुख्य भूमिका निर्बाह गर्नुपर्ने हुन्छ तर उसको सम्बन्ध परमेश्वरसँग असल भएन भने उ कहिल्यै सफल हुन सक्दैन । जबमानविय क्षमता र परमेश्वरीय शक्तिसँग गाँसिन्छ तब त्यहाँ सकारात्मक नतिजा आउँछ ।यो कुरा परमेश्वरको व्यवस्थापक वा भण्डारेमा पनि लागु हुन्छ । पवित्र धर्मशास्त्र बाइबलको मत्ती ५ अध्यायको ४५ पदमा येशूले भन्नुभयो "तिमीहरु स्वर्गमा हुनुहुने आफ्ना पिताका छोराहरु हुनेछौ । उहाँले दुष्ट र सज्जन दुवैलाई सूर्यको ताप दिनुहुन्छ, र धर्मी र पाप दुवैलाई वृष्टि दिनुहुन्छ

।" परमेश्वरको यही निती हामी उहाँको उद्धारको योजनामा देख्न सक्छौं । परमेश्वरको नजरमा हामी सबै मानिसजातीहरु समान छौं र उहाँ हामी सबैलाई उत्तिकै प्रेम गर्नुहुन्छ । जसजसले परमेश्वरलाई विश्वास गर्छन् वा गरेका छन् उनीहरुले नाश भएको मानवियतालाई बचाउने काम गर्नुपर्छ । मानिसले सुसमाचारको बीउ छर्नुपर्छ । परमेश्वरको आत्माद्वारा उ कटनीको लागी उत्तरदायी वा तयार रहनुपर्छ । जब तपाई र मैले आफूलाई पूर्णरुपमा परमेश्वरमा समर्पण गर्छौं र हाम्रो काम त्यसै अनुसार अगाडी बढाउछौं भने उहाँले हामीलाई उहाँको उदेश्य प्राप्तिको खातिर अगुवाइ गर्नुहुन्छ र हामी ती कुराहरु प्राप्त गर्न सक्छौं जस्को निम्ति हामीले परिश्रम गरेका हुन्छौं । यो हामीले आफ्नै क्षमता, बौद्धिकता र शक्तिद्वारा नभई पवित्र आत्माको शक्तिबाट प्राप्त गर्न सक्छौं । पवित्र आत्माले स्वर्गबाट आउने ज्योतिका किरणहरुलाई ग्रहण गर्न मानिसहरुको हृदयलाई खोल्नुहुन्छ । मानिसले आफ्ना खुबी, प्रतिभा तथा आफूले प्राप्त गरेका शिक्षा दिक्षा, आफूसँग भएका विभिन्न प्रविधिहरुको माध्यमबाट सुसमाचार सुनाउने काम गर्दछन् तर यी सबै कुराहरुमा पवित्र आत्माको उपस्थिति भएन भने मानिसको हृदय परिवर्तन हुन सक्दैन वा उनीहरुले येशू ख्रीष्टलाई प्राप्त गर्न सक्दैन । त्यसकारण सु-समाचारको बीउ तब मात्र उम्रिन्छन् जब स्वर्गिय आत्मा जीत्ने काममा पवित्र आत्माको भूमिका महत्वपूर्ण हुन्छ ।

यो आत्मा जीत्ने काम परमेश्वरले आफ्ना मानिसहरुलाई दिनुभएको छ । यद्पी उहाँ आफैंले यी कुराहरु गर्नसक्नुहुन्छ तर परमेश्वरले त्यसो गर्नुभएन । उहाँले आफ्नो योजनामा मानिसलाई सहभागी गराउन

चाहनुहुन्छ जुन हाम्रै लागी तयार गरिएको छ । किन परमेश्वरले मानिसलाई उद्धारको योजनामा सहभागी गराउनुभयो भन्ने प्रश्नमा हामीले मनन गर्नैपर्छ । किनकी परमेश्वरको उद्धारको योजना हामी मानिसहरुकै लागी हो ।

यदि कुनै व्यक्ति स्वर्गीय ज्ञानगुणहरुले युक्त हुन चाहन्छ भने उ शतप्रतिशत निस्वार्थ चरित्रको हुनुपर्छ । एउटा स्वार्थी व्यक्ति कहिल्यै पनि यो संसारमा खुशी हुन सक्दैन र त्यस्तो व्यक्ति स्वर्गमा पनि खुशी रहन सक्दैन । सही खुशी निस्वार्थपना र परमेश्वरको भक्तिमा मात्र पाइन्छ ।

मानिस स्वभावैले स्वार्थी हुन्छ र निस्वार्थको भावना विकास गर्नु उसको लागी बडो कष्टको काम हुन्छ । तर परमेश्वरको निस्वार्थ प्रेम र आषिशलाई निरन्तर बाँडेर मात्र मानिसले आफूलाई स्वर्गमा प्रवेश गर्नको निम्ति तयार गर्न सक्छ ।

# ५३ परमेश्वरलाई चढाउने भेटी

परमेश्वरको उपहारलाई कुनै आकारमा मापन गर्न नसकिएपनि त्यसलाई उहाँको महान् बलिदानद्वारा मापन गर्न सकिन्छ । हाम्रो वरिपरी समाजमा कुनै मानिसले जति धेरै चन्दा दियो, त्यसको समाजमा कुनै चर्चा सबै ठाउँमा सुनिन्छ । चाहे त्यो कुनै स्कुल, कलेज, स्वास्थय संस्था स्थापना वा सामाजिक कार्य गर्नका लागी किन नहोस् । हाम्रो देशमा सामाजिक सेवाको लागी ठूलो धनराशी दिने मानिसहरुको कमी छैन । समय समयमा यस्ता समाचारहरु पढ्न वा सुन्न पाउँछौं जुन निश्चय नै असल हो । सामान्यतया अधिकांश मानिसहरुले दिने आफ्नो चन्दा उपहारहरु आफ्नो प्रशस्तता वा आफूलाई पुगी आएपछि बाँकी रहेको भागबाट दिन गरेको पाइन्छ । तर यहाँ यस्तो व्यक्तिको विषयमा चर्चा गर्न गइरहेको छु, जसले आफ्नो प्रशस्ततामा नभई अभावबाट दिएकी छिन् ।

पवित्र धर्मशास्त्र बाइबलको मर्कुस १२ अध्यायको ४१ देखी ४४ पदमा एउटा विधुवा स्त्रीको विषयमा वर्णन गरिएको छ-अनि प्रभु येशू भेटी चढाउने ठाउँको सामुन्ने बस्नुभयो र भीडले भेटी पात्रमा भेटी चढाएको हेर्नुभयो । धेरै धनी मानिसहरुले ठूला-ठूला रकम चढाए । अनि एउटी गरीब विधुवाले आएर तामाका दुइ सिक्का, अर्थात एक पैसा चढाई । आफ्ना चेलाहरुलाई आफूकहाँ बोलाएर उहाँले तिनीहरुलाई भन्नुभयो "साँच्चै म तिमीहरुलाई भन्दछु, भेटी पात्रमा चढाउनेहरु मध्ये यस गरीब विधवाले सबैभन्दा बढी चढाई । किनभने सबैले आफ्नो-आफ्नो

प्रशस्तताबाट चढाए तर यस स्त्रीले आफ्नो दरिद्रताबाट आफ्नो सारा जीविका नै अर्पण गरी ।"

यस घटनामा जसरी एउटा गरीब विधवा मन्दिरको अगाडी यताउता डराउँदै, आफूसँग भएको दुइवटा सिक्का चन्दा बाकसमा खन्याउछिन् र अरुले देख्नुभन्दा पहिले नै त्यहाबाट निस्किन्छिन तर येशूले आफ्ना चेलाहरुलाई त्यस दान पेटिकामा सबै भन्दा धेरै उक्त विधवाले चढाइन भनेर भन्नु भयो । मानिसले दिने दानलाई संसारले गर्ने मापन भन्दा भिन्नै तरिकाले मापन गर्दछ । प्रभु येशूले ती विधवाको घटना मार्फत् आफ्ना चेलाहरुलाई दिने विषयमा सिकाउनुभयो ।

एकदिन म बाटोमा हिडिरहेको थिए त्यत्तिकैमा एउटा बुढी मानिस आफ्नो पिठ्युँमा दुइवटा बाकसहरु बोकेर विस्तारै विस्तारै रोकिँदै अगाडी बढिरहेको देखे । उक्त मानिस भरिया हो भनेर चिन्न मलाई कुनै समस्या भएन । तर त्यो भारी बाकसलाई कसरी आफ्नो पिठ्युँमा राखेर त्यो वृद्ध मानिस अगाडी बढ्दै थियो त्यो बडो सोचनिय थियो । केही पर पुगेर त्यो वृद्ध मानिसले पसलमा आफ्ना भारी बिसायो । त्यत्तिकै त्यहाँ दुइजना बलिया मानिसहरु आएर ती बाकसहरुलाई अप्ठ्यारो पाराले उठाएर लगे । त्यो घटना देखेर म बडो सोचमा परेँ, दुइजना हट्टाकट्टा मानिसहरुले सहजै उचाल्न नसक्ने बाकसहरुलाई कसरी त्यो वृद्ध शरिरले त्यति टाढाबाट बोकेर ल्याउन सक्यो त ?यसै सन्दर्भमा पवित्र धर्मशास्त्र बाइबलको मत्ती २३ अध्यायको ४ पदमा प्रभु येशूले भन्नुभएको कुरा याद आउँछ । जहाँ यसरी लेखिएको छ "तिनीहरुले गह्रौं र बोक्न नसक्ने भारी बाँधेर मानिसहरुका काँधमा

राखिदिन्छन् । तर तिनीहरु आफैचाहीँ ती उठाउनलाई एक औंलाले पनि छुँदैनन् ।" येशूका यी वचनहरुले त्यतिबेलाका शास्त्री र फरिसीहरुलाई इंगित गरेता पनि आज तपाई हाम्रो सामु यस्ता धेरै मानिसहरु छन्, जसले राम्रा राम्रा भाषणहरु गर्ने, अर्तिउपदेशहरु दिने गर्छन् तर आफैं भने त्यस अनुसारको जीवन जीउँदैनन् । तर मत्तीका पुस्तक २३ अध्यायको ३ पदमा येशू भन्नुहुन्छ "यसकारण तिनीहरुले भनेका कुरा गर र मान, तर तिनीहरुले गरेजस्तो चाहिँ नगर, किनकी तिनीहरुले शिक्षा त दिन्छन्, तर त्यसअनुसार गर्दैनन् ।"

कसैलाई आश्चर्य लाग्न सक्छ, किन येशूले ती विधुवाको भेटी अरुहरुको भेटी भन्दा ठूलो भन्नुभयो भनेर । प्रभु येशूले यहाँ स्वर्गिय मापनको कुरा सिकाउनुभएको पाइन्छ । किनकी संसारले कति पैसा भेटी दियो वा जति धेरै दियो त्यही रुपमा मूल्याङ्कन वा मापन गर्छ तर स्वर्गले दिने समर्पणता, हृदय र बलिदानको आधारमा मापन वा मूल्याङ्कन गर्दछ ।

## ५४ आशिष

एउटा जवान केटो आफ्नो कलेजको अध्ययन सकेर दिक्षान्त समारोहमा सामेल हुन गइरहेको थियो, उ भित्र भित्रै साह्रै खुशी थियो कारण दिक्षान्त समारोह पछि उसको वुवाले उसलाई मनपर्ने कार उपहार दिन गइरहेका थिए । दिक्षान्त समारोह पछि घर गएर आफूले पाएको प्रमाण पत्र देखाउँदै, बुवालाई भन्छ - बुवा अब मैले पाउनु पर्ने उपहार मलाई दिनुस् । तब उसका बावुले खुशी हुँदै भन्छन् -मलाई गर्व छ तिमी जस्तो छोरा पाएर, म तिमीलाई औधी माया गर्छु । यति भनेर सुन्दर कागजले बेरिएको बक्सा छोराको हातमा थमाइदिए ।

छोरा खुशी हुँदै उक्त बक्सा खोल्छ तर परिणाम भने ठिक उल्टो । उसले एउटा छालाको गाता भएको बाइबल देख्छ र त्यस बाइबलमा उसको नाम सुनको अक्षरले लेखिएको हुन्छ ।"तपाई सबै पैसाले यही एउटा बाइबल दिन सक्नुभयो"उ रिसाएर झोक्किदै त्यो बाइबललाई त्यही छोडेर घरबाट निस्केर गयो ।

धेरै वर्षहरु बित्छन् उक्त जवान मानिस नयाँ ठाउँमा गएर एउटा सफल व्यापारी बनीसकेको हुन्छ । उसँग सुन्दर घर परिवार सबै हुन्छ । एकदिन उसको बाबु बिरामी भएको खबर सुन्छ । दिक्षान्त समारोह पछि उसले आफ्नो बावुलाई भेटेको हुँदैन । उसले आफ्नो बुवालाई भेट्न जाने योजना बनाउछ । यत्तिकैमा उसले उसको बावु मरेको खबर पाउँछ । उ दुखित भएर आफ्नै बावुको घर जान्छ । उसको

पढाइको बेलामा बुवाले गर्नुभएको प्रेमलाई सम्झदै उ रुन थाल्छ । आफ्नो बावुले केही महत्वपूर्ण कागजातहरु छोडेका छन् कि भनी उ खोज्न थाल्छ । यत्तिकैमा एउटा घर्रामा उसको बुवाले दिएको उपहार(बाइबल) फेला पर्छ । उ त्यस बाइबललाई पल्टाएर हेर्न थाल्छ । यत्तिकैमा कारको साँचो भुइँमा झर्छ । उक्त साँचोमा ट्याग झुण्डाएको हुन्छ । त्यसमा डिलरको नाम लेखिएको हुन्छ र Full Paid पनि हुन्छ ।

तब उसले यो महसुस गऱ्यो वास्तविक आशिष बाइबलभित्र भएको उपहार नभएर त्यो त बाइबल भित्र लेखिएको वचनहरु पो रहेछन् । कतिपय समयमा हाम्रो अगाडी आएका यी उपहारहरु चाहे झैँ प्याक गरिएका हुँदैनन् ।

# ५५ हमी कहाँ छौं?

आज संसारमा धेरै मानिसहरु आशाविहिन रुपमा बाँचिरहेका छन् । यद्दपि उनीहरु राम्रो जीवन र भविष्य उज्जवल होस् भनि चाहन्छन् । यो स्वभाविकै हो धेरै मानिसहरु भोलिको भविष्य आशाहिन छ भनि मान्दछन् ।

वर्तमान संसार एउटा पूरानो भवन जस्तो एउटा खाली, आगोले डढेको, फोहोर थुप्रिएको, झ्यालहरु भाँचिएर फुटेका सिसाहरु यत्रतत्र छरिएका जस्तो । यो सबैको पछाडी गलत जगमा बनाइएको कारणले हो । कमजोर जगमा बनाइएको कारण आफ्नै भार थाम्न नसकि कुनै पनि बेला घर ढल्न सक्छ । जसरी सबै किसिमका दोषहरुलाई जस्ताको त्यस्तै राखि छोडियो भने हामी पनि ढल्न सक्छौ । त्यसकारण त्यस्ता संरचनाहरुलाई भत्काउनुपर्छ र त्यसको ठाउँमा नयाँ आधुनिक किसिमका संरचनाहरुको निर्माण गर्नुपर्छ । अहिलेको संसार खतरापूर्ण अवस्थाबाट गूज्रिरहेको छ । आउने संसारको खाका छिट्टै प्रस्तुत हुनेछ, एउटा सुन्दर उज्जवल भविष्य सहितको तर यस्तो संसारको परिकल्पना मानिसको हातबाट हुन असम्भव छ ।

दिन प्रतिदिन भइरहेको विकासले संसारलाई विनाश तिर धकेलिरहेको हामी सबैले थाहा पाएकै छौं । सबै मानिसहरु आफ्नो भविष्य उज्जवल होस् व्यापार व्यवसाय सफल होस् भनि चाहन्छन् । हामी सबैले चाहेको नै शान्ति, खुशी, एकता, सहयोग, उन्नती र प्रगति हो र परमेश्वरको इच्छा पनि यहि नै हो,

सारा मानव जातिको निम्ति । मानिसको आफ्नै शक्तिद्वारा यी सबै कुरा सम्भव छन् । उहाँ चाहनुहुन्छ, हामी सबै हाम्रो वर्तावमा नयाँ भएको ।

बाइबलमा आउने नयाँ संसारको भविष्य वाणी गरिएको छ- जुन अहिलेको संसारभन्दा विल्कुलै फरक हुनेछ । जसलाई परमेश्वरले धेरै पहिल्यै योजना गर्नुभएको छ ।

धेरै कुराहरु गलत रुपमा बुझ्ने तथा बुझाउने गरिन्छ । सबै असल र खराबको कारणहरु छन् । प्रत्येक कारणहरुले परिणाम पनि ल्याउँदछ । संसारमा बुद्धिजीवी, वैज्ञानिकहरु, शिक्षाविद् तथा धार्मिक व्यक्तित्वहरुको कमी छैन । यी सबै आ-आफ्नो प्रयत्नद्वारा संसारको असलको निम्ति लागिपरेका छन् तर जति विकास भए त्यतिनै संसार विनाश तिर गइरहेको छ ।

एकछिन् सोचौं यो संसार समस्याहरुले भरिएको छ । प्राकृतिक होस् वा अप्राकृतिक हरेक क्षेत्रमा खराब कुराले पकड जमाउँदै गएको छ । त्यसैले त आजभोलिका पत्र पत्रिकाहरुका मूख्य समाचार नै नराम्रा दुर्घटनाहरुले भरिएको पाइन्छ ।

मलाई दु:ख लाग्छ, जब एउटा चेली बेचिन्छिन्, निसहाय अनि अबला स्त्री माथी बलात्कार हुँदा, पैसाको निम्ति गरिने आपराधिक क्रियाकलापहरु सुन्दा ।

हामी हेर्छौं मानिस बीचको प्रेम, सद्भाव, आपसी मेलमिलाप जस्ता कुराहरु हराउँदै गएको छ बरु हत्या, हिंसा, झैझगडा, स्वार्थीपना, मोजमज्जा गर्ने जस्ता कुराहरुले स्थान लिँदै गएको छ ।

हामीले सारा संसार नै हात पारेर पनि आफ्नो आत्मा बचाउन सकेनौं भने हामीलाई के लाभ हुन्छ र ?

आजको संसारको अर्को ठूलो समस्या ड्रग्स सेवन तथा सामाजिक सञ्जालहरुको दुरुपयोग, सद्भाव तथा मेलमिलापका कुराहरुलाई पूराना जमानाका भन् बुझ्नु । के तपाईले यस्ता घटनाहरु आफ्ना वरिपरि घटिरहेको देख्नु भएको छ, मानव स्वभाव दिनानुदिन अस्वभाविक बन्दै गएको देख्नुभएको छ, प्रकृतिले आफ्नो सन्तुलन गुमाउँदै गएको देख्नु भएको छ ?

यी सबै कारण मानिस आफ्नै इच्छा अनुसार चल्न खोज्नु नै हो । मानिसलाई परमेश्वरले आफ्नै स्वरुपमा प्रतिरुपमा बनाउनुभयो र उ हिंड्नुपर्ने बाटोहरु कोरिदिनुभयो तर मानिसले परमेश्वरको बाटो भन्दा आफ्नै बाटो रोज्यो र परमेश्वरको आज्ञा उलंघन गरी शैतानको जालमा फस्यो । बाइबलले बताउँदछ परमेश्वरको आज्ञा उलंघन गर्नु भनेको पाप गर्नु हो । मानिस पापमा फसेको कारणले सबै किसिमका दुष्टता बढ्दै गयो र मानिसकै कारण पृथ्वी श्रापित भयो र प्रकृतिमा विचलन आयो ।

## ५६ आफ्नो दृष्टिकोण जिवित राखौँ

जब तिर्थयात्रीहरुको समूह अमेरिकाको पिलामाउथ पहाडमा पुग्यौ । त्यतिबेला उनीहरु एउटा सपना र योजनाद्वारा निर्देशित वा भरिएका थिए ।

पहिलो वर्ष उनीहरुले सानो बस्ती बसाए । अर्को वर्ष उनीहरुले आफ्नो सानो गाउँको निम्ति सल्लाहकार समिति बनाए । तेस्रो वर्षमा त्यहाँको सहरी विकास समितिले उक्त सानो गाउँबाट दक्षिण ५ माइल जंगलमा बाटो बनाउने निर्णय गऱ्यो तर त्यहाँका मानिसहरुले उक्त निर्णयको आलोचना गरेर भने की उक्त बाटो बनाउनु भनेको पैसाको बर्बाद गर्नु मात्रै हो ।

आश्चर्य लाग्दो कुरा यो थियो कि त्यो बाटो बनेको भए उनीहरुले एउटा समुद्रको किनारबाट अर्को किनारसम्म नयाँ संसारलाई हेर्न सक्थे । तर अहिले केवल ५ माइल टाढा सडकलाई पनि देख्न सक्तैनन् । के भयो त ? तिनीहरुले आफ्नो दर्शन वा योजनालाई जीवित राख्न सकेनन् । कसरी तपाई र मैले आफ्नो जीवनमा हाम्रा योजना वा सपनाहरुलाई जीवित राख्न सक्छौं:

**पहिलो कुरा**

तपाई र मेरो जीवनको उदेश्य, योजनालाई सदैव अगाडी राखेर बढ्नुपर्छ । त्यसैले त पवित्र धर्मशास्त्र बाइबलको हबकुक २:२मा यसरी लेखिएको छ "तैंले यो प्रकाश पाटीहरुमा लेख र समाचार वाहक त्यससित दौडिन सकोस् ।"

अर्थात् तपाई हामीले आफ्नो प्रकाशलाई लेख्नु पऱ्यो र त्यसै अनुरुप योजना बनाएर अगाडी बढ्नुपऱ्यो । तपाईको प्रकाश वा दर्शन तपाईको बाटोलाई लेख्नुहोस् वा कोर्नुहोस् र दैनिक पढ्नुहोस् र आफ्नो अगाडी सधैं राख्नुहोस् ।

**दोस्रो कुराः**

उक्त प्रकाश वा दर्शन तपाईको आफ्नो हुनुपर्छ नकी अरुको योजना वा इच्छामा आफ्नो जीवनलाई नहिडाउनुहोस् र उक्त योजना व्यवहारिक र हासिल गर्न सक्नेहोस् । अर्को कुरा परमेश्वरको इच्छा तपाईको योजनामा समावेश भएको हुनुपर्छ ।

यद्वपि हामी आफ्ना सन्तानहरु, छोराछोरी र परिवारका अन्य सदस्यहरुको हेरचाह गर्दछौं त्यसले तपाई र मैले आफ्नो कर्तव्य निर्वाह गरेको बुझाउँछ तर त्यसले हामीलाई सफल भने बनाउँदैन । अर्थात तपाईले आफ्नो दर्शन वा योजनालाई पूरा गर्न सक्नुहुन्न, जुन तपाईको होइन । कृपया गरी आफूलाई विश्वास गर्नुहोस् यद्वपि अरुले तपाईलाई अविश्वास किन नगरुन् । भनिन्छ यदि तपाईलाई कसैले विश्वास नगरेपनि तपाई आफूले आफूलाई विश्वास गर्नुहुन्छ भने तपाई अवश्य सफल हुनुहुनेछ ।

तपाईको उमेर जति नै वृद्धि किन नहोस् तर जहिले पनि आफू जवान छु भन्ने सोचका साथ हिँड्नुहोस् । भनिन्छ एक जवान आफ्नो भविष्यको बारेमा पूर्ण रुपले सचेत हुन्छ । त्यसकारण उसले असम्भव कुराहरुको प्रयत्न पनि गर्छ र एक पुस्ता देखि अर्को पुस्तामा भिन्न-भिन्न कुराहरु हासिल गर्न सक्छ । तपाई हामीले आफ्नो योजनालाई जीवित राख्न

सक्नुपर्छ तब मात्र हामी आफ्नो लक्ष्य पूरा गर्नसक्छौं ।

आज संसारमा यस्ता धेरै मानिसहरु छन् जसलाई तपाई हामी चिन्न पनि सक्छौं उनीहरु आफ्नो विचार र दर्शनद्वारा अगाडी बढ्दैनन् तर उनीहरु अरुको विचार र योजनालाई लागु गर्ने कोशिस गर्दछन् । उनीहरु आफ्ना योजनालाई वारम्बार थपघट र परिवर्तन गरीरहन्छन् । त्यस्ता मानिसहरु कुनै पनि क्षेत्रमा सफल हुँदैनन् ।

यो संसार पापै पापले भरिएको छ, हाम्रा विचार, गराइ, तौर तरिकाहरु पनि पापैले निर्देशित भएको अवस्थाा हामी आफैले आफैंलाई चिन्न सक्तैनौं । आफ्नो जीवनको महत्वलाई बुझ्न सक्तैनौं अर्थात आफू को हुँ भन्ने वास्तविकतालाई बुझ्न सक्दैनौं, हामी आफैंलाई खोज्न र बुझ्न अरुको साहारा लिन्छौं र अनाहक आफ्नो जीवनका महत्वपूर्ण समयहरुलाई त्यतिकै बिताइरहेका हुन्छौं । जब मानिसले म को हुँ र मैले के गर्न सक्छु भन्ने वास्तविकतालाई उसले भित्रबाट बुझ्दैन तब निश्चय नै उसले चाल्ने जीवना प्रत्येक पाइलामा उ अगाडी बढ्न सक्दैन । भनिन्छ हाम्रो जीवनको सफलता वा असफलता हामीमा नै निर्भर रहन्छ ।

हाम्रो जीवन चूनौतिहरुले भरिएको छ र ती चूनौतिहरुलाई हामीले परमेश्वरको शक्तिद्वारा सामना गर्नुपर्छ । त्यसैले त परमेश्वरले यो संसारलाई हिमाल, पहाड, तराइ, उपत्यका गरि बनाउनुभयो र ठिक यसैगरी हाम्रो जीवन पनि खुशीहरु, आनन्द, दु:ख, कष्ट र असल क्षणहरु सँग सँगै बढ्छन् ।

September 13, 1848 phines P. Garge २५ वर्षको जवान केटा काम गर्नको निम्ति घरबाट बिदा भएर निस्कन्छ । रेल मार्ग निर्माण भइरहेको हुँदा चट्टानहरु विस्फोट गर्नुपर्ने हुन्छ जसको उ मुख्य व्यक्ति हुन्छ । चट्टान विस्फोट गर्ने क्रममा एउटा एक इन्च मोटो ३ फिट लामो फलामको रड उसको वायाँ पट्टिको गालाहुँदै वायाँ दिमागबाट वरपर निस्कन्छ ।

परमेश्वरको अनुग्रहले केही वर्ष पछि उक्त व्यक्ति पूर्ण रुपले स्वस्थ्य हुन्छ । तर दायाँ आँखाको ज्योति उसले सधैंको निम्ति गुमाउछ ।

उक्त दुर्घटना हुनु भन्दा पहिले उ एक जीम्मेवार कामदार, विश्वासयोग्य पति एवम् नियमित चर्च गएर परमेश्वरको आराधना गर्ने व्यक्ति थियो तर उक्त दुर्घटना पछि त्यो मानिसको स्वभाव पूर्ण रुपले परिवर्तन हुन जान्छ जसले गर्दा उ काम गर्ने ठाउंबाट उसलाई निकालिन्छ । फलामको रडले उसको दिमागमा पुऱ्याएको हुन पुग्यो । उसको सोच्ने शक्ति नष्ट भयो ।

हाम्रो दिमागले शरिरको सम्पूर्ण भागलाई नियन्त्रण गर्दछ । यसद्वारा नै हामी ठीक र बेठीक छुट्याउने गर्दछौं । त्यस कारण यसलाई हाम्रो मुकुट पनि भन्ने गरिन्छ ।

शैतानले जहिले पनि परमेश्वरसँगको हाम्रो सम्बन्धलाई नष्ट पार्न खोज्दछ । जो परमेश्वरको वचनमा लागिरहन्छ, उसले परमेश्वरलाई देख्दछ र उहाँको नाउँलाई आफ्नो निधारमा लेखिराखेको हुन्छ ।

परमेश्वरको नाउँ निधारमा लेख्नु भनेको परमेश्वर हाम्रो मालिक हुनुहुन्छ भन्ने घोषणा गर्नु हो । हामी सबैले निर्णय गर्नुपर्छ कि हाम्रो निधारमा

कस्को नाउँ लेख्ने भनेर-येशू वा शैतानको ?सांसारिकक स्वर्गलाई केवल दुइ जना अर्थात् आदम र हव्वाले मात्र अनुभव गरे तर स्वर्गिय ठाउँ भनेको सबै जसले परमेश्वरलाई विश्वास गर्दछन् । उनीहरुले अनुभव गर्नेछन् ।

केही वर्ष अगाडी आयोजना गरिएको विशेष ओलम्पिक खेलमा शारिरीक अपाङ्गता भएको व्यक्तिहरुको निम्ति १०० मि. को दौडको निम्ति सबै प्रतिस्पर्धीहरु दौडन्छन् तब एक जना बाटैमा लड्छ र उ कराउन थाल्छ, यो देखेर अरु प्रतिस्पर्धीहरु दौडिन भन्दा लडेको साथी भएको ठाउँमा आएर सबैले एक अर्काको साहाराद्वारा उसलाई उठाएर हातमा हात समाति अगाडी बढ्छन् ।

यस्तो दृश्य देखेर त्यो रंगशालामा भेला भएका प्रत्येक मानिसहरु उठेर तालि बजाउँदै उनीहरुले गरेका कामको प्रशंसा गर्छन् । उक्त विशेष ओलम्पीकमा सहभागी मानिसहरुले अझै पनि उक्त घटना सम्झीरहेका छन् ।

हामी सम्झन्छौं खेल भनेको जित्नु हो, जसरी भएपनि जित्नुपर्छ। खेलमा आफ्ना प्रतिद्वन्द्धीको प्रवाह नगरी जीत्नुपर्छ तर यो कति अमानविय विचार !

जीवन भनेको एक अर्कालाई मद्दत गर्नु हो र सबै किसिमले सबै जनाले जीत्नु हो ।

# ५७ अन्तिम प्रतिस्पर्धा

आजको संसार प्रतिस्पर्धात्मक संसार हो; जसले मानिसलाई सफलता तर्फ अगाडी बढाउँछ । यो प्रतिस्पर्धा आर्थिक सम्पन्नता, शैक्षिक उपलब्धी खेलकुद तथा अन्य थुप्रै विषयमा पनि हुन सक्छन् । हाम्रो आफ्नै जीवनमा पनि हामीले धेरै किसिमका देखिने वा नदेखिने प्रतिस्पर्धामा दिनप्रतिदिन सहभागी भएका हुन्छौं । प्रतिस्पर्धा मार्फत मानिसले आफ्नो जीवनशैली, समाज, राष्ट्र र सारा संसारलाई परिवर्तन गरिरहेको छ । उक्त परिवर्तन राम्रो वा नराम्रो दुवै हुन सक्छ । तर प्रतिस्पर्धाकै कारण आजको संसारले गरेको उपलब्धीलाई हामीले बिर्सनु हुँदैन । यी प्रतिस्पर्धाले मानिसलाई निश्चित उदेश्य र लक्ष्यमा पुग्न मद्दत गर्दछन् र मानिसलाई बाँच्ने उर्जा प्रदान गर्दछन् । त्यसैले हिजो भन्दा आज हामी सभ्य र समुन्नत समाजतर्फ एकदम अगाडि बढ्दै छौं ।

यहि सन्दर्भमा एउटा वास्तविक सत्य म तपाईहरुसँग बाँड्न चाहान्छु - आज भन्दा ४६ वर्ष अगाडि नेपालको पूर्वी पहाडी जिल्लामा मेरो जन्म भयो । एउटा सामान्य परिवारमा म हुर्कें । जब स्कुलमा भर्ना भए – काठको पाटीमा क, ख सिकें । हाम्रो गोडामा जुत्ता चप्पल हुदैनथ्यो , पिठ्यूँमा झोला हुदैनथ्यो र स्कुलमा जाँदा हामीसँग पानीको बोत्तल र टिफिनमा खाजा हुदैनथ्यो । हामी दिनभरी धुलामा बस्थ्यो , खेल्थ्यो र पढ्थ्यो । तापनि जीवन स्वस्थ थियो र मिठो पनि । एउटा घटनामा म सम्झिन्छु – हाम्रो गाउँमा एकजनासँग रेडियो थियो र एउटी

आमाले उनको श्रीमानलाई आफ्ना परदेशमा भएका नानीहरुको खबर के छ भनी रेडियोलाई सोधिदिनुहोउस भनी अनुरोध गरेको कुरा सम्झिदा आज पनि हाँसो लागेर आउँछ । अनि टेलिफोनको कुरा त परै जाओस । जब म १४ वर्षको थिएँ, बुवासँग टाढाको बजार लहान गएको थिएँ । त्यहाँ मैले बस हिडेको देख्दा मलाई आश्चर्य लाग्यो । कसरी घर हिँड्न सकेको होला भनेर सोच्दै म छक्क परे । त्यसपछि धेरै कुराहरु परिवर्तन भयो । आज भन्दा २० वर्ष अगाडि काठमाण्डौंमा सबैसँग टेलिफोन थिएन । सार्वजानिक बुथमा पैसा तिरेर फोन गर्नुपर्थ्यौं तर आज २० वर्ष पछाडि सबै मानिस चाहे गाउँमा बस्ने होस् चाहे मजदुर होस , सबैको हातमा मोबाइल फोन देख्न सकिन्छ । यी सबै कुराहरु सकारात्मक अनुसन्धानमूलक प्रतिस्पर्धाले गर्दा नै सम्भव भएका हुन् ।

त्यसैगरी खेलकुदको प्रतिस्पर्धाले मानिसको शरिरलाई स्वस्थ बनाउँछ र उसलाई आफ्नो लक्ष्यमा पुग्नको निम्ति आवश्यक पर्ने सिपको विकास पनि गराउँछ । किनकी खेलाडिको अन्तिम चाहना भनेको पुरस्कार प्राप्त गर्नु हुन्छ । त्यसैगरी कलाकारहरु चित्रकला, अभिनय, सँगीत तथा गायन जस्ता थुप्रै विधाहरुमा प्रतिस्पर्धा गरेर सफल हुन्छन् ।

यी सबै कुरा गर्नुका पछाडि प्रतिस्पर्धाले कसरी मानिसलाई सफल बनाउँछ र जीवनको हरेक क्षेत्रमा प्रभाव पार्छ भन्ने कुरा जानकारी गराउनु हो । तर के प्रतिस्पर्धाहरु सधैं असल नै हुन्छन् त ? यी प्रश्नहरुको विषयमा जानकारी राख्नु आवश्यक छ । सामान उत्पादन गर्ने कम्पनीहरुले उपभोक्ताको आवश्यकता र चाहना अनुसार आफूले गर्न सक्ने राम्रो सामानको

उत्पादन गर्छ र बजारमा पुऱ्याउँछ । जे भए पनि यदि यी उत्पादक कम्पनीहरुमा प्रतिस्पर्धा छैन अर्थात एउटा कम्पनीको मात्र प्रभाव छ भने कम्पनीले उपभोक्ताको हितमा कम चासो राखेको हुन्छ र आफ्नो फाइदा मात्रै हेर्छ जुन उपभोक्ताको हितमा हुदैन । त्यसकारण प्रतिस्पर्धाले कसैको पनि कार्यक्षमता, दक्षतालाई उत्साहित गर्दछ । जब एउटा कम्पनीले उच्च कार्यक्षमताका साथ उपभोक्ताहरुको हितमा आफ्ना उत्पादन बजारमा ल्याउँछ तब उक्त कम्पनी आफ्नो व्यापारमा सफल हुन्छ । उसले धेरै मानिसहरुलाई रोजगार दिन सक्छ, उसका उत्पादनहरु सबै वर्गको मानिसहरुको पहुँचभित्र हुन सक्छ । तर दु:खको कुरा जब कुनै व्यापारिक कम्पनी प्रतिस्पर्धात्मक हुन सक्दैन तब उसले आफ्ना उपभोक्ताहरुको विश्वास गुमाउँछ र अन्तत: आर्थिक रुपमा टाट पल्टिन सक्छ ।

त्यसैगरी आज संसारका धेरै गरिब देशहरुले ठूला ठूला देशहरुसँग प्रतिस्पर्धा गर्न नसकी आफ्नो जीवनस्तरलाई माथी उठाउन सकेको छैन । संसारमा हुने युद्धहरु, ठूलाठूला देशहरुका राजनैतिक, आर्थिक, स्रोत - साधनहरु प्रतिस्पर्धाका उदाहरणहरु हुन् । गत शताब्दीलाई हेर्ने हो भने कैयौं अस्वस्थ्य प्रतिस्पर्धाका कारणले मानिसको सभ्यतामा ठूलो धक्का पुग्यो । मानिसले प्रतिस्पर्धाका नाममा आफूलाई नै नष्ट पार्ने किसिमका हातहतियारहरुले भरियो ।

प्रतिस्पर्धा भन्ने कुरा एउटा घरबाटै शुरु हुन्छ । घरमा भएका सदस्यहरुले एउटाले अर्को माथी अधिकार जमाउने वा अर्कोलाई आफ्नो वशमा राख्ने चाहानाले अत्याचार शुरु हुन्छ जुन एउटा सामाजिक

समस्या बन्न पुग्छ र मानिसहरु अस्वस्थ्य प्रतिस्पर्दाले आफ्नो जीवनलाई नरक बनाउन पुग्छन् ।

धेरै समय अगाडि नै यो संसारमा नराम्रो प्रतिस्पर्धाको सुरुवात भयो जसले मानवजाती र यो पृथ्वीलाई नै खतम पार्ने कोसिस गऱ्यो र आजको यो संसारमा देखिएका समस्याहरुको कारण पनि त्यही नै हो । तर यो समस्या समाधान गर्न परमेश्वरले आफ्नो एकमात्र पुत्रलाई संसारको खातिर दिनुभयो । जुन संसार दुःख र कष्टले छटपटाइरहेको थियो, त्यसमा मलहम पट्टी लगाएर निको पार्ने काम गर्नुभयो । जुन कुरा पवित्र धर्मशास्त्र बाइबलको यूहन्ना ३ अध्यायको १६ पदमा यसरी लेखिएको छ "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्नो एकमात्र पुत्रलाई यस संसारमा पठाउनुभयो ताकि उहाँमाथी विश्वास गर्ने कोही पनि नाश नहोस् तर त्यसले अनन्त जीवन पाओस् ।" प्रभु येशूले आफूलाई मानवताको क्याप्टेन बनाउनुभयो र उहाँ पृथ्वीमा आउनुभयो । उहाँले आफ्नो शरिर र रगत जुन मानवताको खातिर उहाँले दिनुभयो र जीवनको खेलमा विजयी हुनुभयो । कसैले कहिल्यै उहाँको जित्ने तौरतरिकाको कल्पना गरेका थिएनन् र फेरी गर्ने पनि छैनन् किनभने युद्ध जितिएको छ ।

यो संसारमा सबैकुरा ठिकठाक रुपमा परमेश्वरको एकतामा चलिरहेको थियो । तर शैतानले यसलाई आफ्नो पक्षमा पारेर ठूलो विद्रोह गऱ्यो जुनकुरा पवित्र धर्मशास्त्र बाइबलको इजकिएल २८:१२-१८ पदमा लेखिएको छ । तर शैतान पराजित भएको छ । (प्रकाश १२:७)

शैतानले यी चलखेल गर्नुभन्दा अगाडि नै परमेश्वरले आफ्नो पुत्रलाई यस संसारमा पठाउने निर्णय गर्नुभयो ताकि मानिसहरु बाँच्न सकुन । ठिक त्यसै अनुसार प्रभु येशू यस संसारमा आउनुभयो । मानिसको पापको निम्ति मारिनुभयो, गाडिनुभयो अनि फेरी जीवित भइ उठ्नुभयो । उहाँ माथीको विश्वासमा हामी जीवनका प्रतिस्पर्धाहरुमा विजयी हुन सक्छौं ।

# ५८ सामाजिक सम्बन्ध(१)

मानिस एक सामाजिक प्राणी हो । उ कहिल्यै एक्लै बस्न सक्दैन । उसलाई जिउनको निम्ति समाज, साथीभाई चाहिन्छ ।

जब म कलेजमा थिए, कति धेरै मित्रहरु थिए, जो सँग दैनिक भेटघाट हुन्थ्यो । हामी होस्टेलमा बस्थ्यौं सँगै खाने, कपडा धुने, पढ्ने गर्थ्यौं । सहर बजारमा सँगै घुम्न जाने । कति मिठा ती दिन थिए जतिबेला हामीलाई साँसारिक कुराको चिन्ता फिक्री गर्नु पर्दैन थियो, केवल आफ्ना मित्रहरुसँग समय बितउँथ्यौं ।

कहिले काहीं विश्वविद्यालयबाट शहर आउँथे आफन्तहरु केही दिन बिताउन । तब शहरको वातावरणमा उकुस-मुकुस हुन्थे, जता पनि अस्वस्थ विचार र प्रतिस्पर्धा मात्र देखिन्थ्यो । यी कुराहरु म मेरा आफन्तहरुबाट सुन्थें । फलानाले यति कमाएछ, फलानाले घर बनाउँदै र फलाना यो ठाउँमा, त्यो ठाउँमा सरुवा भयो । अनी मानिस तास र जुवामा मोज मज्जा गर्थे तब मलाई दिक्क लाग्थ्यो र शहरमा केही दिन बिताउँदा म छिट्टै आफ्नो ठाउँ जान्थे र त्यहाँबाट काठमाण्डौं शहरलाई नियाल्थें र आफैंमा रमाउँथे किनकी कीर्तिपुर त प्रकृतिको सुन्दरताले भरिएको थियो । हामीसँग पैसा भनेजती हुँदैन थियो तर पनि हामी खुशी थियौं ।

जब परिक्षाको समय नजिकींदै जान्थ्यो तब साथीभाइसँगको भेटघाट पातलिँदै जान्थ्यो अनि हामी टुपी कसेर पढ्नुपर्छ भनि हामी पढ्न थाल्थ्यौं ।

दिनभरी पढेर बेलुकी बाहिर हावा खान निस्कँदा कयौं साथीलाई भेटथ्यौं र एक अर्कालाई अभिवादन गरि हामी आफ्नो गन्तव्यतिर जान्थ्यौं । धेरै साथीहरुसित बिहान होटेलमा खाजा खाँदा भेट हुन्थ्यो । हामी बस्ने घरमा पानी आउँदैनथ्यो र सार्वजनिक विदाको दिन कपडा धुने र नुहाउने गर्थ्यौं । जीवन मीठो थियो र आनन्दले भरिएको थियो ।

एउटा चिन्ताले सताउँथ्यो र त्यो हो कति नम्बर आउने भनेर, आज हामीसँग ती दिन त छैनन् तर, जीवनम आज हामीले धेरै संघर्ष गर्नुपरेको छैन । हामी आफ्नो घर छ तर पनि हामीसँग त्यो आनन्द छैन जुन हामी जब डेरामा बस्दा आउँथ्यो । हिजोको दिन हाम्रो असुविधामा विते पनि हाम्रो जीवनमा आनन्द थियो र खुशी थियौं हामी पहिले जस्तै खुशी र आनन्दित छैनौं ।

आज रोग व्याध, चिन्ता फिकी अनि अस्वस्थ्य प्रतिस्पर्धा बीच सम्पन्नताको आडम्बरमा हामी जीइरहेका छौं । धेरै मित्रहरु जो अभावमा हामीसँग थिए । ती अब वीराना भएका छन् । आ-आफ्नै व्यस्तता र वाध्यताले उनीहरुसँग कहिलेकाहीँ आकल भुकल मात्र भेटघाट हुने गर्दछ । अब चाहेर पनि हामी आफ्नो समय उनीहरुलाई दिन सक्दैनौं।

पहिले पहिले हामी एक ठाउँबाट अर्को ठाउँमा जानुपर्दा अहिलेको जस्तो यातायात तथा सडकको सुविधा थिएन । अहिलेको जस्तो सबैको हातमा फोन हुँदैनथ्यो अनि चिठ्ठी पत्र एकठाउँबाट अर्को ठाउँमा पुग्न महिनौं लाग्थ्यो ।

तर पनि ती असुविधा तथा असहजताका दिनहरु सम्भँदा रमाइलो लागेर आउँदछ । हाम्रो समाज

एउटा बन्धनमा बाँधिएको हुन्थ्यो । केही मर्दा पर्दा वा सहयोग गर्नुपर्दा अलिकति पनि नहिच्किचाइकन हामी एक अर्कालाई सहायता गर्थ्यौं । सबै गाउँलेहरु भेला भएर कुनै समस्यामा हामी सहायता गर्थ्यौं । तर आजको युग अर्कै भइसकेको छ । यदि मेरो सानो छोरालाई मैले ती पुराना दिनहरु हामीले बिताएका कुरा भने, शायद उसलाई पत्याउन गाह्रो होला किनकी उ त अर्कै युगमा जन्म्यो ।

तर आजको सामाजिक धरातल एकदम कमजोर जगमा उभिएको छ । यो कुनै पनि बेला भत्कन सक्छ । अहिलेको हाम्रो मानविय सम्बन्धलाई जोड्न फेसबुक, इमेल, इन्टरनेट जस्ता सामाजिक सञ्जालहरु पर्यायी बनेका छन् । यसको राम्रो पक्ष हुँदाहुँदै पनि नराम्रो पक्ष हाबी भएको देखिन्छ । त्यसैले अहिले परिवारसँग समय बिताउनुभन्दा हामी कम्प्यूटर तथा मोबाइलसँग बिताउँछौं । यसले हाम्रो पारिवारिक सम्बन्ध तथा भावनात्मक एकतामा फाटो ल्याएको छ । यसले हाम्रो दिनप्रति दिनको सम्बन्धमा विकृति विसंगतिहरु थप्दै गएको छ ।

तसर्थ जीवन सही तथा सन्तुलित रुपमा उदेश्य मूलक ढंगले अगाडी बढ्नु जरुरी छ । यदि त्यसो भएन भने यसले ल्याउने नकरात्मक प्रभावले हामीलाई ठूलो हानी पुऱ्याउन सक्छ ।

# ५९ सामाजिक सम्बन्ध (२)

मित्र बनाउन सजिलो हुनसक्छ तर उक्त मित्रतालाई कायम गर्नु त्यति सहज नहुन सक्छ । तपाईले आफ्नो जीवनमा कति जना साथी बनाउनुभयो, कति समय उनीहरुसँग बिताउनुभयो, के तपाईले आफ्ना वाल्यकाल देखिको साथीहरुलाई अहिलेसम्म निरन्तरता दिनुभएको छ ।

मित्रता कति सानो शब्द छ तर यो भित्र गहिरो भावना, अर्थ, रहस्य लुकेको छ । हामी मित्रता गाँस्न त तयार छौं तर के मित्रताको दायित्व निभाउन तयार छौं त ?

कतिजना तपाईका मित्रहरु अहिले सम्म तपाईको सम्पर्कमा छन् ? कलेजका दिनमा भएको कति मित्रहरुले तपाईको ख्याल राख्छन् ? हामी धेरै समय मित्रहरुसँग बितायौं तर के हामीले उनीहरुसँग मित्रताको दायित्व वहन गर्‍यौं त ? हो प्रश्न सबैको लागी सान्दर्भिक लाग्छ ।

जब हामी आफ्नो एक अर्काको सम्बन्धबाट आनन्द, खुशी र सन्तुष्टि प्राप्त गर्न खोज्छौं तर ती कुराहरु समय र परिस्थितिको कारण पुरा नहुँदा हामी खिन्न मान्छौं । हामी हाम्रो सम्बन्धलाई बलियो बनाइ राख्न सक्दैनौं ।

यदि तपाई कुनै व्यक्तिसँग सम्बन्ध घनिष्ट बनाउन चाहनुहुन्छ भने उक्त व्यक्तिसँग तपाईले समय बिताउनैपर्छ । उसंग बार्तालाप गर्नै पर्छ । त्यसको निम्ति समय चाहिन्छ, चाहे तपाईको आफ्नै परिवार

किन नहोस्, सम्बन्ध बढाउन र बलियो बनाउनको निम्ति एकअर्कासँग समय बिताउनुपर्छ ।

जब तपाईले कसैसँग आफ्नो सम्बन्ध स्थापना गर्न र उक्त सम्बन्धलाई जीवित राख्नको निम्ति समय श्रोत र साधन खर्च गर्नुहुन्छ तब तपाई अप्ठ्यारो वा मुश्किल परिस्थिति भएर गुज्रिनु भएको अवस्थामा त्यो सम्बन्धले तपाईलाई शक्ति दिन्छ र सहयोग गर्छ ।

आजको युगमा बाँचेको तपाईहामी सबैलाई समय अभाव छ, हामीले थोरै समयमा धेरै काम गर्नुपर्छ । प्रतिस्पर्धात्मक युगमा हामी बाँचेका छौं यस कारण समय अनुसार हामीले आफैलाई परिवर्तन गर्नुपर्छ ।

आजको विज्ञान र प्रविधिको युगमा हामी छौं, विभिन्न अत्याधुनिक साधन दिन प्रतिदिन थपिएको यिनीहरुको उपयोगमा बुद्धिमानी पुऱ्याउन राम्रो हुन्छ । हामीले आफ्नो साथीभाइलाई सहयोग गर्नुपर्छ तब मात्र हाम्रो सम्बन्ध बलियो बन्न सक्छ ।

अहिले भएका सामाजिक सञ्जालहरु मार्फत आफ्ना विचार, अभिव्यक्ति हामी अरुको सामु पुऱ्याउने कोशीश गर्छौं र उनीहरुको विचार जान्ने कोशीश गर्छौं । हामीले कहिल्यै पनि अरुलाई चोट पुऱ्याउनु हुन्न र कहिल्यै पनि अरुलाई हेप्ने प्रवृत्तिको हुनु हुँदैन । त्यसो भएमा तपाई माथि आरोप लाग्न सक्छ । त्यसकारण हामीले जब सामजिक सञ्जालको प्रयोग तब हामी बडो होशियार साथ प्रयोग गर्नुपर्छ । नत्र हामीले त्यसको दुरुपयोग गर्न सक्छौं । जब हामी हाम्रा नानी र तिनका साथीसँग भेट्छौं तब हामी आफूलाई राम्ररी प्रस्तुत गर्नुपर्छ । तिनका अभिभावलाई भेट्छौं तब हामीले एकदम इमान्दारी पूर्वक आफूलाई

प्रस्तुत गर्नुपर्छ जब हाम्रा नानी र उनका साथी काममा वा खेल्दाखेल्दै झगडा गर्छन् तब हामीले दुवै पक्षको कुरा सुनि वातावरण नियन्त्रण गर्नु राम्रो हुन्छ ।

जब हामी आफ्नो काम गर्ने कार्यलय वा स्थानमा हुन्छौं तब हामी सबैसँग राम्ररी मिलेर बस्नुपर्छ । कुनै व्यक्तिको विषय नराम्रो समाचार फैलाउनु हुँदैन, हाम्रो स्वभाव मिलनसार हुनुपर्छ र हामीले कसैलाई पनि हानी गर्नु हुदैन । हामी धेरै कुराहरु सोच्छौं तर हाम्रो सोचाइले अरुलाई दु:ख दिनुहुन्न, हाम्रो बानी र व्यवहारले अरुलाई ठेस पुऱ्याउनु हुन्न । हामीले गर्ने काम र हामीले बोल्ने बोलीद्वारा हाम्रो वरिपरी जो छन् उनीहरुलाई कहिल्यै पनि चोट नपुगोस् । यो कुरा हामीले सधैं याद राख्नुपर्छ । हामी मनुष्य हौं र हाम्रो स्वभावद्वारा अरुलाई चोट नपुगोस् ।

हामीले हाम्रो सम्बन्ध बलियो बनाउन सधैं परमेश्वरसंग आशिष माग्नुपर्छ । ताकि हाम्रो सम्बन्ध बलियो होस् र हामी खुशी र आनन्दमा बाँच्न सिकौं ।

# ६० वर्गको कल्पना

स्वर्गको विषयमा तपाईले कहिल्यै सोच्नु भएको छ ? तपाई अहिले जुन अवस्थामा हुनुहुन्छ, के यही अवस्थामा स्वर्ग जानको निम्ति तयार हुनुहुन्छ ? हामी सबैले प्राय: स्वर्गको विषयमा सोच्ने गर्छौं सधैं नभए पनि कहिलेकाही त पक्कै सोच्छौं होला । मानिसको सोचाइमा प्राय स्वर्ग जानु भनेको बडो अप्ठ्यारो बाटो वा अवस्थालाई पार गर्नु भन्ने हुन्छ । जब मानिस ठूलो दुर्घटनामा पर्छ, आफ्ना आफन्त गुमाउँछ वा ठूलो रोगले ग्रसित भएको अवस्थामा स्वर्गलाई नजिक भएर अनुभव गर्न चाहन्छ र विचार गर्ने गर्छ ।

जब हामी गम्भिर भएर स्वर्गको विषयमा सोच्न थाल्छौं , तब एउटा प्रश्न आफूले आफैंलाई सोध्नुपर्ने हुन्छ, त्यो हो "म अहिले जहाँ छु, जस्तो छु, के म स्वर्गको निम्ति योग्य छु, त ? के म स्वर्गमा परमेश्वरसँग अनन्त जीवन बिताउन सक्छु त ?"

जब हामी कुनै नयाँ ठाउँमा जाने योजना बनाउँछौं, तब उक्त ठाउँको विषयमा जानकारी पाउन चाहन्छौं र त्यहाँ भएको मौसम, भेषभुसा आदिलाई स्विकार गरी त्यस अनुसार आफूलाई बनाउन थाल्छौ । त्यसरी नै स्वर्गको कल्पनाले हामीलाई हाम्रो जीवन परिवर्तन गर्न मद्दत गर्छ र हामी यो जीवनबाट त्यो जीवनमा सहजै उक्लन सक्छौं । किनभने पवित्र धर्मशास्त्र बाइबलमा स्वर्ग कस्तो हुन्छ र त्यहाँ कस्तो व्यक्तिले प्रवेश गर्न सक्छ भन्ने कुराहरु बताइएको छ । स्वर्ग पवित्र ठाउँ हो ।

"सबै मानिससँग शान्तिमा बस्ने र पवित्र हुने प्रयत्न गर, पवित्रता विना कुनै मानिसले परमेश्वलाई देख्न सक्दैन ।" भन्ने कुरा हिब्रु १२ अध्यायको १४ पदमा बताइएको छ । प्रभु येशू मात्र शरिरमा भएर पनि पापरहित अर्थात पवित्र जीवन जीउनुभयो बाँकी सबै संसारका मानिसले पाप गरेका छन् । (रोमी ३:२३) तर परमेश्वरले पापबाट छुटकारा दिनुभएको छ जुन कुरा २ कोरिन्थि ५:२१ पदमा यसरी लेखिएको छ " किनकी हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नुहुने (येशू) लाई हाम्रा खातिर पाप बनाउनुभयो । जसजसले प्रभु येशूलाई आफ्नो मुक्तिदाता भनी ग्रहण गर्छन तिनीहरुलाई उहाँले आफ्नो पवित्रता दिनुहुन्छ । त्यसको मतलब हामी सबै किसिमका सांसारिक दु:ख कष्टहरुबाट मुक्त भएर उच्च जीवन बिताउन सक्छौं भन्ने होइन । यसको साधारण अर्थ परमेश्वरको अनुग्रहले हामी आफू सिद्ध हुने प्रयास गर्नु हो । हामीले हाम्रा नराम्रा बानीहरुलाई लत्याएर या छोडेर पवित्रताको अभ्यास गर्नुपर्छ । राम्रो धारणा वा भावनाको विकासले हामीलाई पवित्रता तर्फ बढ्न मद्दत गर्दछ । कहिलेकाहीं कुनै व्यक्तिसँग हाम्रो विचार नमिल्ला वा हाम्रो व्यक्तिगत टकराव होला किनकी उसले गरेको टिक्काटिप्पणीले चोट पुग्न सक्छ यद्यपी त्यो व्यक्तिले गलत धारणा वा उदेश्यले केही नभनेको हुनसक्छ । त्यसकारण हामीले अरुलाई क्षमा दिनुपर्छ र जसले हामीलाई प्रेम गर्दैन तिनीहरुलाई पनि प्रेम गर्नुपर्छ । यहि नै पवित्रता तिर बढ्ने मार्ग हो ।

स्वर्गमा भिन्न भाषा, वर्ग, जात र स्वभावका मानिसहरु हुदैन । नता त्यहाँ मानिसको हृदयमा चोट पुऱ्याउने रुखो व्यवहार नै हुन्छ नता वचन नै बरु

त्यहाँ सबैको एउटै उदेश्य हुन्छ, परमेश्वरको महिमा गर्नु । त्यसकरण आफ्ना हरेक कुराहरुलाई जाँच्नुहोस र आफू स्वर्गमा परमेश्वरको निम्ति ग्रहणयोग्य हुन सक्ने कुरामा विचार पुऱ्याउनुहोस् । त्यसैगरी हाम्रा मनमा आउने विचारहरु कस्ता हुनुपर्छ? यदि हाम्रा मनमा आउने विचारहरु अरु मानिसले बुझ्न सक्ने भए कस्तो डरलाग्दो अवस्था सृजना हुन्थ्यो होला ! शैतानले हाम्रो मनमा नराम्रा विचारहरु हालिदिन्छ । तर त्यस्ता कुविचारहरुलाई येशूको नाउँमा हामी शैतान तिरै फर्काउन सक्छौ । हाम्रो आफ्नो कुनै पनि प्रयासद्वारा स्वर्ग प्राप्त गर्न सकिँदैन तर प्रभु येशूले मत्ती ६ अध्यायको २० पदमा यसरी प्रतिज्ञा गर्नुभएको छ - "तर आफ्ना निम्ति स्वर्गमा धनसम्पत्ति थुपार, जहाँ किराले वा खियाले नष्ट पार्दैन र चोरले पनि चोर्दैन ।"जब हामी कसैलाई कुनै स्वार्थविना मद्दत गर्छौं भने हामीले स्वर्गमा भएको खातामा धन जम्मा गर्छौं । आवश्यकतामा परेकाहरुलाई मद्दत गरेर, मानिसहरुलाई दया देखाएर वा परोपकारका कामहरु गरेर हामी स्वर्गमा धन थुपार्न सक्छौं । हामीले संसारमा रहेर गरेका सेवा र सहयोगको प्रतिफल देख्न सक्दैनौं होला तर राम्रो काम र सोचाइले यस्तो बिउ रोप्नेछ जुन उम्रेर बढ्नेछ । परमेश्वरको प्रेम संसारलाई देखाएर हामीहरु स्वर्गमा सम्पत्ति थुपारीरहेका हुन्छौं जुन सम्पत्ति हामीसँग सदासर्वदा रहनेछ ।

पवित्र धर्मशास्त्र बाइबलको अन्तिम पुस्तक प्रकाश अनुसार धेरै मानिसहरुले परमेश्वरको सिंहासनमा आफ्ना आवाजहरु उच्च बनाएर परमेश्वरको आराधना गर्छन् भनी भनिएको छ । आराधना स्वतस्फूर्त रुपमा खुशीको आवजले गुञ्जायमान

हुन्छ । हाम्रा प्रार्थनाहरु पनि हाम्रा आराधनाका भाग हुन् र हामीहरु परमेश्वरको मुक्तिको निम्ति उहाँलाई धन्यवाद दिन्छौं र संसारमा हामीले प्राप्त गरेका असल कुराहरुको निम्ति पनि धन्यवाद दिन्छौं ।

स्वर्गमा कुनै कुराको घटी कमजोरी हुँदैन । धेरै किसिमले स्वर्ग हामीले अहिले आराधना गर्ने मण्डली जस्तो होला, तर सानो गल्ती गरेको कारण आफ्नो सम्बन्ध परमेश्वरसँग ठीक छैन त्यो स्वर्ग भित्र पस्न सक्दैन ।

चिन्ता नगर्नुहोस कि स्वर्ग जान अप्ठ्यारो छ भनेर । जीवनमा असल युद्ध लडिनै रहनुहोस् । सबै कुराहरुलाई एकै चोटी व्यवहारमा लागु गर्ने प्रयास नगर्नुहोस् । दिनप्रतिदिनको जीवनमा सचेत हुनुहोस् । जब तपाईंले आफैंलाई नियन्त्रण गर्नुहुन्छ, तपाईको आत्मिकी जीवन बढ्दै जान्छ र तपाई स्वर्ग जानको निम्ति तयार हुनुहुनेछ ।

# ६१ ख्रीष्टमा बढ्नु

एक इसाईभक्त जसले परमेश्वरको व्यवस्था र नियम र अक्षरस पालन गरे जसको उनी व्याख्या गर्न सक्दैनन् र उनी भन्छन् "यदि कोही तपस्या वा अथक प्रयासद्वारा भिक्षु भएर स्वर्ग जान सक्छ भने त्यसमध्ये उ पनि एक हो र उनी आफ्नो विश्वासको खातिर आफैंलाई बलिदान दिन पछि पर्दैन थिए ।

तर कुरा के हो भने ती इसाई भक्तले धर्मको नाउँमा आफूलाई जनिसुकै समर्पित गरी मानविय कार्यमा लगाएतापनि परमेश्वरले उनलाई अस्वीकार गर्नुभएको भनेर उनले कहिल्यै आभाष पाएनन् । अर्थात् उनले आफ्नै कारणले मुक्तिको निम्ति योग्य छु भनि कहिल्यै सोच्न सकेनन् । गधालाई जति धोएपनि गाई बनाउन नसके झैं उनी पापी मानिस भएको र उनको आफ्नै योग्यता, क्षमता, बुद्धि र विवेकले उनी मुक्तिको हकदार हुन सक्दैनन् भन्ने कुरा उनले बुझेका थिए ।

यो कुरालाई बुझेर उनी उदास भए जसले उनको मनलाई क्षतविक्षत गर्न थाल्यो र आफू पापी भएको कारणले पापको अन्तिम सजाय भोग्नु पर्छ भन्ने त्रासले उनलाई दह्रो गरी गाँज्यो ।

एकदिन उनी पवित्र धर्मशस्त्र बाइबल पढ्दै गर्दा उनको आँखा रोमी १ अध्यायको १७ पदमा पुग्यो । उनले उक्त पदलाई दोहोऱ्याइ तेहेऱ्याइ उनले पढे, जहाँ यसरी लेखिएको छ "किनकी सुसमाचारमा परमेश्वरबाट आउने धार्मिकता प्रकट गरिएको छ, त्यो धार्मिकता जो चाहीं सम्पूर्ण रुपले विश्वासद्वारा नै आउँछ ।"यस्तो लेखिएको छ "धर्मीचाहिँ विश्वासद्वारा नै

जीउँछ ।" यस पदले उनको आफूलाई र संसारलाई हेर्ने दृष्टिकोण परिवर्तन गरिदियो । उक्त इसाइभक्तले यो बुझ्े की उनले गरेको त्याग र तपस्या वा धर्मकर्मले नयाँ जीवन पाएको होइन तर उनको निम्ति मर्नुभएको येशू ख्रीष्टको कारणले मात्रै उनले परमेश्वरमा नयाँ जीवन प्राप्त गरेका रहेछन् त्यसपछि उनको जीवनको सम्पूर्ण पक्षनै परिवर्तन भयो । त्यस समय देखी मानिसले धर्मकर्म र आस्थाले मात्र मुक्ति पाईँदैन भन्ने धारणामा उनी विश्वस्त भएर त्यसै अनुसार आफ्नो बाँकी जीवनलाई परमेश्वरमा अर्पण गरी अगाडि बढाउने प्रण गरे ।

मुक्ति किनेर पाईँदैन नत आफ्नै बल, बुद्धि वा ज्ञान द्वारा हाँसिल नै गर्नसकिन्छ । यदि यसो हुने भए मुक्ति सिमित वर्ग जो धनी छ, जो उच्च ओहोदामा छ, जसको पहुँच छ उनीहरुको मात्र हुने थियो । तर मुक्ति येशूको धार्मिकतामा भर पर्छ र जसजसले उहाँमाथि विश्वास गर्छन्, आफ्नो पापलाई मानिलिन्छन् र प्रभु येशू सँगको मिलापमा आफ्नो जीवनलाई अगाडि बढाउँछन्, तिनीहरुले मुक्ति सित्तैमा प्राप्त गर्दछन् । यो यथार्थले ती येशूभक्तको जीवनमा ठूलो छाप पर्‍यो र उनी कोही नभएर मध्यकालिन यूरोपका प्रखर रोमन क्याथलिक इसाई विद्वान मार्टिन लुथर थिए । परमेश्वरले मार्टिन लुथरमार्फत ठूलो धार्मिक जागरणको सुरुवात गर्नु भयो र जसलाई इसाई इतिहास र संसारको इतिहासले वर्णन गरेको छ र जसको कारणले प्रोटेस्टेन्ट रिफरमेसन अर्थात् सुधारवादी अभियानको सुरुवात भयो । मार्टिन लुथरको धार्मिक जागृतीको जग पवित्र धर्मशास्त्र बाइबलको रोमीको पुस्तकबाटै शुरु भएको देखिन्छ । रोमन क्याथलिक

चर्चको धार्मिक आधिपत्यलाई चुनौति दिँदै विद्रोहको आगो रोमीको पुस्तकबाटै शुरु भएको हो । रोमीको पुस्तकले इतिहासमा महत्वपूर्ण भूमिका खेलेको पाइन्छ, जसको लेखक पावल प्रेरित हुन् । पावल प्रेरितका पत्रहरु त्यतिबेला परमेश्वरका जनहरुलाई सहि सुसमाचार तिर फर्काउने र मानिस विश्वासद्वारा धर्मी ठहरिन्छ भन्ने कुरामा आधारित थिए । सारा मानिसहरुलाई आशाको ज्योति छर्ने काममा पावल प्रेरितको भूमिका अतुलनिय छ ।

प्रभु येशूले मानिसका पापहरु धोएर स्वच्छ पार्नुहुन्छ । परमेश्वरले हाम्रो चासो राख्नुहुन्छ र हाम्रो जीवनलाई सदैव अगुवाइ गर्न चाहानुहुन्छ । हामीले हाम्रो जीवनमा उहाँलाई पछ्याउनुपर्छ र उहाँलाई नै अगुवाइ गर्न दिनुपर्छ । हामी परमेश्वरभन्दा अगाडि कहिल्यै दौडने प्रयास गर्नुहुँदैन । इतिहासमा हेर्‍यौं भने परमेश्वरले इस्राएलीहरुलाई मिश्र देशको दासत्वबाट मुक्त गरेर ल्याइसकेपछि बाटोमा उनीहरुलाई जीवन जिउने स्पष्ट निर्देशिका दिनुभयो र आज हामीलाई पनि बाइबलद्वारा स्पष्ट रुपमा जीवन जिउने निर्देशन दिनुभएको छ । तर कत्तिचोटि हामी परमेश्वरले भन्नुभएको जस्तै नगरी आफ्ना कुरा पनि त्यसमा मिसाउँछौं र आफ्नै तरिकाले अगाडि बढ्न खोज्छौं र परमेश्वरको अगुवाइ वा निर्देशनबाट विमुख हुन्छौं ।

यदि तपाईं कुनै योजना बनाउदै हुनुहुन्छ र त्यसको सहि कार्यान्वयन गर्न चाहानुहुन्छ भने त्यसको स्पष्ट खाका वा निर्देशनलाई पछ्याउनुपर्ने हुन्छ, जसले गर्दा तपाईं सफलतामा पुग्न सक्नुहुन्छ ।

मानौं कुनै एउटा मानिस पहिलो चोटि पहाड चढ्न लाग्दैछ र चढ्नुभन्दा पहिलै पहाडको फेदीमा

उभिएर उसले आफू जाने गन्तव्यतिर हेऱ्यो भने उ निराश हुनेछ । किनकी उसका आँखा अगाडि अग्लो पहाड हुनेछ जसमाथी उ चढाइ गर्नगइरहेको छ । तर चढ्नु भन्दा पहिले उसले त्यहाँको बाटो र अवस्थाको विषयमा जानकारी गरेर त्यसको निम्ति पूर्व तयारी गऱ्यो भने उ पक्कै सफल हुन्छ । यो कुरा हाम्रो जीवनमा पनि लागु हुन्छ । कतिपय समयमा हामी जान्दैनौ कि हामी पूर्ण रुपमा परमेश्वरको निर्देशनम अगाडि बढ्दै छौं वा छैनौ भनेर । तर जहिले पनि हामी आफू जाने गन्तव्यमा के छ त्यो बुझ्नुपर्छ । परमेश्वरमा अगुवाइको निम्ति सधैं प्रार्थना गर्नुपर्ने हुन्छ । उहाँले देखाउनुभएको बाटोमा हिड्नुपर्छ, तब मात्र हामी सहि रुपले गन्तव्यमा पुग्न सक्छौं ।

आफ्नो कमजोरीहरुलाई स्विकार गरेर। परमेश्वर प्रति धन्यवादी भइ उहाँको दया र अनुग्रहको निम्ति सधैं प्रार्थना गर्नुपर्छ ।

# ६२ हामी जे सोच्छौं त्यही हौं

सर्पको विष दाँतमा हुन्छ, झिँगाको विष टाउकोमा, विच्छिको विष पुच्छरमा हुन्छ भने दुष्ट मानिसको विष सम्पूर्ण शरिर भरि नै हुन्छ ।

मानिसको दिमागको तौल १.३ किलोग्राम हुन्छ तर भनिन्छ यो सानो दिमागमा १००० टेरावाइट्स सुचनाहरु अटाउन सक्छन् । २३,४०० डिभिडीमा अटाउने यी सुचनाहरु हाम्रो दिमागमा सञ्चय गर्न सकिन्छ ।

यदि तपाईले आफ्नो दिमागको मूल्य तोक्नुपर्‍यो भने कति तोक्नुहुन्थ्यो होला ?

Thomas Edison ले आफ्नो जीवन भरी हजारौं हजार बिरामी मानिसहरुको उपचार गरिदिए । उनले थुप्रै नयाँ कुराहरुको आविष्कार गरे । उनको मृत्युको समय नजिकै जादा त्यतिबेलाका अर्थशास्त्रीहरुले उनको दिमागको मूल्य २५ विलियन डलर तोके । यो सबै उनको सेवा र उनले गरेका आविष्कारहरुलाई मूल्याङ्कन गरेर तोकिएको थियो । जुन धेरै ठूलो रकम हो ।

हामी सबैजना Thomas Edison जस्तो नहौंला तर हामीले आफ्नो विषयमा के सोच्छौ त्यो हामीलाई थाहा हुनुपर्छ । परमेश्वरले हामीलाई मगज र स्मरण शक्ति दिनुभएको छ ता कि हाम्रा वरिपरि भएका कुराहरुको विचार मानिस चेतनशील प्राणी भएकै कारणले परमेश्वरले फल्दै फूल्दै वृद्धि हुँदै जाओ र सारा सृष्टिलाई आफ्नो वशमा पार्दै जाओ भनि भन्नुभएको हो । मानिस चेतनशील भएकै कारणले

आफ्नो हरेक पक्षहरुलाई चाहे त्यो बाहिरी होस् वा भित्री त्यसलाई नियाल्नुपर्ने हुन्छ । कतिचोटि हामीले अरुको बाहिरी स्वभावलाई देखेर विचार गर्ने गर्छौं तर परमेश्वरले हाम्रो सम्पूर्ण पक्षहरुलाई हेर्नुहुन्छ । यसै सन्दर्भमा १ शमुएल १६ अध्यायको ७ पदमा "परमप्रभुले मानिसले झैं हेर्नुहुन्न । मानिसले रुप हेरेर विचार गर्छ तर परमप्रभुले हृदय भित्र हेरेर विचार गर्नुहुन्छ ।" भन्ने कुरा लेखिएको छ । यद्यपी हाम्रो बाहिरी धार्मिकपनले अरुलाई मूर्ख बनाउन सकौंला तर पापलाई हाम्रो जीवनमा प्रसय दिइ त्यसै अनुसार चल्दैछौं वा जुन कुरा पाप हो त्यही कुराहरुद्वारा हाम्रो हृदयलाई भर्छौं भने परमेश्वर ती कुराहरु मनपराउनुहुन्न त्यसैले उहाँले हामीलाई स्विकार गर्नुहुन्न । उहाँलाई थाहा छ हाम्रो हृदय कसमाथी भरपर्छ भनेर, त्यसैले हितोपदेश २३ अध्यायको७ पदमा यसो लेखिएको छ " त्यो त्यस्तो किसिमको मानिस हो, जसले त्यसको दाम उठाउने बारे सधैं सोचिरहेको हुन्छ । त्यसले मलाई 'खानुहोस्, पिउनुहोस' भन्छ तर त्यसको मन तँसित हुँदैन ।

हाम्रा मनमा धेरै समय पापपूर्ण विचारहरु आउने गर्छन्, के हामी यस्ता विचारहरुको निम्ति जिम्मेवार छौं त ? यसको सहि उत्तर दिन गाह्रो छ त्यसैले छौं पनि छैनौं पनि भन्न सकिन्छ । कहिले काहीं हाम्रो चेतनामा अचानक विभिन्न किसिमका सोचाइहरु आउने गर्दछन् । ती मध्ये कुन कुरा दिमागमा राखिराख्ने र कुन नराख्ने भन्ने कुरा हामी आफैं निर्णय गर्न सक्छौं । प्रभु येशूले आफ्नो वचनमा यस्तो भन्नुभएको छ "तिमीहरुले यसो भनेका सुनेका छौ कि तैले व्यभिचार नगर्नु । तर म तिमीहरुलाई भन्दछु जसले कोही स्त्रीलाई कामवासनाको इच्छाले

हेर्दछ , त्यसले अघिबाटै आफ्नो हृदयमा त्यससँग व्यभिचार गरिसकेको हुन्छ । यदि तिम्रो दाहिने आँखाले तिमीलाई पाप गर्न लगाउँछ भने त्यसलाई निकालेर फालिदेउ, किनभने तिम्रो सम्पूर्ण शरिर नरकमा फालिनुभन्दा बरु तिम्रा अंगहरुमध्ये एउटा गुमाउनु तिम्रो निम्ति हितकारी हुन्छ ।

प्रभु येशूको अनुसार पाप हाम्रो दिमागबाट शुरु हुन्छ । हाम्रो दिमागमा जुन कुरालाई राखिराख्छौं, त्यस्तै कुराहरु हाम्रो व्यवहारबाट पनि देखिन्छ । त्यसैले प्रभु येशूले भन्नुभयो "जे कुरा हाम्रो मुखबाट निस्कन्छ त्यो हाम्रो हृदयबाट आएको हुन्छ र त्यही कुराले मानिसलाई अशुद्ध बनाउँछ ।" जब परीक्षामा पार्ने किसिमका विचारहरु दिमागमा आउँछन् त्यतिखेरै हामीले पाप गर्दैनौं तर त्यसै अनुसार हामीले गर्‍यौं भने पाप हुन पुग्छ ।

कहिलेकाहीँ यस्तो समय वा अवस्थामा हामी हुन्छौं नचाहेरपनि खराब कुराहरुका प्रभावमा परिरहेका हुन्छौं । शैतानले हाम्रो दिमागमा नराम्रा कुराहरु रोप्न खोज्छ यदि ती कुराहरुलाई झट्टै नकार्न सक्यौं भने हामीले पाप गरेका हुँदैनौ । तर जब जानेर नराम्रा विचारहरुलाई आफ्ना दिमागमा राखिरहेका हुन्छौं तब हामीले पाप गर्दछौं ।

जब चराहरु उड्न खोज्छन् भनिन्छ उनीहरु भित्रको दृष्टिकोणले उनीहरु कति माथीसम्म जान सक्छ त्यो निर्धारण गर्दछ । त्यसैगरी हाम्रो पापमय दृष्टिकोणले हाम्रो जीवनको उचाइलाई निर्धारण गर्दछ । हाम्रो जीवनको लक्ष्य वा दृष्टिकोण आत्मिकी कुराहरुमा केन्द्रित छ भने हामी निश्चय नै स्वर्गतिर बढ्छौं । पावल प्रेरित आफ्नो पत्रमा सकरात्मक विचारको विषयमा फिलिप्पीका विश्वासीहरुलाई लेख्छन् "अन्त्यमा

भाइ हो जे कुरा न्यायसंगत छ, जे कुरा शुद्ध छ, जे कुरा प्रेम योग्य छ, जे कुरा कृपामय छ, यदि यी नै कुराका विचार गर ।" ( फिलिप्पी ४:८) त्यसैगरी रोमी ८ अध्यायको ६ पदमा "किनभने पाप स्वभावमा मन लगाउनु चाहिँ मृत्यु हो तर पवित्र आत्मामा मन लगाउनु जीवन र शान्ति हो ।" भनि लेखिएको छ । तसर्थ हाम्रो सोचाइमा जति सक्दो हामी सकारात्मक हुनुपर्छ, त्यही नै परमेश्वरको इच्छा हो । हाम्रो मानसिक एवंम् भावनात्मक संघर्षहरुको बावजुद उहाँले हामीलाई सकारात्मक सोचका साथ अगाडी बढ्न मद्दत गर्नुहुन्छ । वास्तविक विश्वास त्यही हो जब हामीले परमेश्वर हामीसँग हुनुहुन्छ भनि विश्वास गर्छौं, चाहे जस्तोसुकै परिस्थिति भएर हामी किन नगुज्रेका हौं । हामी प्राय: जसो आफ्ना भावना अनुसार सोच्ने गर्छौं र त्यसरी नै हिड्ने गर्छौं । तर हाम्रो भावनाले हामीलाई डोऱ्याउने होइन तर हामीले विश्वास गरेको परमेश्वर र उहाँको वचनद्वारा हाम्रो जीवन परिचालन भएको हुनुपर्छ।

अब हामीले मानविय स्वार्थी विचारबाट कसरी आफूलाई उचाल्ने त ? त्यसको निम्ति आफ्नो जीवनलाई परमेश्वरमा समर्पित गरेर मात्र हामी आफ्ना स्वार्थी विचारहरुलाई कुल्चन सक्छौं । जब हामी उहाँमा भरपर्दछौं, हाम्रा जीवनका सम्पूर्ण पक्षहरु उहाँले नियन्त्रण गर्नुहुन्छ । हामी विश्वास सहित उहाँको चरणमा गएर सहयोगको निम्ति प्रार्थना गर्नुपर्ने हुन्छ । आफ्नो सारा हृदयले, सारा प्राणले र सारा समझशक्तिले परमेश्वरलाई प्रेम गर्नुपर्छ । (मत्ती २२:३७) मुखको स्वीकार र हृदयको विश्वासमा परमेश्वर हामी भित्र काम गर्नुहुन्छ ।

# ६३ परमेश्वर सँग हिँड्नु

पवित्र धर्मशास्त्र बाइबलको यूहन्ना १४ अध्यायको १५ देखी ३१ पदहरुमा प्रभु येशूले आफ्ना चेलाहरुलाई ढाडस दिनुका साथै पवित्रआत्माको प्रतिज्ञा गर्नुभएको छ । उहाँ भन्नुहुन्छ "तिमीहरुले मलाई प्रेम गर्छौं भने मेरो आज्ञाहरु पालन गर्नेछौ । र म पितासँग विन्ति गर्नेछु र उहाँले तिमीहरुलाई अर्को सल्लाहकार दिनुहुनेछ । उहाँ सत्यका आत्मा हुनुहुन्छ जसलाई संसारले ग्रहण गर्न सक्दैन, किनभने संसारले उहाँलाई नता देख्छ न चिन्छ । तिमीहरु उहाँलाई चिन्छौ किनभने उहाँ तिमीहरुसँग वास गर्नुहुन्छ र उहाँ तिमीहरुमा रहनु हुनेछ ।" (यूहन्ना १४:१५-१८)

प्रभु येशूलाई आफ्ना चेलाहरुको विषयमा थाहा थियो कि जब उहाँ तिनीहरुसँग हुनुहुनेछैन तब उनीहरु हताष, निराश र तितर बितर हुनेछन् भनेर । त्यसैले उहाँले पवित्र आत्मा उहाँको अनुपस्थितिमा उनीहरुसँग काम गर्नुहुनेछ भनेर प्रतिज्ञा गर्नुभएको पाइन्छ । त्यसैले प्रभु येशू भन्नुहुन्छ "म तिमीहरुलाई टुहुरा छोड्नैछैन । म तिमीहरुकहाँ आउनेछु र अब केही समयपछि संसारले मलाई कहिल्यै देख्नेछैन तर तिमीहरुले मलाई देख्नेछौ र म जीवित भएको हुनाले तिमीहरु पनि जीवित रहनेछौ । त्यस दिन तिमीहरुले जान्नेछौ कि म मेरो पीतामा छु र तिमीहरु ममा र म तिमीहरुमा छु । मलाई प्रेम गर्ने त्यही हो जससँग मेरा आज्ञाहरु छन् र ती पालन गर्दछ । अनि मलाई प्रेम गर्नेलाई मेरा पिताले प्रेम गर्नुहुन्छ र म त्यसलाई प्रेम गर्नेछु ।"

त्यसैगरी प्रभु येशू भन्नुहुन्छ"शान्ति म तिमीहरुसँग छोडीराख्छु, म आफ्नो शान्ति तिमीहरुलाई दिन्छु । संसारले दिएजस्तो म तिमीहरुलाई दिदिन, तिमीहरुको हृदय व्याकुल नहोस र भयभित नहोस् ।" कस्तो सुन्दर प्रतिज्ञा प्रभु येशूले हाम्रो निम्ति गर्नुभएको छ । प्रभु येशूमा जीएको जीवन शान्ति र आनन्दले भरिएको हुन्छ । जब हामी परमेश्वरसँग हिंड्छौं तब पूर्ण शान्ति र खुशी आफ्नो जीवनमा हामीले अनुभुति गर्न थाल्छौं । जब हामी परमेश्वरलाई आफ्नो पथ प्रदर्शक बनाउँछौं, संसारका सबै कुराहरुबाट माथि उठेर वा स्वतन्त्र भएर शान्तिमा आफ्नो जीवनलाई अगाडि बढाउन सक्छौं ।

हामी सबैको आ-आफ्नै परिवेश, अवस्था र बाध्यताहरु हुन्छन् र तिनले हामीलाई थिचिरहेका हुन्छन् । यो संसार दु:ख, कष्ट, भ्रष्टता र अनैतिकताले भरिएको कारण हामी चिन्ता, फिक्री र डरहरुको बीचमा आफ्नो जीवन यात्रालाई जसोतसो अगाडि बढाइरहेका हुन्छौं । हाम्रो जीवनमा यो परमेश्वरको इच्छा कदापी होइन । आज हामीलाई शान्ति चाहिएको छ र हामी निर्धक्क भएर आफ्नो काम गर्न चाहन्छौं ।

जब हामी आफ्नो जीवनलाई पूर्णरुपले परमेश्वरमा फर्काउँछौं, हाम्रो पूर्ण विश्वास उहाँमा हुन्छ, हाम्रो हृदयलाई पूर्णरुपमा परिवर्तन गर्न परमेश्वरमा हामी समर्पित हुन्छौं, त्यसपछि हाम्रो जीवनमा त्यो शान्ति जुन यो संसारले दिने जस्तो होइन तर परमेश्वरको शान्तिको वास्तविक अनुभव हामी गर्न सक्छौं । जब एउटा पापीले आफ्नो पाप मानिलिएर संसारबाट परमेश्वरतिर फर्कन्छ त्यतिबेला

स्वर्गमा ठूलो बडाइ हुन्छ । त्यो मानिसको जीवन परमेश्वरको अगुवाइबाट परिवर्तित हुन्छ । सँसारले त हामीलाई केवल चिन्ता, फिक्री, बेचैनी, डर, बोझ र अरु धेरै धेरै नराम्रा कुराहरु दिन्छ तर जब हामी सँसारको झुटलाई सुन्न छोडेर परमेश्वरको महिमित सत्यलाई पछ्याउँछौं तब दिनप्रतिदिन उहाँले हाम्रा साँसारिक चिन्ता, फिक्रीहरुका ठाउँमा उहाँको शान्ति हामीलाई दिनुहुन्छ ।

के तपाईं विजयी जीवन जीउन चाहानुहुन्छ ? के तपाई परमेश्वरको उपस्थिति र शक्ति आफ्नो जीवनमा अनुभव गर्न चाहनुहुन्छ ? जसजसले प्रभु येशूलाई विश्वास गर्छन् तिनीहरुको तिम्ति अनन्तको शान्ति र सफलताको प्रतिज्ञा गरिएको छ । प्रभु येशू तपाई र मेरो खातिर मर्नुभयो । उहाँले मृत्युमाथि विजय हाँसिल गर्नुभयो । पुनःउत्थानद्वार उहाँले पाप र मृत्युलाई पराजित गराउनुभयो । उहाँको शक्ति र प्रेम हाम्रा समस्याहरु भन्दा ठूला छन् त्यसकारण उहाँको पवित्र आत्मामा विश्वास गर्नुहोस् । तपाईले आजै उहाँको शक्तिको अनुभव आफ्नो जीवनमा गर्नुहुनेछ र उहाँको शान्तिले तपाई भरिनुहुनेछ ।

परमेश्वरसँगको यात्रामा उहाँले मलाई धेरै कुराहरु भन्नुभएको छ । जत्ति धेरै म आफ्नो समय परमेश्वरसँग बिताउँछु त्यति नै म उहाँको विषयमा जान्दछु र म उहाँलाई सुन्न सधैं तयार रहन्छु । जब म उहाँसँग हुन्छु एउटा सानो मन्द आवाजको अनुभुति म गर्दछु र परमेश्वर मसँग रहनुभएको आभाष मलाई हुन्छ । जब जब मेरो जीवनमा परिक्षा र सतावटहरु आउँछन्, जब म ती कुराहरुको सामना गर्न सक्दिन लाग्छ, जब म आफैंलाई कष्टमा पाउँछु, त्यो

अवस्थामा परमेश्वर मेरो साथमा हुनुभएको कुरालाई आभाष गर्दछु र उहाँले आफ्नो आवाजद्वारा मलाई निरन्तर अगुवाइ गरिरहनुभएको हुन्छ

जब परमेश्वरका आवाजहरु हाम्रो बिचमा विभिन्न माध्यमहरुद्वारा आउँछन्, तब हामीले ती आवाजहरुलाई सुन्नुपर्दछ । यदि तपाईलाई कुनै कुराको अनुभुति भयो, कसैले तपाईलाई मन्द स्वरमा केही भनिरहेको आभाष तपाईले पाउनुभयो भने कृपया गरी त्यसलाई सुन्नुहोस् । प्रार्थनाद्वारा परमेश्वरलाई पुकार्नुहोस् । उहाँ तपाई र मेरो हृदयको ढोकामा ढकढक्याउँदै हुनुहुन्छ । यदि तपाईले उहाँको आवाज सुनेर आफ्नो हृदयरुपी ढोका उहाँको निम्ति खोल्नुभयो भने उहाँ तपाईको हृदयमा बस्न चाहनुहुन्छ र तपाईंका जीवनका कुराहरुमा सहभागी हुन चाहनुहुन्छ ।

यो संसार कति सुन्दर हुनेथियो होला ? यदि सारा संसारले परमेश्वरको प्रेम र व्यवस्थालाई बुझेर उहाँको इच्छा अनुसार चलेको भए । केवल कल्पना गर्न सकिन्छ, त्यो दिनको जब हामी नयाँ संसारमा परमेश्वरसँगै रहनेछौं, जहाँ दु:ख कष्ट रोग, व्याध, मृत्यु, भोक र गरिबी जस्ता कुराहरु हुनेछैन । मानिसहरु खुशी र आनन्दमा परमेश्वरसँग अनन्तसम्म रहनेछ । त्यही मिठो दिनको पर्खाइमा म आफ्नो जीवन यात्रालाई क्रमश:उहाँको सदिच्छा र निर्देशन अनुसार चलाउँदैछु र म आशा गर्दछु तपाई पनि आफ्नो जीवनलाई परमेश्वरको इच्छामा चलाउनुहोस् र परमेश्वरको प्रेम र शान्तिको वास्तविक अनुभुति अहिले देखि नै आफ्नो जीवनमा गर्नुहोस् ।

## ६४ स्वतन्त्र भएर जीउनु

हामीले विगतमा गरेका गल्ती कमजोरीहरुले हामीलाई वर्तमान जीवनमा पनि घोचिरहेका हुन्छन् । हामी ती विगतका कुराहरुबाट आफू स्वतन्त्र हुने र त्यसबाट क्षमा पाउन चाहन्छौं तर ती अनुभवहरुले हामीलाई पछ्याइराखेका हुन्छन् । हाम्रा जीवनका सम्पूर्ण पक्षहरुमा प्रत्यक्ष वा अप्रत्यक्ष असर पारी नै रहेका हुन्छन् । के तपाई ती विगतका नमिठा अनुभवलाई पूर्णरुपमा भुल्न चाहनुहुन्छ, त्यसबाट आफू स्वतन्त्र हुन चाहानुहुन्छ? आउनुहोस् हामी यस विषयमा छलफल गरौं ।

मानौं तपाईं कुनै व्यक्तिको विषयमा टिक्काटिपणी गर्दैहुनुहुन्छ वा नराम्रो कुरा अर्को मानिससँग भन्दैहुनुहुन्छ र त्यही व्यक्ति तपाईको कोठामा अचानक देखापर्छ । त्यसबेला तपाईं अचानक शान्त हुनुहुन्छ होला । यो अवस्थामा तपाईंले आफूलाई दोषी भएको वा बेक्कारमा त्यो मानिसको कुरा गरेछु भन्ने लाग्छ ।

एक यस्तो समय आउँछ- जुन समयमा तपाईंले आफूलाई केही कुराले थिचेको वा कुनै कुरा गरेकोमा पछुतो लाग्छ भने त्यो राम्रो हो ।

जब हामी हाम्रो चेतनाको विरुद्धमा चल्छौं वा कुनै काम गर्नुहुँदैन भनि थाहा हुँदाहुँदै पनि गर्छौं भने त्यसले हामीलाई निश्चय नै अप्ठ्यारोमा पार्छ । तर हाम्रो मानसिक अवस्था ठीक छैन भने कुनै पनि नराम्रो काम गर्दा पनि आफू दोषी भएको महसुस नहुन सक्छ । कोही पनि आफू दोषी भएको महसुस

गर्न चाहदैन । कोही पनि आफू अपराधी भएको वा आफूले गल्ती गरेकोमा पछुताउन राम्रो मान्दैन । तर प्रत्येक व्यक्ति जो सामान्य र स्वस्थ्य चेतनाद्वारा अगाडि बढेको हुन्छ त्यसले यस्तो अनुभव गर्छ । तर हामीले अनुभव गरेका दोषहरु चाहे जतिसुकै दवावयुक्त र कष्टकर किन नहुन्-सधैं नराम्रोको निम्ति हुँदैन भन्ने कुरा हामीले भुल्नुहुँदैन ।

हामी दुःख कष्ट बिना जीउन चाहन्छौं र यो मानवीय स्वभाव पनि हो तर कहिलेकाहीँ हाम्रो नसाहरुले हामीलाई दुखेर सताउँछन् । किनकी उक्त दुखाइले हाम्रो शरिरलाई खराब हुनबाट बचाउँछ । अर्को उदाहरण कुष्ट रोगले मानिसको स्नायु प्रणालीमा आक्रमण गर्छ र विस्तारै त्यसलाई पूर्णरुपमा मार्छ । यो रोग लागेका मानिसहरुले तातो आगोमा आफ्नो हात राखेपनि पोलेको महशुस हुँदैन । त्यसकारण उनीहरुका औंला डढेर जान्छ र अन्त्यमा आफ्नो अंगहरु गुमाउन पुग्छन् ।

त्यसकारण कतिपय अवस्थामा हामीले भोग्नुपर्ने दुःख दर्द हाम्रोलागि आशिष हुन्छन् भने कतिपय समयमा आफूलाई दोषी महशुस गराउने । यद्दपी आफूलाई दोषी ठहराउनाले राम्रो अनुभव नगराउला तर त्यसले हामीलाई नैतिक जीवन जीउन मद्दत गर्दछ । त्यसोभए अपराधबोधबाट कसरी मुक्त हुन सकिन्छ त? के तपाईंको हृदयले नै तपाईंलाई दोषी ठहराएको महशुस गर्नुभएको छ ?कहिलेकाहीँ हामी आफूले आफूलाई अचानक ठूलो धक्का दिएको महशुस गर्छौं भने कहिले यस्तो अनुभव विस्तारै हुन्छ । यो पिडामा मानिसहरु यसरी जल्छन् कि आफूलाई अरुको अगाडि उभ्याउन गाह्रो हुन जान्छ । परमेश्वरको नजरमा

आफू साह्रै तल्लो अवस्थामा पुगेको आभाष हुन्छ र आफ्नो जीवनप्रति आफैंलाई घृणा हुन थाल्छ । आफ्नै जीवन ठूलो बोझ बन्न जान्छ । अनि त मानिसहरु आफ्नो जीवन सिध्याउन विभिन्न बाटो चुन्न थाल्छन् ।

तर परमेश्वरको धार्मिकतामा जीउने मानिसहरुले आफ्नो कमजोरीलाई बराबर अनुभव गर्छन् । जब तपाईं र म जति परमेश्वरको पवित्रता एवम् सिद्धतालाई अनुभव गर्दै जान्छौं त्यति नै आफ्नो जीवन अयोग्य भएको, खराब भएको देख्छौं । उक्त कुरा हामीले आफ्नो जीवनबाट अनुभव गरेका हुनसक्छौं । त्यसैले जब हामी प्रभु येशूको पवित्रतालाई हेर्छौं र त्यसै अनुसार आफ्नो जीवन जीउने कोशिस गर्छौं त्यति नै आफू पापी भएको अनुभुति पनि गर्छौं । हामीले गरेका कामहरु र विचारहरुले हामीलाई शर्ममा पार्छन् । त्यसले हामीमा अपराध बोध गराउँछ, आफूलाई दोषी ठान्छौं र रुन मन लाग्छ । पवित्र धर्मशास्त्र बाइबलले भन्दछ "जब पवित्र आत्मा आउनुहुन्छ, उहाँले संसारलाई पाप, धार्मिकता र न्यायको विषयमा दोषी ठहराउनु हुनेछ ।

जब हामीले आफूलाई पापी वा अपराधी भएको महशुस गर्छौं तब पवित्र आत्माले हाम्रो हृदयमा काम गरिरहेको हुन्छ । किनकी पापलाई हाम्रो जीवनबाट निकाली आत्मिकी जीवनले हामीलाई भर्न परमेश्वर चाहनुहुन्छ । हामीले विगतमा जस्तोसुकै पाप वा गल्ती किन नगरेका हौं, त्यसको कारणबाट हामीले अपराधबोधद्वारा थिचिएको जीवन विताउनु पर्दैन । किनकी हाम्रो पाप र गल्ती सबै प्रभु येशूले आफूमाथि लिनुभएर आफैंलाई क्रुसमा बलिदान गर्नुभयो, ताकी

हामी शान्तिमा जीउन सकौं । असल समाचार के हो भने यदि कोही मानिस हृदयदेखि नै पश्चाताप गरेर आफ्नो सबै गल्ती र कमजोरीहरुलाई मानिलिएर क्षमाको निम्ति परमेश्वरको शरणमा पर्छ भने उसले परमेश्वरको प्रेम, दया र शान्तिको अनुभव गर्दछ । यसै सन्दर्भमा पवित्र धर्मशास्त्र बाइबलको याकुब ४ अध्यायको १० पदमा यसरी भनिएको छ "प्रभुको सामुन्ने आफूलाई विनम्र तुल्याओ र उहाँले तिमीहरुलाई उच्च पार्नुहुनेछ ।"

यी त भए पापबाट छुटकारा पाउने कुरा, तर कति चोटी आफ्ना पापहरु क्षमा पाएर पनि विगतका ती कुराहरुको नराम्रो छायाँबाट हामी स्वतन्त्र भएका हुँदैनौ । त्यसको कारण के हो भने परमेश्वरले हाम्रो पापहरु क्षमा गर्नुभएता पनि हामीले आफूलाई क्षमा गरेका हुँदैनौ तर ती कुराहरु सम्भ्रेर बेलाबेलामा भ्रस्किने गर्दछौं । त्यसकारण यी अव्यक्त डर त्रासबाट छुटकारा पाउनको निम्ति आफैंलाई क्षमा दिनसक्नुपर्छ ।

एकपटक शैतान मार्टिन लुथरकहाँ एउटा कागजको बिट्टा लिएर आयो– जसमा उनले गरेका सबै पापहरुको विवरण थियो । शैतानले भन्यो "के तिमी सोच्छौ कि परमेश्वरले तिम्रा यी सबै पापहरु क्षमा गर्नुहुन्छ भनेर ?किनकी तिमी दोषी मानिस हौ ।" मार्टिन लुथर उक्त कुरा सुनेर एकछिन अलमल्लमा परे । केही विचार गरी सकेपछि उनले भने "मेरो लागि आशा अभ्रै छ ।" उनले देखे कि शैतानको हातले उक्त कागजको माथिल्लो भागमा लेखिएका कुराहरु छोपिरहेको थियो । तब उनले सोधे- तिम्रो हातले के कुरा छोपिराखेको छ ? शैतानले भ्रट्टै उत्तर दियो- केही पनि छैन । तर मार्टिन लुथरले "शैतान येशूको नाउँमा

तेरो हात त्यहाँबाट हटा" भने । शैतानले आफ्नो हात त्यहाँबाट हटायो । तब मार्टिन लुथरले उक्त कागजको माथिल्लो भागमा लेखिएको कुरा पढे, जहाँ यसरी लेखिएको थियो "येशूको रगतले तिम्रा यी सबै पापहरु क्षमा गरिएका छन् ।" तब शैतान त्यहाँबाट रिसाउँदै भाग्यो ।

हामीले गरेका नराम्रा कामहरु तथा बोलेका नराम्रा कुराहरुलाई शैतानले हाम्रो वर्तमानमा खनेर निकाल्ने काम गर्छ र त्यसद्वारा हाम्रो जीवनलाई सहि दिशातर्फ बढ्न रोकावट गर्छ । हाम्रा जीवनका गह्रौं भारीहरु जुन हामीले पापको कारण बोकेका थियौं, त्यसलाई प्रभु येशूमा बिसाइसकेपछि पनि शैतानले ती भारीहरु हाम्रो पिठ्यूँमा राख्न प्रयत्नरत हुन्छ । जब शैतानले हाम्रा गल्ती कमजोरीयुक्त विगतलाई हामीमा नै बोकाउन चाहन्छ तब येशूको नाउँमा मार्टिन लुथरले झैं डाट्नुपर्ने हुन्छ र यसो गर्नाले हाम्रा सबै बन्धनहरुबाट स्वतन्त्र हुन सक्छौं ।

# ६५ क्षमा पाएर पनि अज्ञानता

एउटा बुढो मानिस आलुको ठूलो बोरा बोकेर बजारतर्फ बेच्न गइरहेको थियो । एउटा दयावन्त किसान गोरुगाडामा सामान लिएर बजार तर्फ जाँदै गर्दा उक्त बुढो मानिसले गह्रौं भारी बोकेर कष्टसाथ अगाडि बढेको देख्यो । उक्त किसानले बुढो मानिसलाई आफ्नो गोरुगाडामा बस्न अनुरोध गऱ्यो । केही अगाडि बढेपछि बुढो मानिसलाई कस्तो छ भनी सोध्न पछाडि फर्क्यो । तब उसले देख्यो कि बुढो मानिसले आफ्नो भारी नविसाइ पिठ्यूँमै राखिरहेको थियो । किसानले भन्यो "साथी तिम्रो भारी गाडामा बिसाउ र आराम गर !" तर वृद्ध मानिसले जवाफ दियो "महाशय तपाईं दयावन्त हुनुहुन्छ र मलाई गाडामा चढ्न दिनुभयो । त्यो नै मेरो लागी धेरै भयो । त्यसकारण मेरो पिठ्यूँमा भएको आलुको बोरा पनि राख्न दिनुहोस् भनी भन्दिन ।"

हो त्यो वृद्ध यात्री मूर्ख थियो किनकी उ गोरुगाडामा चढ्यो र अगाडि बढ्यो तर आफ्नो भारी गाडामा बिसाएन र आराम पनि गरेन । त्यसै गरी आज कयौं मानिसहरुले प्रभु येशूलाई स्विकार गर्छन्, उहाँको प्रेमलाई स्विकार गर्छन् तर आफ्नो अपराधबोध जीवनलाई पनि निरन्तर आफैंसँग लिएर अगाडि बढ्छन्, त्यसैले धेरै परमेश्वरका जनहरु आफ्ना विगतका नराम्रा काम र बोलीहरुको भूतबाट ग्रसित भइ आफ्नो जीवनलाई गह्रौं भारी बोकाएर हिंडिरहेका छन् । यसै सन्दर्भमा हिब्रु पुस्तकका लेखकले यस्तो भनेर लेखेका छन्- यसकारण यत्तिका साक्षीहरुको ठूलो बादलले हामीलाई घेरिराखेको हुनाले हर किसिमका बोझ र हामीलाई सजिलै सित अल्झाउने पापलाई पन्छाएर हाम्रा सामुन्ने राखिदिएको

दौड धैर्यसाथ दौडौं । हाम्रा विश्वास सुरु गर्नुहुने र पूरा गर्नुहुने येशूलाई हेरौं जसले उहाँको सामुन्ने राखिदिएका आनन्दको निम्ति अपमानलाई केही जस्तो नठानी कुसको कष्ट भोग्नुभयो र परमेश्वरको सिंहासनको दाहिने पट्टी विराजमान हुनुहुन्छ ।

त्यसकारण हामीलाई पापमै राखिराख्ने र परमेश्वरको बाटोमा हिड्न अवरोध खडा गर्ने सबै किसिमका कुराहरुलाई हामीले आफ्नो जीवनबाट फाल्नुपर्छ र निरन्तर रुपमा परमेश्वरको बाटोमा हिड्नुपर्छ । त्यसको लागी हाम्रा आँखाहरु प्रभु येशूमा केन्द्रित हुनुपर्छ । सफलतापूर्वक आफ्नो जीवनको यात्रामा परमेश्वरसँग दौडिनु भनेको हामीले हाम्रा पापहरुलाई छोड्नुमात्र होइन तर हाम्रा मनमा भएका अपराधबोधयुक्त भारबाट आफूलाई मुक्त गराउनु हो । पवित्र धर्मशास्त्र बाइबलको १ यूहन्ना १ अध्यायको ९ पदले भन्छ "यदि हामीले आफ्ना पापहरु स्विकार गर्‍यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ, किनकी उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ । यो शुद्ध पार्ने प्रक्रियाले हाम्रो मनबाट अपराधबोध भावनालाई हटाउनुपर्छ, यसको लागी परमेश्वरको प्रतिज्ञालाई दाबी गर्नुपर्छ ।

राजा दाउद जब व्यभिचारमा परे तब उनले ठूलो अपराध गरेको महशुस गरे । उनले उरियाहलाई युद्ध मैदानमा खत्तम बनाउने योजना गरे ताकि उरियाहलाई सत्यता थाहा नहोस् । सुरुमा दाउदले पापको बोधबाट आफूलाई बचाउने कोशिस गरे तर परमेश्वरले नाथन भविष्यवक्तालाई पठाएर उनको पाप देखाइदिनुभयो । दाउदले पश्चाताप गरे जुन कुरा हामी पवित्र धर्मशास्त्र बाइबलको २ शमूएल ११ र १२ अध्यायमा पाउँदछौं । राजा दाउदले हृदयदेखिनै पश्चाताप गरेर भने "परमेश्वर

तपाईंको विरुद्धमा, केवल केवल तपाईंकै विरुद्धमा मैले पाप गरेको छु र तपाईंको दृष्टिमा जे खराब छ त्यही गरेको छु ।" उनले परमेश्वरसँग क्षमाको निम्ति गुहार गरे र भने "हे परमेश्वर तपाईंको अचुक करुणा अनुसार ममाथि कृपा गर्नुहोस्, तपाईंको अपार अनुकम्पामा मेरो अपराधहरु मेटी दिनुहोस् ।"

तब दाउदले आफूलाई पापरहित भएको महशुस गरे । अर्कोतिर बाइबलले एउटा खोटरहित मानिसको कथा भन्छ- अय्यूब जो सोझा र निर्दोष थिए । तिनी परमेश्वरसंग डराउँथे र दुष्टबाट अलग्ग बस्थे । अय्यूबले भने "म मेरो धार्मिकतालाई कायम राख्नेछु जबसम्म म जीवित रहनेछु, मेरो विवेकले मलाई दोष लगाउने छैन ।" अय्यूबले यसो किन भन्न सके- किनकी उनी जब जब कुनै पापमा पर्न लागे तब तब उनले परमेश्वरको प्रतिज्ञालाई दावी गरी आफू पापमा परेनन् अर्थात उनको परमेश्वरसँगको सम्बन्ध स्पष्ट थियो ।

आफ्नो पापको कारण आफूले महशुस गरेको दु:खद र कष्टपूर्ण भावनाको वाबजुद जब राजा दाउदले आफ्नो पाप स्विकार गरे तब उनले यसो भने "तोडिएको आत्मा नै परमेश्वरको निम्ति बलिदान हो । हे परमेश्वर, तोडिएको र पश्चातापी हृदयलाई तपाईं तिरस्कार गर्नुहुन्न ।" (भजनसँग्रह ५१:१७) कस्तो महिम्मित कुरा जुन हामीपनि आफ्नो जीवनमा अनुभव गर्नसक्छौं । जसरी दाउद र अय्यूबले गरे ताकी हाम्रो हृदयले आफूलाई दोषी भएको महशुस नगरोस् ।

जब हामी आफू अपराधबोध मानसिकतबााट गुज्रिन्छौं त्यसले हाम्रा जीवनका सम्पूर्ण पक्षहरुमा असर गर्दछ । त्यसकारण यी कुराहरुबाट छुटकारा पाउन परमेश्वरसंग कुरा गर्नुहोस् र पून: उक्त काम नगर्ने अठोट गर्नुहोस् ।

कहिलेकाहीँ आफूले गरेको काम नराम्रो हुँदाहुँदै पनि हामी चिन्ता गर्छौं । जस्तो कि तपाईंलाई कसैले झुटो आरोप लगायो र तपाईं त्यस मानिससँग रिसाएर प्रतिवाद गर्नुभयो भने तपाईंले उक्त मानिससँग देखाउनुभएको रिसको कारण तपाईंले आफूलाई गलत भनेर नहेर्नुहोस् । यसको निम्ति परमेश्वरसँग कुरा गर्नुहोस् र आफूले विश्वास गरेको साथीसँग आफ्नो कुरा बाड्नुहोस् । जब तपाईंले आफूले गरेका नराम्रा कुराहरुलाई स्विकार गर्नुहुन्छ तब परमेश्वरको नजरमा तपाईं क्षमा पाएको र दोषीरहित हुनुहुनेछ । पवित्र धर्मशास्त्र बाइबलको रोमी ८ अध्यायको ३४ पदलाई सदैव स्मरण गर्नुहोस् । जहाँ लेखिएको छ- "दण्डको आज्ञा दिने को हो ? मर्ने त ख्रीष्ट येशू हुनुहुन्छ । जो मरेकाहरुबाट जीवित पारिनुभयो र परमेश्वरको दाहिने बाहुली तर्फ हुनुहुन्छ र हाम्रा निम्ति मध्यस्थ पनि गर्नुहुन्छ ।"

## ६६ पाप र यसको समाधान

पवित्र धर्मशास्त्र बाइबलको यूहन्ना ३ अध्यायको १६ पदमा परमेश्वरले संसारलाई गर्नुभएको प्रेमको विषयमा यसरी लेखिएको छ "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्नो एकमात्र पुत्रलाई यस संसारमा पठाउनुभयो । ताकि उहाँमाथि विश्वास गर्ने कोही नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस् ।"

पापलाई हामीले कहिल्यै पनि खेलाचीको रुपमा लिनुहुँदनै । यो चानचुने कुरो होइन । यो अति ठूलो र गम्भिर छ र यसबाट उम्कन हामी आफै केही गर्न सक्दैनौ तर यसबाट बच्न परमेश्वरको शरणमा जानुपर्छ । पाप हाम्रो जीवनमा राम्रो र आकर्षक रुपमा भित्रिन्छ । सुरुमा यो असल देखिन्छ तर ठिक त्यही रुपले यसले मानिसलाई प्रभावमा पार्दछ । मानौ एउटा नशा सेवन गर्ने मानिस सुरुमा उसले नशालाई लहलहैमा लागेर चाख्न खोज्यो किनकी उसको निम्ति त्यतिबेला त्यो राम्रो र आकर्षक देखियो र सेवन गर्दै गएपछि त्यो त्यसको बानी भयो र अब त्यही रहरले पिउने नशाले उसलाई गाज्दै गयो । त्यसबाट थिचिँदै गयो र उसका मानविय चेतनाहरुलाई उसले सेवन गर्ने नशाले मार्दै गयो । उसले आफ्नो चेतना गुमायो । शारीरिक एवम् मानसिक रुपमा उ एक जीउदो लास समान भयो र अब उसको एउटै मात्र लक्ष्य भनेको नशा सेवन गर्ने अनि त्यसैमा आफूलाई गुमाउने । विस्तारै विस्तारै उ आफ्नै लागी बोझ हुँदै गयो, नशा बिना एक मिनेट पनि चल्न नसक्ने भयो, उ घर

परिवारको निम्ति चिन्ता र समस्या भयो अनि एक दिन त्यही नशाले उसलाई निल्यो ।

यो सबैकुरा पापले गर्दा शैतानको कारणले भएको हो । मानिसको जीवन यस्तो दयनिय होस् भन्ने परमेश्वरको इच्छा कदापी होइन, त्यो त शैतानको हो । अदनको बगैंचामा आदम र हव्वाले ल्याएको पापको समस्याले गर्दा सारा मानवजाति संकटमा परेको छ । उनीहरुको पतनले गर्दा नै विश्वको इतिहासमा असल र खराबको बीचमा महान मतभेद रोक्ने र त्यसलाई समाप्त पार्ने अभिभारा परमेश्वरको काँधमा छ । यदि उक्त मतभेदको अन्त्य भयो भने संसार पापको भयंकर परिणामहरुबाट स्वतन्त्र हुनेथियो । पापको कारणले ल्याएको दु:ख कष्टले यस पृथ्वीका सारा सृष्टिलाई नै असर पारेको छ । त्यसैले परमेश्वरले पापले आक्रान्त भएको संसारलाई उद्धारको योजनाद्वारा मुक्त गर्ने निर्णय गर्नुभयो र यसैको खातिर अर्थात् मानिसलाई शैतानबाट स्वतन्त्र पानुभयो अहिले यस संसारमा असल र खराब बीच युद्ध भइरहेको छ । पापको दलदले हिलोमा जाकिएका मानिस जातिलाई परमेश्वरले उद्धारको योजना मार्फत बचाउन चाहनुहुन्छ । उक्त उद्धारको योजनामा यदि हामी परमेश्वरसँग रह्यौं भने निश्चय नै हामी पापको चंगूलबाट स्वतन्त्र हुन सक्छौ । पाप चाहे ठूलो होस् वा सानो पाप पापै हो । भनिन्छ सिसा चोर्ने पनि चोर हो र हिरा चोर्ने पनि चोरै हो । पाप कति भयानक छ भनी हामीले नबुझेका वा अनुभव नगरेका पनि हुनसक्छौं । यो यति भयानक छ जसको पकडमा एकचोटी परेपछि आफ्नै प्रयासमा उम्कने उपाय छैन । हामी सबै पापको घेराभित्र बाँचिरहेका छौं । हाम्रा वरिपरी पाप र पापका

परिणामहरुलाई पलपलमा उम्कने उपाय छैन । हाम्रा वरिपरी पाप र पापका परिणामहरुलाई पलपलमा हामीले अनुभव गर्दछौं । पापको कारणले जीवनको सम्पूर्ण क्षेत्रहरुमा ठूलो असर परेको छ । मानवजाती पापले यति तल थिचिएको छ कि यदि परमेश्वरको सहयोग उसले पाएन भने उ त्यसबाट निस्कन वा उम्कन सक्दैन । तर यो समस्याको समाधान परमेश्वरले गर्नुभएको छ । परमेश्वरलाई थाहा थियो कि मानिसजाती पापमा फस्नेछ र उसलाई उहाँले उद्धारको योजनाद्वारा बचाउनुपर्नेछ । त्यसैले पाप संसारमा आउने वित्तिकै मुक्तिदाताले त्यसको समाधानको तयारी गर्नुभयो । खीष्टलाई थाहा थियो कि उहाँले कष्ट भोग्नुपर्नेछ । तर पनि मानिसको साट्टो उहाँ मर्न तयार हुनुभयो । आदमले पाप गर्ने वित्तिकै परमेश्वरको पुत्रले सारा मानिसहरुको मोला तिर्न तयार हुनुभयो ।

संसारको सृष्टिहुनुभन्दा अघि नै पाप आयो, त्यसको समाधान कसरी गर्ने भनेर परमेश्वरले योजना बताउनु भएको थियो तर पाप आउँछ भन्ने पूर्वज्ञान परमेश्वरलाई थियो त्यसकारण अनन्त समयसम्म नै पापसँग सामना गर्न उहाँले त्यसको उपाय तयार गर्नुभयो ।

धेरै जसो मानिसहरु आफ्नो जीवनमा आइपर्ने परिस्थिति, भोगाइहरुलाई भाग्य वा दैवको लेखा भनि चित्त बुझाउँछन् । तर भाग्यमा लेखेको कुरा हुने प्रमाणीत आधारहरु देखिँदैनन् । किनकी मानिस परमेश्वरका सृष्टि हुन् र उहाँले सबैलाई समान रुपमा सृष्टि गर्नुभयो र हामी सबै उहाँको नजरमा समान छौं । त्यसकारण भाग्यमा विश्वास गरेर कसैले मुक्ति

पाउने वा कसैले नपाउने हुँदैन । सारा मानव जातिले मुक्ति पाओस् भन्ने परमेश्वरको इच्छा छ ।

यदि कोही मानिसले भाग्य नै यस्तै रहेछ भनी आफ्नो जीवनमा पाप र बोझहरु लादिएर जीउने कोशिस गऱ्यो भने निश्चय नै त्यो मानिसले परमेश्वरको प्रेम र शान्तिको अनुभुति गर्न सक्दैन । किनकी मुक्ति पाउने अधिकार परमेश्वरले हामीमा छोडी दिनुभएको छ । उहाँले कसैको निधारमा जबरजस्ती उसको भाग्य लेखिदिनुहुन्न ।

यदि हामी आफ्नो जीवनलाई सार्थक बनाउन चाहान्छौं भने परमेश्वरको आत्मा ज्ञानमा हामी चल्नुपर्छ । हाम्रो आफ्नै त्याग, तपस्या वा अथक प्रयासले पापबाट हामी मुक्त हुन सक्दैनौ । किनकी पाप यति ठूलो समस्या हो त्यसको समाधान पनि महान योृजना अनुसार नै हुनुपर्छ । ख्रीष्टको मृत्युद्वारा परमेश्वरले हाम्रो पापको बोझ आफैंले बोक्नुभयो । हामीलाई पापबाट छुटकारा दिलाउने त्यो जस्तो ठूलो मोल अरु कुनैपनि छैन । हाम्रो पापको मोल तिर्न ख्रीष्ट येशू मर्नु भयो, उहाँको महान् बलिदानलाई पवित्र धर्मशास्त्र बाइबलमा स्वर्ण अक्षरहरुमा कुँदेको छ । पापलाई कसरी येशूले कुल्चनुभयो भन्ने यथार्थलाई बाइबलले चित्रण गरेको छ । हाम्रो मुक्तिको आवश्यकतालाई ख्रीष्टको मृत्युले कसरी पुरा गरिदियो भन्ने कुराहरुप्रति गम्भिर भएर सोच्नु आवश्यक छ ।

यदि हामीले आफ्ना आखाँहरु क्रुसमा केन्द्रित गऱ्यो भने हामी पापबाट स्वतन्त्र भएर जीउन सक्छौं ।

आफूले गरेको भुल वा पाप प्रति पश्चाताप गर्नु पापीको मुक्तिको प्रथम खुड्किलो हो । (प्रेरित २:३६-३८) ख्रीष्टको सदासयता वा क्षमायुक्त प्रेमको

आत्मज्ञान बाहेक मानिसको हृदयलाई कसैले परिवर्तन गर्न सक्दैन । जब ख्रीष्टले क्रुसमा देखाउनुभएको असिमित प्रेममा एउटा पापीले आफूलाई डुबाउँछ तब त्यसले पापबाट परमेश्वरतर्फ फर्कने शक्ति प्राप्त गर्दछ । पाप गर्नु व्यर्थ रहेछ भनी बल्ल उसले चाल पाउँछ । मानिसको निम्ति परमेश्वरले सोच्नुभएको यहि महान् हितको लागी उसलाई पश्चाताप गर्न अग्रसर गराउँछ भनी पवित्र धर्मशास्त्र बाइबलको रोमी २:४मा लेखिएको छ ।

जब एउटा पापीले परमेश्वरको वचन सुन्दछ तब उसले ख्रीष्टको प्रेमलाई जान्दछ तब प्रेमको सोचमा उ पर्छ र पाप प्रति उसलाई वितृष्णा जागेर आउँछ । यसले साँचो पश्चाताप तिर डोऱ्याउँछ । यसरी हामी परमेश्वरको छत्रछायाँमा निर्दोष जीवन बिताउन सक्छौं ।

# ६७ परमेश्वर र शैतानविच मतभेद

यो संसारमा बाँचेको प्रत्येक व्यक्तिले कुनै न कुनै कुरामा विश्वास गरेको हुन्छ । अर्थात कसैलाई विश्वास गर्दिन भन्नेले पनि कुनै न कुनै कुरालाई निश्चय नै विश्वास गरेको हुन्छ । हामीले गर्ने विश्वासहरु अत्ति महत्वपूर्ण हुन्छन् किनकी कसरी र किन जीउछौं भन्ने लक्ष्यलाई हाम्रो विश्वासले नै निर्धारण गर्दछ । विश्वारद्वारा आत्मज्ञानतिर मानिस अगाडि बढ्छ । सत्य आत्मज्ञानले परमेश्वरप्रतिको श्रद्धा र मायामा मानिसलाई अग्रसर गराउँछ । किनकी हाम्रो जीवनलाई सन्तुलित वा स्वस्थ शिक्षा दिक्षाद्वारा प्रशिक्षित गर्नु आवश्यक छ ताकी हामी नैतिक जीवन यापनको मार्गमा अगाडि बढ्न सकौं । मानिसले प्राप्त गरेका आत्मज्ञान पूर्ण छन् भन्ने होइनन्, किनकी जति हामी परमेश्वरको शक्तिले डाऱ्याइदै जान्छौं त्यत्ति नै हाम्रो आत्मज्ञानको ढोका खुल्दै जान्छ । हाम्रो आत्मिकी जीवनको लक्ष्य केवल शिक्षा दिक्षामा पोख्त हुने मात्र होइन तर हामीले हाम्रो समाज, गाउँघर वा जहाँ भएपनि हाम्रो जीवनको लक्ष्य परमेश्वरको ज्योतिको अगुवाइमा बढेको छ भनि आफ्नो व्यवहारद्वारा देखाउनुपर्छ । ताकी हामी दिनप्रतिदिन प्रभु येशूसँग नजिक हुन सकौं, उहाँको उपस्थितिको अनुभूति गर्न सकौं र उहाँको महान् प्रेम र बलिदानको साँचो कथालाई अरुहरुसँग बाँड्न सकौं । किनकी परमेश्वरले हाम्रो मुक्तिको निम्ति कस्तो ठूलो बलिदान गर्नुभयो त्यो ज्ञानलाई प्रत्येक मानिसको हृयदमा पुऱ्याउनुपर्छ । यसैले त यूहन्ना ३ अध्यायको १६ पदमा परमेश्वरको महान्

प्रेम मानिस जातिको निम्ति यसरी पोखिएको छ "परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्नो एकमात्र पुत्रलाई संसारमा पठाउनुभयो ताकि उहाँमाथी विश्वास गर्ने कोही नाश नहोस् तर त्यसले अनन्त जीवन पाओस् ।" जब मानिसहरुले परमेश्वरको महान् प्रेमलाई बुझ्छन् तब मात्र आफ्नो जीवनलाई उहाँको निम्ति अर्पण गर्न तयार हुन्छन् । आवश्यकतक्ता नै अविष्कारकी जननी हुन भन्ने भनाइ हामीले सुन्दै आएका छौं र सत्य हो । आविष्कार भन्ने शब्दलाई सुरुवात वा जग भनेर बुझ्न सकिन्छ । यसको अर्थ कुनै कुराको आवश्यकताको महशुस भएपछि उक्त आवश्यकताको परिपूर्तिको निम्ति उपायहरु निकालिन्छ ।

हजारौं वर्ष अगाडि सजीव वा निर्जिव वस्तुहरु पृथ्वीको मुनि कुहिएर, दबिएर कालो पत्थर वा तरल पदार्थको रुपमा परिणत भएर बसेका छन् । त्यसलाई जीवावशेष भनिन्छ । हामीले प्रयोग गर्ने पेट्रोल, मट्टितेल, डिजल इत्यादिहरुको श्रोत पनि त्यही जीवावशेष नै हो । तर हामीले प्रयोग गर्ने यी वस्तुहरुका कारण वायू दुषित भइरहेको छ । हामी स्वच्छ हावाको खोजीमा छौं तर हाम्रो जीवन उर्जा विना चल्न सक्दैन । यसै कुरालाई ध्यानमा राखेर मानिसहरु जीवावशेषबाट प्राप्त हुने उर्जाको विकल्पको खोजीमा लागेका छन् ।

आजको युगमा बाँचेका हामीहरु कुनै न कुनै रुपमा चाहेर वा नचाहेर, जानेर वा नजानेर एउटा युद्धमा लडिरहेका छौं । अर्थात पक्ष र विपक्षको बीचमा अदृश्य लडाँइ भइरहेको छ । त्यो लडाँइको सुरुवात मानिसको दिमागबाटै हुन्छ । अंग्रेजी भाषाका

एक प्रख्यात साहित्यकार भन्छन् "उनको सारा जीवनभरी एउटा कुरा जस्ताको त्यस्तै छ । जतिसुकै उनले ढाकछोप गर्न खोजेतापनि त्यो अपरिवर्तनिय छ ।" त्यो हो असल र खराब बीचको युद्ध जसमा उनी सामेल छन् ।

यो संसारको घटनाक्रमलाई नियालेर हेर्दा जो कोहीले पनि सहजै देख्न र अनुभव गर्न सक्छकि कसरी मानव समाज यो असल र खराब बीचको अदृश्य द्वन्द्वको चपेटामा परेको छ र हामी सबै यो युद्धमा होमिएका छौँ । यो अदृश्य वा अप्रत्यक्ष लडाँइको प्रभाव प्रत्यक्ष रुपमा हाम्रो जीवनमा अहिले भोग्दैछौं । "यो लडाँइको मुख्य पात्रहरु को हुन्? यसका नायक र खलनायक को हुन् र यसको अन्त्य कहिले हुन्छ ?" भन्ने कुराको जवाफमा यो प्रभु येशू र शैतानको बीचमा भइरहेको महान् मतभेद हो र यसको विषयमा पवित्र धर्मशास्त्र बाइबलले वर्णन गरेको छ । पवित्र धर्मशास्त्र बाइबलको उत्पत्ति ३ अध्यायको पदमा "तेरो र स्त्रीको बीचमा, र तेरो सन्तान र स्त्रीको सन्तानको बीचमा म दुश्मनी हालिदिनेछु । त्यसले तेरो शिर कुच्याउनेछ र तैंले त्यसको कुर्कुच्चो डस्नेछस् ।" भनी लेखिएको छ । यहाँ तेरो भनेको शैतान र स्त्रीको सन्तान भनेको प्रभु येशूलाई इंगित गरिएको छ ।

यद्यपी यी दुइ शक्तिहरुको बीचमा जुन लडाँइ भइरहेको छ त्यो कुनै काल्पनिक नभएर वास्तविक हो । शैतानले जहिले पनि मानिसको कुभलो चिताउँछ भने प्रभु येशूले मानिसलाई सधैं सहायता गर्नुहुन्छ ।

मानवधर्मको नाउँमा संसारका धेरै बुद्धि जीविहरुले मानिसको मन बहकाउने तर्कहरुद्वारा आफूतर्फ आकर्षित गर्ने र परमेश्वरको अस्तित्वलाई

नाश गर्ने प्रयास गरिरहेका छ जना विज्ञान र प्रविधिको सफलताका कारणले मानिसहरु आफ्ना समस्याहरुलाई परमेश्वरीय ज्ञानबाट समाधान गर्नुभन्दा वैज्ञानिक ढंगले त्यसको समाधान खोज्ने प्रयासमा लागिपरेका छन् । परमेश्वर बिना पनि समाजलाई सहि र समून्नत बाटोमा लान सकिन्छ भन्ने भावनालाई प्राथमिकता दिइएको देखिन्छ ।

परमेश्वर विहिन जीवन कस्तो हुन्छ होला कहिले कल्पना गर्नुभएको छ ?शैतानको कारणले नै आजको हाम्रो समाज, सोचविचार सबै कुराहरुमा भ्रष्टता, दुष्टता, स्वार्थीपन जस्ता नराम्रा कुराहरुले हामीलाई दिनप्रतिदिन गाँजिरहेको छ । मानिसहरु अहंकार वा घमण्डले फूलेर परमेश्वर बिना आफू स्वतन्त्र रुपमा चल्न चाहन्छन् । शैतान सृष्टि गरिएको र परमेश्वरमा भरपर्ने जीव थियो भनेर पूरानो नियममा देखिन्छ तर उसले परमेश्वरको विरुद्धमा विद्रोह गऱ्यो र आफू स्वतन्त्र हुने र आफ्नै राज्य खडागर्ने इच्छा गऱ्यो । अर्थात् परमेश्वरको नियन्त्रण र उहाँको व्यवस्थाबाट स्वतन्त्र हुने उसको निर्णय नै पाप थियो । शैतानले परमेश्वरको सिद्धता माथी प्रश्न उठायो र उ परमेश्वरको विरुद्धमा उभियो ।

तपाईं आफैंले एकचोटी समाजलाई हेर्नुहोस् त वा आफूले काम गर्ने ठाउँ, आफ्नो परिवारलाई नै नियालेर हेर्नुहोस् त! कुनै समय सज्जन र भलाद्मी मानिस अचानक अहंकार र घमण्डले फूलेको, कसैको कुरा नसुन्ने, अनुशासनमा बस्न नचाहने र आफ्नो राज्य खडागर्ने जस्ता काममा लागेको देख्न सक्नुहुन्छ ।

अहंकार गर्ने, आफ्नै तालमा हिड्ने र स्वतन्त्र हुने प्रवृत्तिले मानिसलाई अनन्त नाशमा पुऱ्याउँछ ।

# ६८ हामी कता जादैंछौं ?

एउटा प्रश्न प्राय: सुनिने गरिन्छ-"यदि परमेश्वर हुनुहुन्छ भने, के उहाँलाई खोज्नु पर्छ र ?" आजको युगमा दर्शनशास्त्रीहरु, विद्वानहरु र वैज्ञानिकहरु परमेश्वरको विषयमा खोज र अनुसन्धानमा लागेका छन् ।

अहिलेको समयमा सामाजिक राजनैतिक तथा आर्थिक क्षेत्रमा हुँदै गएको अस्वस्थ प्रतिस्पर्धाले हाम्रो संसारलाई असुरक्षित बनाएको पाइन्छ । अनिश्चितता, अविश्वास जस्ता कुराहरुले गर्दा हामी कता गइरहेका छौं, कसले हामीलाई नियन्त्रित एवम् निर्देशित गरिरहेको छ भन्ने कुरामा ठूलो दुविधा देखिन्छ । आज हामीमा देखिएको सबभन्दा ठूलो समस्या भनेको "कसलाई विश्वास गर्ने या नगर्ने हो ? धेरै मानिसहरु धर्मको नाउँमा, सामाजिक सेवाको नाउँम, विकासको नाउँमा र नयाँ सिद्धान्तको नाउँमा मानिसहरुलाई ठगिएका हुन्छन् ।

एउटा बाबुले आफ्नी छोरीमाथी जबर्जस्ती गरेर गर्भवति बनाएको, एउटी वृद्ध आमालाई आफ्नै छोराले उचित स्याहार, माया र ममता देखाउनुको सट्टा हिर्काएर मारेको जस्ता घटनाहरु दिन प्रतिदिन समाचारमा सुनिन्छ । यी कुराहरुलाई नियाल्दा मानिसलाई मानिस भन्ने वा पशु जस्ता प्रश्नहरु उठ्ने गर्छन् ।

जनावरहरु त इमानदार र विश्वासयोग्य हुन्छन्, तर मानिस त त्यो भन्दा पनि तल झरिसकेको अवस्था देखेर हामी सबैलाई दु:ख लाग्नु स्वभाविकै हो । मानिसहरु केवल आफ्नै निम्ति मात्रै जिउने, अरु जस्तो सुकै परिस्थितिमा भएपनि वास्ता नगर्ने जस्ता

स्वार्थी भावना लिएर जिइरहेका छन् । त्यसैले त एउटा मानिस मर्दा अर्को खुशी हुने, एउटालाई दुःख पर्दा अर्को हाँस्ने गरेको हामीले देख्न पाउँछौं । आखिर किन मानिसले यी सब गरिरहेका छन् ? यसको उत्तर भन्नुपर्दा यी सबै पापको कारणले नै भएको हो । मानिसको मनलाई शैतानले आफ्नो कब्जामा राखेकोले गर्दा भएको हो । हरेकमानिस आफू खुशी र आनन्दित भएर जीउन चाहन्छन् जुन असल पनि हो । तर जब मानिस आफ्नो लागी मात्र भएर जीवनमा अगाडी बढ्न खोज्छ, तब उ कदापी खुशी हुन सक्दैन । यद्दपी उ सँग संसारका सबै कुराहरु किन नहुन् ।

भौतिक कुराहरुले मानिसलाई खुशी र आनन्द दिन सक्दैन । मानिसलाई वास्तविक सन्तुष्टिको अनुभूति कुनैपनि भौतिक साधनहरुले दिन सक्दैन । जबसम्म मासिमा स्वार्थी भावना हुन्छ तबसम्म उसले साँचो रुपमा जीवनलाई बुझ्केको हुँदैन र जीवनबाट प्राप्त गर्नुपर्ने शान्तिको अनुभूति गर्न सक्दैन । अहिलेको आधुनिक जीवनशैली भनेको आफूलाई रित्याउने आधारमा चलेको देखिन्छ । हाम्रो व्यक्तिगत, सामाजिक र आत्मिक जीवन कता जाँदैछ, कसरी अगाडी बढ्दैछ भन्ने कुरा हामीलाई थाहा छैन । हामी आत्मिक रुपमा खाली भएकै कारण आफूले आफैंलाई केही गर्न नसक्ने, निराश, नसाहरुमा फस्ने, आत्माहत्या गर्ने जस्ता कुरामा फसिरहेका छौं ।

हामी कुनै कुरादेखी डराएर भाग्नु हुँदैन । जब हामी भयमा पर्छौं त्यसबेला उक्त भयबाट मुक्त हुन हामीले आफूलाई परमेश्वरतिर फर्काउनुपर्ने हुन्छ । पुरानो करारमा जब अम्मोनी सेनाहरुले इस्राएलका राजाको विरुद्धमा मोर्चा गरे तब राजा र सारा देश भयमा देखियो र आफूहरु शत्रु सेनाहरुको अगाडी केही गर्न नसक्ने, परमेश्वरले दिनुभएको भूमि र पदलाई

गुमाउनुपर्छ कि भन्ने ठूलो डर उनमा छायो । तर उनी परमेश्वरतर्फ फर्के र प्रार्थना गरे । तब जबाफमा परमेश्वरले भन्नुभयो "यस ठूलो सैन्य दलदेखि नडराओ र नआत्तिओ । किनभने लडाँइ तिमीहरुको होइन तर परमप्रभुको हो ।"

त्यसरी नै हाम्री हरेक दिनप्रतिदिनको सांसारिक लडाँइमा यदि हामी परमेश्वरको सहायता खोज्छौं भने परमेश्वरले अवश्य पनि हाम्रो पक्षमा भएर स्वयंम् त्यो लडाँइ लड्नुहुन्छ र हामीलाई सहायता गर्नुहुन्छ । केवल हामीले उहाँमाथि भरोसा गर्नुपर्छ । उहाँले हामीसँग गर्नुभएको प्रतिज्ञाहरु पूरा गर्नुहुन्छ । परमेश्वर प्रेमिलो हुनुहुन्छ र उहाँ हाम्रो निम्ति जे गर्न पनि तयार हुनुहुन्छ । अब हाम्रो जिम्मेवारी भनेको "परमेश्वरको प्रेमले आफूलाई भर्ने की नभर्ने ? हाम्रो हृदय परमेश्वरलाई दिने कि नदिने ?" हाम्रो सांसारिक हृदय परमेश्वरको हृदय परमेश्वरको हृदयसँग साट्न चाहन्छौं वा चाहँदैनौं ? सबै कुरा हामीमा छोडीएको छ । निर्णय लिने काम हाम्रो हो ।

हामी स्वभावैले एक अर्काको देखासिकी गर्ने, अस्वस्थ प्रतिस्पर्धाद्वारा आफूलाई चाहिने कुराहरु प्राप्त गर्न चाहने जस्ता छौं । अरुको हितको ख्यालै गर्दैनौं, त्यसैले त आफ्नो लक्षमा पनि पुग्न नसकि बाटौ भुलेका यात्री झैं भौंतारिरहन्छौं ।

हामी कता जाँदैछौं, हाम्रो विश्वासको आधार के हो, हामी किन यो संसारमा छौं भन्ने जस्ता महत्वपूर्ण प्रश्नहरुको उत्तर धेरै मानिसले थाहा पाएका छैनन् । तसर्थ यी कुराहरुमा विचार गर्नु पर्छ र आफ्नो जीवनलाई सार्थक बनाउने कोशिस हामी सबैले गर्नुपर्दछ ।

# ६९ हाम्रा वरिपरिको वातावरण

हामी केवल आफ्नै विचारहरुमा भर नपरौं । धेरैले आफ्नो जीवनको मात्रा गर्ने क्रममा आफैंलाई सर्वश्रेष्ठठान्छन् र अरुको सल्लाह लिन रुचाउँदैनन् । तर परमेश्वरले धेरै समय हामीलाई विभिन्न माध्यमहरुद्वारा भनिरहनुभएको हुन्छ कि हामी धेरै कारणले सिमित छौं । हाम्रो सोचाइ, गराइ देखि लिएर हाम्रो शारिरीक अवस्था सबै निश्चित दायरा भित्र छ । हामीले आफ्नो भविष्य देख्न सक्दैनौं । हाम्रा वरिपरी भएका मानिसहरुको विचार तथा योजनाहरु हामी बुझ्न सक्दैनौं । अर्थात परिस्थिति हाम्रो वशमा छैन र धेरै चोटी हामीले गरेका निर्णयहरुमा हामी आफैंलाई गलत पाउँदछौं ।

पवित्र धर्मशास्त्र बाइबलमा स्पष्ट रुपमा लेखिएको छ-"आफ्ना पूरा हृदयले परमेश्वरमा विश्वास राख ।" त्यसको मतलव हामीले परमेश्वरलाई सबै कुरामा पूर्ण रुपले विश्वास गर्नुपर्छ । हामीले गर्ने प्रत्येक निर्णय, बनाउने योजना र जीवनका गोरेटोहरुमा परमेश्वरलाई अगाडी राखेर हिंड्नुपर्छ । हामीले जहिले पनि उहाँबाट सिक्नुपर्दछ । उहाँ मात्रै हाम्रो निम्ति एक भर पर्ने र विश्वासयोग्य हुनुहुन्छ र उहाँको इच्छाले हाम्रो जीवनका प्रत्येक पलहरुलाई अगुवाइ गरेको हुनुपर्छ । जब हामी हिंड्छौं, कुनै काम गर्छौं, कसैसँग वार्तालाप गर्छौं र त्यति मात्र नभइ जब हामी राती निद्रामा हुन्छौं तब पनि परमेश्वरको शक्तिले हामीलाई डोऱ्याएको हुनुपर्छ ।

जब हामी हाम्रा जीवना प्रत्येक पाइलाहरुमा परमेश्वरमा भर पर्दछौं तब उहाँले हाम्रो उहाँमाथीको विश्वसतियतालाई प्रमाणित गर्नुहुन्छ ।हामीहरु धेरै चोटी जब कुनै समस्यामा भएर गुज्रिरहेका हुन्छौं तब ती समस्याहरु देखि डराएर हामी भाग्न चाहन्छौं, तर परमेश्वरले ती प्रतिकुल परिस्थितिहरुलाई हाम्रो निम्ति अनुकुल बनाइदिनुहुन्छ र हामीलाई सही बाटोमा डोऱ्याउनुहुन्छ ।

जब हाम्रो जीवनद्वारा परमेश्वरलाई महिमा दिन्छौं तब हाम्रो जीवनमा परमेश्वरको योजनाहरु थाहा पाउँछौं । जब परमेश्वरको योजना हाम्रो योजना हुँन्छ, तब हाम्रा सबै किसिमका कामहरुमा सफल हुन्छौं र हामी आनन्दित हुन्छौं । उहाँले हाम्रा बाटाहरु सिधा बनाइदिनुहुन्छ, जुन बाटो भएर हामीले यात्रा गर्नुछ ।

प्रभु येशूले भन्नुभएको छ "जसरी एउटा सानो नानीले आफ्नो आमा बुवामाथि विश्वास र भरोसा गर्दछ, त्यसरी नै तिमीहरुले जबसम्म उहाँमाथि (परमेश्वर) विश्वास गर्दैनौं, तबसम्म स्वर्गको राज्यमा प्रवेश गर्न सक्दैनौ ।"एउटा सानो नानीले आफ्ना आमा बुवालाई कुनै शंका वा प्रश्न नगरी विश्वास गर्दछ, किनकी उसलाई आफ्ना आमा बुवाले उ माथी खन्याएको प्रेम उसले अरु कसैबाट उही रुपमा पाउँदैन भनी बुझेको हुन्छ । त्यसकारण हामीले पनि एउटा सानो नानीले झैं परमेश्वरमाथि विश्वास गर्नुपर्‍यो ।

परमेश्वरको सबैभन्दा चासो भनेको हाम्रो जीवन हो । उहाँ चाहनुहुन्छ कि हाम्रो जीवनको प्रत्येक पाइला उहासँग हिडौं, उहाँमाथि भरोसा गरौं र उहाँमाथिको विश्वासले हामीलाई हाम्रा जीवनका प्रत्येक कदमहरुलाई सही र सकारात्मक गन्तव्यमा पुऱ्याउँछ

भन्ने पूर्ण विश्वासका साथ हामी अगाडी बढ्नु आवश्यक छ ।

हाम्रो जीवनमा धेरै समस्या र अप्ठ्याराहरु आइपर्दछन्, लाग्दछ एउटा ठूलो पहाड हाम्रो अगाडी खडा भएको जस्तो र त्यसलाई जसरी पनि सामना गर्नुपर्ने छ । तपाईंले एउटा निर्णय लिनु नै छ अनि जसो तसो त्यो विशाल समस्या र अप्ठ्यारारुपी पहाडसँग मुकाविला गर्न तयार हुनुपर्छ । हामीले हाम्रा विगतलाई नियालेर हेर्दा निश्चय नै हामीले भोगेका वा पार गरेका बाधाहरु सजिलो थिएनन् । हामीलाई लाग्थ्यो हाम्रो आफ्नो बुद्धि र तागतद्वारा ती अवस्थाहरु भएर हामी अगाडी बढ्न सक्दैनौ तर हामीले त्यसबेला गरेका निर्णय र भरोसाहरुले हामी आज यो अवस्थामा आएका छौं । हाम्रा समस्याहरु चाहे ठूला वा साना किन नहुन् तर हाम्रा अनुभवहरु समान छन् भन्दा अत्युक्ति नहोला ।

पवित्र धर्मशास्त्र बाइबलको हितोपदेश ३ अध्यायको १-५ पदहरुमा परमेश्वर यसो भन्नुहुन्छ-"हे मेरो छोरो, मेरो शिक्षालाई नभुल्, तर मेरा आज्ञाहरु आफ्नो हृदयमा लुकाइराख् । किनभने तिनले तलाईं दीर्घायु बनाउनेछन्, र तेरो लागि सम्पन्नता ल्याउनेछन् । प्रेम र विश्वास योग्यताले तलाईं कहिल्यै नछोडुन्, ती तैंले आफ्नो गलामा बाँधिराख, आफ्नो हृदयको पार्टिमा ती लेखिराख, तब परमेश्वर र मानिसको दृष्टिमा तैंले निगाह पाउनेछस् र असल नाम कमाउनेछस् । आफ्नो सारा हृदयले परमेश्वरमा भरोसा राख् र तेरो आफ्नै समझक्तिमा भर नपर ।"

यी वचन अनुसार जसले परमेश्वरमा भरोसा राख्दछ त्यो मानिस बुद्धिमान् हो र उसले गर्ने प्रत्येक

कार्यमा उ सफल हुन्छ किनकी परमेश्वर उसको साथमा हुनुहुन्छ ।

हामी मानिस जाती स्वभावैले, म आफैं सबै कुरा जान्दछु, सबै कुराहरु गर्न सक्छु, मलाई अरुको आवश्यकता छैन भन्ने जस्तो सोच लिएर बसिरहेको हुन्छौं । जसले गर्दा हाम्रा योजनाहरु असफल हुन्छन् । यी सबैको जरो भनेको हामीमा भएको घमण्ड र अह्मपना नै हो ।

म भर्खरै चीतवन जील्लाको भ्रमण गरेर फर्केको छु । जब म नारायणघाटमा थिए, एकजना भाइसँग भेटघाट गरे र हाम्रो लामो कुराकानी भयो । उसलाई म केही वर्ष अगाडी देखि चिन्दछु । त्यो भाइ बडो Active, केही गरौं भन्ने र नयाँ-नयाँ योजना भएको जवान भाइ, धेरै वर्ष पहिले देखि सामाजिक काममा संलग्न हुनुभएको मैले सुने । तर त्यो भाइले एकैचोटी धेरै कममा हात बढाउनु भएको र धेरै पटक असफल हुनुभएको थियो । उहाँले आफ्ना समस्याहरु दिकदारीहरु म सँग राख्नुभयो । उहाँले ठूलो भरोसा राखेर एउटा ठूलो कामको थालनी गर्नुभएको रहेछ तर जुन व्यक्तिमाथि उहाँले भरोसा गर्नुभएको थियो त्यो व्यक्तिले धोका दिए ।

मैले उहाँका कुरा सुनिसकेपछि, मैले भने, भाइ बितेका कुराहरुलाई बिर्सिदिनुहोस्, कसैसँग बदला लिने वा कसैलाई धम्काउने काम नगर्नुहोस् र विगतका कमीकमजोरी र अनुभवबाट शिक्षा लिंदै वर्तमानमा सकारात्मक सोचका साथ अगाडी बढ्नुहोस् । म तपाईंको निम्ति गर्न सक्ने सहयोग गर्न तयार छु, निस्वार्थरुपले । तर उक्त भाइको भित्री इच्छा अर्कै भएको मैले थाहा पाएँ । अनि मनमनै मैले प्रभुसँग

प्रार्थना गरें । "प्रभु तपाईको यो इच्छा अनुसार तपाईको उसलाई गर्नुहोस् । ताकी उसले गरेको वा गर्ने नयाँ कामहरुद्वारा सबै मानिसहरुलाई टेवा पुग्न सकोस् ।

कतिपय समयमा हाम्रो लक्ष्यमा हामी पग्न सक्दैनौं त्यो चाही हाम्रो आफ्नै कारणले भएको हुन्छ । हाम्रो लक्ष्यमा पुग्न देखि बाधक हाम्रै मन, विचार तथा चाहनाहरु हुन्छ । जसको कारण हामी आफ्नो गन्तव्यमा पुग्न सक्दैनौं ।

## ७० आनन्दित उपस्थिति

हामी सबै आफूलाई मनपर्ने मानिसहरु हाम्रो वरिपरी भएको हामी चाहन्छौं । जब हामी कसैको प्रेममा पर्छौं वा कसैलाई माया गर्न थाल्छौं तब त्यो व्यक्तिको उपस्थितिले हामी आनन्दित हुन्छौं, त्यसैको चाहना गर्छौं र त्यसैको अगि पछि समय विताउन चाहन्छौं । उक्त व्यक्तिको आवाज हाम्रो निम्ति मिठो र मन्त्र मुग्ध गर्ने किसिमको हुन्छ, त्यसले हाम्रो हृदयलाई छुन्छ । उसको हाँसोको ठूलो महत्व हुन्छ हाम्रो लागी । हामी इच्छा गर्छौं, उ बाहेक कोही पनि नहोस्, अरु कुनै कुरा नभएपनि उ आफूसँग भइरहोस् ।

हामी सबैलाई प्रेम गर्ने यस्तो प्रेमी हुनुहुन्छ, जसले हामीलाई संसारका सबै कुराहरुभन्दा बढी माया गर्नुहुन्छ । उहाँको प्रेम अनन्त सम्मको र कहिल्यै नटुट्ने हुन्छ । बास्तवमा हामी जति खराब छौं त्यति नै उहाँको प्रेम हाम्रो निम्ति पोखिन तयार छ । उहाँ हामीसँग सदैव रहन चाहनुहुन्छ । हाम्रो जीवनको प्रत्येक क्षणमा उहाँ सहभागी हुन तयार हुनुहुन्छ । सबैभन्दा ठूलो प्रश्न, के यस्तो व्यक्तिलाई तपाई र मैले प्रेम गर्छौं त ?अर्थात हाम्रो हृदयदेखी हामी प्रेम गर्न तयार छौं ?यदि गर्छौं भने हामी उहाँको उपस्थिति बिना एकमिनेट पनि बिताउन सक्दैनौं । हामी उहाँको आवाज सुन्न आतुर रहन्छौं, उहाँको स्पर्शको अनुभव गर्न र उहाँ हाम्रो पक्षमा हुनुहुन्छ भन्ने जान्न उत्सुक हुन्छौं तब हामी खुशी र आनन्दको अनुभव गर्छौं ।

सारा संसार प्रेमको कारणले नै अडिएको छ भन्ने कुरा हामी सबैले बुझेका छौं । एउटा सानो

कमिला देखि ठूलो जनावर हात्ती सम्मलाई हेर्दा हामी प्रेमको प्रस्फुटन पाउँछौं । एक दिन मेरो घर अगाडी एउटा काग करेन्ट लागेर मऱ्यो, भोलिपल्ट बिहान सयौं कागहरु आएर उक्त मरेको कागको वरिपरी जम्मा भएर आफ्नो भाषामा शोक व्यक्त गरे, कराए । म त्यो दृश्य देखेर प्रेमको विषयमा सोच्न बाध्य भएँ । जब जनावरहरुमा यस्तो किसिमको प्रेम हुनसक्छ भने हामी मानव त सृष्टिकै उत्तम सृष्टि अर्थात विवेकशिल प्राणी, सर्बश्रेष्ठ हौं तापनि हामी मानवविचमा प्रेम किन सेलाएको पाइन्छ । एउटा मर्दा अर्को खुशी हुने तथा अरुलाई पछाडी पार्न गर्ननहुने सम्मको कार्य गरेर आफूलाई महान् बनाउने दौड वा प्रतिस्पर्दा ।

धेरै वर्ष अगाडी एउटा ठूलो भुकम्प गयो, थुप्रै मानिसहरु धर भत्किएको कारण पुरिएर मरे । त्यस ठाउँमा मानिसहरुलाई उद्धार गर्नलाई उद्धार टोली खटाइयो । उद्धार गर्ने क्रममा एक हप्ता पछि एक आमा र छोरा भेट्टिए । सात दिनसम्म ती आमाले आफ्नो छोरालाई आफ्नै औंला काटेर रगत चुसाएर जीवित राखिन् भने उनी आफ्नो शरिरमा रगतको कमी भएर मरिन् । यो घटना सुन्दा मलाई बडो दुःख लाग्यो र मलाई आमाको त्यो महान् ममता आफ्नो सन्तान प्रति कति उच्च र गरिमामय रहेछ भन्ने विषयमा सोच्न बाध्य बनायो । मनमनै ती आमालाई श्रद्धापूर्वक सम्मान व्यक्त गरेँ । उनको ममता देखेर मेरा आँखाबाट आँसु खसे ।

प्रेम सबैलाई चाहिन्छ । हामी प्रेमका भोका छौं । यो संसारले दिने प्रेम भनेको स्वार्थको प्रेम हो, रुपैंया पैसा, मोजमज्जामा साटासाट हुने प्रेम मात्रै हो । जुन प्रेममा निस्वार्थता हुँदैन, जसले वास्तविक शान्ति,

आनन्द र सन्तुष्टि दिन सक्दैन । यस्तो प्रेमले नाशतर्फ डोऱ्याउँछ । तर म यहाँ परमेश्वरको प्रेमको विषयमा कुरा गरिरहेको छु ।

परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ । उहाँले हामीलाई जीवनको बाटो देखाउनुहुन्छ । जीवनका बाटोहरु साँघुरो र अप्ठ्यारा छन् तर पनि उहाँसँगको यात्रामा अथवा उहाँको प्रेममा ती सबै कुराहरु असल हुन्छन् । परमेश्वरसँगको जीवन यात्रामा हामी खुशी र आनन्द प्राप्त गर्दछौं जसले हामीलाई उहाँको पूर्णतामा हाम्रो निदृष्ट यात्रालाई लक्ष्यमा पुऱ्याउँदछ । धर्मशास्त्र बाइबलको यशैया ३५ को १० मा "अनि परमप्रभुले मोल तिरेर छुटकारा दिनुभएकाहरु फर्केर आउनेछन् । तिनीहरु सियोना गीत गाउँदै पस्नेछन् । सदासर्वदाको आनन्द तिनीहरुका मुकुट हुनेछ । तिनीहरुले रमाहट र आनन्द प्राप्त गर्नेछ र शोक र सुस्केरा दूर हुनेछ ।" भनी लेखिएको छ ।

# ७१ डरबाट छुटकारा

यो संसार एउटा ठूलो चट्टानको छेउमा पुगेर तल खस्नै लागेको अवस्थामा छ । अर्थात एउटा विशाल चट्टान त्यस पछिको कल्पना नै गर्न नसकिने कहालीलाग्दो भिर अनि तल बगेको नदी अनि संसारभित्र बसेका हामी मानिस । हामी सहजै कल्पना गर्न सक्छौं । हाम्रो जीवनको यात्रा भनेको नेपाल देशभरी खनिएका कच्ची मोटरबाटोमा वर्षाको बेला थोत्रा गाडीमा खचाखच भरिएर यात्रा गर्ने यात्री झैं हो । कुनै पनि बेला बिसौं वर्ष पुराना गाडीका ब्रेक फेल हुन सक्छन् । ठाडो ढुङ्गेनी बाटोमा जसोतसो घिस्रदै गरेको गाडी अनि विचरा गाडीका ड्राइभर ।

केही समय अगाडी म ललितपूर जिल्लाको एउटा दुर्गम मानिने ठाउँमा पुगेको थिए । बसको यात्रापछि एकदिनको हिंडाइले म त्यस ठाउँमा पुगें । फर्किने क्रममा उचाइ चढ्नुपर्ने, मैले चढ्न सकिन । साथीको सल्लाह अनुसार छोटो बसको बाटो बाट काठमाण्डौं फर्कने निर्णय भयो । मेरो साथमा एकजना दाजुपनि हुनुहुन्थ्यो । अर्को बिहान हामी बस रोकिने ठाउँमा आयौं र बसमा चढ्यौं । करिब ३ घण्टाको पर्खाइपछि बसले आफ्नो गति सुस्त रुपमा अघि बढायो । तर उक्त बसको यात्रा हाम्रो निम्ति सहज भएन । अघिल्लो दिन पानि परेर, कहीं कहीं त बस उकालो उक्लन नसकी सबै यात्रुहरु झरेर ठेल्नु समेत पऱ्यो । साँघुरो र भिरालो बाटो पहाडको चट्टानको बीचबाट खनिएको । बाटोभरि यात्रा गर्दा मनमा असाध्यै डर लागिरहेको थियो । झ्यालबाट बाहिर हेर्दा

तल कैयौं मिटर गहिरो खोल्साहरुमात्रै देखिन्थे र गाडी खस्नै लागेको जस्तो हुन्थ्यो । बाटोभरि परमेश्वरलाई पुकार्दै जसो तसो हामी आफ्नो गन्तव्य सम्म आइपुग्यौं । बसबाट ओर्लेर ड्राइभरलाई धन्यवाद दिएँ, यस्तो जोखिमपूर्ण यात्रालाई सहज तरिकाले पार गर्न पद्दत गरेकोमा ।

माथीको घटना त हामीले दिनहुँ सामना गरिरहेका डरको एउटा सानो नमुना मात्रै हो । यस्ता कैयौं डरहरुले हामी घेरिएका छौं । हाम्रो आ-आफ्नै चिन्ता र फिक्री वा समस्या र अप्ठ्याराहरु छन् जसले हामीलाई आतङ्कीत पारिरहेका हुन्छन् । हामी यो अवस्थाबाट कसरी मुक्त हुन सक्छौं त ? संसारमा हुने आतङ्ककारी गतिविधीहरुले कैयौं निर्दोष सर्वसाधारण मानिसहरुको जीवनमा ठूलो कष्ट ल्याइरहेको छ । आज कसैले कसैलाई विश्वास गरिहाल्ने अवस्था छैन । नयाँ मानिस देखियो कि शंका गर्नुपर्ने अवस्था छ ।

यदि हामीले हाम्रा अगाडिका अग्रजहरुलाई सोध्यौं भने उहाँहरुले सहजै भन्नुहुन्छ कि ती दिनहरु कत्ति सुरक्षित र सुन्दर थिए भनेर तर आज त्यो अवस्था रहेन । पहिलेका समाज अनुशासित हुन्थ्यो । एक अर्को मानिसमा आत्मियता थियो । एक अर्काको खाँचोमा अैंचो पैंचो लिने दिने गरिन्थ्यो । तर आज ती दिनहरु केवल इतिहासमा सम्झनाको रुपमा मात्रै सिमित रहेको पाइन्छ ।

परमेश्वरले हामीलाई प्रतिज्ञा गर्नुभएको छ कि जो मानिस धार्मिक छ, जो परमेश्वरको वचन अनुसार चल्दछ, त्यसको वरिपरी कुनै आतङ्कले खुट्टा राख्न पाउँदैन । उहाँले प्रतिज्ञा गर्नुभएको छ कि ती मानिसहरु डराउनुपर्दैन । हो यो संसारमा एकैछिन पछि

के हुन्छ, कस्तो घटना घट्छ कसैलाई थाहा छैन । हाम्रो जीवनको कुनै ग्यारेन्टी छैन । घरबाट बाहिर निस्केपछि पुनः फर्केर घर आउन सकिन्छ कि सकिन्न थाहा छैन । हामी दैनिक सुन्ने गर्छौं, कयौं मानिसहरुको ज्यान कुनै कारण बिना नै गइरहेको जसले सारा संसारलाई एउटा अदृष्य आतङ्कमा बाँच्न बाध्य बनाएको छ । यद्दपी परमेश्वरले प्रतिज्ञा गर्नुभएको, यो संसारका सबै किसिमका अदृष्य आतंकबाट हामी टाढा रहन सक्छौं, जब उहाँको भरोसामा आफ्नो जीवन चलाउँछौं । हामी संसारमा रहँदा सम्म हाम्रो शरिरले दुःख पाउला वा नष्ट होला तर पनि हाम्रो आत्मा चाहिँ परमेश्वरमा बचाइनेछ । यही एउटा ठूलो आशा हामी मानवजातीको निम्ति परमेश्वरले दिनुभएको छ र त्यही आशाद्वारा हामी हृदयमा आनन्द र खुशी साथ बाँच्न सक्छौं ।

## ७२ असल कुराको लागि असल समय

प्रत्येक कुराको एउटा समय छ । पावल प्रेरितका अनुसार प्रत्येक कुरा जुन सूर्य मुनि छन् तिनीहरुको काम ठिक समयमा गरिनुपर्छ । धेरै छिटो वा ढिलो काम गर्नाले इच्छा गरेको नतिजा प्राप्त गर्न सकिन्न । यो कुरा हाम्रो जीवनको सबै पक्षहरुमा लागु हुन्छन् ।

एउटा बच्चा जन्मेपछि त्यो बच्चाको शारिरीक एवम् मानसिक विकास एउटा समय सिमा भित्र भइसक्नुपर्छ यदि यसो हुननसकेमा उसको शारिरीक एवम् मानसिक अवस्था सामान्य मान्न सकिन्न ।

त्यसैगरी बाली लगाउने समयमा बाली लगाउनुपर्ने हुन्छ, गोडमेल गर्ने समयमा गोडमेल अनि अन्न भित्राउने समयमा भित्राइसक्नुपर्छ । अन्यथा खेर जान सक्छ ।

तर जब परमेश्वरलाई खोज्ने कुरा आउँछ त्यतिबेला हामीलाई समयको बन्धनले बाँध्न सक्दैन अर्थात हामी जति बेला पनि परमेश्वरमा आउन सक्छौं । थकित एवम् बोझले दबिएका हृदयहरु परमेश्वरको नजिक आउन समय पर्खिरहनु पर्दैन । परमेश्वरलाई खोज्ने काम प्रत्येक दिनको दैनिक हुनुपर्छ । पवित्र धर्मशास्त्र बाइबलको मत्ती ११ अध्यायको २८ र २९ पदहरुमा प्रभु येशूले भन्नुभयो "हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ र म तिमीहरुलाई विश्राम दिनेछु । मेरो जुवा आफूमाथि लेउ र मसँग हिंड । किनभने म बिनम्र र कोमल हृदयको छु । अनि तिमीहरुले आफ्ना आत्मामा विश्राम पाउनेछौ ।"

यो दुर्भाग्यको कुरा हो कि हामी हाम्रो मुख्य समय र शक्ति संसारको निम्ति खर्च गर्दछौं । हामी

परमेश्वरलाई तब मात्र खोज्छौं जब हामी वृद्ध र केही गर्न नसक्ने भइसकेका हुन्छौं । यदि हामीले उहाँलाई हाम्रो जवानी अवस्थामै खोज्यौं भने, हाम्रो जीवन र हामीले गरेका कामहरु धन्यको हुनेछन् । हामी आशिषका भागिदार हुनेछौं र उक्त आशिषबाट धेरै मानिसहरु आशिषित हुने मौका पाउनेछन् ।

परमेश्वर पापलाई घृणा गर्नुहुन्छ । तर पापी मानिस पश्चातापी हृदय लिएर परमेश्वरको सामु आएको उहाँ चाहानुहुन्छ । कारण उहाँ दयावन्त हुनुहुन्छ । कुनै पनि मानिस नबााक भएको उहाँ चाहनुहुन्न । परमेश्वरले आफ्नो अनुग्रह सारा मानिस जातिमाथी खन्याउनुभएको छ । उहाँलाई खोज्नेहरुलाई मुक्तिको वर्षा दिने प्रतिज्ञा गर्नुभएको छ ।

समय सँधै आफ्नै गतिमा दौडिरहन्छ, यसले कसैलाई पर्खँदैन । हामी जस्तोसुकै प्रतिकुल परिस्थिति भएर गुज्रिदा पनि समयले ख्याल गर्दैन चाहे हामी खुशी र आनन्दमा किन नहौं यसले हाम्रो वास्ता गर्दैन । यो त एउटा निरन्तर बगिरहने खोला जस्तै हो जसले आफ्नो बाटोमा आउने हरेक कुरालाई बगाउन सक्छ, निर्णय हाम्रो हातमा हुन्छ, कतिबेला खोला तर्ने वा नतर्ने भनेर । त्यसै गरी समयसँग मिलेर हामी हिड्नुपर्ने हुन्छ ।

हाम्रो जीवन त शितको थोपा हो जसले एकक्षणको निम्ति केही कुरालाई भिजाउँछ र त्यो फेरी सदाको लागी नदेखिने गरी हराउँछ । कति चोटी हामी समय सँग मिलेर हिड्ने प्रतिवद्धता गर्दछौं र कोशिस पनि गर्दछौं तर कतिपय अवस्थामा हामी समय भन्दा कयौं टाढा पछाडी नै रहन्छौं, लाग्दछ समय हामी भन्दा धेरै टाढा पुगिसकेको तर म त धेरै पछाडी जसो तसो बिग्रेको गाडी झैं अगाडी बढ्दै छु ।

हामीलाई थाहा हुदैन, हाम्रो बिग्रेको गाडी युक्त जीवन कतिबेला सम्म चलेर सदाको निम्ति बन्द हुने हो ।

हामी सबैलाई आफ्नै इच्छा, चाहना र स्वतन्त्रपूर्वक आफूलाई लागेका कुरा गर्ने मन हुन्छ । त्यसमा पनि अस्वस्थ प्रतिस्पर्धा बीच हुर्केका हामी आफू आफै आफ्नो निदृष्ट बाटोमा स्पष्ट छैनौ । हामी एकैचोटी दुइवटा बाटाहरु हिड्ने कोशिस गर्दछौं र हामी समयलाई पछ्याउन असमर्थ हुन्छौं । परमेश्वरले हामीलाई सित्तैमा दिनुहुने उहाँको क्षमाबाट आनन्द उठाउन सकिरहेका छैनौं । तर अचानक एक दिन हाम्रो अगाडी समय हुँदैन वा समयको घडी हाम्रो निम्ति रोकिन्छ । त्यतिबेला हामीले चाहेर पनि केही गर्न सक्दैनौ । त्यसैले आजै हामीले परमेश्वरको आवाज सुन्यौं र आफ्नो हृदयमा आत्मसात गर्‍यो भने भोली हामीले पछुताउनु पर्दैन । उहाँलाई आजै खोज्नुहोस् तपाईले कहिल्यै नसोच्नुभएको रुपमा आशिष पाउनेछौ । पवित्र धर्मशास्त्र बाइबलको होशे १० अध्यायको १२ पदमा यसरी लेखिएको छ-"आफ्ना निम्ति धार्मिकताको बीउ रोप र अचुक प्रेमको कटनी गर । तिमीहरुको बाँझो बारी जोत । किनकी परमप्रभुलाई खोज्ने समय अहिले हो, जबसम्म उहाँ आएर तिमीहरुमाथी धार्मिकताको बृष्टि खन्याउनुहुन्छ ।"

परमेश्वरलाई खोज्ने समय अहिले नै हो, त्यसको निम्ति ढिलो नगरौं । अहिले नै आफ्ना सारा संसारिक बन्धनहरुबाट मुक्त हुन परमेश्वरको चरणा समर्पित हुने भएर र भन्नुहोस्-प्रभु म एक अबुझ, सानो बालक जस्तो मानिस, मैले जानेर वा नजानेर गरेका अपराधहरु क्षमा गर्नुहोस र तपाईंकै अगुवाइमा मेरो जीवनलाई अगाडी बढाउनुहोस् ।

# ७३ ब्याट्री पून:चार्ज

अहिलेको अवस्थामा प्राय:हामी सबैसँग मोवाइल फोन छ । जब फोनको चार्ज सकिन लाग्छ तब स्वत:मोवाइलले ब्याट्री कम भएको सूचना दिन्छ । हामीले प्रयोग गर्ने कतिपय बिद्युतिय उपकरणले यसरी नै सूचना दिने गर्छन्, ब्याट्री कम भएको अवस्थामा ।

धेरै समयमा हाम्रा शारिरीक ब्याट्रीहरुको शक्ति कम हुन लाग्दछ अनि हामी सकिनै लागेको महशुस हुन्छ । जब हामी अत्यन्तै भोकाएका हुन्छौं, थकित हुन्छौ तब हाम्रो शारिरीक ब्याट्रीलाई चार्ज गर्नुपर्ने हुन्छ । नभए हामी अगाडी बढ्न सक्दैनौं ।

कतिपय अवस्था हामी आफ्नो योजना अनुसार आफूलाई दिएको जीम्मेवारी जसरी पनि पूरा गर्ने काममा दृढताका साथ लागेका हुन्छौं, यद्यपी हाम्रो शारिरीकक अवस्था शिथिल भएको हुन्छ तर पनि हामी इच्छा शक्तिद्वारा डोऱ्याइएर आफ्नो कार्यसम्पादन गर्न लागी परिरहन्छौं । यस्तो अवस्थामा न त हामी राम्ररी खान सक्छौं, नत सुन्न, र धेरै समय उभिन सक्दैनौं र हाम्रो आवाज कमजोर हुन्छ, हामी आफ्ना सामानहरु आफैंबोक्न सक्ने स्थितिमा हुदैंनौं । त्यसैगरी हाम्रो आत्मिकी जीवनको ब्याट्री पनि धेरै पटक क्षृण भएको छ र कहिलेकाहीं जब हामी ठूलो समस्या वा संकटमा भएर गुज्रीन्छौं त्यतिबेला त करीब करीब हाम्रो आत्मि ब्याट्री मर्नै लागेको पनि हुन्छ । हामी परमेश्वरसँग पूर्णरुपमा आफ्नो सम्बन्धलाई विच्छेद गर्दछौं र हामीलाई बाइबल पढ्न मन लाग्दैन न त

प्रार्थना गर्न नै । यद्दपी हामी बाध्य भएर मन लागी नलागी पनि कैयौं कुराहरु गर्छौं ।

तर परमेश्वरले उहाँको अनुग्रह हामीमा खन्याएर हाम्रो आत्मिकी ब्याट्री चार्ज गर्ने धेरै अवसरहरु दिइरहनुहुन्छ । यद्दपी हाम्रो सम्बन्ध परमेश्वरसँग असल हुदैन । आफ्ना विनम्रतायुक्त आवाजद्वारा परमेश्वरले हामीसँग बोलीरहनुहुन्छ । मेरा छोरा छोरीहरु म तिमीहरुलाई दु:खमा छोड्दिन, तिमीहरुसँग रहनेछु अनी उहाँ बारम्बार भनीरहनुहुन्छ, जबसम्म हामी आफूलाई पुन: रिचार्ज गर्न तयार गर्दैनौ । जब हामी कुनै कष्टमा, समस्यामा वा बिरामी भएर अस्पतालमा हुँदापरमेश्वरले हाम्रा आफन्त, साथीभाइहरुको ढाडस, सान्त्वना, उनीहरुका इमेल, पत्र तथा विभिन्न सहायताद्वारा परमेश्वरले हाम्रो आत्मिकी जीवनलाई ताजा बनाउनुहुन्छ ।

यस्तो दयावन्त साथी पाउनु कत्तीको महत्वपूर्ण छ हाम्रो लागी, जसले आफ्नो सम्पूर्ण कुरा हाम्रो लागी दिनुभयो । उहाँको शक्तिद्वारा हामी आफ्नो कमजोरी र मृत्युलाई पनि जित्न सक्नेभयौं । त्यसैले प्रभु येशूले यूहन्ना १४ अध्यायको २८ पदमा "म तिमीहरुलाई टुहुरा छोड्नेछैन" भनी भन्नुभयो ।

हामी सबैजना यो संसारमा केही कुराको आशा वा खोजीमा छौं, जसले हाम्रो हृदयलाई खुशी प्रदान गरोस्, त्यस्तो कुरा जसले हाम्रो आत्मालाई सन्तुष्टि प्रदान गर्न सकोस् ।

परमेश्वरको प्रत्येक काममा प्रेम पाइन्छ । उहाँको प्रेमको प्रस्तुति हामी संसारको सृष्टिमा स्पष्टै देख्न सक्छौं । परमेश्वरको प्रेम सबै मानिसहरुमा देखिनूपर्छ, त्यही उहाँको इच्छा हो ।

पापको कारणले गर्दा मानिस र परमेश्वरको सम्बन्धमा फाटो
ल्यायो तर परमेश्वरको पुत्र प्रभु येशूको मृत्युले हामीलाई पुनः परमेश्वरमा एक गराएको छ ।

प्रेम बिना यो संसारको कल्पना पनि गर्न सम्भव छैन । प्रेमले गर्दा नै यो संसार चलिरहेको छ । मानिसप्रति परमेश्वरको अगाढ प्रेमको कारणले नै प्रभु येशू स्वर्गलाई छोडी यस संसारमा आउनुभयो । मानिसको पापको ज्याला तिर्न उहाँ परमेश्वरबाट मानिस हुनुभयो । हाम्रो पापको कारण उहाँ कलवरीमा बलिदान हुनुभयो ताकी हामीले जीवन पाउन ।

हामीले परमेश्वरको प्रेमलाई बुझेर आफ्नो जीवनबाट उदाहरणको रुपमा प्रस्तुत गर्न सकौं भन्ने उहाँको इच्छा हो । यो प्रेमको वास्तविक अर्थ तब मात्र बुझ्न सक्छौं जब मानिसले खीष्ट येशूलाई आफ्नो मुक्तिदाता भनेर ग्रहण गर्दछ र त्यो प्रेम कदापी लुकाएर राख्न सकिन्न । प्रभु येशूको प्रेमले मानिसलाई केबल शारिरीक, मानसिक र सामाजिक आवश्यकताहरु मत्र पूरा गर्दैन, यसले त ती मानिसहरुलाई परमेश्वरको स्वरुपमा बदलिन मद्दत गर्दछ । जब कसैले प्रभु येशूलाई प्रेम गर्छ-तब उ उहाँको आज्ञाहरु पालन गर्न तयार हुन्छ ।

विसफ पिकेट- जसले आफ्नो सेवाको जीवन भारतमा बिताए । उनी भन्छन् एउटा आफ्नै जातबाट निकालिएको वा अछुत बनाइएको युवकले कसरी आफ्नो ब्राम्हण मालिकलाई प्रभुमा ल्याउँछन् । उक्त युवकलाई उसको मालिकले निर्दयता साथ कुट्छन्, किनकी उसले आफ्नो मालिकले भने अनुसार आफ्नो छिमेकीको फलफूल चोर्न इन्कार गर्‍यो । तर उक्त

नोकरको नैतिक स्तर देखेर उसको मालिकको मन परिवर्तन भयो । एक दिन उक्त युवकले प्रार्थनामा परमेश्वरसँग मालिकलाई क्षमा दिनुहोस् र असल ज्ञान दिनुहोस् भनि प्रार्थना गरिरहेको सुन्छ । तब उक्त मालिकको हृदय छिया छिया भएर आफ्नो हृदय परमेश्वरलाई दिन्छ । प्रेम इसाईहरुको निम्ति स्वभाविक फल हो भनि अन्य मानिसहरुलाई बुझाउन गाह्रो हुनसक्छ । इसाईहरुले आफ्नो जीवनलाई सेवामा समर्पित गर्नुपर्छ र आफूले गरेको राम्रो कामको प्रतिफलको आशा राख्नु हुँदैन । जब हामी आफ्नो जीवनलाई परमेश्वरको प्रेमले रिचार्ज गरेर अगाडी बढाउछौं तब सबै किसिमका हाम्रा स्वार्थी विचारहरु हामीबाट हराउनेछन् ।

# ७४ हामी कस्ता छौं ?

माहात्मा गान्धिको नाम हामी सबैले सुनेको हुनुपर्छ । माहात्मा गान्धिलाई प्रभु येशूको शिक्षा धेरै मन पर्थ्यो भनेर भनिन्छ । उहाँले पवित्र धर्मशास्त्र बाइबलमा लेखिएको डाँडाको उपदेशलाई खुब चाख मानेर पढ्नुहुन्थ्यो रे । एकपटक माहात्मा गान्धिलाई कुनै ठाउँमा केही भन्नको निम्ति अनुरोध गरियो तब उहाँले भन्नुभयो "मेरो जीवन नै सुसमाचार हो । "उहाँले आफ्नो जीवनलाई साधारण, व्यवहारिक र कुनै पनि किसिमको हिंसाबाट टाढा राखेर जीउनुभयो । माहात्मा गान्धीले आफ्नो जीवनकालमा यसो भन्नुभयो "मलाई इसामसिह (येशू ख्रीष्ट)मनपर्छ, तर इसाइहरु मनपर्दैन् । किनकी इसाइहरु ख्रीष्टजस्ता छैनन् ।" यो प्रत्येक इसाइको निम्ति एउटा ठूलो पाठ हो ।

बाइबलमा हाम्रो जीवन एउटा खुल्ला पत्र जस्तै हो भनी भनिएको छ, जुन हामी प्रत्येकको जीवनमा लागु हुन्छ । हामी आफ्नो घर, समाज, काम गर्ने ठाउँमा कसरी प्रस्तुत हुन्छौं, के बोल्छौं र के गर्छौं, ती सबै कुराहरु मानिसहरुले नियालिरहेका हुन्छन् । अंग्रेजीमा एउटा भनाइ छ-"A action speaks louder than voice ." अर्थात हाम्रो काम, व्यवहार आदीले हाम्रो परिचय दिइरहेको हुन्छन् ।

केही समय अगाडी एउटा साथीसँग मेरो भेट भयो । हामी धेरै वर्ष अगाडी देखी नै एक अर्कालाई चिन्छौं र कुनै समय हामी एकै ठाउँमा दिनहुँ काम गर्थ्यौं । त्यो साथीको बानी मलाई थाहा छ, त्यसैले कुरा गर्दा बडो होसियारी हुनुपर्ने । धेरै वर्ष पछि पुन:

हामी केही घण्टा सँगै समय बितायौं तर उसको बोली र व्यवहारमा अझै परिवर्तन नआएको मैले पाए । मलाई दुःख लाग्यो कि त्यो साथीले अझै आफूलाई चिनेको रहेनछ । मैले मनमनै उसको निम्ति प्रार्थना गरें परमेश्वरसँग ।

विशेषगरी हामी इसाईहरु जसले आफूलाई ख्रीष्टका अनुयायी भनी दाबी गर्छौं, संसारका निम्ति ख्रीष्ट तर्फबाट खुल्ला पत्र हौं । उक्त पत्रलाई जसले पनि पढ्न सक्छ र ख्रीष्ट येशू नै उक्त पत्रका लेखक हुनुहुन्छ भन्ने कुरा उसले बुझ्न सक्नुपर्छ । हामी ख्रीष्टका अनुयायीहरु शान्तिप्रिय हुनुपर्छ, जसरी ख्रीष्ट येशू शान्तिप्रिय हुनुहुन्छ । प्रभु येशू हामी सबैले उहाँको बाटो पछ्याएर, उहाँको कहिल्यै ननिभ्ने ज्योतिलाई ग्रहण गरी अन्धकारमा भएका मानिसहरुलाई ज्योतिमा ल्याउन सकौं भनी चाहनुहुन्छ ।

सबै कुरा असल र ठिक ठाक भएको अवस्थामा आफु सबैको सामु असल भएर प्रस्तुत हुने तर प्रतिकुल परिस्थितिमा आफ्नो रगं बदल्ने स्वभाव हामीमा हुनुहुँदैन ।

हामी आफ्नो जीवन प्रति संवेदनशील र जीम्मेवार छौं वा छैनौं, हामी कस्तो व्यक्ति हौं भन्ने कुरा हाम्रो खाने बानीले स्पष्ट देखाउँछ ।

यी सबै हुंदा हुँदै पनि हामी अरुको सामु भिन्नै रुपमा प्रस्तुत हुन चाहन्छौं । धेरै पटक आफू वास्तविकता भन्दा माथी उठेर प्रस्तुत हुने गर्दछौं ।

मलाई एउटा कथा याद आयो । एउटा जंगलमा राजा चाहिएको थियो ।जंगलका सबै जनावरहरु भेला भएर राजा खोजी गर्ने निधो गरे । जंगलको राजा सिंहलाई मानिन्छ । एउटा स्यालले उक्त

कुरा थाहा पायो, उसको मनमा आफू सिंह भएर जंगलको राजा हुने महत्वकांक्षा जाग्यौ । उसले आफूलाई सिंह भैं रंगायो । जंगलका जनावरहरुले उसलाई फेला पारेर राजा घोषणा गरे । यसरी जंगलका जनावरहरुले नयाँ राजा पाए । जब उक्त स्याल राजा भयो, सबैले उसलाई माने तर उसले कसैसँग कुरा गरेन । किनकी कुरा गऱ्यो भने उ त सिंह हैन भनी सबैले थाहा पाउने थियो । स्याल चलाख भएको हुनाले उक्त कुरामा चनाखो थियो ।

एकदिन साँझ पल्लो जंगलमा स्यालहरु कराएको उसले सुन्यो । एक ठाउँमा स्याल करायो भने अर्को ठाउँमा पनि स्यालहरु कराउन थाल्छन् र जहाँ जहाँसम्म स्याल कराएको सुनिन्छ त्यहाँ सम्मका सबै स्यालहरु एकै साथ कराउन थाल्छन् । उक्त स्यालले अरु स्याल कराएको सुनेर आफू राजा भएको कुरा बिर्सियो र उ पनि कराउन थाले । तब उ वरिपरी भएका अन्य जनावरहरुले यो त स्याल पो रहेछ भन्ने कुरा बुझे तब उनीहरुले स्याललाई त्यहाँबाट देखे ।

हामी धेरैको अवस्था पनि त्यही सिंहरुपी स्यालको जस्तो छ । त्यसैले त पावल प्रेरित कोरिन्थिको विश्वासीहरुलाई आफ्नो पत्रमा लेख्छन्- "तिमीहरुले नै देखाउछौ कि तिमीहरु ख्रीष्टका पत्र हौ, अर्थात हाम्रो सेवाको फल, जुन पत्र मसीले होइन तर ख्रीष्टको रगतले लेखिएको हो ।

# ७५ सफल जीवन

जीवनमा सफलताको मापन मानिसले आफ्नो विचार, परिस्थिति र अवस्थालाई आधार मानेर गर्ने गर्छन् । तपाईं कुन परिवार कस्तो परिवेशमा जन्मनु भएको छ, त्यसैको आधारमा तपाईले आफ्नो जीवनको मूल्याङ्कन गर्नुहुन्छ ।

मानिस यस्तो प्राणी हो, जसलाई जति भएपनि पुग्दैन । उ अझ प्राप्त गर्ने चाहनामा आफूलाई अगाडी बढाइ नै रहन्छ । त्यसैले त यो संसारको विकास यो अवस्था सम्म भएको हो ।

पवित्र धर्मशास्त्र बाइबलको भजनसंग्रह भन्ने पुस्तकको ११९ अध्यायको १८ पदमा यसरी लेखिएको छ "मेरो आँखा खोलिदिनुहोस्, र म तपाईको व्यवस्थाका उदेकका कुराहरु देख्न सकूँ ।"
यी वचनहरुको आधारमा, मानिसको जीवनमा सफलता प्राप्त गर्न आवश्यक तीन वटा कुराहरुको विषयमा चर्चा गर्न चाहन्छु । पहिलो कुरा तपाईले हिजोको दिनमा प्राप्त गर्नुभएका उपलब्धीहरुलाई त्यही राखौं । तपाईले प्राप्त गर्नुभएको उपलब्धीलाई आज पनि तपाईका लागी सबैभन्दा महत्वपूर्ण छन् भने सायद तपाईले आजको दिनमा केही गर्नुभएको छैन । पावल प्रेरित आफ्ना उपलब्धीहरु प्रति खुशी हुन्छन् तर भविष्यमा परमेश्वरले उनलाई कता डोऱ्याउनुहुनेछ, त्यसलाई ड्ंगित गरी उनी अगाडी बढ्न चाहन्छन् । यसै कुरालाई उनले फिलीप्पी ३ अध्यायको १३-१४ पदहरुमा यसरी भन्छन् "भाइ हो, मैले यी सब पक्रिसकेको छु भनी म पछाडीका कुराहरु बिर्सेर र

अगाडीका कुराहरुतिर जोडसँग लम्कँदै ख्रीष्ट येशूमा परमेश्वरको स्वर्गिय बोलावटमा पाइने पुरस्कारको निम्ति म जोडसँग अघि बढ्दैछु ।"

दोस्रो कुरा-भोली अवसर आउँछ भनेर केही नगरी आफ्ना हात बाँधेर कदापी बस्नुहुँदैन, सानो काम गर्न मन लाग्दैन जस्ता वाहानाहरु बनाएर काम गर्नबाट नपन्सिऔं । दुःखको कुरा हामी केही गर्दै गर्दैनौं वा गर्नै चाहँदैनौं । हाम्रो यो संसार त्यतिकै आशिषित भएको छैन धेरै मानिसहरुको परिश्रम, मिहिनेत, लगानी र प्रार्थनाको कारण यो सम्भव भएको हो । कुरा मात्रै गर्ने, काम भने सिन्को नभाँच्ने मानिसहरुको कारणले होइन ।

तेस्रो कुरा- तपाईको सुरुवातले खराब अन्त्य तिर नडोऱ्याओस् । तपाईले जस्तो रोप्नु हुन्छ, कटनी पनि त्यस्तै नै गर्नुपर्छ । अथवा कति चोटी कुनै पनि कुरा सुरुवात गर्नुपर्दा धेरै सोचविचार पुऱ्याएर गर्नुपर्ने हुन्छ । ताकी भविष्यमा त्यसले नकारात्मक असर नपुऱ्याओस् । त्यसैले कति चोटी हामीले सुरुवात जुन अवस्था वा परिस्थितिमा गरेका हुन्छौं, अन्त्य पनि त्यस्तै नहुन सक्छ ।

जर्ज वासिङ्टन कार्भरले आफ्नो बाल्यवस्था दुःखमा बिताए । उनलाई मारिया भन्ने महिलाले उनको घरमा अन्न राख्ने कोठामा सुतिरहेको भेट्टाइन् । उनले जर्ज वासिङ्टनलाई त्यहाँबाट उठाएर ल्याइनन् मात्र तर उनलाई चर्चमा लगिन र येशूसँग परिचय गराइन । जब पछि गएर जर्ज वासिङ्टनले मारियाको घर छोडे, उनले आफूसँग मारियाले दिएको बाइबल पनि साथमा लगे । मारियाले उनको जीवनमा एउटा असल छाप छोडिन् र जर्जले यो संसारमा आफ्नो छाप छोडे ।

उनी पछि गएर आधुनिक कृषिका पिता कहलिए । उनले तीनसय भन्दा बढी खोजहरु गरे । सबभन्दा महत्वपूर्ण कुरा, उनको जीवनमा विभिन्न किसिमका नराम्रा परिस्थितिहरुका बावजुद उनी आफ्नो प्रयोगशालामा गएर परमेश्वरसँग प्रार्थना गर्थे "प्रभु मेरो आँखा खोलिदिनुहोस्, ताकी म देख्न सकुँ ।" परमेश्वरले उनको प्रार्थना सुनेर उनलाई सफल तुल्याउनुभयो । के तपाई पनि आफ्नो दिनको सुरुवातमा परमेश्वर अगाडी घुँडा टेकी मेरा आँखा खोलीदिनुहोस् प्रभु, ताकी म देख्न सकूँ भनी प्रार्थना गर्नुहुन्छ ?

आजको यो व्यस्त संसारमा हामी छौं । मानिसहरुले विज्ञान र प्रविधि मार्फत संसारका विभिन्न क्षेत्रहरुमा प्रगति गरेका छन् । संसारका जुनसुकै क्षेत्रमा बस्ने मानिसहरु किन नहुन, सबै व्यस्त जीवनको दौडमा लक्ष्य प्राप्तिको निम्ति दौडिरहेका छन्, चाहे ती साना वा ठूला लक्ष्यहरु किन नहुन् ।

आज हामी जस्तोसुकै अवस्था वा परिस्थितिमा भएता पनिहामी आफ्नो जीवनलाई सफल रुपमा अगाडी बढाउन सकेका छौं ? के हामी आफ्नो जीवनप्रति सन्तुष्ट छौं ? यो प्रश्न हामी सबैको लागी अति आवश्यक छ ।

यी प्रश्नहरुको जवाफ तत्कालै दिन नसकिएला, दिएपनि चित्तबुझ्दो नहोला । तर जब तपाई परमेश्वरको इच्छा अनुसार आफ्नो जीवन प्रभु येशूमा राखेर आफ्नो जीवन यात्रालाई अगाडी बढाउनुहुन्छ, तब तपाईको जीवनलाई हेर्ने दृष्टिकोण अरुले हेर्ने भन्दा फरक हुन्छ । किनकी मानिसहरुले हाम्रो सफलताको मूल्याङ्कन, हामीले कमाएको धन, सम्पत्ती, पद,

प्रतिष्ठा र विधाद्वारा गर्ने गर्छन् । तर परमेश्वरसँग हिडेको मानिसहरुको सफलता भनेको उनीहरुले कति मानिसको आँसु पुछे, कति मानिसहरुका भाँचिएको हृदयलाई जोड्ने काम गरे, कति गरीब दुःखीहरुको सेवा गरे त्यसको आधारमा मूल्याङ्कन गरिन्छ ।

# ७८ परमेश्वरको विषयमा

यो ब्रम्हाण्ड जसलाई लाखौं आकाशगंगाहरु र करोडौं ताराहरुले भरेको छ । यसको विषयमा बुझ्न त्यति सजिलो छैन । किनभने यिनीहरुको सृष्टि अद्भुत तरिकाले भएको छ । तर पवित्र धर्मशास्त्र बाइबलको कलस्सी १:१६ पदमा "परमेश्वरमा नै सबैथोक सृष्टि भएका थिए । स्वर्गमा र पृथ्वीमाथि भएका दृश्य र अदृश्य थोकहरु, चाहे सिंहासनहरु, चाहे प्रभुत्वहरु, चाहे प्रधानताहरु, चाहे अधिकारहरु, सबै थोक उहाँद्वारा र उहाँकै निम्ति सृजिएका हुन् ।"भनी बताउँदछ । कसरी यस्तो महान् परमेश्वरलाई कुनै पनि मानिसहरुले पूर्ण रुपमा बुझ्न सक्ला र ?तर हामीमाथि परमेश्वरले कृपा गर्नुभएर हामीलाई उहाँको विषयमा बुझ्न 'बाइबल' दिनुभएको छ । हामी परमेश्वरको सत्यतालाई बाइबलद्वारा बुझ्न सक्छौं ।

परमेश्वर सबै शक्तिको मुहान् हुनुहुन्छ । पवित्र धर्मशास्त्र बाइबलको प्रकाश १ अध्यायको ८ पदमा "अल्फा र ओमेगा म नै हुँ ।"भनी सर्वशक्तिमान परमेश्वर भन्नुहुन्छ । त्यही पदमा "जो हुनुहुन्थ्यो, जो हुनुहुन्छ र जो हुनआउनुहुनेछ" भनी परमेश्वरको वारेमा भनिएको छ । शक्तिशाली परमेश्वरले नै यो सारा ब्रम्हाण्डको सृष्टि गर्नुभयो । हाम्रो पृथ्वी यो ब्रम्हाण्डको एउटा ग्रह मात्रै हो ।

परमेश्वरलाई सबै कुरा थाहा छ । यस संसारमा भएका ठूला-ठूला जीवजन्तु देखि लिएर स-सानाहरुको समेत विज्ञानले भर्खरै पत्ता लगाएको कुराहरु परमेश्वरलाई पहिल्यै थाहा थियो ।

परमेश्वरलाई मानिस जातीको विषयमा थाहा छ र हामी अहिले कहाँ छौं, के गर्दै छौं, कस्तो अवस्थामा छौं, उहाँ जान्नुहुन्छ ।

भजनसंग्रह १३९ अध्यायको २ पदमा राजा दाउद परमेश्वरको स्तुतिको भजन यसरी गाउँछन् "तपाईले मेरो बसाइ र मेरो उठाइ जान्नुहुन्छ, टाढैबाट मेरो विचार बुझ्नुहुन्छ ।" उहाँलाई हाम्रा विचारहरु योजनाहरु सबै थाहा हुन्छन् । त्यसैगरी भजनसंग्रह १३९ अध्यायको ४ पदमा "मेरो जिब्रोमा कुनै कुरा आउन अघि नै हे परमप्रभु तपाईले त्यो सम्पूर्ण रुपले जान्नुहुन्छ ।" भनी लेखिएको छ।

त्यसैगरी परमेश्वरको उपस्थिति सबै ठाउँमा एकैचोटी हुन्छ, अर्थात सारा संसारमा । पवित्र धर्मशास्त्र बाइबलको १ राजा ८ अध्यायको २७ पदमा राजा सोलोमन परमेवरको उपस्थितिको विषयमा यसो भन्छन् "तर के परमेश्वर निश्चय नै पृथ्वीमा वास गर्नुहुन्छ र ?स्वर्गहरु, स्वर्गभन्दा पनि उच्च स्वर्गमा तपाई अटाउनुहुन्न भने, मैले निर्माण गरेको यो मन्दिरमा त झन कसरी अटाउनुहुन्छ ।" त्यसैगरी यशैया ६६ अध्यायको १ पदमा परमप्रभु आफ्नो विषयमा यसो भन्नुहुन्छ "स्वर्ग मेरो सिंहासन, र पृथ्वीचाहीं मेरो पाउदान हो ।" प्रेरित १७ अध्यायको २७ पदमा हामी हरेकबाट उहाँ टाढा हुनुहुन्न भनी बताइएको छ । त्यसैगरी भजनसंग्रह १३९ को ७ र ८ पदमा राजा दाउद यसो भन्छन् "तपाईका आत्माबाट म कहाँ अलग्ग जान सक्छु ? अथवा तपाईको उपस्थितिबाट म कहाँ भाग्न सक्छु ? म आकाशमा गएँ भने, तपाई त्यहाँ हुनुहुन्छ, गहिराइमा आफ्नो ओछ्यान बनाएँ भने, त्यहाँ पनि तपाई हुनुहुन्छ ।"

परमेश्वरको विषयमा जान्नु कति महत्वपूर्ण छ भनी तपाईले बुझ्नुभयो होला। परमेश्वर हामीलाई वास्ता, फिक्रि अनि प्रेम गर्नुहुन्छ । हामीले उहाँलाई खोजेको र उहाँको प्रशंसा गरेको उहाँ चाहनुहुन्छ । जब हामी उहाँको सत्यतालाई बुझेर उहाँको सामिप्यमा आउँछौं, उहाँले हामीलाई आफ्नो अँगालोमा बेर्नुहुन्छ । जब हामी आफ्नो जीवन उहाँलाई दिन्छौं, हरेक परिस्थितिमा उहाँले हामीलाई सहायता गर्न तयार रहनुहुन्छ ।

# ७७ हाम्रो चाहना

किन मानिसहरु टेलिभिनज हेर्नको निम्ति आफ्नो समय खर्चिन्छन् ? किन सिँगार गृहहरु महिला दिदी बहिनीहरुले भरिन्छन् ? किन युवाहरु विधुतिय सामग्रीहरु प्रति धेरै झुकाव राख्छन् ? यसका धेरै कारणहरु होलान् । एउटा कारण भनेको मानिसहरुको राम्रो जीवन जीउने चाहना नै हो भन्दा अर्को अर्थ नलाग्ला । आज मानिसहरु जुनरुपमा दौडधुप गरिरहेको छन्, व्यस्त छन् वा मिहनेत र परिश्रम गरिरहेको छन्, ती सबैको पछाडी मानिस भित्र भएको एउटा शक्ति, जसले मानिसलाई राम्रो र सफलतातिर डोऱ्याउँछ र प्रत्येक वर्ग, तह र उमेरका मानिसहरुमा यो motive पाइन्छ । सबै मानिस आफू राम्रो देखिन, चटक्क परेर हिड्न र जवान देखिन चाहन्छन् । जसमा हामी पनि पर्दछौं ।

मानिस आफूरहेको परिस्थिति र अवस्थाहरुबाट माथि उक्लन, सफल हुन चाहन्छ, यसलाई स्वभाविकै मान्नुपर्छ । अर्को कारण हामी सपना देख्छौं-अर्थात दिउँसो सपना देख्नेहरु । विलासिता एवम् उच्चतहको जीवनशैली परिकल्पना गर्छन्, जुन वास्तविक जीवनमा प्राप्त गर्न सक्दैनन । त्यस्ता मानिसहरु आफू टेलिभिजन सेट अगाडी बसेर सिरियलहरु हेर्छन् र आफूलाई सन्तुष्ट पार्छन् अथवा उनीहरु आनन्दित हुन्छन् । प्राय: सबै मानिसहरुमा आफू धनी परिवारमा जन्मेको भए कति राम्रो हुनेथियो, जीवन कति आनन्ददायी हुनेथियो भन्ने चाहना हुन्छ । हामीले देख्ने यस्ता सपनाहरु सपनै रहन्छन् । सपना देख्नु नराम्रो होइन तर कैयौं मानिसहरु आफ्ना सपनाहरु सपनामै छाडेर यो संसारबाट बिदा हुन्छन् ।

तर पवित्र धर्मशास्त्र बाइबलमा परमेश्वरले हामीलाई स्वर्गिय राज्यको प्रतिज्ञा गर्नुभएको छ । उहाँ हामीलाई स्वर्गको अधिकार दिन तयार हुनुहुन्छ जुन हाम्रै लागि हो । विश्वसनियता पूर्वक परमेश्वरलाई पछ्याउँदा पाइने सम्मान यहि नै हो । यो भन्दा ठूलो उपहार मानव जातिको निम्ति अरु कुनै हुन सक्दैन । तर हामीले त्यसको निम्ति परमेश्वरको इच्छालाई बुझेर त्यसै अनुसार आफ्नो जीवन अगाडी बढाउनुपर्छ । हामीले परमेश्वरलाई आफ्नो जीवनमा काम गर्न दिनुपर्छ । हाम्रो हृदयको ढोका परमेश्वरको निम्ति खोल्नुपर्छ ।

हामीलाई थाहा छ परमेश्वरको उपस्थितिमा कुनै किसिमको पाप रहँदैन । तीमानिसहरु जसले आफ्नो शुद्ध हृदय र जीवनद्वारा परमेश्वरलाई खुशी पार्छन्, तिनीहरु मात्रै परमेश्वरको निम्ति योग्यका हुन्छन्। अर्थात जसले परमेश्वरको आज्ञाहरु पालन गर्दछन् र येशूको गवाही दिन्छन् । जसले परमेश्वरका आज्ञाहरु पालन गर्दछन् तिनीहरुलाई परमेश्वरले आशिष दिनुहुन्छ । ती मानिसहरुको स्वभाव नै पवित्रताले भरिएको हुन्छ र उनीहरु परमेश्वरलाई सारा मन, हृदय र समझशक्तिले प्रेम गर्दछन् र परमेश्वरसँग सदैव रहने चाहना गर्छन् । अरु मानिसहरुलाई पनि परमेश्वरको राज्यको निम्ति तयार गर्दछन् ।

त्यसैले पवित्रधर्मशास्त्र बाइबलको लुका १२ अध्यायको ३२ पदमा प्रभु येशूले यसो भन्नुभएको छ- "सानो बगाल नडराओ! किनभने तिमीहरुलाई राज्य दिन तिमीहरुका पिता प्रसन्न हुनुहुन्छ ।"जसजसले परमेश्वरलाई चिनेका छन् र उहाँको इच्छा अनुसारको जीवन जीएका छन् तिनीहरुलाई 'सानो बगाल' भनेर प्रभु येशूले भन्नुहुन्छ र तिनीहरुको निम्ति उहाँको राज्य तयार छ ।

यसै सन्दर्भमा पवित्र धर्मशास्त्र बाइबलको भजनसंग्रह २६:१४ मा "परमप्रभुको प्रतिक्षा गर । बलियो होऊ र तिम्रो हृदय शाहसिलो होस् र परमप्रभुकै प्रतिक्षा गर ।" भनेर भनिएको छ । यहाँ परमेश्वरको इच्छा हाम्रो जीवनबाट पूरा होस् भनि प्रतिक्षा गर्नु भनेर भनिएको छ । प्रतिक्षाको निम्ति ठूलो धैर्यताको आवश्यकता पर्दछ ।

यो पर्खिने समयमा परमेश्वरले आफ्ना जनहरुलाई विभिन्न दुःख, कष्टका बावजुद निरन्तर रुपमा उहाँको गवाही बन्नुपर्छ भनी भन्नुहुन्छ । यस संसारमा हामीले भोग्ने सबै किसिमका समस्याहरु भन्दा परमेश्वरको राज्य धेरै उच्च र महिमित छ भनी बुझ्नु जरुरी छ । मुक्तिको योजना परमेश्वरले आफ्ना जनहरुका निम्ति बनाउनुभएको छ । जुन उहाँको प्रेमको महान् प्रस्तुति हो ।

अब हामी के को प्रतिक्षामा छौं त ?- महान् युद्ध सकिएको छ, पाप र पापीहरु ऋणी छैनन् । सारा ब्रम्हाण्ड सफा गरीएको छ र सारा सृष्टिमा एउटै मेलमिलाप अनि खुशीको एउटै समाचार सुनिएको छ । हामी सबैलाई बनाउनुहुने परमेश्वरको जीवन र ज्योति सारा संसारमा फैलिएको छ । हरेक कुराले उहाँको महानताको वर्णन गर्दछ ।

परमेश्वरको पुत्र येशू ख्रीष्टको पुनः आगमनको विषयमा बाइबलमा हामी पाउँदछौं । प्रभु येशू ख्रीष्टले आफ्नो चेलाहरुलाई पुनः लिन आउने कुरा बताउनुभएको छ । स्वर्ग देखि उहाँ पुनः ज्यूँदा र मरेकहरुको न्याय गर्न यस संसारमा आउँदै हुनुहुन्छ । जसको निम्ति हामी सबैले आफैंलाई उहाँको आगमन सम्मै विश्वासयोग्य बनाइराख्नु आवश्यक छ ।

# ७८ प्रेम

धेरै मानिसहरू असल काम गर्न मन पराउँछन् । प्रेमको अर्थ नै अरूको गल्तीलाई माफ गरेर उनीहरूलाई स्वीकार गर्नु हो । प्रेमले घृणामाथि आफ्नो विजय पाएर जीवनहरू बदलिएको हामी सबैले अनुभव गरेका छौं । ती मानिसहरूले चाहे जुनसुकै क्षेत्रमा कार्यरत किन नहुन् तर तिनीहरूको निस्वार्थ सेवाले पापको अन्धकारमा बाँधिएको जीवनहरूलाई आशाको दियो बालेर बाँच्न सिकाएको हामी आफैले देखेका छौ । जीवनको यात्रामा हरेक दिन धेरै मानिसहरू गन्तव्यविहिन भएर हिँडिरहेका छन् । उनीहरुका लागि प्रेमले एक नयाँ आशा र निर्दिश्ट गन्तव्य दिएको छ ।

मानिसहरू दिनदिनै हतास र निराश भएका छन् तर प्रेमले आफ्नो हात फैलाएर उनीहरूलाई एक नयाँ दिन र नयाँ जीवन दिएको छ ।

प्रेम निस्वार्थ र निस्कपट हुन्छ । प्रेम पवित्र हुन्छ, प्रेमले मानिसलाई हौसला र बाँच्न सिकाउँछ । प्रेमले मानिसलाई भोलीको लागि एक नयाँ आशा दिन्छ ।

“भर्खरै अर्थात, जुन महिनामा उत्तराखण्ड राज्यमा भएको प्राकृतिक विपत्ति जसको कसैले पनि कल्पना समेत गरेको थिएन । उत्तराखण्ड भारतको एक राज्य हो । यो विपत्ति जुन महिनाको २०१३ मा भएको थियो । यो विपत्तिमा परेर कति मानिसहरूले जीवन गुमाए, र कति मानिसहरू आफ्ना परिवारजन र आफन्तजनबाट टाढिए । जसले त्यो विपत्ति आफ्नै आँखाअघि देखे र भोगे, तिनीहरूमाथि परमेश्वरको अनुग्रह भयो र म परमेश्वरप्रति धन्यवादी छु र आभारी छु कि उहाँले त्यो विपत्तिमा भारतीय सेनालाई पठाउनुभयो र ती बहादुर सैनिकहरूले आफ्नो ज्यान

हत्केलामा राखी लाखौं मानिसहरूलाई बचाए । हामीहरू सबै परमेश्वरप्रति धन्यवादी हुनुपर्छ किनभने परमेश्वरले ती निस्वार्थी सैनिकहरूमार्फत विपत्तिमा फसेको मानिसहरूलाई बचाउनुभयो ।

मेरो मन तब भाँचिन्छ जब म त्यो दर्दनाक घटनालाई टेलिभिजनमा हेर्दछु वा रेडियोमा सुन्दछु । एक परिवारका बाबुआमा, छोराछोरीहरू जसोतसो एकअर्काको हात समातेर विपत्तिको सामना गर्दै अगाडि बढिरहेका हुन्छन् । तर विपत्ति यति भयानक बन्न पुग्छ कि माथि पहाडबाट पहिरो आउन थाल्छ र तल खोलाले जमिन बगाउन थाल्छ । तर पनि त्यो परिवार एकअर्कालाई ढाढस दिँदै अगाडि बढ्दै जान्छन् । तर दूर्भाग्यवस अचानक ती सानी छोरीको हात आफ्ना बाबुको हातबाट फुस्किन्छ र ती सानी नानी ५० फीट तल गएर बजारिन पुग्छिन् । माथिबाट बाबु आत्तिएर बेहोसी मुद्रामा तल गएर हेर्छ, उसकी छोरी रगतमा लतपतिएर लडिरहेको पाउछ, आत्तिएर आफ्नी छोरीलाई अंगाल्छ र के भयो छोरी भन्दै सुम्सुमाउँदै सोध्छ ।

त्यो रातभरि पानी परिरहन्छ, र बाबु भने असिमित शोकको वेदनामा जलिरहेका हुन्छ । पूरा परिवारमा एक प्रकारको शोक र पीडा छाउँछ जो अवर्णनिय छ । भोलीपल्ट विहान बाबुले छोरीको लासलाई असहनीय पीडासँग बोक्छ र बगिरहेको पानीमा सधैंको निम्ति विदा गर्छ र आफ्नो घर फर्कन्छ ।

कैयौं परिवारले यस्ता हृदयबिदारक पीडाको अनुभव गरेका हुन्छन् र जसोतसो आफूलाई सम्हाल्छ र कहिलेकहिँ त परिवार सबैको सदस्यको मृत्यु हुन्छ भने कहिलेकाहिँ एक दुइ जना मात्र बाँच्छन् र हामी एकछिन यो कुरा सोचौं त ती बाँचेका मानिसहरू कति पीडामा हुन्छन् होला जसले आफ्नो छोरा वा छोरीको लासलाई आफ्नै आँखाअघि हेनुपर्छ ।

उसको हृदय पीडाले छियाछिया हुन्छ र उभित्रबाट उसको हृदय फुटेको हुन्छ ।

कस्तो निष्टुरी दैब रहेछ जसले यस्ता विपत्तिहरू मनिसमाथि खन्याउँछ र कैयौं घर उजाडिन्छ र परिवार एकअर्काबाट टाढिन्छ र जो बाँचेका छन् उनीहरूले माथि हेर्छन् र सोध्छन्, “किन प्रभु किन......?” “हामीले के गरेका थियौं जसको वदला हामीसँग हाम्रो परिवार, आफन्तजनसँग लिनुभयो......???” “किन प्रभु तपाईं त प्रेम हुनुहुन्थ्यो, किन यस्तो निष्टुर हुनुभयो...???” मसँग यसको जवाफ छैन तर मलाई यो पूर्ण विश्वास छ कि हामी विपत्तिमा परेको वा हामीले दुःख पाएको प्रभुले कहिल्यै चाहनुहुन्न र हालै भएको त्यो उत्तराखण्डको घटना परमेश्वरको इच्छा बमोजिम आएको होइन ।

यदि हामीहरू सबै परमेश्वरको अगाडि विनम्र हुने हो भने यो संसार अर्कै हुने थियो होला र मानिसको आचरण, हिँडाइ, गराइ र बोलाई सबै परमेश्वरको जस्तै हुनेथियो र यो संसारमा प्रेम, शान्ति र आनन्द फैलिन्थ्यो ।

शैतानले धेरै किसिमका जालहरू फैलाएर मानिसलाई परमेश्वरबाट टाढा राख्ने र मानिसहरूलाई प्रेम विना नै बाँच्न सिकाइरहेको छ । र त्यसमा धेरै विधाका मानिसहरू पर्दछन् तर जे भएपनि इसाईहरूले परमेश्वरको प्रेम आफ्नो जीवनमा देखाउनु पर्दछ ।

जबसम्म हामी परमेश्वरको प्रेम आफ्नो जीवनमा देखाउँदैनौं, तबसम्म हामी उहाँको प्रेमको अनुभव हाम्रो जीवनमा गर्दैनौं, जबसम्म उहाँको प्रेम आफूले जान्दैनौं र आफ्नो जीवनमा प्रस्तुत गर्दैनौं तबसम्म हामी आफ्नो निम्ति एक स्वार्थमयी जीवन बाँचिरहेका हुन्छौं ।

यसैकारण पवित्र धर्मशास्त्र बाइबलमा मत्तिको पुस्तक ५ अध्यायको १३ देखि १५ पदमा प्रभु येशू भन्नुहुन्छ,

तिमीहरु पृथ्वीका नून हौ तर नूनको स्वाद गयो भने त्यो केले फेरी नुनिलो पारिने र? त्यो त बाहिर फालिने र मानिसका खुट्टाले कुल्चनबाहेक अरु केहि कामको हुदैन । तिमीहरु संसारका ज्योति हौ । डाँडामा बसालिएको शहर लुक्न सक्दैन । मानिसहरुले बत्ती बालेर पाथीले त छोप्दैनन्, तर समादानमा सामादानमा राख्दछन्, र घरमा हुने सबैको निम्ति त्यसले उज्यालो दिन्छ ।

प्रिय मित्र आजको संसारमा सबैभन्दा ठूलो आवश्यकता भनेको ठूलाठुला संघसस्थाहरू, आधुनिक सुविधाले सम्पन्न स्कुल कलेज र अरू संसारीका उपलव्धिहरू होइनन् तर सबभन्दा ठूलो आवश्यकता भनेको प्रत्येक व्यक्तिको प्रेमिलो व्यवहार, शुद्ध र पवित्र हृदय नै हो किनभने प्रेम मुखमा मात्र होइन जीवनमा प्रकट हुनुपर्दछ ।

# ७९ जीवन चल्नैपर्छ

जीवनका यात्रामा ती दुःखका दिनहरूलाई बिर्सिदिनुहोस् र आशिषका दिनहरूलाई सम्झेर अगाडि बढ्नुहोस् ।

भनिन्छ, जब हामी परिस्थितिलाई परिवर्तन गर्न सक्दैनौं भने हामी आफै परिवर्तित हुनुपर्दछ । त्यसैले ती मानिसहरूसँग रहनुहोस् जसले तपाईंलाई राम्रो बाटोमा हिँडाउँछन् तर जसले तपाईलाई दुष्टाईमा राख्न खोज्छन् तिनीहरूसँग टाढा रहनुहोस् ।

हाम्रा जीवनका प्रत्येक घाउहरू सम्झदा हामी डराउँछौं र ती सबै घाउहरूले डरलाग्दा कथाहरू भन्छन्, एउटा कथा जसले भन्छ, “म बाँचें” । त्यसकारण आफ्ना जीवनका प्रत्येक घाउहरूलाई टाढा राख्नुहोस् र जीवनको यात्रा अगाडि बढाउनुहोस् । जब हामी जीवनको यात्रामा अगाडि बढ्दै जान्छौं तब हामीहरू आफ्ना पूराना साथीहरूलाई छोड्दै र नयाँ बनाउँदै जान्छौं र त्यसको साथै हाम्रा वास्तविक मित्र को हुन् भनी जान्दछौं हैन र ?

मैले आफ्नो जीवन यात्राको क्रममा धेरै कष्टहरू भोगेको छु, कि जीवनलाई समय अनुसार हिँडाउनुपर्छ अर्थात जसरी भएपनि यसलाई निरन्तरता दिनुपर्दछ । जस्तोसुकै प्रतिकुल अवस्थामा हामी किन नगुज्रेका हौं तापनि त्यो अवस्थालाई पार गरेर अगाडि बढ्नु जीवनले सिकाउछ हैन र ?

एक बर्ष अगाडिको कुरा हो, मेरो मोबाइलमा अचानक कसैको फोन आयो । तपाईंहरूलाई थाहै होला नेपालको मोबाइलको नेटवर्कको समस्या । जसले गर्दा धेरै ठाउँमा मोबाइलको आवाज राम्ररी सुन्न सकिन्नँ । फोन उठाएँ तर आवाज स्पष्ट थिएन । तर मलाई थाहा थियो कि

यो कसैले आपतमा फोन गर्दैछ । नेटवर्कको कारण फोन काटियो, तर मैले तुरून्तै कलव्याक गरेँ । उताबाट एकजना चिनेको दिदीले फोन उठाउनुभयो र भन्नुभयो, फलानी दिदी त मर्नुभयो, म आत्तिएँ र सोधेँ, किन र कसरी यस्तो भयो ? उहाँले भन्नुभयो, फलानो अस्पतालमा जम्मा भएका छौं, तपाईं झट्टै त्यहिँ आउनुहोस् । म अर्कै कामको शिलशिलामा बानेश्वर जाने बसमा थिएँ । म हतपत त्याहाँबाट ओर्लिएर अर्को गाडी समातेर सिनामंगलको अस्पतालमा पुगेँ । अस्पताल पुग्दा धेरै मानिसहरू भेला भएका रहेछन् र म पत्याउनै सकिन कि हिजोसम्म कुरा गरेकी भाउजु (जसलाई म भाउजु भनेर बोलाउथे) अहिले मेरो सामु मृत्युमा आनन्दसाथ सुतिरहनु भएको छ र मुखबाट अलिअलि रगत पनि बगिरहेको थियो । उहाँको त्यो मृत शरीरलाई देख्दा मलाई कताकता लाग्छ कि उहाँ उठेर मसँग कुराकानी गर्नुहुन्छ । तर के गर्ने, विडम्बना यस्तै छ अन्तिम संस्कारको लागि चाँजो पाँजो मिलाउनै पर्‍यो । मृत भाउजुको श्रीमान, छोराछोरी र बुहारीहरू शोकमा रहेकोले उनीहरूलाई सम्झाउने कोशिस गरेँ अनि अन्तिम संस्कारको निम्ति के गर्ने भनेर सरसल्लाहमा हामी जुट्यौं ।

दिनको ठीक १ बजेको थियो, हामी इसाईहरूको एउटा मुख्य समस्या भनेको मरेपछि गाड्ने कहाँ ? गाड्ने ठाउँ नभएको कारण हामीहरूले कैयौं विश्वासीहरूलाई लुकाएर गाड्ने वा जलाउने पनि गरेका छौं । दुःख पनि लाग्छ सानो झगडाको कारण यो दिदीले विष खाएर आफ्नो जीवन त्यागिन् । उनी त गईन् तर परिवारलाई बेहालमा छोडेर । सबैको सल्लाह अनुसार उनको लासलाई टेकु घाटमा लगेर जलाउने निर्णय गर्‍यौं र हामी त्यतैतिर लाग्यौं । र मृत शरीर शववाहनमा राखेर उता लैजादा करिब २:३० बजिसकेको थियो । अन्तिम संस्कारको लागि लाग्ने दस्तुर रू ७००० रहेछ । तर त्यो बेला शोकाकुल परिवारले पैसा

बोकेका थिएनन् र अन्तिम संस्कारको खर्च हामी सबैले उठाउनु पर्‍यो र शववाहनको भाडा पनि हामीले नै तिर्नुपर्‍यो र हामी सबैले आफ्नो सामर्थ अनुसार दियौं र त्यो शोकमा डुबेको परिवारले आफ्नो मृत आफन्तको संस्कार गर्न सक्यो ।

परिस्थितिको प्रतिकुल, जब मैले थाहा पाएँ कि समयमा नै उपचार गर्न पाएको भए उहाँको ज्यान जाने थिएन होला, जे भए पनि त्यो दिन जब हामी अन्तिम संस्कार पछि सबैजनाले परमेश्वरलाई प्रार्थन गर्‍यौं र त्यो शोकाकुल परिवारलाई परमेश्वरको वचनबाट ढाडस दियौं । करिब ८ बजे राती हामी सबै आफ्ना घर फर्कियौं ।

त्यसदिन पछि म ती मृत भाऊजुको छोरासँग कुराकानी गर्न थालें । ती भाइ आफ्नी आमाको मृत्युको कारण एकदम निराश थिए । उनलाई परमेश्वरको वचनबाट ढाडस दिए र भनें, "जीवनलाई निरन्तर रूपमा अगाडि बढाउनुपर्छ । ऊनी पछुताऊ मान्दै थिए कि यदि उनीसँग यदि पैसा भएको भए मेरी आमालाई बचाउन सक्थ्ये । मैले अझै बाइबलका केही पदहरूद्वारा ढाडस दिएर सम्झाउने कोशिस गरें ।

तपाईं हामी यो संसारमा केही समयको पाहुना मात्र हौं । हाम्रो घर याहाँ होइन । हामीले यो संसारमा रहँदा धेरै कुरा गर्नुपर्छ र हामीसँग समय अति नै कम छ । हामीले हाम्रो जीवनलाई एकदमै सन्तुलित रूपमा चलाउनुपर्छ । मानिस जन्मेपछि अबवश्य मनुपर्छ । जबसम्म हामी जीवित रहन्छौं तबसम्म हामीले याद राख्नुपर्छ कि आज या भोली भन्दै हामी एकदिन मर्नुपर्छ र जबसम्म जीवित छौं, तब हाम्रो जीवनबाट अरूहरूले आशिष प्राप्त गर्न सकून् ।

पवित्र धर्मशास्त्र बाइबलको पहिलो पुस्तकमा कसरी हाम्रा पुर्खा आदम र हब्बाले पाप गरे र मानब जातिमा मृत्यु आयो अनि मानब जाति पापको दास बनेर दुःखद जीवन

बिताउन वाध्य भयो भनि वर्णन गरिएको छ । पापले मानवजातिलाई आफ्नो पञ्जामा राखेको छ । त्यहि भएर जताततै हामी हिंसा र द्धेस पाउँछौं । तर पनि हामीले जीवनलाई निरन्तरता दिनुपर्दछ । जीवन जिउनु ठूलो कुरा होइन तर कसरी जिउँछौं त्यो ठूलो कुरा हो र त्यसलाई हामीले बुझ्नु पर्दछ ।

# ८० धकेल्नु

एउटा मानिस क्याबिनमा सुतिरहेका हुन्छन् र मध्यरातमा अचानक त्यो क्याबिनमा उज्यालो ज्योति चम्किन्छ र परमेश्वर उनको अगाडि देखा परेर उक्त क्याबिनको अगाडि रहेको ठूलो चट्टानलाई देखाउदै त्यसलाई अगाडि धकेल्न आदेश दिनुभयो ।

ती मानिसले परमेश्वरको आज्ञा बमोजिम आफ्नो सारा शक्ति लगाएर उक्त चट्टान धकेल्न थाले तर त्यो चट्टान टसमस हुनै सकेन । उनी हरेक दिन बिहान उठेर उक्त चट्टान धकेलनको लागि  लागि जान्थे तर उक्त चट्टालाई एक इन्च पनि यताउता सार्न नसकेपछि रातमा निराश भइ क्याबिनमा आएर उनी सुत्थ्यो ।

जब मानिस निराश भएको शैतानले देख्यो तब ती मानिसकहाँ आएर उसलाई भन्यो कि उनी एक असंम्भव काम गर्दैछन् । उसले ती मानिसलाई यो काम गर्नै नसकिनै भन्दै आफ्नो प्रभावमा पार्‍यो  र ती मानिस एकदम हताश र आशाविहिन भए ।

तब ती मानिसले सोच्यो कि, आफ्ना सबै चिन्ता, फिक्रि र निराशापनलाई प्रार्थनामा राखेर परमेश्वरसँग विन्ति गर्नुपर्छ । उनले अब आफ्ना सबै चिन्ता, फिक्रीहरू परमेश्वरमा राखी प्रार्थना चढाउन थाले र परमेश्वरले उनलाई भन्नुभयो, "मलाई थाहा थियो, तँ मकहाँ आउनेछस्, तेरो सारा शक्तिले, तैले भ्यायसम्म चट्टान हटाउने कोशिस गर्नेछस् तर सक्दैनस् । त्यहि भएर तैले आफ्नो समझशक्तिले काम गरिस् तर सफल भइसन्, किनभने मैले तलाई त्यो चट्टानलाई धकेल्नु मात्र भनेको थिएँ सार्नु भनेको थिइनँ । त्यहि भएर त्यो चट्टान त्यहाँबाट सरेन । तर तैले मैले भनेजस्तै गरिस् र तेरा हात र पाखुराहरू तन्दुरूस्त

छन् र पाऊहरू बलिया भएका छन् । यो सत्य हो कि तैले उक्त चट्टानलाई एक इन्ज पनि हटाउन सकिनस् । तर तेरो काम भनेको आज्ञालाई पालन गर्नु हो र आफ्नो विश्वासलाई अभ्यास गर्नु र मेरो ज्ञानमा पूर्ण भरोसा राख्नु नै थियो । अब उक्त चट्टानलाई तैले ठेलेर सार्न सक्छस् ।

जब हामी परमेश्वरको वचन सुन्छौं तब हामी हाम्रो बुद्धि त्यसमा लगाएर आफूलाई मन परेको कामा गर्न खोज्दछौं तर परमेश्वर वास्तवमा के चाहनुहुन्छ ? त्यो हो उहाँमाथि विश्वास र उहाँले भन्नुभएको कुरालाई सिरोपर गर्नु । यदि हामीले आफ्नो विश्वासलाई अभ्यास गर्‍यौं भने ठूलाठूला कामहरू गर्न सक्छौं ।

पवित्र धर्मशास्त्र बाइबलमा मत्तिको पुस्तक १७ अध्यायको २० पदमा यसरी लेखिएको छः "साँच्चै म तिमीहरूलाई भन्दछु कि तिमीहरूमा एउटा रायोको दानाजति विश्वास भएदेखि यस डाँडालाई यहाँबाट हटिजा भन्यौ भने त्यो हटिजानेछ । र तिमीहरूका निम्ति केही असम्भव हुनेछैन ।"

जब हामी हाम्रो जीवनमा सबैतिरबाट असफल हुन्छौं, आफ्नो काम गुमाउँछौं, जब हामीलाई मानिसहरूले बुझ्दैनन्, वा जुन रूपमा हामी सोच्छौं त्यहि रूपमा उनीहरूले सोच्दैनन्, जब हामी एक्लो महशूस गर्छौं, जब हाम्रो धन सिद्धिन्छ र मानिसहरूको ऋण चुक्ता गर्न हामीसँग पैसा हुँदैन, जब मानिसहरूले तपाई र मलाई बुझ्दैनन् तब हामीले प्रार्थना गर्नुपर्छ  जबसम्म तपाईंको प्रार्थनाको उत्तर तपाईंले प्राप्त गर्नुहुन्न ।

# ८१ सिरक

जब म आफ्नो सृष्टिकर्तासँग अन्तिम न्यायको समयमा सामना गर्नेछु, त्यसबेला म अरू आत्माहरूले झैं परमेश्वरको अगाडि घुँडा टेक्नेछु । हामी सबैले आफ्ना जीवन प्रभुमा बिताउनभन्दा अघि चारपाटे सिरकजस्तै थियौं । चारतिर फर्केका थियौं । हाम्रो अगाडि एक स्वर्गदूत बसिरहेका थिए । उनले हाम्रो सिरकलाई एक बनाएर राखे । तर मेरो स्र्वदूतले मेरो सिरकलाई प्रत्येक पीसलाई भिन्नभिन्न गरी छुट्टाए र मैले देखें कि ती पुराना कपडाका टुक्रा बाहेक त्यो सिरक त कति खाली रहेछ । तिनीहरूमा ठूलाठूला पाटाहरू थिए ।

ती प्रत्येक पाटाहरूले मेरो जीवनको प्रतिनिधित्व गरिरहेका थिए र भन्थे कि मेरो जीवन कस्तो किसिमको समस्या, व्यथा र चूनौतिहरू सामना गर्दै दिनदिनै चल्थ्यो र मैले देखें कि दुःखका दिनहरू कस्ता हुन्छन् र ती दिनहरू मेरा सिरकमा देखिएका पाटाहरू जस्तै धेरै नै थिए ।

मैले आफ्नो वरपर नियालें र मैले यो देखें कि मेरो जस्तो चारपाटे सिरक अरू कसैको थिएन । अरूको सिरकमा सानासाना प्वालहरू बाहेक आकर्षक वस्तुहरूले रंगिएका थिए । मैले आफ्नो जीवनलाई हेरें र मैले आफ्नो हृदयलाई खिन्न पारें । मैले यो देखें कि मेरो स्वर्गदूतले त्यो पुरानो कपडाका टुक्राहरूलाई एकएक गरी जोडिरहेका थिए र ती ठाउँहरू खालीखाली देखिन्थे ।

अन्तमा सबैको सिइएको लुगालाई पट्टाउने समय आयो । मेरो स्वर्गदूतले मलाई हेरेर उठ्नको निम्ति संकेत गरे । मैले लाजले आफ्नो आँखा उठाउन सकिनँ किनकि मसँग संसारका सबै चीजहरू थिएन । र मैले मेरो जीवनलाई

नियालें र हासें । मैले मेरो जीवनमा धेरै परिक्षाहरू, सतावटहरू, रोगहरू र मृत्युहरू जस्ता कुराहरूलाई देखें र भोगें । मैले संसार जस्तो छ त्यस्तै रूपमा हेर्ने मौका पाएँ ।

मैले धेरैपल्ट आफ्नो जीवनलाई पुःन सुरू गर्नुपर्‍यो । परिक्षाहरूसँग सामना गर्नुपर्‍यो । जसले गर्दा कहिलेकाहिँ म हतास र निराश भएको हुन्थें तर परमेश्वरको भरोसाले जसोतसो उठ्थें र पुःन जीवन जिउन सुरू गर्थें । मैले धेरै रातहरू एकान्तमा परमेश्वरको सामु घुडा टेकेर प्रार्थनामा बिताएँ र परमेश्वरको अगुवाइ मागें । त्यतिबेला मेरो धेरै खिल्ली उडाइयो र त्यसले मलाई निरास पनि बनायो तर मैले बल, शक्ति र सामर्थ्य केवल परमेश्वरमा मात्र पाएँ ।

जब मेरो खिल्ली उडाइयो, मेरो मन निराश थियो, मैले दुःखको  आँधीको सामना गरें । मप्रति उचित व्यवहार गरिएन तर पनि मैले यो कुरा थाहा पाएँ कि परमेश्वरले मेरो साथ कहिल्यै छोड्नुभएन र मैले उहाँमा केवल आश्रय पाएँ ।

मेरो अगाडि एउटा राम्रो सिरक थियो र त्यसमा धेरै किसिमका ज्योतिहरू चम्किरहेका थिए र मैले हेरें कि त्यसमा एउटा आकृति पनि थियो । र त्यो आकृति प्रभु येशू ख्रीष्टको अनुग्रह थियो । त्यसपछि प्रभु येशू मेरो अगाडि उभिनुभयो र उहाँले मलाई भन्नुभयो, “प्रत्येक समय जब तिमी आफ्नो जीवन मलाई दिन्छौ तब त्यो जीवन मेरो हुन्छ र म त्यो जीवनलाई आफ्नो ज्योतिमा चम्काउछु र त्यो जीवन अरूको अगाडि चम्कन्छ । जब हामी निराश, हतास हुन्छौं वा हामी आशाविहिन हुन्छौं तब परमेश्वरले भन्नुहुन्छ, “नडरा, म तसँग छु ।”

# ८२ प्रेम भनेको दिनु हो

प्रेम भनेको दिनु हो । हाम्रो यो सानो संसार सारा ब्रम्हाण्ड एउटा प्रेमको पाठ हो भन्दा उचित नै होला ।

एउटा सानो केटो आफ्नो बाबुसँग बसेर आकाशलाई हेरिरहेको थियो । त्यहाँबाट उत्तरी भागमा ठूलाठूला पहाडहरू देखिन्थे, पूर्वतिर समुद्रको किनारा र शहरहरू देखिन्थे, त्यसैगरि दक्षिणतिर राजमार्गहरू देखिन्थे । तब बाबुले आफ्ना छोरालाई भने, “छोरा, परमेश्वरको प्रेम यी दृश्यमा भएको पहाडहरूभन्दा पनि अग्लो छ र ठूलो छ ।” तब छोरा केही समय सबैतिर नजर लगाएर हेर्छ, र भन्छ, “बाबा, त्यसो भए हामी यी दृष्यको बीचमा छौं अर्थात हामी परमेश्वरको प्रेमको बीचमा छौं ।” हो छोरा हामीहर परमेश्वरको प्रेमको मध्यभागमा छौं । त्यो प्रेम जसद्वारा हामी सृजियौं र त्यो प्रेम जसलाई परमेश्वरले सारा सृष्टिलाई दिनुभएको छ ।

प्रेम भनेको नै अरूलाई दिनु हो र प्रेमको महान् उदाहरण हामी कलवरीको डाँडामा भएको क्रूसमा पाउँछौं । जहाँ परमेश्वरले आफ्नो एकलौते पुत्र येशू ख्रीष्टलाई हाम्रो पापको लागि बलि हुन दिनुभयो ताकि हामी बाँच्न सकौं र त्यो प्रेमको अनुभव हामी तब गर्न सक्छौं जब हामी परमेश्वरको प्रेम र अनुग्रहको भागिदार बन्छौं । त्यो प्रेम सर्वश्रेष्ठ अनि महान् प्रेम हो जो ख्रीष्ट येशूको रगतमा हामी पाउँछौं ।

हामीले धेरैचोटि यो कुरा सुनेका छौं, “सेवा नै धर्म हो” तर म भन्छु, “सेवा नै प्रेम हो” हामी सधैं अरूको सेवा गर्न तत्पर हुनुपर्दछ । हाम्रो जीवन हामी यसरी जिउनुपर्छ कि

हाम्रो जीवनबाट अरूको लागि आशिष पुगोस् । हामी मालिक होइन तर सेवक बन्न सक्नुपर्छ । तर सांसारिक दृष्टिकोणले हेर्ने हो भने यो कुरा कठीन छ तर असम्भव भने छैन । हाम्रो हृदय कडा र स्वार्थी छ । यसले आफ्नो निम्ति मात्र सोच्छ र आफूलाई मात्र पहिलो प्राथमिकता दिन्छ । यसले आफ्नो फाइदा मात्र खोज्छ र आफूलाई मात्र संकेत गर्दछ । तर परमेश्वरको प्रेमले यो कुरा सम्भव बनाउँछ कि हामी स्वार्थी होइन निस्वार्थी जीवन जिउन सकौं । जजसले विश्वाससाथ परमेश्वरको सेवा गर्दछ, उसले आफ्नो छिमेकीलाई आफूलाई जस्तै प्रेम गर्छ, साथीभाइहरूको आवश्यकतामा हात बढाउँछ र उसले त्यस्ता अवसरहरूमा परमेश्वरको प्रेम र निश्वार्थ भावना देखाउँछ । किनभने प्रेम भनेको नै प्रकट गर्नु हो र प्रेमको अर्थ नै सेवा गर्नु हो । जसले आफ्नो सारा तनमन अरूको सेवामा निस्वार्थ अर्पण गर्दछन् तिनीहरूद्वारा परमेश्वरले आफ्नो प्रेम प्रकट गर्नुहुन्छ र तिनीहरूलाई आशिष निरन्तर रूपमा दिनुहुन्छ ।

आजको दिनमा यो संसारको मुख्य आवश्यकता नै प्रेम हो । किनभने दिनप्रतिदिन प्रेम सेलाउँदै गइरहेको छ । यो संसारमा घृणा, नराम्रा भावना अमानवीय कुराहरू प्रत्येक दिन बढ्दै गइरहेका छन् । यी सबै थोकहरूले बन्धन र तगाराहरू लगाएर मानिसहरूलाई बन्धिक बनाएको छ । तर परमेश्वरको प्रेम यी बन्धन र तगाराहरूलाई हटाएर मानिसको सामु आएको छ । र यदि हामीले परमेश्वरको महान् प्रेमलाई आफ्नो मनमा राखेर आफ्नो जीवनमा आत्मसात गर्‍यौं भने तब हामी परमेश्वरको त्यो निस्वार्थ प्रेमलाई अरूको माझ प्रकट गर्न सक्छौं र हामीले आफ्नो जीवन अरूको सेवामा निस्वार्थ अर्पण गर्‍यौं भने हामीले मानिसको मन भाँचिएको हेर्नुपर्दैन ।

के हामीले परमेश्वरको प्रेमको प्रचार गरिरहेका छौं त ? के हामी परमेश्वरको प्रेमको् बखान आफ्नो जीवनबाट

दिएका छौं त ? के हाम्रो जीवन एक स्वार्थमयी जीवन हो त ? के हामी एक कुरा भन्छौं र अर्को कुरा गर्छौं ? यदि यी कुराहरू हामीले गरिरहेका छौं भने एकछिन हामी रोकौं र यो कुरा सोचौं कि कसरी हाम्रो जीवन अरूको लागि आशिषको माध्यम बनाउने ?

पवित्र धर्मशास्त्र बाइबलको नयाँ नियममा भएको पहिलो यूहन्नाको ४ अध्यायको ८ पदमा यसरी लेखिएको छ, प्रेम नगर्नेले परमेश्वरलाई चिन्दैन् किनभने परमेश्वर प्रेम हुनुहुन्छ ।

हामी अहिले संसारको इतिहासको अन्तिम समयमा बसेका छौं र हामीले हाम्रो समय आफू मात्र तयार नभएर अरूलाई पनि प्रभु येशू ख्रीष्टको दोस्रो आगमणको लागि तया पार्नुपर्दछ । हामीले यो समय खेर फाल्ने होइन तर यो समयमा हामीले तीन स्वर्गदूतको सन्देश सारा संसारलाई सुनाउनु र फैलाउनुपर्दछ ।

# ८३ खोजकर्ता

पवित्र धर्मशास्त्र बाइबलको पुस्तक १ इतिहासको २८ अध्यायको ९ पदमा दाऊद राजाले आफ्नो छोरा सोलोमनलाईृ कडा रूपमा भनेका छन, अनि तिर्मा सोलोमन मेरा छोरा चाहिँ तिम्रा पिताका परमेश्वरलाई आफ्नै ईश्वर माान, र सारा हृदय र राजी खुसीको मनले उहाँको सेवा गर । किनभने परमेश्वरले हरेक हृदयलाई जाच्नुहुन्छ र मानिसको हरेक विचारलाई थाहा पाउनुहुन्छ । यदि उहाँलाई खोज्यै भने तिमीले उहाँलाई भेट्टाउनेछौ, तर यदि तिमीले उहाँलाई त्याग्यौ भने उहाँले तिमीलाई सधैको निम्ति इनकार गर्नुहुनेछ । (१ इतिहास २८:९ ।)

राजा दाऊदले भनेको कुरा सहि हो । परमेश्वरले आफ्नो सारा जनहरूलाई प्रतिज्ञा गर्नुभएको छ । तर उहाँले कसैलाई जबरजस्ती भने गर्नुहुन्न ।

त्यसैले त पवित्र धर्मशास्त्र बाइबलको अन्तिम पुस्तक प्रकाशको अध्याय ३ को २० पदमा प्रभु येशू खीष्ट भन्नुहुन्छ, " हेर म ढोकामा उभिएर ढकढक्याउछु । कसैले मेरो सोर सुनेर ढोका खोलीदियो भने, म त्यसकहाँ भित्र पस्नेछु र त्यससँग भोजन खानेछु, र त्यसले मसँग खानेछ । ( प्रकाश ३:२०)

यो पदबाट हामी यो कुरा सिक्छौं कि परमेश्वर हामीलाई आशिष दिन चाहनुहुन्छ अनि हामीसँग रहन पनि चाहनुहुन्छ । यसकारण हामीले आफैलाई उहाँको निम्ति तयार पार्नुपर्छ । हामीले परमेश्वरसँगको आफ्नो सम्बन्ध बलियो सुदृढ राख्नुपर्दछ । उहाँसँगको सम्बन्ध बलियो राख्नको लागि हामीले हाम्रो हृदय सहिरूपमा परमेश्वरको

खोजीमा लगाउनुपर्दछ । यदि हामीले साँचो हृदयले परमेश्वरलाई खोज्यौं भने, उहाँ हामीसँग रहनुहुन्छ र उहाँले हामीलाई आशिष दिनुहुन्छ । प्रकाशको पुस्तक ३ अध्यायको २० पदमा रहेको प्रतिज्ञा उहाँले हाम्रो जीवनमा पूरा गर्नुहुनेछ ।

प्रभु येशूको नामहरूमध्ये "इम्मानूएल" पनि एक हो । जसको अर्थ हो, "परमेश्वर हामीसँग" । परमेश्वरलाई हतपत यो नाउँबाट पुकारिएको हामी पाउँदैनौं । परमेश्वर आफ्नो सन्तानहरूसँग रहन चाहनुहुन्छ । यदि आफ्नो दुष्ट चालहरू त्यागेर हामी परमेश्वरकहाँ आउँछौं भने परमेश्वर पनि हामीसँग रहन आउनुहुन्छ । यो परमेश्वरको निमन्त्रणा हो जो हाम्रो सृष्टिकर्ता हुनुहुन्छ ।

त्यसैले आज नै हामी परमेश्वरलाई खोजौं र आफ्नो जीवनको केन्द्रविन्दु उहाँलाई बनाउन हामी तयार होऔं । उहाँले हाम्रो निम्ति आशिषको ढोका खोल्नुभएको छ र हामी त्यस ढोकाभित्र पसौं ।

पवित्र धर्मशास्त्र बाइबलको पुस्तक भजनसंग्रह १२१ अध्यायको ८ पदमा दाऊद राजाले भनेका छन्, "तिमी बाहिर जाँदा र भित्र आउदा परमप्रभुले तिम्रो रक्षा गर्नुहुनेछ, अहिले अनि सदाकालसम्म" भजनसंग्रह १२१:८ ।

साच्चै नै परमेश्वर हाम्रो रक्षक हुनुहुन्छ । उहाँ शक्तिशाली दैविय रक्षक, कस्तो सुन्दर दैविय रक्षक र भरोसायुक्त हुनुहुन्छ ।

हाम्रो गोहार प्रार्थनाको उत्तर परमेश्वरबाट नै आउँछ । आत्मिक यात्रामा हामी धेरै कठिनाइ, मुश्किलको सामना गर्छौं र कतिपय समयमा हामी कठिनाइ आइपर्दा हतास र निराश हुन्छौं । हामी जब परमेश्वरसँग गोहार माग्छौं तब उहाँले हाम्रो गोहारको उत्तर दिनुहुन्छ । हाम्रो आत्मिकी यात्रामा आइपर्ने कठीनाइ, मुश्किलहरूले हाम्रो

आत्मिकी जोश र जाँगरलाई शिथिल पार्छ तब हामी उहाँको वचनमा उत्साह पाउँछौं ।

यो यस्तो यात्रा हो जसमा हामी परमेश्वरको राज्यतर्फ जाँदैछौं । जब हामी आत्मिकी यात्रामा हिँड्छौं तब हामीमा आउने वाधा, अवरोधको सामना गर्दा हतास र निराश भएको महशूस गर्दछौं । हाम्रो जीवनमा धेरै ठूला निराशाका पहाड र अवरोधको पहाड आउँदछन् । तर हामी निराश हुनुपर्दैन किनकि परमेश्वर हाम्रो साथमा हुनुहुन्छ । हाम्रा बाटोमा आउने हरेक पहाडहरू पन्छाउन मद्दत गनुहुन्छ । हाम्रो असल गोठालो प्रभु येशूले हामीलाई हाम्रो आत्मिकी बाटोमा हामीलाई सहारा दिनुहुन्छ ।

त्यसैले उहाँको हातलाई नछोडी निरन्तर रूपमा अगाडि बढौं, जहाँ हामी आफ्नो कहिल्यै नसोचेको, नदेखेको र नभोगेको कुराहरू हाम्रो निम्ति पर्खिरहेको पाउँदछौं । हाम्रो परमेश्वर एक उच्च पथप्रदर्शक हुनुहुन्छ । जब उहाँसँग हामी आत्मिकी यात्रामा हिँड्छौं, उहाँले हाम्रो लागि सबै किसिमका मुश्किल, कठीनाइका पहाडहरू हटाइदिनुहुन्छ । र उहाँले हाम्रो यात्रालाई एक नयाँ रूप दिनुहुन्छ र हाम्रो साथ कहिल्यै पछि छोड्नुहुन्न ।

जब हामी आफ्नो जीवनलाई परमेश्वरको इच्छामा अगाडि बढाउँछौं तब उहाँले हामीलाई । सबै कुराहरूबाट संरक्षण प्रदान गरी हाम्रो गन्तव्यमा पुराउनुहुन्छ । तपाईं हामी उहाँको नजरमा धेरै अनमोल र मुल्यवान छौं ।

परमेश्वरले हामीलाई हामी कसरी र कस्तो समाजमा बस्छौं त्यो सोध्नुहुन्न तर हामीले अरूप्रति कस्तो व्यवहार गर्छौं त्यो मात्र उहाँले सोध्नुहुन्छ । हामीसँग कति सम्पत्ति छ त्यो पमेश्वरले सोध्नुहुन्न तर हामीले गरिब, दिनदुःखीप्रति कस्तो व्यवहार गर्छौं त्योचाहिँ उहाँ चासो राख्नुहुन्छ ।

त्यसैले हामीले हाम्रो जीवन आफ्नो निम्ति होइन तर अरूको निम्ति जिउनुपर्छ । हामीले हाम्रो जीवन अरूको निम्ति आशिषको माध्यम बनाउनुपर्छ । त्यसैले हामी अरूको निम्ति बाँच्न सिकौं र सिकाऔं ।

# ८४ मानिसको सृष्टि

कोही मान्छे भन्छन्, जिन्दगी केही पनि होइन, दुइदिन बाँचुन्जेल रमझम, मोजमज्जा गर्ने हो । अनि फेरि अन्तमा मरेर जाने हो । तर यस्ता भनाइहरूमा सत्यता पाइदैन । कारण यस्ता विचार राख्ने मानिसहरू स्वार्थी हुन्छन् । हामीले सोच्नुपर्ने कुरा के हो भने हामी यो संसारमा छौं एउटा उद्देश्यपूर्ण योजनासहित । हाम्रो जीवनबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा धेरै मानिसहरू प्रभावित भइरहेका हुन्छन् । हाम्रो असल गराइले अरूमा सकारात्मक असर पर्छ भने खराब आचरणले नकारात्मक असर । तपाईं आफैमा सिमित हुनुहुन्न । तपाईं अचानक यो संसारमा आउनुभएको पनि होइन । हामी कसैको छोरा, कसैको बाबु, कसैको श्रीमान, कसैको साथी वा नातेदार हौं । ती व्यक्तिहरूले हाम्रो जीवनलाई नजिकबाट नियालीरहेका हुन्छन् ।

मानिसको सृष्टि परमेश्वरले विशेष किसिमले गर्नुभएको हो । अर्थात सृष्टिको उत्तम सृष्टि हामी मानिस हौं । पवित्र धर्मशास्त्र बाइबलको उत्पत्ति १ अध्यायको २६ पदमा मानव जातिलाई परमेश्वरले उहाँको आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो भनी लेखिएको छ । अनि परमेश्वरले मानिसलाई सृष्टिको हेरचाह गर्ने जिम्मेवारी दिनुभएको कुरा हामी पाउँदछौं । अनि मानिसले आफ्नो जीवनकालभरि आफ्ना सृष्टिकर्ताको महिमा गर्नुपर्दछ भनी भन्नुभयो ।

आज जुन सृष्टिलाई परमेश्वरले मानिसलाई हेरचाह गर्नू भनी दिनुभयो, त्यही सृष्टिलाई मानिस नष्ट गर्न दिनरात लागि परेको छ । के यो असल हो ? तपाईंलाई कसैले कुनै कुराको जिम्मेवारी दिंदा तपाईं उक्त कुरालाई संरक्षण गर्नुहुन्छ वा सिध्याइदिनुहुन्छ ?

तर आज मानिसले आफ्नो सृष्टिकर्ता परमेश्वरलाई नचिनेका कारण र उहाँको योजनाहरू नबुझेका कारण आफ्नो जीवन उद्देश्यविहिन, आशाविहिन अनि आफ्नै चालमा हिँडिरहेको पाइन्छ । जब हाम्रा सन्तानहरू हामीबाट टाढिन्छन् वा हाम्रा आज्ञाहरू तोडेर उनीहरू आफ्ना मनखुशी गर्दछन् त्यतिखेर हाम्रो चित्त कति दुख्छ । हो परमेश्वरलाई पनि त्यस्तै भयो । मानिसलाई सृष्टि गरेर परमेश्वरले दिनुभएको आज्ञालाई मानिसले उलंघन गर्‍यो । उहाँको आज्ञा उलंघन गर्नु भनेको सरासर पाप गर्नु हो भनी बाइबलले बताउँदछ । जब मानिस पापमा फस्यो तब उसले परमेश्वरको प्रेम र योजनालाई थाहा पाउन सकेन । अनि परमेश्वसँगको सम्बन्धबाट अलग हुन पुग्यो । यसरी परमेश्वरको नजरमा विद्रोही भएका कारण मृत्यु, श्राप अनि नराम्रा भावनाहरू मानिसमा आयो ।

मानिसले परमेश्वरकहाँ पुग्नको लागि आफ्नै किसिमको बाटाहरू बनाउन थाले । आफैले गरेको धर्म, कर्म, दान, पुन आदिद्वारा परमेश्वरकहाँ पुग्न सकिन्छ भन्ने गलत सोच मानिसमा आयो । तर यी सबै कुराहरू वा आफ्नै प्रयासद्वारा परमेश्वरसम्म पुग्न मानिस असमर्थ भयो ।

तर परमेश्वरले मानिसलाई त्यत्तिकै छोड्नुभएन । उहाँले मानिसजातिको पापक्षमाको निम्ति येशू ख्रीष्टलाई यस संसारमा पठाउनुभयो ।

पवित्र धर्मशास्त्र बाइबलको यूहन्ना ३:१६ पदमा यसरी लेखिएको छ, किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्नो एकलोते पुत्रलाई यस संसारमा पठाउनुभयो ताकि उहाँमाथि विश्वास गर्ने कोही नास नहोस् तर त्यसले अनन्त जीवन पाओस् ।

येशू ख्रीष्ट आउनुभन्दा अगाडि धेरै जना भविष्यवक्ताहरूले अगमवाणी गरेका थिए कि येशू यस संसारमा आउनुहुनेछ । अनि उहाँ यस संसारको मसीह

अर्थात उद्धारकर्ता हुनुहुनेछ । ठीक त्यहि नै भयो । येशू ख्रीष्ट यस संसारमा आउनुभयो अनि परमेश्वरको राज्यको विषयमा पापको विषयमा अनि उद्धारको विषयमा प्रचार गर्नुभयो । उहाँले कुनै पाप गर्नुभएन तर पनि एउटा पापीलाई झैं उहाँलाई क्रूसमा टाँगियो । येशू आफैले भन्नुभयो, म बलिदान हुनको निम्ति यस संसारमा आएको छु ।

उहाँलाई मारियो, गाडियो अनि तेस्रो दिनमा फेरी जीवित भइ उठ्नुभयो ।

उहाँले भन्नुभयो, बाटो सत्य र जीवन म नै हुँ, मलाई पछ्याउने प्रत्येक परमेश्वरसम्म पुग्नेछ ।

आज हामी केवल हाम्रो हृदयको विश्वास र मुखको स्वीकारद्वारा उहाँलाई आफ्नो जीवनमा बोलाउन सक्छौं । अनि परमेश्वरको प्रेम योजनालाई थाहा गर्न सक्छौं ।

**प्रार्थनाः**

प्रभु येशू म तपाईंलाई धन्यवाद दिन्छु, मेरो पापको खातिर तपाईं मर्नुभएको निम्ति । आज म मेरो जीवन तपाईंलाई दिन्छु । तपाईंले चाहेजस्तो मलाई बनाउनुहोस् । आमिन् ।

# ८५ परमेश्वरसँग माग्नु

हामी कसैसँग केही कुरा माग्न हिचकिचाउँछौं । हामीलाई लाग्छ कि उसले दिन्छ वा दिँदैन । यदि दिएन भने हामी शर्ममा पर्छौं, तर परमेश्वरसँग माग्न हामी हिचकिचाउनु हुँदैन किनकि उहाँले हामीलाई चाहिएको कुरा दिने प्रतिज्ञा गर्नुभएको छ । हाम्रो परमेश्वर महान् र अनुग्रहको धनी र करूणामय हुनुहुन्छ ।

परमप्रभु भन्नुहुन्छ कि यदि हामी उहाँमा सारा तनमन लगाउँछौं र विश्वास गर्छौं भने उहाँ हामीसँग बस्न आउनुहुन्छ ।  यदि हामी उहाँसँग विश्वास गरेर प्रार्थनामा माग्छौं भने उहाँले हामीलाई हाम्रो प्रार्थनाको उत्तर दिनुहुन्छ ।

परमेश्वर असल हुनुहुन्छ र उहाँले आफ्नो जनको हेरचाह गर्नुहुन्छ । यदि हामीले उहाँको आज्ञा पालन गर्‍यौं र उहाँको प्रेमलाई आत्मसात गर्‍यौं भने उहाँले हामीलाई खुसी र आनन्दले भरपूर पार्नुहुन्छ । त्यसैले आउनुहोस् हामी परमेश्वरमा आशा र विश्वास साथ जिउन सिकौं र आफ्नो पाप स्वीकारेर उहाँमा आशासँग हिँड्न सिकौं ।

त्यसैले पवित्र धर्मशास्त्र बाइबलको रोमी ८ अध्यायको ३१ र ३२ पदमा यसरी लेखिएको छः, हामीले यसमा के भन्ने त? यदि परमेश्वरले हामीतर्फ हुनुहुन्छ भने, हाम्रो बिरुद्ध को हुन्छ? जसले आफ्नो निज पुत्रलाई बाँकी राख्नुभएन, तर हामी सबैको निम्ति उहाँलाई दिनुभयो, के उहाँले हामीलाई सबैथोक पनि उहाँकै साथमा दिनुहुनेछैन र? रोमी ८:३१-३२ ।

परमेश्वरले हामीलाई सबैथोक दिनुहुन्छ । त्यसैले त हामीले धेरै कुरा उहाँमा पाइसकेका छौं । तर सबैभन्दा ठूलो उपहार भनेको उहाँले हाम्रो निम्ति एकमात्र पुत्र दिनुभयो ।

उहाँले एकमात्र पुत्र हाम्रो निम्ति पठाउनुभो ता कि हामी नाश नहौं तर उहाँमा अनन्त जीवन पाउन सकौं । परमेश्वरले हाम्रो लागि आफ्नो एकमात्र पुत्र पठाउनुभयो ।

कति ठूलो त्याग जुनचाहिँ परमेश्वरले हाम्रो निम्ति गर्नुभयो । हामी त्यो त्यागको हकदार पनि थिएनौं तर उहाँको वचनले हामीलाई यो प्रकाश दिन्छ कि उहाँले हामीलाई यति धेरै प्रेम गर्नुभयो कि आफ्ना एकमात्र पुत्रलाई हाम्रो माझमा हाम्रो निम्ति पठाउनुभयो ।

पवित्र धर्मशास्त्र बाइबलको यूहन्नाको पुस्तक ३ अध्यायको १६ पदमा यो लेखिएको छः किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्नो एक मात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोहिँ नाश नहोस, तर त्यसले अनन्त जीवन पाओस् । यूहन्ना ३:१६ ।

यो महान त्याग  महान बलिदान हामीजस्ता तुच्छ मानिसको निम्ति गरियो र त्यो महान बलिदानले हामीलाई हाम्रो सृष्टिकर्तासँग मिल्नलाई बाटो खुलाइदियो । यदि त्यो बाटो हामीले पछ्यायौं भने हामी सृष्टिकर्तासँगै हिँड्छौं । त्यसैले त्यो महान् बलिदान हामीले कहिल्यै भुल्नुहुँदैन ।

परमेश्वरले आफ्नो पुत्र सबैको निम्ति दिनुभयो र सबै मानिसजातिको निम्ति बलिदान हुनुभयो । कतिले उहाँको बलिदानमा विश्वास गरेनन् तर त्यो बलिदान यो दुष्ट र अबुझ संसारको निम्ति थियो । किनभने परमेश्वरलाई यो कुरा थाहा थियो कि यदि संसारले उहाँको बलिदानलाई महत्व नदिए पनि उहाँको महान बलिदान लाई महत्व दिने धेरै मानिसहरू हुनेछन् ।

त्यसै पवित्र धर्मशास्त्र बाइबलको रोमीको पुस्तक ८ अध्यायको २८-३० पदमा पावल यसरी भन्दछन : हामी जान्दछौ, उहाँलाई प्रेम गर्नेहरु र उहाँका अभिप्रायअनुसार बोलाईएकाहरुका निम्ति हरेक कुरामा परमेश्वरले भलाई नै गर्नुहुन्छ । जस-जसलाई उहाँले पहिलेबाटै चिन्नुभएको छ,

उहाँले तिनीहरुलाई आफ्नो पुत्रको रुपसमान बनाउनलनई, धेरै भाइहरुमध्ये उहाँचाहिँ ज्येष्ठ होऊन भनेर अघिबाटै नियुक्त गर्नुभयो, तिनीहरुलाई उहाँले बोलाउनु पनि भयो, र जस जसलाई बोलाउनुभयो तिनिहरुलाई उहाँले धमी ठहराउनुभयो, तिनीहरुलाई उहाँले महिमित पनि पार्नुभयो । रोमी ८:२८-३० ।

त्यसैले प्रिय मित्र हामी परमेश्वरले दिनुभएको उपहारलाई महत्व दिन सिकौं र उहाँले सित्तैमा दिनुभएको मुक्तीको उपहार हाम्रो निम्ति मात्र नभएर अरूको निम्ति पनि हो । त्यसकारण यसलाई आफैमा मात्र सिमित नराखेर अरूहरूलाई पनि बाडौं, सिकाऔं ।

परमेश्वर प्रेम हुनुहुन्छ र हामी प्रेम बाँड्न सिकौं । उहाँको प्रेमको अनुभव गरौं ।

# ८६ अनुयाइहरु

हामी हाम्रो जीवनमा दैनिकी रूपमा धेरै मानिसहरूसँग भेट गर्छौं वा मिल्छौं र सबै मानिसहरूमा एउटा मिल्ने कुरा म पाउछु त्यो हो अनिश्चितता । हामी जहिले पनि अरूमा निश्चित वा भर पर्न हिचकिचाउँछौं । हामीलाई अरूमाथि भर पर्न वा पत्याउन गाह्रो लाग्छ किनकि हामी आफै आफूले गरेको कुरामा चुक्छौं । त्यसैले अरूमाथि भर पर्न हामी चुक्छौं वा गाह्रो मान्छौं । हामी जे काम पनि भोलीको लागि राख्छौं हामी हाम्रो जीवन भोली भन्ने शब्दको वरिपरिमा बिताउँछौं ।

विशेष गरी हाम्रो देश नेपालमा हामी भोलीको भरमा जिउने गर्छौं । कसैले केही काम दियो भने हामी भोली भन्ने गर्छौं । आजको संसारमा हामी आजको निम्ति जिउनुपर्छ, भोली कसलाई के थाहा ? आजको दिन मात्र हाम्रो हो । हामीले गर्ने काममा हामी निश्चित हुनुपर्छ र त्यो काम हामीले आजै गर्नुपर्दछ । तब आफ्नो काममा हामी सफल हुन्छौं र हामीले पछि पछुताउनु पर्दैन ।

हाम्रो स्वभाव अनिश्चित छ । हाम्रो शंका गर्न बानी छ तर परमेश्वर निश्चितताको परमेश्वर हुनुहुन्छ । उहाँमा नै हामी भर पर्न सक्छौं । किनकि उहाँ सत्य हुनुहुन्छ । उहाँ कहिल्यै पनि आफ्नो वचनबाट चुक्नुहुन्न । उहाँ सधैं आफ्नो वचनमा अडिग रहनुहुन्छ । हामी मानिस हरू वारम्वार आफ्नो मन परिवर्तन गर्छौं तर उहाँ कहिल्यै पनि वचनबाट टाढा भएर हामीजस्तो वारम्वार आफ्नो मन परिवर्तन गर्नुहुन्न ।

त्यसैले हामी उहाँमा सधैं भर पर्न सक्नछौं र उहाँको भलाई हाम्रो निम्ति सधैं रहिरहन्छ ।

त्यसैले पवित्र धर्मशास्त्र बाइबलको भजनसंग्रहको पुस्तक २३ अध्यायको ६ पदमा राजा दाऊद परमेश्वरको भरोसामा यसरी भजन गाउँदछन् ।

निश्चयनै भलाई र कृपा मेरो जीवनभरि मपछि लाग्नेछ र परमप्रभुको घरमा म सदासर्वदा वास गर्नेछु । भजनसंग्रह २३:६

राजा दाऊदले परमेश्वरलाई आफ्नो जीवनको हरेका उतारचढाबमा आफ्नो अगाडि राखेर पछ्याएका थिए । कसरी परमेश्वरले उसलाई जीववनको गोरेटोमा डोऱ्याउनुभएको थियो उनले त्यो व्यक्त गर्दछन् । उनी आफ्नो अनुभवद्वारा भन्छन् कि परमेश्वर विश्वास गर्न योग्यको हुनुहुन्छ । राजा दाऊदले जस्तै हामीले पनि परमेश्वरलाई आफ्नो जीवनका हरेक पाइलामा अगाडि राख्नुपर्दछ । उनले जस्तै हामीले पनि परमेश्वरको दया र उदारतामा पूर्ण भरोसा राख्नुपर्दछ ।

जब हामीलाई लाग्दछ कि हाम्रो जीवनमा धेरै उतारचढाब छन् । हाम्रो जीवनको हरेक पाटाहरू अन्धकारले भरिएका छन् । हाम्रो जीवनमा धेरै डरलाग्दा खाडलहरू हामी देख्छौं र सामना गर्छौं तब हामीले परमेश्वरको छत्रछायामा रहनुपर्दछ । उहाको अगुवाइमा हामी भरोसा राख्नुपर्दछ । किनकि हाम्रो जीवनमा परमप्रभु चासो राख्नुहुन्छ किनभने हामी त उहाँको सृष्टि हौं ।

परमेश्वरले भन्नुभएको छ कि उहाँमाथि विश्वास गर्ने हरेकले आशिष पाउनेछन् । के त्यो आशिष प्राप्त गर्नको निम्ति तपाईं उत्सुक हुनुहुन्न? हाम्रो आवश्यकता र हाम्रो खाँचो परमेश्वरलाई थाहा छ किनकि हामी उहाँको सृष्टि हौं । हामीले हाम्रो आवश्यकता सधैं प्रार्थनामा परमेश्वरको अगाडि राख्नुपर्दछ । किनकि परमेश्वर चाहनुहुन्छ कि हामी उहाँसँग मागौं । जब हामी हाम्रो खाँचो र आवश्यकता परमेश्वरको सामु राख्छौं, तब हामी उहाँको शक्ति र

सामर्थमा भर पर्छौं । उहाँमा हामी समर्पित हुन्छौं तब परमेश्वरले हाम्रो प्रार्थनाको उत्तर दिनुहुन्छ ।

हामीले हाम्रो जीवनलाई राम्ररी अनुशासित किसिमले हिँडाउनुपर्छ । हामी अरूको सामु परमेश्वरको जन हौं भनी चिनाउनुपर्दछ । त्यसपछि परमेश्वरले हाम्रो आवश्यकता पूरा गर्नुहुन्छ । अनि हामी परमेश्वरले दिनुहुने शान्तिको अनुभव गर्न सक्छौं । र त्यो शान्तिले हाम्रो मन र शरीरलाई प्रभु ख्रीष्टमा एक गराउँदछ ।

हामी सबै स्वर्ग जान चाहन्छौं होइन र? कसै कसैको निम्ति यो संसार दुःखको घर हुन सक्छ भने कसैको निम्ति सुखको स्थान । हामी सबै दुःख, कष्ट र रोगबाट मुक्त हुन चाहन्छौं । किनकि हामी सबैले यी सबै कुरा भोगदै आएका छौं । यदि हामी यी सबै कुरादेखि मुक्त हुन चाहन्छौ भने हामी परमेश्वरको शक्ति र सामर्थ्यमा भर पर्नुपर्छ । उहाँको अगुवाइ खोज्नुपर्छ । किनकि हामी उहाँ विना केही गर्न सक्दैनौं । हामी त कमजोर र निर्वल छौं तर परमेश्वर बलवान हुनुहुन्छ र उहाँले हामीलाई सबै चिन्ता फिक्रिबाट छुटकारा दिन चाहनुहुन्छ ।

परमेश्वरको अनुग्रह हामीमाथि सदासर्वदा अविरल बग्ने खोलाझैं बगिरहन्छ । हामी सबैजना उहाँमा भर परेर अघि बढ्नुपर्दछ कारण परमेश्वर भन्नुहुन्छ, तिमीले मलाई खोजेर भेट्टाउनेछौ । र म तिमीहरूले पुकार गर्दा म जवाफ दिनेछु ।

# ८७ मानिसको स्वभाव

किन मानिसको स्वभाव स्वार्थी र निर्दयी छ ? हामीले सोच्नुपर्ने कुरा यो हो कि किन हाम्रो स्वभाव यस्तो भयो ? के परमेश्वरले नै यस्तै बनाउनुभो ?

किन मानिसको स्वभाव यति धेरै आफूमा केन्द्रित छ ?

मानिसको स्वभाव अझै आउने दिनहरूमा अझ खराब हुँदै जानेछ भनेर भनिएको छ । दिनप्रतिदिन हिंसामा भएको बृद्धिले मानिसको मन कठोर र प्रेमविहिन भएको जस्तो लाग्छ । मानिसको स्वभाव वास्तविक मानवीय स्वभावभन्दा धेरै पर देखिन्छ । हामी यति अमानवीय घटनाहरू हेर्दछौं, सुन्दछौं र पढ्छौं कि हाम्रो हृदय डरले कामेर आउँछ । दिनप्रतिदिन यस्ता घट्नाहरूमा भएको बृद्धिले हामी यो संसार कता गइरहेको छ र यसमा के भइरहेको छ हामी बुझ्न सक्दैनौं ।

सबै मानिसजातिमा मानवीय स्वभाव हुन्छ । त्यो स्वभाव भनेको स्वार्थी अर्थात आफैलाई मात्र सोच्ने, यी स्वभावहरू हजारौं बर्षदेखि नै कहिल्यै निको नहुने रोगझैं मानिसलाई गाँजेका छन् । त्यसैले पवित्र धर्मशास्त्र बाइबलले भन्छ:

*सारा संसार दुष्टको अधनीनमा परेको छ र यसको कारणचाहिँ मानिसको खराब स्वभाव नै हो । त्यसकारण हामी यस्तो स्वभावदेखि टाढा रहनुपर्दछ ।*

पवित्र धर्मशास्त्र बाइबलको रोमीको पुस्तक ३ अध्यायको २३ पदमा यसरी लेखिएको छ : *किनकि सबैले पाप गरका छन् र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन् । रोमी ३:२३*

जब आदम र हब्बाले पाप गरे, त्यही पापले एक देखि अर्को पुस्तामा आफ्नो जरो गाडयो र सावै व्यक्तिहरुमा आफ्नो वर्चस्व जमायो । प्रत्येक मानवजाति आफ्नो पापको कारण दोषी छ, र हामी सबै आफ्नो पापको कारण आफै दोषी छौं ।

जब आदम हव्वाले परमेश्वरको आज्ञालाई उलंघण गरेर पाप सुरू  गरे,त्यस पापले दुइओटा परिणाम ल्यायो ।

१) मानिस सधैंको निम्ति जीवनको रूखबाट टाढियो

२) समस्त मानव जातिमा मृत्यु आयो

यी दुइ परिणामले गर्दा आज मानिसको स्वभाव बद्लिएको छ । त्यसैले प्रभु येशूले मर्कूसको पुस्तक ७ अध्यायको २० देखि २३ पदमा भन्नुभएको छ, उहाँले भन्नुभयो "मानिसहरुबाट जे बाहिर निश्कन्छ त्यसैले मानिसलाई अशुद्ध पार्छ । किनकि भित्रबाट, अर्थात मानिसको हृदयबाट खराब बिचार, व्यविचार, चोरी, हत्या, परस्त्रीगमन, लोभ, दुष्टता, छल, छाडापन, ईर्ष्या, निन्दा, घमण्ड, मूर्खता निश्कनछन् । यी सबै कुराहरु भित्रबाट निश्कन्छन र मानिसलाई अशुद्ध पार्छन्" मर्कूस ७:२०-२३ ।

मानिसबाट जे बाहिर निस्कन्छ त्यसैले मानिसलाई अशुद्ध पार्दछ । किनकि भित्रबाट अर्थात मानिसको मनबाट खराब विचार, व्यभिचार, चोरी, हत्या, परस्त्रीगमन, लोभ, दुष्टता, छल, छाडापन, इर्ष्या, निन्दा, घमण्ड, मूर्खता आदि निस्कन्छन् । यी सबै दुष्ट कुराहरू मानिसको मनभित्रबाट निस्कन्छन् र मानिसलाई अशुद्ध पार्छन ।

त्यसैले त पवित्र धर्मशास्त्र बाइबलको रोमीको पुस्तक ८ अध्यायको ७ पदमा पावल प्रेरित यसो भन्छन्: "किनभने पापमय शरीरतिर लागेको मनचाहिँ परमेश्वरप्रति शत्रुता हो । परमेश्वरका व्यवस्थाको अधिनमा त्यो हुँदैन, न ता त्यो कहिल्यै हुन सक्छ ।" (रोमी ८:७)

यी पदहरूले हामीलाई मानवीय स्वभाव कस्तो छ भनेर स्पष्ट पारेको छ । नराम्रो विचार कति छिटो मानिसको मनमा पस्छ र उक्त विचार अब सोचाइमा परिणत हुन्छ र त्यो सोचाइ गराइमा परिणत हुन्छ । यस्तो नराम्रो विचार कसरी मानिसमा आयो ? परमेश्वरले हाल्नुभएको होइन ।

पवित्र धर्मशास्त्र बाइबलको एफिसीको पुस्तक २ अध्यायको १ र २ पदमा पावल प्रेरित भन्छन्, *"तिमीहरू आफ्‌ना अपराध र पापहरूद्वारा मरेको बेलामा उहाँले तिमीहरूलाई जीवित पार्नुभयो, यिनैमा यस संसारको रीतिअनुसार र आकाशको शक्तिको मालिकअनुसार अनाज्ञाकारिताको सन्तानमा अहिले काम गर्ने आत्मा अनुसार तिमीहरू अघि एक पल्ट चल्दै थियौ ।" (एफिसी २:१-२) ।*

यी सब पापी स्वभाव शैतानको कारणले आएका हुन् । हामीले सोचेको भन्दा बढी शाक्तिशाली छ शैतान । शैतानले हामीलाई आफ्‌नो पञ्जामा गाडेको थियो तर प्रभु येशू ख्रीष्टले हामीलाई आफ्‌नो मायालु हातले तानेर पापको गहिरो खाडलबाट तानेर निकाल्नुभयो र हामीलाई एक नयाँ जीवन दिनुभएको छ । त्यसैसे त्यो नयाँ जीवन उहाँको निम्ति जिऔं ।

# ८८ दैवीय अनुग्रह

मलाई पुरातात्वीक महत्वको स्थानहरू घुम्न मन लाग्छ किनकि ती सबै कुराले विभिन्न व्यक्तिहरूको जीवन र उनीहरूको भावनालाई प्रतिनिधित्व गर्दछन्, जुन समयमा ती स्थानहरूको निर्माण गरियो । चाहे ती ठूलाठूला भवनहरू वा धरोहरहरू किन नहुन् । तिनीहरूले एउटा ठूलो इतिहास र कथा बोकेका हुन्छन् । लाग्दछ ती ढुङ्गाहरू बोल्छन् ।

संसारमा भएको सबै कुराको आफ्नै महत्व र इतिहास छ । तिनीहरूले एउटा युगको प्रतिनिधित्व गर्ने गर्दछन् । पकृती र संसारमा देखिएको पत्येक दृश्यले परमेश्वरको चरित्रलाई देखाउँदछ । र यो सब कुरा बुझ्नको निम्ति हामीलाई परमेशवरको अगुवाइको आवश्यकता पर्छ । जसरी हामीलाई नयाँ ठाउँ घुम्दा गाइडको आवश्यकता पर्दछ त्यसैगरि परमेश्वरको दृष्टिकोणबाट संसारलाई हेर्न परमेश्वरको अगुवाइको जरूरी पर्दछ । सबै कुराको ज्ञान भएको एकमात्र गाइड परमेश्वरमात्र हुनुहुन्छ ।

हाम्रो जीवनको विभिन्न मोडहरूमा हामीलाई सहाराको आवश्यकता पर्दछ । यात्रामा हामी कहिलेकाहिँ ठेस खाएर लड्न सक्छौं तब हामीलाई साहाराको आवश्यकता पर्छ । धेरै कुराहरू हामी आफ्नो जीवनमा गर्न खोज्छौं तर गर्न सक्दैनौं किनभने परमेश्वरको अगुवाइ हाम्रो जीवनमा हुँदैन ।

त्यसकारण हाम्रो आत्मिक यात्रामा हाम्रो पथप्रदर्शक पवित्र आत्मा हुनुहुन्छ । पवित्र आत्माले हरसमय तपाईं र मलाई आत्मिक यात्रामा कसरी हिँड्ने भनेर सिकाइरहनुहुन्छ ।

जब प्रभु येशू माथी स्वर्गमा उठाइलानुभयो तब उहाँले एक सल्लाहकार पठाउँछु भनेर प्रतिज्ञा गर्नुभयो । जसले उहाँको चेलाहरूलाई सबै कुरा सिकाउनेछ ।

त्यसैले त पवित्र धर्मशास्त्र बाइबलको यूहन्नको पुस्तक १४ अध्यायको २६ पदमा प्रभु येशू भन्नुहुन्छः,

*"तर सल्लाहकार अर्थात पवित्र आत्मा जसलाई पिताले मेरो नाउँमा पठाउनुहुनेछ, उहाँले तिमीहरूलाई सबैकुरा सिकाउनुहुनेछ र मैले भनेको सबै कुरा तिमीहरूलाई याद दिलाउनुहुनेछ ।" (यूहन्ना १४:२६) ।*

पवित्र आत्मा तपाईं र मेरो हृदयमा बस्नुहुन्छ र हामीलाई दिनदिन प्रभु येशूमा हिँड्नको निम्ति अगुवाइ गर्नुहुन्छ । पवित्र धर्मशास्त्र बाइबलको रोमीको पुस्तक ८ अध्यायको २६ पदमा पवित्र आत्माको बारेमा यसरी लेखिएको छः *"त्यसै गरी पवित्र आत्माले पनि हाम्रो दुर्बलतामा सहायता गर्नुहुन्छ । कसरी प्रार्थना गर्नुपर्ने हो हामी जान्दैनौं, तर शब्दहरूमा व्यक्त गर्न नसकिने सुस्केरामा पवित्र आत्माले हाम्रो निम्ति मध्यस्थता गर्नुहुन्छ ।" (रोमी ८:२६) ।*

उहाँले अर्थात पवित्र आत्माले प्रभु येशूको वचनलाई स्मरण गराउनुहुन्छ र उहाँले हामी सबैमा आशा र भरोसाको निश्चयता दिनुहुन्छ । उहाँले मानिसलाई प्रभुमा जन्मनको निम्ति अगुवाइ गर्नुहुन्छ र आत्मिक जीवनमा बलियो हुनको लागि प्रोत्साहन गर्नुहुन्छ । हाम्रो जीवनमा जब हामी पवित्र धर्मशास्त्र बाइबललाई अध्ययन गर्छौं तब उहाँलाई हामी हाम्रो जीवनको मार्गदर्शक बनाउँछौं र उहाँले हामीलाई लैजानुहुन्छ । टाढाको त्यो शहरमा जहाँ दुःख र अशान्ती हुदैन ।

पवित्र आत्माको अगुवाइ हामीलाई हाम्रो आत्मिकी जीवनमा अति आवश्यक पर्दछ । हाम्रो आत्मिकी जीवन अति सजिलो छैन तर प्रत्येक मोडमा प्रभु येशू ख्रीष्टले पठाउनुभएको सल्लाहकार यानी कि पवित्र आत्माले हामीलाई

डोर्‍याउनुहुन्छ र हामीले सधैं त्यो बाटोमा हिँड्नुपर्छ । जब हामी आत्मिकी जीवनको यात्रामा प्रभुलाई अगाडि राख्छौं त्यसपछि हाम्रो यात्रा पवित्र आत्माको अगुवाइमा सजिलो बन्न पुग्छ र परमेश्वरले दिनुहुने सित्तैको मुक्ति उपहारू हामी ग्रहण गर्न सक्छौं ।

पवित्र धर्मशास्त्र बाइबलको पुस्तक तीतस २ अध्यायको ११ पदमा यसो लेखिएको छ, *"मानिसहरूको मुक्तिको निम्ति परमेश्वरको अनुग्रह प्रकट भएको छ ।" ( तीतस २:११)*

त्यसैले हामी हाम्रो जीवनमा पवित्र आत्माको अगुवाइमा हिँड्नुपर्छ र हाम्रो जीवनमा हामीले आफूलाई हैन तर ख्रीष्टलाई उचाल्नुपर्दछ ।

# ८९ जीवनमा सिकनुपर्ने पाठहरु

भनिन्छ हामीले आफ्नै सोचाइमा भर पर्नुपर्छ र आफ्नो सोचाइमा विश्वास गर्नुपर्छ । हाम्रो चेतना शक्तिशाली हुन्छ, जसमाथि हामी भर पर्न सक्छौं । भनिन्छ हामी जीवनमा जे भोग्छौं त्यहि नै सिक्छौं । जस्तो भोगाइ त्यस्तै सिकाइ ।

परिस्थिति र समयले मानिसलाई सिकाउछ र हामी अरू मानिसको जीवनबाट धेरै कुरा सिक्न सक्छौं । हामी हाम्रो जीवनमा धेरै कुराहरू भोग्छौं र सिक्छौं । हामीले धेरै समस्याहरूको सामना गर्नुपर्दछ ।

भनिन्छ, आफ्ना समस्याहरू अरू मानिसलाई नभन्नु वा नपोखाउनु । किनभने २० प्रतिशत मानिसले हाम्रो समस्यालाई वास्ता गर्दैनन् र ८० प्रतिशत मानिसहरू हाम्रो समस्यामा रमाउँछन् । हाम्रो जीवनचाहिँ एक बक्सिङ खेलजस्तै हो । जब खेलाडी खेल्दाखेल्दै लड्छ तबसम्म ऊ पराजित हुँदैन तर खेलाडी तब पराजित हुन्छ जब ऊ लडेर उठ्न सक्दैन ।

हाम्रो जीवन एक शिक्षक हो जसले हामीलाई धेरै कुराहरू सिकाउछ । हाम्रो जीवनमा धेरै कुराहरूले हामीलाई बाँच्न सिकाइरहेको हुन्छ । हामी सबै किसिमको मानिसहरूबाट असल र खराब कुराहरू सिकिरहेका हुन्छौं तर हामीमा भर पर्छ की ती कुराहरूमध्ये कुनकुन कुराचाहिँ हामी हाम्रो जीवनमा प्रयोग गर्ने ।

हाम्रा जीवनमा प्रत्येक कुराको दुइ महत्वपूर्ण पाटाहरू हुन्छन् ।

पहिलो - त्यसलाई प्राप्त गर्नुभन्दा अगाडिको अवस्था

दोस्रो - उक्त कुरालाई गुमाएपछिको अवस्था

हामीले हाम्रो जीवनमा हुने सबै कुरालाई ख्यालमा राख्नु पर्छ । हाम्रो जीवन एक लडाइँ हो । जसमा हामी तबसम्म हार्दैनौं जबसम्म हामी आफै हार मान्दैनौं, हाम्रो जीवनमा धेरै समस्याहरू दुःखद परिस्थितिहरू आउँछन् तर ती सबैसँग डराएर हैन लडेर अघि बढ्न सिक्नुपर्दछ ।

एउटा बहिरो मानिसले भन्छ, - अरू सबैको लागि म बहिरो छु, तर मेरो लागि सबै जना लाटा छन् । प्रत्येक व्यक्तिको हेराइमा जीवन फरक-फरक हुन्छ तर यो जीवन कसरी जिउने त्यो हामीमा नै भर पर्छ । हाम्रो पछाडि हुने कुराले हामीलाई असर गर्दैन किनकि हाम्रो समय यति महत्वपूर्ण छ कि हामीले यसलाई खेर फाल्नु हुँदैन ।

हामीले आफैलाई कमजोर सोच्नुहुन्न किनकि परमेश्वरले हामीलाई उहाँमा बलियो पार्नुहुन्छ, किनकि हामी त निर्बल र कमजोर छौं तर हामी हाम्रो बल उहाँमाा पाउँछौं र हामी कमजोर देखी बलिया हुँदै जान्छौं । त्यसकारण आफ्नो छातीलाई ठूलो बनाएर फुलाउनुहोस् । आफ्नो मनलाई संकुचित नपार्नुहोस् र आफ्नो जीवनलाई निराश नबनाउनुहोस् ।

ती मानिसहरू जसले हाम्रो हृदयमा चोट पुर्‍याएका थिए तिनीहरूलाई क्षमा गर्न सिकौं ताकि हामीलाई परमेश्वरले क्षमा गर्नुहुन्छ । हामी तबसम्म क्षमाको योग्य हुँदैनौं जबसम्म हामी अरूलाई क्षमा गर्न सिक्दैनौं ।

यो कुरा याद राख्नुपर्दछ कि रित्तिएको खल्ती वा गोजीले मानिसलाई धेरै कुरा सिकाउछ । खाली गोजीले हामीलाई मेहनत गर्न सिकाउछ तर भरिएको खल्तीले मानिसलाई खत्तम बनाउछ ।

अरूको गल्तीद्वारा आफू पनि सिक्नुपर्छ ।

हाम्रो जीवन परमेश्वरको देन हो त्यसैले हामीले हाम्रो जीवन उहाँमा बिताउनुपर्छ ।

विश्वास एक ऐनाजस्तै हो जो एकपटक फुटेपछि फेरी जोड्न सकिन्न । त्यसैगरी एकपटक विश्वास तोडिएपछि फेरि जोडिन एकदम कठीन हुन्छ ।

भविष्यको प्रत्येक कुराहरू अनिश्चित छन् । त्यसैले हामीले हाम्रो भविष्य परमेश्वरमा राख्नुपर्दछ । हाम्रो जीवन एक कथाजस्तै हो, जसमा समय र परिस्थितिहरूले हामीलाई धेरै कुराहरू सिकाउछन् ।

हामीले आफ्नो दुःखको समयमा मात्र होइन तर सुखको समयमा पनि परमेश्वरलाई याद गर्नुपर्दछ ।

त्यसैले हाम्रो जीवन अनमोल छ, हामी हाम्रो जीवन घृणामा होइन तर प्रेममा बिताउन सिकौं किनकि प्रेम भनेको नै बाँड्नु हो । सेवा नै प्रेम हो । त्यसैले हामी अरूलाई प्रेम गर्न सिकौं ।

# १० युद्ध

युद्धको त्रासदीले संसारलाई हजारौं बर्षदेखि गाँज्दै आएको छ । यसबाट प्राप्त प्रतिफलहरू नास, आर्थिक अस्तव्यस्तता, टुहुरा बालबच्चाहरू, मानिसहरू मारिएको, जमीनमाथि अत्याचार, भोकमरी,रोगविमार आदि हुन् ।

सबै किसिमका रिस, घृणा, प्रतिशोधात्मक भावनाले, युद्धहरू दिनहुँ बढ्दैछन् र मानिस मानिसमाथि काबु पाउनको निम्ति यी सबै कृयाकलापहरू भएका हुन् । मानिसले आफ्नो जीवनलाई जानेर वा नजानेर अन्धकारतिर धकेल्दैछन् ।

तपाईं हामी यस्तो युगमा बाँचेका छौं कि जसमा मानिस मानिसप्रति गर्ने घृणा बढ्दैछ र उनीहरू एकअर्काको रगतको प्यासा बनेका छन् । आजभन्दा १०/१५ बर्ष अघि हाम्रो जीवन कस्तो थियो र आज कस्तो छ त्यसको कल्पना गर्नुहोस् त !

जब कयिनले हाबिलको हत्या गरे त्यसपछि मानव इतिहासमा युद्ध कहिल्यै नरोकिने दिर्घ रोगको रूपमा स्थापित भयो । कयिन र हाबिलको बीचमा विवाद भनेको दोष र इर्ष्या थियो र त्यहि इर्ष्या र दोषले मानिसजातिमा आफ्नो जरा गाडेर बसेको छ र एकले अर्कालाई दोष लगाउने बानी प्रत्येक मानिसमा पाइन्छ ।

जब हामी आफैलाई हेर्छौं वा हाम्रो समाजलाई, राष्ट्रलाई र अरू राष्ट्रलाई हेर्छौं भने यो स्पष्टै देख्न सक्छौं ।

युद्धले प्रत्यक देश र त्यस देशका मानिसहरुको जीवन मानिसहरूको जीवन एकदमै कष्टकर बनाएको छ । युद्धहरू चाहे जातिको नामका होस् या धर्मको नाममा होस् मर्ने त आखिर सोझासाझा जनताहरू नै हुन् । जो मानिसहरू युद्धलाई बारम्बार भोगरिहन्छन् तिनीहरूले

आफ्नो सम्पूर्ण श्रोत र साधनलाई निर्माणमा भन्दा संरक्षणमा लाग्नुपर्ने हुन्छ ।

एक तथ्याङ्क अनुसार अहिलेसम्म ५००० भन्दा धेरै युद्धहरू भइसकेका छन् तर कतिको त अझै रेकर्ड नै छैन ।

ठूलाठूला देशहरूले हातहतियारको नाममा धेरै खर्च गर्छन् र धेरै डरलाग्दा र शक्तिशाली आणविक हतियारहरू बनाउदछन् ।

जापानको हिरोसिमा र नागासाकीमा भएको आणविक हतियारको प्रयोग र त्यसको परिणाम हामी कहिल्यै बिर्सिन सक्दैनौं । त्यसका नकारात्मक असरहरू अहिले पनि हाम्रा सामु प्रष्टै हेर्न सक्छौं । तसर्थ हामी एकले अर्कालाई सम्मान गर्न सिकौं ।

# ९१ तपाईंका चिन्ता र उत्तर

भनिन्छ, तपाईं हामीले बोल्ने शब्दहरू या त हाम्रो लागि फायदाजनक वा हानिकारक हुन्छन् । त्यसैले हामी बोल्नुभन्दा पहिले सोच्नुपर्छ । अंग्रेजीमा एक भनाइ छः

Think before you speak

अर्थात, तपाईं बोल्नुभन्दा पहिले सोच्नुहोस् । यदि हामीले सोची, सम्झी बोल्यौं भने त्यसले ल्याउने नकारात्मक प्रभावबाट हामी बच्न सक्छौं र त्यसको साथ-साथ हामीले कुन सन्दर्भ वा अर्थमा बोलेका हौं त्यसको प्रतिफल प्राप्त गर्न सक्छौं ।

हामीले धेरै प्रतिष्ठित मानिसहरू आफ्नो, अभिव्यक्तिको कारणले विवादमा पर्ने गरेका देखेका छौं । त्यही भएर हामीले गर्नुपर्ने काम र व्यवहारको बारेमा विषयमा कसैको बारेमा टिकाटिप्पणी गर्नुपरेमा होशियार रहनुपर्दछ ।

हाम्रो देश नेपालमा एउटा भनाई छ - बन्दुकबाट निस्केको गोली र मुखबाट निस्केको बोली फर्कदैन । त्यही भएर हामी बोल्नुभन्दा पहिले सोच्ने गरौं नत्र पघि पछुताउनुपर्ला ।

कहिलेकाहिँ हामी नसोची र नसम्झी बोल्छौं तर त्यो एकदम खराब बानी नै हो । शरीरको घाऊ त निको हुन्छ तर मनको घाउचाहिँ कहिले पनि निको हुँदैन । त्यसैले हामी सबैले कुनै कुरा गर्नुभन्दा पहिले सोझी बुझी बोल्नु नै बुद्धिमानी हुन्छ ।

त्यसैले पवित्र शास्त्र बाइबलको हितोपदेशको पुस्तक १८ अध्यायको २१ पदमा सोलोमन राजा भन्छन्, “जीवन र

मृत्युको शक्ति जिब्रोमा हुन्छ, त्यसलाई प्रेम गर्नेहरूले त्यसका फल खानुपर्छ ।" (हितोपदेश १८:२१)

एउटा प्रचलित भनाई छ, तपाईंले आफ्नो हाऊभाऊ र व्यवहारभन्दा बेसी तपाईंले आफ्नो बोली खानु पर्छ । यो सत्य हो म यसलाई पनि मान्छु ।

त्यसैले भविष्यवक्ता यर्मिया भन्छन्, "जब तपाईंको वचन आए ती मैले खाएँ र तिनले मलाई रमाहट र मेरो हृदयलाई आनन्दित तुल्याए किनकि तपाईंको नाउँले म कहलाइन्छु, हे सर्बशक्तिमान परमप्रभु परमेश्वर !!!

हो परमेश्वरको वचन जब हामी खान्छौं तब हाम्रा हृदय, तन-मन आनन्दित भएर फुल्छ किनकि परमेश्वरको वचन हाम्रो निम्ति उहाँको प्रेमको पस्फुटन हो र उहाँको वचनले हामीलाई सुरक्षित रूपमा अगुवाइ गर्नुहुन्छ । जब हामी उहाँको वचनमा हिँड्छौं तब हाम्रो आत्मिक यात्रा एकदम सहज हुन्छ । परमेश्वरको वचनले हामीलाई चिन्ता र फिक्रि साथै डरबाट पनि बचाउछ र हामीलाई अन्धकारको शक्ति विरूद्धमा हौसला दिन्छ र हामीलाई बलियो बनाउछ ।

हामीले परमेश्वरको वचनलाई आफूमा मात्र समित नभएर अरूको निम्ति पनि बाँड्नुपर्छ र कठोर मानिसलाई आफ्नो वचनले परिवर्तन गर्नुपर्छ । यदि कोही भड्किएर गएका छन् भने उनीहरूलाई प्रभुमा ल्याउनु पर्दछ । त्यसैले मानिसलाई सही बाटोमा पुर्‍याउनको लागि उसको घरपरिवार, उपयुक्त वातावरण, साथीभाइको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

त्यसैले त भनिन्छ यदि तपाईं मानिसको चरित्र कस्तो छ भनेर जान्न चाहनुहुन्छ भने उक्त मानिसको साथी संगीबाट बुझ्न सक्नुहुन्छ ।

जबसम्म तपाईं आफ्नो जीवनमा चुनौतिहरूको सामना गर्न सक्नुहुन्न तबसम्म तपाईं आफ्नो जीवनमा सफल हुन सक्नुहुन्न । तपाईंले लिने निर्णयहरू एकदम

सावधानीपूर्वक लिनुहोस् । र आफ्नो जीवनमा भएको चुनौतीहरूलाई परमेश्वरको शक्ति र सामर्थमा तयार पार्नुहोस् र सामना गर्नुहोस् ।

हुनसक्छ तपाईं हाम्रो जीवनमा चुनौतिहरू कम वा धेरै होलान् तर परमेश्वरमा पाउने शक्ति र सामर्थले हामी त्यस्ता कैयौं चुनौतीहरूको सामना गर्न सक्छौं ।

त्यसैले हामी परमेश्वरमा अघि बढ्न सिकौं र आफ्नो बोली पनि उहाँलाई नै सुम्पौं ता कि हामी पछि पछुताउनु नपरोस् । हाम्रो समस्या र चुनौतीको उत्तर उहाँ नै हुनुहुन्छ ।

# १२ चिन्ता र फिक्रीलाई हटाउनु

चिन्ता यस्तो रोग हो जसले मानिसको मन-मस्तिष्कमा आफ्नो स्थान जमाएको हुन्छ र यसबाट मानिसले छुटकारा पाउनै पर्छ । आजको जमानामा चिन्ता र फिक्रि मानिसको जीवन को अभिन्न अंग नै बनिसकेको छ तर पनि मानिसले आफ्नो जीवनयात्रालाई निरन्तरता दिनुपर्ने हुन्छ । तर यदि चिन्ताले हामीलाई छोप्यो भने ठूलो खतरा हुन सक्छ ।

आजको समयमा चिन्ता-फिक्रिचाहिँ आत्महत्याको मुख्य कारण बनिसकेको छ । त्यसकारण हामी सबैले चिन्ताबाट मुक्ति पाउनैपर्छ । हाम्रो मन सधैं के लाउँला के खाउँला भनी चिन्ता र फिक्रि मात्र गरिरहेको हामी पाउँछौं । हामीसँग जे छ त्यससँग हामी सन्तुष्ट हुँनैनौं किनकि हामी लोभी स्वभावका छौं । यो चिन्ता र फिक्रिले हामीलाई धेरैभन्दा धेरै धन आर्जन गर्नमा लोभी बनाउछ ।

हामी सबै जनाले आफ्नो जीवन यात्रामा राम्रा नराम्रा अवस्थाहरूको सामना गर्दा हामी चिन्तित हुन्छौं । तर हाम्रो चिन्ता-फिक्रिसँग हामी आफ्नो यात्रामा अघि बढ्न सक्दैनौं । किनकि यसले हामीमैं डर उत्पन्न गराउँछ तबा हामी सबैले आश्रय केबल येशूमा पाउँछौं । हामी केवल येशूमा चिन्ता र फिक्रिबाट मुक्ति पाउन सक्छौं ।

जबसम्म हामी यो सत्यलाई बुझ्दैनौं तबसम्म हामी हाम्रो जीवनलाई सही रूपमा अगाडि बढाउन सक्दैनौं । जबसम्म हामी हाम्रो मनमस्तिस्कमा परमेश्वरको वचनले भर्दैनौं तबसम्म हाम्रो दिमागमा चिन्ता र फिक्रिले कब्जा गरिरहेको हुन्छ ।

जब हामी हाम्रो मन मस्तिष्क परमेश्वरको वचनले भर्छौं तब चिन्ता र फिक्रिले हाम्रो मनमा कब्जा जमाउन सक्दैन ।

जब हामी धेरै चिन्ता गर्छौं त्यसको सीधा असर हाम्रो शरीरमा पर्न जान्छ । हाम्रो स्वास्थ्य पनि खराब हुँदै जान्छ र भनिन्छ कि चिन्ताले चितामा पुर्‍याउँछ । त्यसैले हामीले चिन्ता लिनुहुन्न । हामीले चिन्ता कहिल्यै लिनुहुन्न किनभने परमेश्वर हामीसँग हुनुहुन्छ ।

त्यसैले पवित्र धर्मशास्त्र बाइबलमा भजनसंग्रहको पुस्तक ३७ अध्यायको २५ पदमा परमेश्वरमा भरोसा राख्दै दाऊद राजा भन्छन्: *"म जवान थिएँ अब वृद्ध भएको छु तर धर्मी जन त्यागिएको वा उनको छोराछोरीले मागेर खानु परेको मैले अहिलेसम्म हेर्नुपरेको छैन ।" (भजनसंग्रह ३७:२५) ।*

त्यसैले हामी कहिल्यै पनि चिन्तामा बस्नुहुन्न किनकि उहाँले हामीलाई कहिल्यै पनि त्यागिएको देख्न चाहनुहुन्न । उहाँले हामीलाई कहिल्यै पनि त्याग्नुहुन्न र कहिल्यै पनि हामी एक्लो भएको उहाँ चाहनुहुन्न ॥

त्यसैले हामी कहिल्यै पनि चिन्तामा नबसौं । परमेश्वर हामीसँग हुनुहुन्छ र उँहाको प्रेम हामीसँग छ । उहाँको लौरोले हामीलाई सान्त्वना दिन्छ र हामीलाई चिन्ता मुक्त बनाउँछ । हामी चिन्ता र फिक्रिमाथि विजयी पाउँछौं । हामी सबै ख्रीष्टमा विजयी बन्न सक्छौं र हामी सबै विजेता कहलाइनेछौं ।

आफू आफैमा भर पर्ने होइन । यदि तपाईं आफूमा नभइ परमेश्वरमा भर पर्नुभयो भने निश्चय नै तपाईंले तय गर्नुभएको जीवनका दौडहरूमा परमेश्वरले अवश्य तपाईंलाई सहयोग गर्नुहुनेछ ।

# १३ परमेश्वरको आवाज

बादल गर्जेको आवाज सुन्दा मलाई डर लाग्छ किनकि बादल गर्जेपछि चट्याङ परेर धेरै मानिसहरूले ज्यान गुमाएको मैले सुनेको छु । जब म सानो थिएँ, बादलमा गर्जेको आवाज सुनेर मरो जिऊ सिरिङ्ग हुन्थ्यो ।

हो आकाशको गर्जनले धेरै मानिसहरूलाई आतंकित पार्छ । यदि हामी निद्रामा छौं भने त्यसले हाम्रो निद्रानै खलबलाइदिन्छ र साना नानीहरू रूने कराउने गर्दछन् ।

तर आश्चर्य मान्नुपर्ने कुरा के हो भने पुराना मानिसहरूले बादलको गर्जनलाई परमेश्वरको आवाज मान्थे ।

ग्रीकहरूको निम्ति यो सबैभन्दा महान् दैविय शक्तिको आवाज, त्यसैगरि परमेश्वर इस्राएलीसँग बादल गज्रेको आवाजमा बोल्नुभयो । परमेशवरको आवाज शान्त र मधुर आवाजदेखि बादलको गर्जनमा पनि परमेश्वर बोल्नुहुन्छ ।

जे भएपनि एउटा परिवार फिलिपिन्स भन्ने देशमा अध्ययनको लागि केही समय बसेको हुन्छ । उनीहरूको अनुभव यस्तो छः त्यतिबेला उक्त देश एक किसिमको आधींले हल्लियो । घनघोर वर्षा भयो र उर्लदो समुन्द्रको छाल आयो । हामीले जसोतसो यो आधींसँग लड्दै थियौं र एकअर्काको मद्दत गर्दैथियौं । तर आकाशको गर्जन र हावाको प्रचण्ड गतीले हाम्रो कामलाई असफल बनाइरहेको थियो । आमा-बाहरू आआफ्ना बच्चाहरूलाई बचाउन र सुरक्षित ठाउँमा ल्याउनको निम्ति प्रयत्न गरिरहेका थिए । रूखहरू

उखेलिएका थिए र जरामाथि पल्टिरहेको देखिन्थे । एउटा सानो बच्चालाई झण्डै उडाएको दृश्य हामीले देख्यौं ।

दुइघण्टापछि आधीं अलिक शान्त भयो र दक्षिणतिर आकाश एकदम सफा देखियो तर उत्तरतर्फको आकाश कालो हुँदै गयो र एक घण्टाभित्र पुनः पहेंलो र खैरो हुँदै आयो । पुनः छानाहरू उडाउने हुरीबतास चल्न थाल्यो र छिमेकीको घरको पर्खाल भिजेको कार्डबोर्ड जस्तै भयो । तैपनि हामीसँग जाने कुनै ठाउँ थिएन । हामीहरूको निम्ति केवल घरभित्रका भएका फर्निचरमुनि लुकेर बस्नु सिवाय अरू कुनै उपाय थिएन ।

वास्तवमा परमेश्वरसँग उपाय छ । त्यसैले पवित्र धर्मशास्त्र बाइबलको नहूमको पुस्तक १ अध्यायको ३ पदमा यस्तो भनिएको छः

"परमप्रभु रीस गर्नमा धैर्यवान हुनुहुन्छ र उहाँ अति शक्तिशाली हुनुहुन्छ । दोषीलाई प्रभु दण्ड नदिई छोड्नुहुन्न । भूमी र आधींहरूमा उहाँको बाटो छ र बादलहरूचाहिँ उहाँको खुट्टाको धुलाहरू हुन् ।" (नहूम १:३) ।

हाम्रो परमेश्वर कति महान् र शक्तिशाली हुनुहुन्छ । उहाँ जस्तो शक्तिशाली को छ र ? सारा पृथ्वी उहाँको अगाडि झुक्छन् र उहाँको महिमा गाउँछन् र उहाँको शक्तिको वर्णन गर्छन् ।

जस्तोसुकै परिस्थितिबाट परमेश्वर हामीलाई छुटकारा दिनुहुन्छ ।

मलाई थाहा छैन भोलीको दिनले मेरो निम्ति के ल्याउँछ वा कस्तो हुनेछ ? यदि मेरो भोली शान्तिमा बिते भने म परमेश्वरप्रति धन्यवादी हुनेछु र यदि मेरो भोली आधीं र बतासमा गएर गुज्रियो भने पनि म परमेश्वरको शक्तिमा भर पर्नेछु । कारण उहाँले सहायता गर्नुहुनेछ ।

यो सन्दर्भमा आउनुहोस्, हामी पवित्र धर्मशास्त्र बाइबलको यर्मियाको पुस्तक ४ अध्यायको २१३ पद पढौं ।

“हेर बादलझैं उहाँ अघि बढ्नुहुन्छ । उहाँका रथहरू भूमरीझैं आउँछन्, उहाँका घोडाहरू गरूडहरूभन्दा चाँडा छन् ।” (यर्मिया ४:१३) ।

परमेश्वर महान् हुनुहुन्छ र हाम्रो जीवनमा पनि त्यसैगरि आउनुहुन्छ, हामीले केबल उहाँलाइ चिन्न सक्नुपर्छ । र त्यस्तो गर्जनमा पनि परमेश्वरको आवाज हामीले चिन्न सक्नुपर्छ र उहाँको आवाजलाई चिनेर उहाँको वचनमा विश्वास गरेर अघि बढ्नुपर्छ ।

# १४ यदि तपाईं खुसी हुनुहुन्छ ?

विभिन्न समय र परिस्थितिका कारण हामीहरू कष्टपूर्ण जीवनमा गुज्रिरहेका हुन्छौं । हाम्रो शरीर एकदम कमजोर हुनजान्छ हाम्रो जीवनमा यति धेरै तहहरू छन् जसले यो कुरा देखाउँछ कि हामी आफ्नो जीवनमा खुसी छैनौं भनेर ।

मानिसको जीवनमा दुइओटा पाटाहरू छन् । एउटा राम्रो अर्को नराम्रो । चाहेर वा नचाहेर हामीले हाम्रो जीवनमा राम्रा दिनसँगै नराम्रा दिनहरू पनि बिताउनुपर्ने हुन्छ र बिताइरहेका हुन्छौं ।

तर कतिपय समयमा हामी दुःख वा कष्टको समयलाई हेरेर दिन काट्छौं । सुखको समयलाई बिर्सन्छौं । त्यसैकारण हाम्रो जीवन सन्तुलित रूपमा चल्दैन । हामी सधैं हतास र निराश हुन्छौं र सबै किसिमका समस्याहरूले हामीलाई गाँजेझैं लाग्छ । तर जति हामी सोच्छौं त्यति नै रूपमा प्रतिकुल परिस्थितिहरूले नगाँजेको हुन पनि सक्छ ।

ससाना नानीहरू, चर्चमा गीत गाउँछन्, यदि तिमी खुसी छौ भने ताली बजाऊ । उनीहरू जेस र उत्साहसाथ ताली बजाउँछन् र उनीहरूको अनुहारमा एक प्रकारको खुसी झल्किएको पाइन्छ ।

ससाना नानीहरूको मन निश्चल र निस्कपट हुन्छ र कुनै पनि बाहीरी कुराहरूद्वारा उनीहरू प्रदुशित भएका हुँदैनन् ।

धेरै बर्षअघि मेरो जीवनमा यस्तो अवस्था आयो कि सबै कुरा प्रतिकुल भए झैं लाग्यो । मेरो जीवनमा पनि धेरै उतारचढाव थियो । म आफ्नो सानो छोरासँग खेल्दै दिन

बिताउँदै थिएँ । मैले आफ्नो बिगतलाई नियालेर हेरेँ र बर्तमानसँग तुलना गरेँ । मैले पाएँ कि कतिपय अवस्थामा मा दु:खी थिएँ र चिन्तित थिएँ तर परमेश्वरको अनुग्रहले मैले ती दु:ख अवस्थामा पनि विजय पाएँ । त्यसकारण मैले यो प्रण गरेँ कि अब आउने समयहरू म खुसीमा बिताउने छु । आफ्नो उद्देश्यमा अगाडि बढ्नेछु र त्यसपछि मेरो दिनहरू खुसी र आनन्दले भरिएर आउनेछ र म परमप्रभुको स्तुति सदासर्वदा मेरो जीवनकालभरि गर्नेछु ।

धेरैपटक हामी हाम्रो जीवनलाई बुझ्न सक्दैनौं र त्यहि बुझ्न नसकेर हामीले हाम्रो जीवनलाई गलत रूपमा लिएर बसेका हुन्छौं । जीवनमा खुसी र आनन्द प्राप्त गर्ने सन्दर्भमा तपाईं हामी आफैले आफैलाई बुझ्नु पर्दछ र यो कुरा जान्न जरूरी छ कि हाम्रो लक्ष्य के हो र लक्ष्य प्राप्तीको लागि हामीले के गर्नुपर्दछ ।

हामी धेरैजसो अरूलाई हेर्ने र अरूको सिको गर्ने गर्छौं । यो गलत हो किनकि हामीले अरूको धेरै सिको गर्दा आफैलाई बिसिन्छौं र आफैलाई बिर्सनु भनेको एकदमै गलत हो । जब हामी आफैलाई बिसिन्छौं तब हाम्रो अस्तित्व खतरामा पर्न जान्छ । त्यहि भएर हामी अगाडि बढ्न सिकौं र आफ्नो एक अलग पहिचान बनाउन खोजौं र खुसीसाथ बस्न थालौं ।

हामीले धेरैपटक अरूको सिको गरेर हामी खुसीमा रहन खोज्छौं ।

खुसी त के हामी पलपलमा दु:ख र कष्ट भोग्छौं किनकि हामी उनीहरू भन्दा अलग छौं । अरूको देखासिकी गर्नाले हामीलाई खुसी मिल्दैन । हाम्रो चरित्र उनीहरूभन्दा फरक छ । त्यसैले हामीले उनीहरूले जस्तै गर्दा आफू पनि त्यस्तै होइन्छ भन्ने गलत सोचाइ लिनु हुँदैन ।

तपाईं जहाँ र जस्तगोसुकै परिसिथितमा हुनुहुन्छ हो त्यहिँबाट जीवन जिउने कोशिस गर्नुहोस् र तपाईंलाई

सफलता मिल्नेछ । त्यहीबाट आफ्नो जीवनको लक्ष्य पूरा गर्ने कोशिस पनि त्यहि अवस्थाबाट गर्नुहोस् । आफ्नो सारा तनमन र धन त्यसैमा लगाउनुहोस् र तपाईंलाई सफलता मिल्नेछ ।

तर सफलता पाउनको लागि हामीलाई आशिष् पनि चाहिन्छ र त्यो आशिष केबल परेमेश्वरबाट आउँछ । त्यसैले हामीले हाम्रो जीवनको लक्ष्य परमेश्वरमा राख्न सिकौं र उहाँले हामीलाई हाम्रो लक्ष्य पाउनमा सफलता दिनुहुनेछ ।

# १५ अनुग्रह

त्यो बिहान खाजा खाने समय थियो र हामी खाजा खान आँटेको मात्र थियौं कि कसैले ढोका ढकढकाउँछ मैले ढोका उघारेर हेर्छु त सधैंजसो हामीले साग-सब्जी र फलफूल किनेर खाने मान्छे पो रहेछ । उ टोकरीमा आँप बेच्दै थियो । तर हामीसँग पैसा थिएन किनकि महिनाको अन्तिम हप्ता थियो र हामी तलबको आशामा थियौं । मैले भने आज पैसा छैन तर सक्नुहुन्छ भने २ किलो आँप छोडेर जानुहोस् र पैसाचाहिँ पछि लिनुहोस् । तर यो मान्छे उधारो दिन्न भनेर हिँड्यो । हामी २ जना खाजाको लागि आशिष माग्न थाल्यौं । प्रार्थनामा हामीले जोसँग छैन उसलाई पनि जुटाइदिनुहोस् भनी प्रार्थनामा माग्यौं । एकरिोछन पछि त्यो व्यक्ति आएर २ किलो आँप दिन खोज्यो र मैले पहिलेकै कुरा दोहोर्‌याएँ । उसले आँप जोखेर दियो अनि भन्यो जब पैसा हुन्छ त्यसबेला दिनुहोस् । तपाईं चिन्ता नलिनुहोस् ।

कस्तो अचम्म अघिसम्म दिन्न भन्ने मान्छेले अहिले आफै आएर हामीलाई दिएर गयो । किनकि परमेश्वर उसको हृदयमा बोल्नुभयो ।

यो सानो उदाहरण जसद्वारा हामी थाहा पाउँछौं कि कसरी परमेश्वरले हाम्रो हेरचाह गर्नुहुन्छ र हाम्रो प्रार्थना सुन्नुहुन्छ । र उहाँले तपाईं हाम्रो जीवनको प्रत्येक पाइलामा हामीलाई मद्दत गरिरहनुभएको छ

त्यसैले त पवित्र धर्मशास्त्र बाइबलमा हबकूकको पुस्तक ३ अध्यायको १७ र १८ पदमा हबकूक भन्छन्:

“चाहे अञ्जीरको रूखमा मुना नलागोस्,

र दाखको बोटमा फल नफलोस्

चाहे जैतून रूखमा फल नलागोस्, र खेतले अन्न नउब्जाओस्, खोरमा भेडाबाखाहरू नभए पनि र गोठमा आइबस्तुहरू नरहे भने पनि म परमप्रभुमा रमाहट गर्नेछु, म मेरो उद्धार गर्नुहुने परमेश्वरमा रमाउनेछु ।" (हबकुक ३:१७ र १८) ।

हाम्रा कुनै पनि आवश्यकताहरू साना हुँदैनन् तर साना-साना आवश्यकता पूरा गर्दा-गदा हामी थकित हुन्छौं । त्यसैले हामीले हाम्रो आवश्यकता परमेश्वरमा राखौं जसले यो पृथ्वी र आकाश सृष्टि गर्नुभयो ।

परमेश्वरले हाम्रो जीवनको सानो सानो कुरा जसलाई हामी वास्ता पनि गर्दैनौं त्यो कुराहरूमा प्रभु चासो राख्नुहुन्छ । परमप्रभु हाम्रो शरणस्थान हुनुहुन्छ । परमप्रभु अन्तरयामी हुनुहुन्छ । उहाँले हाम्रो भित्री कुराहरू पनि जान्नुहुन्छ र हाम्रो सानो भन्दा सानो कुरामा परमप्रभुले चासो राखेर हाम्रो आवश्यकताहरू पूरा गर्नुहुन्छ । केवल हामी परमेश्वरमा आज्ञाकारी र अडिग रहनुपर्दछ ।

हामीले भर्खरै विवाह गरेका थियौं । हामीसँग साधारण कुरा पनि थिएन । एउटा मानिस हामीभन्दा सम्पन्न र चिनेजानेको एकदिन हामीकहाँ आउनुभयो र उहाँसँग कुराकानी भयो । एकछिन भलाकुसारी गरिसकेपछि ती व्यक्ति आफ्नो घर लागे । भोलिपल्ट बिहान उनले मलाई फोन गरेर भने उमेशजी मसँग तपाईंलाई दिन केही कुरा छन्, यदि तपाईं नाइ भन्नुहुन्न भने कृपया भोली मेरो घर आउनुहोला ।

म आश्चर्यमा परें किनभने मैले कुनै कुराको आशा पनि गरेको थिइनँ र उहाले मलाई के दिन लाग्नुभयो मेरो निम्ति कौतुहलताको विषय बन्यो । भोलीपल्ट उहाँको घरमा गएँ र उहाँले नयाँ फर्नीचर किनेको छु र पुराना फर्निचर

यदि तपाईंलाई चाहिन्छ भने लानुहोस् । मैले उहाँको पुराना सामान लगेर प्रयोग गरें उहाँलाई धन्यवाद दिएँ ।

मैले परमेश्वरलाई धन्यवाद दिएँ र प्रार्थनामा मा एकदम धन्यवादी भएँ किनकि उहाँको अनुग्रह मेरो निम्ति यति धेरै छ कि हामी कहिल्यै पनि गन्न सक्दैनौं र उहाँको अनुग्रह  हाम्रो निम्ति प्रयाप्त छ ।

जब म अभावमा थिएँ मेरो आवश्यकताहरू परमेश्वरले पूरा गरिदिनुभयो, जब मैले नयाँ कुरा थप्दै गएँ र मैले पुराना सामानहरू अरूलाई दिएँ जो आवश्यकतामा छन् । परमेश्वरलाई मैले धन्यवाद दिएँ कि मैलै अरूलाई दिन सकें ।

परमेश्वरको अनुग्रह हामीमा यति धेरै छ कि हामी गनेर पनि सिध्याउन सक्दैनौं । हाम्रो जीवन आफै एक परमेश्वरको अशिष हो र हामीी उयहाँको वरदानमा बस्छौं । हाम्रो जीवन यात्रामा हामी धेरै कुराको सामना गर्छौं तर परमेश्वरको आशिष र अनुग्रह हामीमा सदैव रहन्छ र हामी उहाँको अनुग्रहप्रति धन्यवादी रहनुपर्छ ।

मित्र, हामी आफै कहिल्यै आफ्नो वरिपरि भएका घटना देखेर छक्क पर्छौं । कसले धेरै दिन सक्छ भनेर । तर हामीले नसोचेका र नचिताएका कुरा परमेश्वरले हामीलाई दिनुहुन्छ तर परमेश्वरले जुन रूपमा दिनुहुन्छ त्यसरी कसैले पनि दिन सक्दैन । परमेश्वरले आफ्ना विभिन्न मानिसहरूद्वारा हाम्रा आवश्यकता पूरा गर्न लगाउनुहुन्छ । हामीलाई अरूसँग केही कुरा माग्न लाज लाग्दछ । हुन पनि हो, तर परमेश्वरसँग माग्ने कुरामा हामी कहिल्यै पनि लाज मान्नु हुँदैन । हामी जति बढी माग्छौं उहाँले हामीलाई त्यसरी नै दिनुहुन्छ ।

# १६ नियम र कानुन

हामीहरू यस्तो पुस्ताको निर्माणमा लागेका छौं, जहाँ हामी आफ्ना सन्तानहरूलाई टेलिभिजनको पर्दाको अगाडि राखेर हुर्काउँदैछौं । त्यसैगरी इन्टरनेट त यो पुस्ताको अभिन्न साथी नै भइसकेको छ आमाबाबुको व्यस्तताको कारणले गर्दा सन्तानहरू राम्रोसँग हुर्किन पाउँदैनन् ।

गाउँ होस् पावा सहरमा होस्, बच्चाहरूको अवस्था विग्रदै गएको छ । उनीहरूलाई उचित अगुवाइ छैन । साथै उनीहरू राम्रो शिक्षा दिक्षा पनि प्राप्त गरेका छैन । मानिसहरूको आवश्यका दिनहुँ बढ्दै गएको छ र त्यसको तुलनामा मानिसको आम्दानी बढेको छैन । समाजमा एक किसिमको विकृती दिनप्रतिदिन बढ्दै गइरहेको छ । जब हामी हाम्रा नानीहरूलाई उचित समय दिन सक्दैनौं, जसले गर्दा उनीहरू आफुखुसी विभिन्न नकारात्मक कृपाकलापमा संलग्न हुन थाल्छन् । लामो समय टेलिभिजन हेर्ने, कम्प्यूटरमा गेम खेल्ने, धेरै फास्ट फूड खाने, अत्याधिक मोटोपन, छिटो रिसाउने, आमाबाबुले भनेको नमान्ने, सहयोगको भावन नहुने स्वार्थी किसिमका हुन्छन् ।

आज कैयौं आमाबाबुहरू विदेशमा गएर कामा गर्छन् र आफ्ना छोराछोरीहरूलाई महंगा स्कुल वा कलेजमा पढाउँछन् । ती छोराछोरीले भौतिक रूपमा सबै कुरा प्राप्त गर्छैन् तर उनीहरूलाई सबैभन्दा बढी चाहिने आमाबाबुको प्रेमबाट बञ्चीत हुन्छन् । हामीले धेरै बच्चाहरूको नराम्रो बानी र कुलतमा लागेको घटनाहरू देखेका छौं । धेरै परिवार यस्तो कुलतले गर्दा बिग्रिएको वा उजाडिएको हामीले हेरेका छौं ।

त्यसैले पवित्र धर्मशास्त्र बाइबलमा हितोपदेशको पुस्तक २९ अध्यायको १५ पदमा राजा सोलोमन भन्छन्,

"सुधारको छडीले बुद्धि प्रदान गर्छ, तर छाडा छोडेको छोराले आफ्नी आमाको बेइज्जत गर्छ ।" (हितोपदेश २९:१५) ।

यदि छोराछोरीलाई समयमै सुधार्न र उनीहरूलाई सहि बाटोमा हिडाउँन सकिएन भने पछि गएर उनीहरूले आमाबाबुको बेइज्जत गर्दछन् ।

यानी, तपाईंले आफ्नो छोराछोरीलाई अनुशासनमा राख्नको लागि छडीको प्रयोग गर्नुपर्ने हुन्छ । त्यही भएर छोराछोरीलाई नियम कानुनमा राख्ने गर्नुपर्छ । र उनीहरूलाई सुधारको बाटोमा हिँडाउनु पर्दछ । तब मात्र उनीहरू भविष्यमा गएर अनुशासित व्यवहार गर्न सक्छन् । यदि हामीले हाम्रा सन्तानहरूलाई सही बाटोमा नहिडाएर वा उनीहरूलाई आफ्नै खुसीमा रमाउन दिएर छोड्यौं भने पछि गएर उनीहरूले हाम्रो बेइज्जत गर्छन् र उनीहरूको आफ्नो जीवन पनि बर्बाद पार्दछन् । त्यसैले आफ्ना नानीहरूलाई असल बाइबलीय ज्ञानसहित उचित मार्गमा हिँडाउनु आजको आवश्यकता हो ।

हाम्रा सन्तानलाई हामी अति नै प्रेम गर्छौं । एउटी आमाले आफू नखाइ, नसुती दिनरात घामपानी नभनी आफ्ना नानीको हेरचाह जस्तोसुकै परिस्थितिमा हेरचाह गर्छिन् । त्यसैले हामीले हाम्रो नानीहरूलाई कसरी जिउनुपर्ने हो असल अनुशासनमा सिकाउनुपर्छ ।

त्यसैले पवित्र धर्मशास्त्र बाइबलको हितोपदेशको पुस्तक १३ अध्यायको २४ पदमा राजा सोलोमनले विशेष गरी हामी अभिभावकहरूलाई यो सुझाव दिन्छन्,

*"छडी नचलाउने बाबुले आफ्नो छोरालाई घृणा गर्छ, तर त्यसलाई प्रेम गर्ने बाबुले होशियारीसाथ त्यसलाई ताडना दिन्छ ।"* (हितोपदेश १३:२४) ।

हो त्यही भएर हामी आमाबाबुले छोराछोरीलाई ताडना दिएर हुर्काउनु पर्छ ताकि तिनीहरू परमेश्वरबाट टाढा हैन तर परमेश्वरले देखाउनुभएको चालमा हिँडून् । हामी जो आमाबाबु हौं हामीले हाम्रा सन्तानको भविष्यको बारेमा होशियार हुनुपर्दछ । बच्चाको पहिलो विद्यालय भनेको उसको घर हो । आमा बाबु उसको पहिलो शिक्षक हुन् । हामी अभिभावकले सन्तानलाई परमेश्वरमा हुर्काउनुपर्दछ ।

त्यसैले पवित्र धर्मशास्त्र बाइबलको हितोपदेशको पुस्तक २९ अध्यायको १७ पदमा राजा सोलोमन भन्छन्,

“आफ्नो छोरालाई ताडना दे र त्यसले तलाई शान्ति दिन्छ । त्यसले तेरो प्राणमा अति आनन्द ल्याउनेछ ।” (हितोपदेश २९:१७) ।

यसकारण हामी आफ्ना सन्तानलाई परमेश्वरको वचन सिकाऔं ता कि उनीहरूले त्यसलाई कहिले पनि नबिर्सून् तर परमेश्वरको चालमा हिँडून् र ठूलो भएपछि पनि ती चालहरूबाट तर्केर नजाऊन् । यसकारण परमेश्वरलाई आफ्नो सन्तान अर्पण गरौं किनकि ती उहाँको नै उपहार हुन् र उहाँको प्रेममा हामी हाम्रा छोराछोरीलाई हुर्काऊँ । र भविष्यमा गएर परमेश्वरको निम्ति गवाही बन्न सकून् र हाम्रो शिर गर्वले उच्च पारियोस् ।

## १७ परमेश्वर हाम्रो साहारा

यो सारा संसारमा परमेश्वरको अनुमति बिना केही हुँदैन । जे जति कुरा पनि यो संसारमा छन्, सबै उहाद्वारा नै सृष्टि भएका हुन् र यो संसारलाई निरन्तर रूपमा चलाईराख्ने परमेश्वर नै हुनुहुन्छ । परमेश्वरले आफ्नो हातले यो संसारलाई थामी राख्नुभएको छ र यस जगतमा भएका सबै कुराहरू एकआपसमा मिलेर चलिरहेका हुन्छन् हुन्छन् ।

हामी प्रत्येक दिन परमेश्वरको शक्तिमा चल्दै आएका छौं र उहाँको अपार प्रेमको कारण हामी निरन्तर रूपमा बाँचिरहेका छौं । साथै एक आपसमा सम्बन्ध स्थापित गर्न र जीवित रहन सक्षम भएका छौं ।

परमेश्वरप्रति समर्पित जीवन बिताउछन्, तिनीहरूले परमेश्वरको शक्तिद्वारा आफूलाई चलाउँदछन् । परमेश्वरको मुक्तिको योजनामा भर पर्नुपर्छ किनभने उहाँ बिना हामी केही पनि गर्न सक्दैनौं ।

यदि हामीले विश्वको इतिहास हेर्ने हो भने, हामी धेरै शासक र राज्यहरूको विषयमा पढ्न सक्छौं जसले परमेश्वरको शक्तिमा भर नपरी आफ्नो नाम बढाउन खोज, तर उनीहरू सफल भएनन् किनभने तिनीहरूले परमेश्वरको आशिष र अगुवाइ मागेनन् । तिनीहरू आफ्नै शक्तिमा भर परे र बिर्से कि तिनीहरूभन्दा पनि शक्तिशाली परमेश्वर हुनुहुन्छ । धेरै मानिसहरू र धेरै राज्यहरू परमेश्वरको शक्तिमा भर नपरी अगाडि गए तर पछि तिनीहरूको पतन भयो । तिनीहरूको पतन यसरी भयो कि तिनीहरूको अस्तित्व र नामनिशानै रहेन । इतिहासले नै यो कुराको गवाही दिँदछ ।

जसरी परमेश्वरको चरित्रको बारेमा हामी पढ्दै जान्छौं तब हामी परमेश्वरको शक्तिको खाँचो र आवश्यकता महशूस गर्छौं । बोट बिरूवालाई र सुर्यको किरणको आवश्यकता पर्छ र सुर्यको किरण बिना तिनीहरू केही पनि गर्न सक्दैनन् त्यसरी नै हाम्रो जीवनमा हामीलाई परमेश्वरको साहारा र शक्तिको खाँचो छ र उहाँको शक्तिको सामर्थ बिना हामी केही पनि गर्न सक्दैनौं ।

जब परमेश्वरले यो संसारको सृष्टि गर्नुभयो तब उहाँले सबै जीवित प्राणीको लागि खाना र बस्नको प्रबन्ध पनि मिलाउनुभयो तर आज मानिस खान र बस्नको लागि एक अर्कासँग तछाड र मछाड गरिरहेका छन् । जीवन एक संर्घष बनेका छ र लडाइँ बनेको छ । तिनीहरू दैनिकी रूपमा आफैमा लडिरहेको हामी पाउँदछौं । मानिसलाई साहाराको जरूरी छ र त्यो सहारा परमेश्वरमा मात्र पाउन सकिन्छ । यदि परमेश्वरमा विश्वास र भरोसा राख्यो भने उहाँले हाम्रा सारा संकटलाई पार लगाइदिनुहुन्छ ।

त्यसकारण पवित्र धर्मशास्त्र बाइबलमा भजनसंग्रहको पुस्तकको ४६ अध्यायको १ पदमा परमेश्वरको साहाराको निम्ति दाऊद राजा प्रशंसा गर्दै यसरी गाउँदछन्,

*"परमेश्वर हाम्रा शरणस्थान र शक्ति हुनुहुन्छ, संकटमा सधैं हाजिर रहने सहायता ।" (भजनसंग्रह ४६:१) ।*

परमेश्वर हाम्रो शरणूस्थान र सुरक्षा हुनुहुन्छ । दु:खकष्ट र संकटको समयमा हाम्रो सहारा हुनुहुन्छ । उहाँ हाम्रो यस्तो सहारा हुनुहुन्छ जो कहिल्यै पनि हामीबाट टाढा हुनुहुन्न ।

जब परमेश्वरले आदमा र हव्वालाई सृष्टि गर्नुभयो तब उनीहरूका सबै आवश्यकताहरूलाई पूरा गरिदिनुभयो र उनीहरूको आवश्यकता अनुसार सबै सृष्टि गर्नुभयो । तर समय बितेपछि मानिस लोभी भयो र उनीहरू पतित भए । परमेश्वरले मानिसलाई चाहिने कुरा प्रकृतिमा सृष्टि

गरिदिनुभएको छ तर मानिस यति धेरै स्वार्थी बन्यो कि उसले आफ्नो बाहेक अरूको बारेमा सोच्न छोडिदियो । प्रकृतिले परमेश्वरको महान् प्रेमको उदाहरण दिन्छ । र परमेश्वरको कामको नमूना पकृति हो र उहाँको हातको कामलाई हेरेर हामी उहाँको उपस्थितिको अनुभव गर्न सक्छौं ।

नेपालीमा एउटा उखान छ, चोरलाई चौतारी र साधुलाई सुली । आजको संसार यस्तै गरी अगाडि बढिरहेको छ । हामी आफ्नै समाजमा हेरौं इमान्दार मानिसको इज्जत गरिदैन यहाँ तर बेइमान मानिसलाई सम्मान दिइन्छ र इज्जत गरिन्छ । आजको संसारमा सबैभन्दा ठूलो आवश्यकता भनको एकअर्काको लागि प्रेम नै हो र प्रेम सेलाएर गएको हामी महशूस गर्न सक्छौं ।

हाम्रो विश्वास भनेको अयूबको जस्तो हुनुपर्दछ । ऊ यति कठीन समस्यामा पर्‍यो तर उसले उक्त समस्याको सामना गर्‍यो । जति ठूलो समस्या भोगेपनि परमेश्वरप्रति उसको आस्थामा एक रतीपनि कमी आएन । उसलाई उसको पत्नी सायीले ढाडस दिनुको सट्टा उल्टो गाली गरे । तर परमेश्वरप्रति उ बफादार रहयो आखिरमा उसको विश्वासको नै विजय भयो र उसको परमेश्वरले उसलाई छुटकारा र जीवनको सहारा दिनुभयो । परमेश्वरले उसलाई पहिले भन्दा दोब्बर आशिष दिनुभयो ।

प्रिय मित्र, आउनुहोस् र विचार गर्नुहोस् कि हाम्रो परमेश्वर कति मायालु हुनुहुन्छ र उहाँले हामीलाई मायालु हातले तानेर हामीलाई पापको गहिरो खाडलबाट निकाल्नुभयो । उहाँ नै हाम्रो साहारा हुनुहुन्छ र हाम्रो केवल आश्रय उहाँमा मात्रै छ । किनकि उहाँ हामीलाई साहारा दिने परमेश्वर हुनुहुन्छ ।

# १८ परमेश्वर हाम्रो बाटो हुनुहुन्छ

हावा चल्नु साधारण कुरा हो तर हावा कसरी चल्छ त्योचाहिँ बुझ्नु पर्ने कुरा हो । त्यसैगरि घाम पानीको बारेमा हामीलाई थाहा छ, विज्ञानले हामीलाई बताउँदछ कि पानी कसरी पर्छ र घामको किरणबाट कसरी उर्जा लिन सकिन्छ । तर विज्ञानले यो कुरा बताउदैन कि यी सब कुराको पछाडि परमेश्वर हुनुहुन्छ । तर मानिस सृष्टिकर्तालाई भन्दा धेरै सृष्टिमा आकर्षित हुन्छ । जसरी मानिसले संगीतकारले बजाएको संगीत सुन्छ तर ऊ संगीतकार होइन संगीततर्फ आकर्षित हुन्छ । त्यसरी हामी पनि परमेश्वरतर्फ होइन तर परमेश्वको बनाउनुभएको थोकहरूप्रति आकर्षित हुन्छौं ।

हामी परमेश्वरप्रति भन्दा पनि परमेश्वरका सृष्टिहरूप्रति आकर्षित भएका छौं, तर हामीले यो सत्य कुरा आफ्नो मनमा राख्नुपर्छ कि परमेश्वर नै यी सबै सृष्टिको मालिक हुनुहुन्छ र सृष्टिको नियन्त्रण पनि उहाँले नै गर्नुहुन्छ ।

सारा संसारमा जे भए पनि कुनै निश्चित समयमा निश्चित कामद्वारा सबै कुरा पूरा गरिन्छ । झट्ट हेर्दा ती घटनाहरू अस्वभाविक लाग्न सक्छन् तर ती सब परमेश्वरको इच्छाद्वारा पूरा हुन्छन् । संसारको इतिहासलाई हेरौं भने धेरै कुरा असम्भव छन् तर परमेश्वरको निम्ति ती सबै सम्भव हुन्छन् । परमेश्वरले सबै कुराहरु आफ्नो इच्छा अनुसार गर्नुहुन्छ । हाम्रो जीवनमा धेरै प्रकारका घटनाहरू घट्दछन् तर ती घटनाहरूले हाम्रो जीवनमा कस्तो प्रभाव पार्छन् त्यो हामीले ख्याल गर्नुपर्दछ । हाम्रो जीवनमा घट्ने धेरै प्रकारका घटनाहरूबाट हामीले केही न केही कुराहरू सिकिरहेका हुन्छौं । हाम्रो जीवनमा आइपर्ने कतिपय कुराहरू

हामी बुझ्न सक्दैनौं तर उहाँमाथि भरोसा राखेर बुझ्ने कोशिस गर्नु नै बुद्धिमानी हो ।

पवित्र धर्मशास्त्र बाइबलको पहिलो पुस्तक उत्पत्तिमा हेर्‍यौं भने, मानवको सृष्टि र पतनको कथाको वर्णन पाउँछौं । पापको कारणले गर्दा हाम्रो पुर्खा आदम र हव्वालाई अदनको बगैँचाबाट निकालियो । तर पनि परमेश्वरले उनीहरूलाई प्रेम गर्नुभयो र कहिल्यै पनि त्यागनुभएन । पापमा फसे ता पनि परमेश्वरले उनीहरूलाई सधैं प्रेम गर्नुभयो र उनीहरूको आवश्यकता पूरा गरिदिनुभयो । त्यसकारण हामी जति नै अयोग्य किन नहोऔं तर परमेश्वरको अनुग्रह हाम्रो निम्ति सदा खुल्ला छ भनी हामी देख्न सक्छौं ।

पवित्र धर्मशास्त्र बाइबलमा मत्तीको पुस्तक ६ अध्यायको २५ देखि २९ पदसम्म प्रभु येशूले एउटा महत्वपूर्ण शिक्षा हामीलाई दिनुभएको छ । आज धेरै मानिसहरू चिन्ता र फिक्रि र डरले गर्दा उनीहरूको स्वभाव बद्लिएको छ । धेरै मानिसहरूको जीवनमा चिन्ता र पिरले अड्डा जमाएको छ । यो अवस्थामा यी पदहरूद्वारा प्रभु येशूले हामीलाई ढाडस दिनुहुन्छ र यी पदहरूले हामीलाई कसरी चिन्तादेखि मुक्त हुने त्यसको उपाय पनि बताउँदछ ।

*“त्यसैकारण म तिमीहरूलाई भन्दछु, के खाऔंला के पिऔंला भनी आफ्नो प्राणको निम्ति र के लाऊँला भनी आफ्नो शरीरको निम्ति फिक्रि नगर । जीवन खानेकुरा भन्दा र शरीर लुगाफाटाभन्दा उत्तम होइन ।*

*आकाशका चराचुरूङ्गीलाई हेर तिनीहरूले नता बीऊ छर्छन्, न अन्न कटनी गर्छन्, न भकारीमा बटुल्छन्, तर तिमीहरूको स्वर्गको पिताले तिनीहरूलाई खुवाउनुहुनेछ । के तिमीहरू तिनीहरूभन्दा बढी मुल्यवान छैनौ र ?*

*तिमीहरूमध्ये कुन चाहिँले फिक्रि गरेर आफ्नो आयुमा एक घडी थप्न सक्छ ?*

*अनि लुगाफाटाको निम्ति तिमी किन चिन्ता गर्छौ ? मैदानको तोली फूललाई हेर ती कसरी बढ्छन् ? न ता धागो काट्छन् न परिश्रम नै गर्छन् ।*

*तर म भन्दछु, सोलोमन राजा पनि आफ्ना सारा वैभवमा तिनीहरू जति आभुषित थिएनन ।" -मत्ती ६:२५-२९) ।*

प्रभु येशूले दिनुभएको वचनहरु अत्यन्त आनन्ददायी र शक्तिशाली छन् र हामीले ती वचनहरूलाई आफ्नो जीवनमा आत्मसात गर्नुपर्छ । जब हामी चिन्तामा हुन्छौं तब हामीले यदि यी वचनहरूलाई पालन गर्‍यौं भने हामीमा चिन्ता कहिल्यै पनि आउँदैन ।

परमेश्वर को हुनुहुन्छ र उहाँले के गर्न सक्नुहुन्छ त्यसको बारेमा हामी सोच्न पनि सक्दैनौं । तर हामीलाई परमेश्वरकहाँ पुर्‍याउनको निम्ति एक बाटो तयार पारिएको छ । हामी पापको कारण परमेश्वरबाट टाढियौं तर प्रभु येशू खीष्टले हामीमा मध्यस्थ गरिदिनुभयो र उहाँले हाम्रो निम्ति बाटो तयार गरिदिनुभयो ।

त्यसकारण पवित्र धर्मशास्त्र बाइबलमा यूहन्नाको पुस्तक १४ अध्यायको ६ पदमा येशू खीष्ट भन्नुहुन्छ, *"बाटो सत्य र जीवन म नै हुँ, मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन ।" (यूहन्ना १६:६) ।*

हो प्रिय मित्र, बाटो सत्य र जीवन केवल येशू मात्र हुनुहुन्छ जसद्वारा हामी पिताकहाँ जान सक्छौं र हाम्रो मुक्तिको मार्ग येशू नै हुनुहुन्छ ।

# ९९ मृत्यु एक भय

मृत्यु एकदम दुःखदायी घटना हो जसको विषयमा हामी सोच्न पनि चाहन्नौं । मृत्यु एक चोरको रूपमा आउँछ जसको बारेमा हामी सोचन पनि चाहदैनौं । मानिस जन्मेपछि मर्नुपर्छ भन्ने सत्य सबैलाई थाहा छ । धेरै मानिस मृत्युको डरले पनि आतिन्छन् कि उनीहरू केही गर्न पनि हिचकिचाउछन् । आज मानिसहरूले आफू मर्नु पर्दैन सधैं जीवित रहिन्छ भन्ने सोचाइका साथ हिँडेको देखिन्छ ।

धेरै मानिसहरू आफू अमर रहन्छु भन्ने सोचाइका साथ काम गर्न खोज्छन् । यदि हामी विश्व इतिहासलाई पल्टाएर हेर्ने हो भने धेरै शाशकहरू (तानाशाह) ले आफूलाई अमर बनाउने कोशिस गरेका छन् । उनीहरूले मृत्युलाई केही जस्तो नठानी वा आफू मर्छु भन्ने कुरा बुझेको पाइदैन भने अर्कोतिर यस्ता मानिसहरू छन् जो आफ्नो जीवनमा धेरै ठूलो काम गर्न सक्छन् तर मृत्युको डरले चाहेजति गर्न सक्दैनन् । म मरिहाल्छु मैले किन गर्नुपर्छ भन्ने भावनाले उनीहरू शिथिल जीवन बिताइरहेका हुन्छन् । न त उनीहरू आफ्नो जीवनमा कुनै प्रगती गर्छन् न त समाज वा राष्ट्रको निम्ति कुनै योगदान पुर्‍याउँछन् । त्यसकारण हामीले आफ्नो जीवनलाई उद्देश्यसहित अर्थपूर्ण रूपमा अगाडि बढाउनको निम्ति म मर्छु भन्ने भावनालाई आफ्नो मनबाट हटाउनु पर्छ ता कि तपाई जे गर्नुहुन्छ त्यसबाट तपाईंको जीवितपनको प्रस्फुटिकरण हुन्छ । जब म एकदिन मर्नुपर्छ भन्ने चेतना आउछ तब हाम्रो जीवन अनुशासित रूपमा जिउनुका साथै एकअर्काप्रति सहयोगको भावना जागेर आउँछ, उसबाट अहमपना हटेको हामी पाउँछौं ।

हामी मर्छौं त्यसमा दुइ मत छैन तर जति दिन यो संसारमा जिउँछौं हामी जीवित भएर जिउनुपर्छ ता कि हाम्रो जीवनबाट भएका कामले हाम्रो घरपरिवार, समाज र राष्ट्रलाई सहयोग गर्न सकौं र जब हामी यो संसारबाट बिदा हुन्छौं तब हामीले बाँचुन्जेलसम्म गरेका कामले मानिसहरूले हामीलाई सम्झिराखून् ।

हामी जवान अवस्थामा नै मृत्युको बारेमा सोच्छौं र चिन्तित हुन्छौं । हामी संसारमा धेरै कुरा जान्नको लागि संघर्ष गर्छौं र सिक्छौं । जब हामी आफूलाई हेर्छौं तब हामी आफूमा भएको अपूर्णताको घाऊ हेर्छौं र त्यसबाट आफूलाई सुधार्ने कोशिस गर्छौं । हामी आफूलाई परिवर्तन गर्ने कोशिस गर्छौं । जब हामी कडा मेहनत गर्छौं तब आफूले चाहेको चीज पाउन सक्छौं र कहिलेकाही हामी जुन कुराको आफूलाई आवश्यकता छ त्यो कुराको लागि मेहनत गर्न बिर्सन्छौं । कहिलेकाहिँ हामी धेरै खुसी हुन्छौं त कहिले हामी दु:खी हुन्छौं ।

हामी सबै मृत्युको डरलाग्दो पञ्जाबाट मुक्त हुन चाहन्छौं । मृत्युले कहिले पनि पक्षपात गर्दैन किनकि यो एकदम कडा छ । यसले धनी, गरीब, ठूलो सानो कोही भन्दैन । यसले सबैलाई समान रूपमा हेर्छ र सबैसँग यो प्राण लिएर छोड्छ ।

हामीलाई यो मृत्युबाट केवल येशूको रगतले बचाउन सक्नुहुन्छ किनकि येशूले आफ्नो अनमोल रगतले हामीलाई शैतानले दिने अकाल (नरक) को मृत्युबाट बचाउन सक्नुहुन्छ ।

त्यसैले पवित्र धर्मशास्त्र बाइबलको यूहन्नाको पुस्तक ३ अध्यायको १६ पदमा यसो लेखिएको छ:

*"किनकि परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि आफ्नो एकलोटे पुत्रलाई यस संसारमा पठाउनुभयो, ता*

*कि उहाँमाथि विश्वास गर्ने कोही नास नहोस् तर त्यसले अनन्त जीवन पाओस ।" (यूहन्ना ३:१६) ।*

हाम्रो विजय केवल येशूमा छ । हामी केवल येशूको रगतद्वारा मृत्युमा विजय पाउन सक्छौं । उहाँमा हामी यदि विश्वास गर्छौं भने हामी अनन्त मृत्युबाट बच्न सक्छौं: कारण आज भन्दा लगभग २००० बर्ष अगाडि येशू हाम्रो पापको निम्ति अर्थात तपाईं र मैले भोग्नुपर्ने दण्डको निम्ति बलिदान हुनुभयो । त्यसैले पवित्र धर्मशास्त्र बाइबलमा रोमीको पुस्तकको ७ अध्यायको २४ र २५ पदमा पावल प्रेरित यसो भन्छन्:

*"हाय, म कस्तो दु:खी मानिस ! यस्तो मृत्युको शरीरबाट मलाई कसले हटाउला ? येशू ख्रीष्ट हाम्रा प्रभुद्वारा नै, परमेश्वरलाई धन्यवाद होस् ।" (रोमी ८:२४-२५) ।*

हामी मृत्युदेखि डराउँछौं किनकि हामी बाँच्न चाहन्छौं र स्वर्गको विषयमा सुन्दा हामीलाई राम्रो लाग्छ । परमेश्वरले त्यो स्वर्ग हामीलाई दिन चाहनुहुन्छ । परमेश्वरको आशिषले हामी मृत्युमा विजय पाउँछौं । हामी मृत्युदेखि डराउनुपर्दैन किनकि उहाँले हामीलाई मृत्युमाथि विजयी बनाउनुभएको छ । हामी उहाँको सित्तैमा पाइने मुक्तिको वरदानमा सहभागी हुन सक्छौं । हामी आफै त केही गर्न सक्दैनौं तर प्रभुको शक्ति र सामर्थमा हामी अघि बढ्न सक्छौं र मृत्युमा विजयी पाउछौं ।

हामीलाई थाहा छ पाप चारैतिर हाम्रो वरिपरि छ र यसले हामीलाई सधैं आफ्नो दास बनाएर राख्न चाहन्छ । हामीलाई जहिले पनि असल कुरा गर्न, असल निर्णय लिन र असल सोच्न यसले हामीलाई दिदैन । तर प्रभु येशू भन्नुहुन्छ, *"ममा कुनै कुरा असम्भव छैन ।"* अर्थात उहाँ हामीलाई असल बनाउन चाहनुहुन्छ, सहायता गर्न चाहनुहुन्छ । केवल हाम्रो हृदयको विश्वास र मुखको स्वीकारद्वारा हामी उहाँलाई आफ्नो जीवनमा निम्त्याउन सक्छौं । र हाम्रा पापबाट छुटकारा पाएको अनुभव हामी गर्न सक्छौं ।

# १०० अगुवाई

कुनै व्यक्ति एक जहाजमा यात्रा गर्दैथिए । केही समय पछि, जहाजको कप्तानले यसो भनेर सूचना दिए कि हाम्रो जहाज केही समयपछि एक साघुँरो र खतरापूर्ण बाटो भएर अगाडि बढ्नेछ । उक्त जहाजलाई समुन्द्रमा तैरिनको लागि कम से कम ३० फीट पानी हुनुपर्थ्यो । नत्र जहाज जमीनमा घस्रेर अडिन सक्थ्यो । त्यतिकैमा एउटा साना मोटरवोट देखियो । उक्त वोटका कप्तान ओर्लिय र ठूलो जहाज हाँक्ने सिटमा बसे र ठूलो जहाजलाई साँघुरो चेपबाट निकाले । विशेष गरी दुइ ठूला चट्टानको बीचबाट सकुसल निकाले तिनले । ती कप्तान यी कुरामा विज्ञ थिए ।

यो सानो घटनाबाट हामी यो पाठ सिक्न सक्छौं कि तपाईं हाम्रो जीवनमा आउने आँधी-बेहरीको भुमरीमा पर्नुभन्दा पहिला नै हामी प्रभु येशूलाई हाम्रो जीवनको गाडी चलाउने चालक बनाउनुपर्छ । त्यो भुमरीबाट हामी सकुशल निक्लिन सक्छौं । तपाईंलाई आफूसँग यात्रा गर्ने साथीभाइ को हुन् भनेर थाहा पाउन जरूरी छ किनकि समुन्द्रको बीचमा पुगेको जहाज जब ठूलो भुमरीमा आइपुग्छ तब त्यो डुब्ने सम्भावना हुन्छ । त्यसैले पवित्र धर्मशास्त्र बाइबलको प्रेरितको पुस्तक ७ अध्यायको २५ पदमा पावल प्रेरित भन्दछन् : *"यसकारण मित्र हो, साहस गर्नुहोस्, म परमेश्वरमा विश्वास गर्छु र मलाई जसो बताइएको छ, ठीक त्यस्तै नै हुन्छ ।" (प्रेरित २७:२५) ।*

पावल प्रेरितलाई परमेश्वरमा पूर्ण भरोसा थियो । जस्तो भरोसा पावल प्रेरितलाई परमेश्वरमा थियो त्यसै भरोसा हाम्रो पनि परमेश्वरमा हुनुपर्छ ।

जब तपाईं हाम्री जीवन विभिन्न किसिमका आँधीबेरीबाट गुज्रिरहेको हुन्छौ तब हाम्रो विश्वास डगमगाउन थाल्छ । त्यतिबेला हामी चिन्तित हुनुहुँदैन किनकि हामीले त्यो बेला परमेशवरले भन्नुभएको वचन भुल्नु हुँदैन । परमेश्वरले भन्नुभएको वचनलाई हामीले आफ्नो मनमा राख्नुपर्दछ । उहाँले हामीलाई त्यो डरलाग्दो भुमरीबाट पनि निकाल्नुहुन्छ ।

यर्मिया अगमवक्ता पनि परमेश्वरको शक्ति र सामर्थमा विश्वास गर्थे । उनलाई थाहा थियो कि परमेश्वरले उनलाई आपतको समयमा पनि मद्दत गर्नुहुनेछ । उनी जुनसुकै समयमा पनि परमेश्वरप्रति आशावादी थिए । परमेश्वरले उनलाई कहिल्यै पनि निराश पार्नुभएन । यर्मिया आफ्नो परमेश्वरको शक्ति र सामर्थ्यमा पूरा विश्वास राख्दथे । पवित्र धर्मशास्त्र बाइबलमा विलापको पुस्तक ३ अध्यायको २१ देखि २४ पदहरूमा यर्मिया अगमवक्ता यसो भन्छन्,

*“तर म यो स्मरण गर्दछु,*

*त्यसैले मलाई आशा दिन्छ:*

*परमप्रभुको महान् प्रेमले गर्दा हामी भष्म भएका छैनौं, उहाँको कृपाको अन्त कहिल्यै हुँदैन । हरेक बिहान उहाँको कृपा नयाँ हुन्छ, तपाईंको विश्वस्तता महान् छ । मेरो प्राणले भन्छ, “परमप्रभु नै मेरो सर्वस्व हुनुहुन्छ, यसकारण मा धैर्यसाथ उहाँको प्रतिक्षा गरिरहन्छु ।”*

जब यर्मियाले आफ्नो वरपर डरलाग्दा भुमरीहरू देख्थे, तब उनमा परमप्रभुको वचन आउथ्यो र उनी परमप्रभुको वचनमा अडिग हुन्थे र उनी त्यस्ता भुमरीको सामना गर्थे ।

उहाँको प्रेम हामीप्रति कहिल्यै पनि रित्तिने छैन । र उहाँको कृपा हामीसँग सधैंको निम्ति रहन्छ । हामीलाई उहाँले गर्नुभएको प्रतिज्ञा हामीले सधैं याद राख्नुपर्दछ ।

उहाँमाथि विश्वास गर्‍यौं भने हामीलाई उहाँले डरलाग्दो भुमरीबाट निकाल्नुहुन्छ र सुरक्षित ठाउँमा पुर्‍याउनुहुन्छ ।

त्यसैले थोमसले लेखेका छन् ।

"तपाईंको विश्वसनियता धेरै ठूलो छ । हे मेरा पिता परमेश्वर, तपाईं कहाँ फर्किदा कुनै अन्धकारमा हिँड्नुपर्दैन । तपाईं सधैं हुनुहुन्छ र तपाईंको विश्वसनियता महान् छ । त्यो महान् विश्वसनियता नै तपाईं हुनुहुन्छ । प्रत्येक बिहान म नयाँ-नयाँ अचम्मको कुराहरू मेरा आँखाले हेर्दछु । जे जती प्रतिज्ञा तपाईंले गर्नुभयो ती सबै तपाईंले पूरा गर्नुभयो । त्यसकारण तपाईंको विश्वसनियता महान् छ ।"

यो संसारमा हामीले जीवनमा नसोचेका र नभोगेका कुराहरूले हामीलाई संकटमा पार्दछन वा गलत परिस्थितिको सामना हामीले गर्नुपर्दछ । तब हामी परमेश्वरको वचनमा अडिग रहनुपर्दछ र हामीसँग उहाँको प्रतिज्ञा छ । उहाँले ती प्रतिज्ञा पूरा गर्नुहुनेछ । र जीवनमा आउने आँधी र हुरीबाट परमेश्वरले हामीलाई बचाउनुहुनेछ ।

यो संसारमा जिउदा हामी सबैले कुनै न कुनै किसिमले धेरै प्रकारको वाधा र अवरोधको सामना चाहेर वा नचाहेर गर्नैपर्छ । गर्दै नगरेको कामको दोष हामीमा आउन सक्छ । व्यवसाय, सामाजिक, आर्थिक र घरायसी जीवनमा अवरोधको सामना गर्नुपर्दछ । जीवनका दिनहरू, उज्यालोमा मात्र बित्दैनन् । कैयौं दिन र रातहरू अन्धकारमा बित्छन् । हाम्रो जीवन कालखण्डमा हामी निराश हुन्छौं । त्यो बेला पनि परमेश्वरले विभिन्न माध्यमद्वारा हामीसँग बोल्नुहुन्छ । तर उहाँको आवाज सुन्नु नसुन्नु हामीमा भर पर्छ । हामी आपतमा हुँदा आफ्नै योजनामा चल्दछौं र असफल हुन्छौं अनि भन्छौं, खोइ त हाम्रो प्रार्थनाको सुनुवाइ नै भएन ? परमेश्वरले मेरो लागि केही गर्नुभएन । आजको युगमा सबैकुरालाई हामी फास्ट फूडको रूपमा लिन्छौं र हाम्रो

चाहना तुरून्तै पूरा हुनुपर्छ भन्ने चाहन्छौं । यो कति सान्दर्भिक र व्यवहारीक छ त्यसमा विचार गर्नै पर्छ ।

हामी आफूलाई सर्वस्व ठान्छौं । आफ्नो जीवनको मालिक आफैलाई ठान्छौं, आफ्नै अनियन्त्रित इच्छा र अभिलाषामा अगाडि बढिरहन खोज्छौं । अनि हात लाग्छ त केवल शुन्य (असफलता) ।

तर पवित्र धर्मशास्त्र बाइबलको भजनसंग्रहको पुस्तक ३७ अध्यायको ५ पदमा यसरी भनिएको छः *आफ्ना सारा मार्ग परमप्रभुमा सुम्प, उहाँमा नै भरोसा राख, अनि उहाँले यो गर्नुहुनेछ ।"*

हो, जब हामी हाम्रा योजनाहरू प्रार्थनासहित परमेश्वरमा राख्दछौं तब परमेश्वर स्वयम् हामीलाई बाटो देखाउनुहुन्छ  र हामी हाम्रा योजनामा सफल हुन सक्छौं ।

के परमेश्वरको यो आह्वानलाई स्वीकार्न चाहनुहुन्छ ?